# परिच्छेद – एक

# शोधपत्रको परिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"संयुक्त जनआन्दोलन २०६२/०६३ मा पर्वत जिल्लाका राजनीतिक पार्टीहरुको भूमिका"** रहेको छ ।

## १.२ परिचय (Introduction) :

निरङ्कुश राजतन्त्रको विरुद्धमा सात राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक) जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दी देवी) नेपाल मजदुर किसान पार्टी र संयुक्त वाममोर्चा नेपाल तथा नेकपा (माओवादी) द्वारा शान्तिपूर्ण संयुक्त जनआन्दोलन गर्ने निर्णय भएपछि खुल्लारुपमा सात पार्टीहरुको आह्वान तथा भूमिगत नेकपा (माओवादी) को सहयोग र समर्थनमा २०६२ चैत्र २४ गतेदेखी २०६३ बैशाख ११ गतेसम्म संचालन भएको १९ दिने महान् जनआन्दोलन नै संयुक्त जनआन्दोलन २०६२/०६३ हो । शान्तिपूर्ण जनक्रान्तिको स्वरुप ग्रहण गर्न पुगेको उक्त ऐतिहासिक संयुक्त जनआन्दोलन नेपाली इतिहासको एउटा अभूतपूर्ण घटना थियो । यो संयुक्त जनआन्दोलन २१औं शताब्दीको पहिलो दशकको महानतम् जनआन्दोलनको रुपमा विश्व इतिहासमा अंकित भएको छ । देशव्यापीरुपमा व्यापक जनसहभागिताका साथ संचालित यो आन्दोलन पर्वत जिल्लामा पनि त्यहाँ क्रियाशील राजनीतिक पार्टीहरु नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक) र जनमोर्चा नेपालको आह्वान र नेतृत्वमा तथा नेकपा (माओवादी) को समर्थन र सहयोगमा व्यापक जनसभागिताका साथ सफल भएको थियो । उक्त संयुक्त जनआन्दोलनमा पर्वत जिल्लाका राजनीतिक पार्टीहरुको भूमिका सम्बन्धमा बिभिन्न तथ्यहरु केलाउँदै निचोडमा पुग्ने प्रयास यो शोधमा गरिएको छ ।

## १.३ शोध प्रयोजन (Purpose):

उपयुक्त शिर्षकको शोधपत्र त्रि.वि.वि मानविकी तथा सामाजिक शास्त्र संकाय पृथ्वीनारायण बहुमुखी क्याम्पस राजनीतिशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तहको दशौं पत्र "शोधपत्र" विषयको मुल्याङ्कनको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.४ समस्या कथन (Statement of the Problems) :

संयुक्त जनआन्दोलन २०६२/०६३ नेपालको राजनीतिक इतिहासमा एउटा अभूतपूर्व घटना हो । त्यसकारण यस सम्बन्धमा शोध गर्नु एउटा महत्वपूर्ण कार्य हो । खुला रुपमा यो संयुक्त जनआन्दोलनको आह्वान गर्ने, नेतृत्व गर्ने र व्यवस्थापन गर्ने सात राजनीतिक पार्टीहरु हुन् । भूमिगतरुपमा सहयोग, समर्थन र जनसहभागिता जुटाउने क्रममा नेकपा (माओवादी) को भूमिका महत्वपूर्ण रहेको थियो । संयुक्त जनआन्दोलन २०६२/०६३ र राजनीतिक पार्टीहरुको भूमिका यो शोधको विषयवस्तु हो । यही विषयवस्तुमा आधारित भएर यो शोधपत्र तयार गरिएको छ । यो शोधपत्रमा निम्नानुसारका प्रश्नहरु समस्याको रुपमा रहेका छन् ।

१. यो संयुक्त जनआन्दोलन किन आवश्यक भयो ?

२. यो संयुक्त जनआन्दोलन कहिले भयो ?

३. यो संयुक्त जनआन्दोलन कसरी संचालन भयो ?

४. यो संयुक्त जनआन्दोलनमा व्यापक जनसहभागिता जुट्नुका कारणहरु के के हुन् ?

५. यो संयुक्त जनआन्दोलनमा राजनीतिक पार्टीहरुको भूमिका कस्तो रह्यो ?

यीनै प्रश्नहरुको उत्तर प्राप्त गर्न अनुसन्धान गर्नु नै यो शोधको समस्या कथन हो ।

## १.५ शोधको उद्देश्य (Objectives) :

संयुक्त जनआन्दोलन २०६२/०६३ र यसमा राजनीतिक पार्टीहरुको भूमिका विषयमा आधारित भएर यो शोधपत्र तयार गरिएको हुनाले यो शोधको उद्देश्य पनि स्वभाविक रुपमा यही विषयमा गहिरो अध्ययन गरी विषयवस्तुलाई छर्लङ्ग पार्नु नै हो । विषयवतुलाई छर्लङ्ग पार्नको लागि यो शोधमा निम्न उद्देश्यहरु रहेका छन् ।

१. संयुक्त जनआन्दोलन २०६२/०६३ को आवश्यकता र औचित्य पुष्टि गर्ने ।

२. संयुक्त जनआन्दोलन २०६२/०६३ को समय र अवधि प्रष्ट पार्ने ।

३. संयुक्त जनआन्दोलन २०६२/०६३ संचालनको लागि भएका विभिन्न कार्यहरु अध्ययन गर्ने ।

४. यो संयुक्त जनआन्दोलनमा व्यापक जनसहभागिता जुट्नुका कारणको खोजी  गर्ने ।

५. यो संयुक्त जनआन्दोलनमा राजनीतिक पार्टीहरुले खेलेको भूमिका केलाउने ।

## १.६ पूर्व कार्यको समीक्षा (Review of Literature) :

संयुक्त जनआन्दोलन २०६२/०६३ को बारेमा शोध कार्य भएको छैन । विश्वलाई नै चकित पार्ने नेपालको अभूतपूर्व घटनाको रुपमा स्थापित संयुक्त जनआन्दोलन २०६२/०६३ को व्यवस्थित र सुनियोजित रुपमा शोध कार्य गर्नु जरुरी  छ । त्यसैले यो शोधकार्य सम्पन्न गर्नको लागि यस पूर्व संयुक्त जनआन्दोलनको सन्दर्भमा लेखिएका र उपलब्ध भएसम्मका पुस्तकहरु, पत्रपत्रिकाहरु अध्ययन गरिएको  छ । ती पुस्तकहरुको अध्ययन, पत्रपत्रिकाको अध्ययन, आन्दोलनमा सहभागी विभिन्न व्यक्तिहरुको मूल्यांकन अनुभव समेतको समीक्षा गरी यो शोधपत्र तयार गरिएको छ ।

संयुक्त जनआन्दोलनको व्यवस्थित र योजनावद्ध शोध भएको छैन, तापनि यो सम्बन्धमा केही पुस्तक, पत्रपत्रिकाहरु लेखिएका छन् । “उन्नाइस दिन (जनआन्दोलन डायरी)” नामक पुस्तकमा विष्णु निष्ठुरीले जनआन्दोलनका १९ दिनका गतिविधिहरुको विवरण प्रस्तुत गरेका छन् । यो पुस्तकमा जनआन्दोलनका दैनिक गतिविधिहरु सकेसम्म धेरै समेट्ने प्रयास भएको पाइन्छ । (निष्ठुरी; २०६३ः १-२१९) “सात राजनीतिक दलले चैत्र २४ देखि २७ गतेसम्म आमहड्ताल आह्वान गरे” (निष्ठुरी; २०६३ः १) “सात दल-नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपालले आव्हान गरेको चारदिने आम हड्तालको पहिलो दिन आज सरकारी निषेधको अवज्ञा गर्दै जनआन्दोलनको समर्थनमा देशभर जनसागर उर्लियो” (निष्ठुरी; २०६३ः ८) भन्दै विष्णु निष्ठुरीले संयुक्त जनआन्दोलनमा राजनीतिक पार्टीहरुको नेतृत्व र जनताको व्यापक समर्थनको संकेत गरेका छन । यो पुस्तक संयुक्त जनआन्दोलनमा १९ दिनका घटना र गतिविधिहरुको विवरण भएकोले संयुक्त जनआन्दोलन र

यसमा राजनीतिक पार्टीहरुको भूमिकालाई व्यवस्थित र सुनियोजित ढंगले लेखिएको छैन । तर १९ दिने संयुक्त जनआन्दोलन जान्न चाहने व्यक्तिहरुको लागि अत्यन्त महत्वपूर्ण पुस्तकको रुपमा यसलाई लिन सकिन्छ । "ती अभूतपूर्व उन्नाइस दिन" नामक पुस्तकमा मधुसुदन पाण्डेले जनआन्दोलनका १९ दिनका विभिन्न घटनाहरु समेट्ने प्रयास गरेका छन् । आन्दोलनका केही तस्वीरहरु र सहिदका तस्वीरहरु पनि राखिएका छन् । यस पुस्तकमा पनि आन्दोलन र पार्टीहरुको भूमिकालाई प्रष्ट पारिएको छैन । (पाण्डे;२०६४ : १-१०२)

यस्तै जनआन्दोलन -२ मा धौलागिरी नामक पुस्तकमा रामबहादुर जि.सी.ले धौलागिरि अञ्चलका ४ वटा जिल्लाको मात्र गतिविधि समेटेका छन् । यसमा पनि राजनीतिक पार्टीहरुको भूमिका बारे व्यवस्थित रुपमा प्रष्ट पार्ने काम भएको छैन । तर आन्दोलनको नेतृत्व गर्ने काम र जनसहभागिता जुटाउने काम पार्टीहरुले गरेको कुरालाई उनले उल्लेख गरेका छन् । उक्त पुस्तकको जनआन्दोलन -२ मा पर्वतः एक झलक शीर्षकमा "नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक) र जनमोर्चा नेपालले गठन गरेको संयुक्त जनआन्दोलन संयोजन समितिको नेतृत्वमा आन्दोलनले उचाई ग्रहण गरेको थियो । नेकपा (माओवादी) ले गाउँबाट सहरमा आन्दोलनमा सहभागिता बढाउनको लागि महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।" (जि.सी; २०६३ः ५७) भन्दै राजनीतिक पार्टीहरुको भूमिकालाई उल्लेख गर्नुभएको छ । प्रस्तुत पुस्तक धौलागिरि अञ्चलका चार जिल्लाको १९ दिनको आन्दोलनका गतिविधिहरु बुझ्न उपयोगी हुने देखिन्छ ।

यसैगरी "२०६२/०६३ जनआन्दोलन द्वितीय नेपाल थर्काइदिने १९ दिन" नामक पुस्तकमा अरविन्द रिमालले जनआन्दोलनको समीक्षात्मक प्रस्तुति गरेका छन् । २०६२/०६३ को संयुक्त जनआन्दोलनलाई उनले अभूतपूर्व आन्दोलनको रुपमा स्वीकारे पनि राजनीतिक पार्टीहरुको भूमिकालाई गौणरुपमा प्रस्तुत गरेका छन् । उनले उक्त पुस्तकको 'नेपाल थर्काईदिने १९ दिन' शीर्षकको लेखमा भनेका छन्, "नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) लगायत सात राजनीतिक दलहरुको गठबन्धनसँग नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को १२ बुँदे समझदारी अनुसार चलाइएको आन्दोलन अन्ततः सो गठबन्धन नै गौण भूमिका खेल्ने पात्रको रुपमा प्रदर्शित हुन पुग्यो । ...... त्यो १९ दिने अभूतपूर्व आन्दोलन पहिलो चरणमा 'अपरिचित' युवा नेतृत्वले चलाएको जनविद्रोहमा परिणत भएको ज्वलन्त देखा पऱ्यो ।" (रिमाल;

२०६४:७) यो भनाइले आन्दोलनमा पार्टीहरुको भूमिकालाई गौणरुपमा प्रस्तुत गर्न खोजेको देखिन्छ । तर वास्तविकता त्यस्तो होइन । आन्दोलनको आव्हान र नेतृत्व पार्टीहरुले नै गरेका हुन् । जनआन्दोलन -२ र जन घोषणाहरु नामक पुस्तकमा धनेन्द्र के.सी. ले जनआन्दोलनको संक्षिप्त विवरण सहित जनआन्दोलनका सहिदहरुको परिचय समेत प्रस्तुत गरेका छन् । आन्दोलनको विस्तृत विवेचना भने गरेका छनन् । राजनीतिक पार्टीहरुको भूमिका पनि उल्लेख गरेका छैनन् । (के.सी.; २०६४: १-२४) नयाँ नेपालको मार्गचित्र नामक पुस्तक राजेन्द्र महर्जनले सम्पादन गरेका छन् । उक्त पुस्तकको सम्पादकीयमा लेखिएको छ "२०६२/०६३ को जनविद्रोह नेपालमा विगत एक शताब्दीदेखि चलिरहेको सामन्ति राज्यको सामाजिक, आर्थिक, राजनीतिक पुनर्गठनको विस्फोटक अभिव्यक्ति हो, जसलाई सात दल र माओवादीले मुखरर, नेतृत्व गरे ।" (महर्जन; २०६३ : १७) यसरी संयुक्त जनआन्दोलनको उचाइ जनविद्रोहसम्म उठेको र पार्टीहरुले नेतृत्वदायी भूमिका खेलेको कुरालाई स्पष्टसँग राखिएको छ । उक्त पुस्तकमा चैतन्य मिश्रले लोकतन्त्रका सामाजिक र ऐतिहासिक आधार शीर्षकको लेखमा जनआन्दोलनका कारणहरु खोतलेका छन् । (महर्जन; २०६३: २३-३२) त्यस्तै सोही पुस्तकमा राजेन्द्र महर्जनले "बाह्रबुँदे समझदारी र संयुक्त आन्दोलन" शीर्षकको लेखमा जनआन्दोलनको पृष्ठभूमि केलाउँदै यसको आवश्यकता औंल्याएका छन् । "...जनसंघर्ष विना कुनै पनि तानाशाहले न सम्झौता गर्छ न त गद्धि नै त्याग्छ" भन्दै आन्दोलनको आवश्यकता प्रष्ट पारेका छन् । (महर्जन; २०६३: ५९) सोही पुस्तकमा हरि रोकाले राजतन्त्रविरुद्ध अधुरो जनविद्रोह शीर्षकको लेखमा "२०६२ चैत्र २४ गते सुरु भएर वैशाख ११ को मध्यरातमा टुङ्गीएको आन्दोलन आमूल परिवर्तनकारी जनविद्रोहमा परिणत हुन पाएन" (महर्जन; २०६३: ६७) भन्दै यसको अपूर्णतालाई औंल्याएका छन् । तर यो आन्दोलनलाई सफल आन्दोलनको रुपमा आमरुपमा लिने गरिएको छ ।

People politics and ideology (Democracy and social change in Nepal) नामको पुस्तकमा मार्टिन हफ्टन, विलियम रेइपेर र जोन वेल्प्टनले २०४६ सालको जनआन्दोलनका बारेमा लेखेका छन् । उहाँहरु लेख्नुहुन्छ, "Most of the leaders had been confident that this would be the strongest movement in Nepal's history. Even so

the numbers of protesters on the streets, at least in the urban areas of Kathmandu Valley, far exceeded their wildest expectation." (हफ्टन र अरु ; १९९९ : १४२)

त्यस्तै सुरेन्द्र के.सी. द्वारा "ऐतिहासिक दस्तावेज संग्रह (माले खण्ड) भाग-२" मा नेकपा (माले) को चौथो महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय कमिटीले जारी गरेका अन्तरपार्टी निर्देशनहरु समेटिएका छन् । २०४६ सालको आन्दोलन र त्यसको पृष्ठभूमि बारे बुझ्न ती निर्देशनहरुले सघाउ पुऱ्याउँछन् । (के.सी.; २०६३ : ४२९-४५८)

नेकपा (एमाले) जिल्ला कमिटी पर्वतद्वारा लेखिएको संयुक्त जनआन्दोलन २०६२/०६३ को समीक्षा प्रवितेदनमा आन्दोलनको विवरण सहित व्याख्या विश्लेषण प्रस्तुत गर्दै भनिएको छ, "२०६२ साल वैशाख २५ गते देशमा सात राजनीतिक पार्टीहरु नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी र संयुक्त वाममोर्चा नेपाल बीचमा निरङ्कुश राजतन्त्रको विरुद्धमा संयुक्त जनआन्दोलन संचालन गर्ने निर्णय भयो । र ...... सात दल र नेकपा (माओवादी) बीच वार्ता भई चैत्र २४, २५, २६ र २७ गते देशव्यापी आम हड्ताल र अवज्ञाको कार्यक्रम संचालन गर्ने सहमति भयो । ...२०६२ साल चैत्र २४ गतेबाट संयुक्त जनआन्दोलनको आमहड्ताल र अवज्ञाको कार्यक्रम सुरु भयो ।" यसरी आन्दोलनको तयारी, निर्णायक आन्दोलनको निर्णय र त्यसमा दलहरुको नेतृत्वदायी भूमिकालाई यो प्रतिवेदनमा औंल्याइएको छ । (एमाले पर्वत :२०६३ ) । त्यस्तै "नेकपा (एमाले) जि.क. पर्वतको सांगठानिक प्रतिवेदन (छैटौं जिल्ला अधिवेशनमा प्रस्तुत)" मा संक्षिप्त रुपमा आन्दोलनको बारेमा उल्लेख गर्दै भनिएको छ, "२०६२ मंसिर ७ गते सात दल र माओवादी बीचमा १२ बुँदे समझदारी भई संयुक्त जनआन्दोलन अगाडि बढाउने कुरा भएपछि आन्दोलनले क्रमशः गति लिंदै गयो । त्यसपछि ०६२ चैत्र २४, २५, २६ र २७ को आम हड्तालको कार्यक्रम आयो । उक्त आम हड्ताल विस्तार भएर ०६३ वैशाख ११ सम्ममा चरम उत्कर्षमा पुग्यो र अभूतपूर्व रुपमा सफल भयो ।" ... संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतको वैठक हाम्रो पार्टी कार्यालयमा सचिव क. मोतिप्रसाद पौडेलको अध्यक्षतामा वस्यो । हाते पर्चा छपाएर वितरण गरेर घोषित कार्यक्रमलाई सफल पार्न आम जनसमुदायलाई आह्वान गरियो । २०६२ साल चैत्र २३ गते साँझ मसाल जुलुस प्रदर्शन भयो । चैत्र २४-२७ सम्म विहान दिउँसो जुलुस प्रदर्शन गर्ने, बजार यातायात

बन्द गराउन सबै पार्टीका कार्यकर्ताहरुलाई परिचालन गर्ने गरियो । ... २०६२ चैत्र २८ गतेबाट आम हड्ताल र विरोध प्रदर्शनका कार्यक्रमलाई अनिश्चितकालसम्म निरन्तरता दिने निर्णय ( केन्द्रबाट) भए बमोजिम हाम्रो पर्वत जिल्लामा पनि अगाडि बढ्यो ।" (एमाले पर्वत २०६३ : १६) यसरी पर्वत जिल्लामा आन्दोलनको तयारी प्रचार-प्रसार तथा आन्दोलनका बारेमा चर्चा गर्दै पार्टीहरुको नेतृत्वदायी भूमिकाबारे उल्लेख गरिएको छ ।

यी विभिन्न पुस्तकहरुमा संयुक्त जनआन्दोलनको विवरण र चर्चा गरिएको भएता पनि संयुक्त जनआन्दोलन २०६२/०६३ तथा राजनीतिक पार्टीहरुको भूमिका बारे व्यवस्थित शोध नभएकोले यी कमजोरी हटाई शोधकार्यलाई अगाढि बढाइएको छ ।

## १.७ शोधको औचित्य, महत्व र उपयोगिता (Significance) :

संयुक्त जनआन्दोलन २०६२/०६३ विश्वका ठूला-ठूला राजनीतिक आन्दोलनहरु मध्ये एक आन्दोलनको रुपमा चर्चित आन्दोलन हो । यो आन्दोलन कसरी यस्तो चर्चाको शिखरमा पुग्यो ? कसरी यो आन्दोलनमा विशाल जनसमुदायको सहभागिता हुन सक्यो ? राजनीतिक पार्टीहरुको योजनावद्ध कार्यक्रम विना के यो आन्दोलन सम्भव थियो ? राजनीतिक पार्टीहरु के, कसरी क्रियाशील रहे ? उनीहरुको भूमिका कस्तो रह्यो ? यो कुराको खोज गर्नु जरुरी छ । यी कुराहरु जान्न र बुझ्न यो शोध महत्वपूर्ण हुने छ । त्यस्तै राजनीतिक पार्टीहरुको ज्ञान नभएका व्यक्तिहरुलाई कुनै पनि राजनीतिक आन्दोलन संचालनमा संगठित राजनीतिक शक्तिहरुको भूमिकाबारे ज्ञान हुनेछ । त्यसैले आन्दोलनको अध्ययन गर्न र राजनीतिक पार्टीहरुको भूमिका बुझ्न यो शोधको उपयोगिता छ । यसभन्दा अगाडि संयुक्त जनआन्दोलन २०६२/०६३ मा राजनीतिक पार्टीहरुको भूमिका सन्दर्भमा कुनै शोध अनुसन्धान नभएको र सामान्य ढंगले लेखिएका पुस्तकले त्यस सम्बन्धमा पर्याप्त जानकारी दिन नसक्ने हुनाले यो शोधको महत्व स्वतः पुष्टि हुन्छ ।

## १.८ शोधको सिमाङ्कन (Limitation) :

यो शोधको क्षेत्र संयुक्त जनआन्दोलन २०६२/०६३ मा पर्वत जिल्लाका राजनीतिक पार्टीहरुको भूमिका रहेको छ । संयुक्त जनआन्दोलन २०६२/०६३ एउटा वृहत् आन्दोलन

भएकाले यसको समग्र पक्षको खोज गर्नु एउटा जटिल कार्य हो । २०६२ चैत्र २४ गतेदेखि २०६३ वैशाख ११ गतेसम्म १९ दिनसम्म चलेको जनआन्दोलनमा विभिन्न संघसंस्था, वर्ग, पेशा, समुदाय तथा अन्तर्राष्ट्रिय समुदाय लगायत आम नेपाली जनताको अहम् भूमिका हुँदाहुँदै पनि पर्वत जिल्लाका राजनीतिक पार्टीहरुको भूमिकामा मात्र शोध केन्द्रित गरिएको छ ।

## १.९ सामग्री संकलन विधि (Data Collection Method) :

यो शोधमा सामग्री संकलनको लागि पुस्तकालयीय विधि, अन्तर्वार्ता, प्रश्नावली विधि प्रयोग गरिनेछ । सामग्री प्राथमिकता तथा द्वितीय स्रोतबाट संकलन गरिएको छ ।

## १.१० शोध विधि (Methodology) :

यो शोधमा ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक शोध विधिहरुको प्रयोग गरिएको छ ।

# परिच्छेद – दुई

## संयुक्त जनआन्दोलन २०६२/०६३

### २.१ पृष्ठभूमि :

नेपाली जनताहरुले सामन्तवाद तथा निरंकुशता विरुद्ध वि.सं. १९८० को दशकदेखि संगठित आन्दोलन सुरु गरेका थिए । त्यो समयमा प्रत्यक्षरुपमा सामन्तवाद तथा निरंकुशताको प्रतिनिधित्व गर्ने संस्था निरंकुश जहानीया राणा शासन थियो । स्वभाविकरुपमा त्यसबेलाको आन्दोलन जहानीया शासनको विरुद्ध लक्षित थियो । त्यो समयमा वृटिश शासनको विरुद्धमा भारतमा स्वतन्त्रताको लागि आन्दोलन चलेको थियो । त्यो आन्दोलनको नेपालमा पनि प्रभाव परेको थियो । प्रचण्ड गोर्खा (१९८७) र नेपाल प्रजा परिषद (१९९३) जस्ता राजनीतिक संस्थाहरु राणा शासनको विरुद्धमा संगठित आन्दोलनको सुरुवात गर्ने उद्देश्यबाट खोलिएका थिए । राणाहरु पनि आन्दोलनको दमन गर्न सक्रिय थिए । राणा शासनको विरुद्धमा सक्रियतापूर्वक काम गरेका कारणले ४ जना युवाहरुलाई वि.सं. १९९७ सालमा निरंकुश राणा शाहीले मृत्युदण्ड दियो र उनीहरु सहिद भए । तर निरंकुश जहानिया राणा शासनको विरुद्धको आन्दोलन झन् तिव्र हुँदै गयो । २००७ सालमा राणा शासनको बिरुद्धमा निर्णायक आन्दोलन भयो । प्रत्यक्षरुपमा नेपाली कांग्रेसको नेतृत्वमा संचालित यो आन्दोलनमा वि.सं. २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी र नेपाल प्रजापरिषद जस्ता राजनीतिक पार्टीहरु पनि सक्रिय थिए । त्यो आन्दोलनले निरंकुश राणा शासनलाई समाप्त पाऱ्यो । नेपाली कांग्रेस, राजा र राणाको विचमा भारत सरकारको मध्यस्थतामा त्रिपक्षीय सम्झौता भयो । आन्दोलनका बेला भारतमा निर्वासित भएका राजा त्रिभुवनलाई नेपाल फर्काइयो र पुनःस्थापना गरियो । नेपाल फर्केपछि राजा त्रिभुवनले २००७ साल फाल्गुण ७ गते जनताद्वारा निर्वाचित वैधानिक सभाले तर्जुमा गरेको 'गणतान्त्रिक संविधान' अनुसार शासन संचालन हुने घोषणा गरे । नेपाल प्रजातान्त्रिक युगमा प्रवेश गऱ्यो । प्रजातन्त्रको सुरुसँगै यसको विरुद्धमा षडयन्त्र पनि सुरु भयो । राजा त्रिभुवनद्वारा घोषणा भएको वैधानिक सभाको निर्वाचन गरिएन । त्रिभुनवको मृत्युपछि राजा बनेका महेन्द्रले प्रजातन्त्र विरुद्ध षड्यन्त्र गर्दै रहे र आफू निरंकुश राजा बन्ने कोशिसमा लागे । त्यस्तै अवस्थामा २०१५ सालमा नेपालमा आम निर्वाचन भयो । नेपाली कांग्रेसले दुई

तिहाई वहुमत ल्याएर सरकार गठन गऱ्यो । राजा महेन्द्रले २०१७ साल पुष १ गते जनताले संघर्ष गरेर ल्याएको प्रजातन्त्र खोसे र नेपाली कांग्रेसको जननिर्वाचित सरकार अपदस्थ गरे । त्यसपछि पंचायती व्यवस्था लागू गरेर निरंकुश शासन चलाई राजनीतिक दलहरु तथा प्रजातान्त्रिक संघसंस्थाहरु माथि प्रतिवन्ध लगाइयो । निरंकुश पंचायती व्यवस्थाको विरोध गर्ने तथा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको लागि लड्ने राजनीतिक पार्टीहरु, संघ, संस्थाहरु तथा व्यक्तिहरुमाथि निर्मम ढंगले दमन गरियो । राजा महेन्द्रको मृत्युपछि पनि राजा वीरेन्द्रबाट निरंकुश पंचायती व्यवस्थाको आडमा दमनलाई निरन्तरता दिने काम भयो । यस्तै अवस्थामा वि.सं. २०३५/०३६ सालमा नेपालमा विद्यार्थी आन्दोलन भयो । त्यो विद्यार्थी आन्दोलनले निर्विकल्प भनिएको निरंकुश तानाशाही पंचायती व्यवस्थामाथि दह्रो मुक्का प्रहार गऱ्यो । त्यो विद्यार्थी आन्दोलनको दह्रो धक्काको कारणले २०३६ साल जेष्ठ १० गते पंचायती व्यवस्था र वहुदलीय व्यवस्थाको बीचमा जनमत संग्रह गर्ने घोषणा राजा वीरेन्द्रले गरे । २०३७ साल वैशाख २० गते जनमत संग्रह भयो र विभिन्न ढंगले धाँधली गरेर निरंकुश एवं निर्दलीय पंचायती व्यवस्थालाई जिताइयो । त्यसपछि सुधारिएको पंचायती व्यवस्थाको नाउँमा निरंकुश शासन लाद्ने काम भयो ।

२०३६ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रहको घोषणाले देशको राजनीतिक वातावरण केही खुकुलो भएको थियो । दलहरुले प्रतिबन्धित अवस्थामा भए पनि केही मात्रामा राजनीतिक गतिविधिहरु संचालन गरिरहेका थिए । नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीका विभिन्न घटकहरु प्रतिबन्धित र भूमिगत अवस्थामा देशको राजनीतिक क्रियाकलापमा सक्रिय थिए । उनीहरुले पार्टी संगठन निर्माण र परिचालन तथा जनसम्पर्क विस्तार गर्दै विभिन्न जनसरोकारका विषयमा विभिन्न जनसंगठनहरु मानवअधिकारवादी संघसंस्थाहरुको माध्यमबाट निरंकुश निर्दलीय पंचायती व्यवस्थाको विरुद्धमा संघर्ष गरिरहेका थिए । त्यसैक्रममा २०४३/०४४ मा पंचायती निर्वाचनलाई समेत उपयोग गर्दै पंचायतको भण्डाफोर गर्नेसम्मको नीति लिएर राजनीतिक पार्टीहरु अगाडि बढे । तत्कालीन नेकपा (माले) द्वारा राष्ट्रिय पंचायतको निर्वाचन र स्थानीय निर्वाचनमा हस्तक्षेप गर्नु, नेपाल मजदुर किसान पार्टीद्वारा राष्ट्रिय पंचायतको निर्वाचन र स्थानीय निर्वाचनमा हस्तक्षेप गर्नु तथा नेपाली कांग्रेसद्वारा स्थानीय निर्वाचनमा हस्तक्षेप गर्नु र पंचायतको भण्डाफोर गर्ने काम गर्नु निरंकुश पंचायती व्यवस्था विरुद्धको आन्दोलनकै रुपहरु थिए । निरंकुश निर्दलीय तानाशाही पंचायती व्यवस्थाको विरुद्धमा

विभिन्न ढंगले आन्दोलन संचालन भई रहेकै समयमा भारतले नेपाल विरुद्ध नाकाबन्दी गऱ्यो । यसले नेपालको राजनीतिक संकटलाई झन् बढाउने काम गऱ्यो । यस्तै अवस्थामा पंचायती व्यवस्थाको विरुद्धमा कांग्रेस र कम्युनिष्टहरु मिलेर आन्दोलन गर्नुपर्छ भन्ने मान्यता नेपालको राजनीतिमा विकसित हुँदै गयो । यसैक्रममा नेपालमा विभिन्न गुट, उपगुटमा विभाजित हुन पुगेका कम्युनिष्टहरु मध्ये ७ कम्युनिष्ट पार्टीहरु मिलेर संयुक्त वाममोर्चा गठन गरे । त्यसपछि नेपाली काँग्रेस र संयुक्त वाममोर्चाले निरंकुश तथा निर्दलीय पंचायती व्यवस्था विरुद्ध संयुक्तरुपमा जनआन्दोलन गर्ने निर्णय गरे । २०४६ साल फाल्गुण ७ गतेदेखि जनआन्दोलन सुरु भयो । पंचायती क्रूर दमनका बाबजुद आन्दोलन तीब्रगतिले अगाडि बढ्यो । ४९ दिनको आन्दोलनपछि २०४६ साल चैत्र २६ गते राती राजा, नेपाली काँग्रेस र वाममोर्चाका प्रतिनिधिहरु बीच वार्ता भई दलहरुमाथिको प्रतिबन्ध हटाउने र आन्दोलन रोक्ने सहमति भयो । त्यसपछि निरन्तर जनदवाव हुँदै जाँदा निरंकुश निर्दलीय तानाशाही पंचायती व्यवस्था समाप्त भयो र देशमा बहुदलीय व्यवस्था स्थापना भई दलहरु र राजाका प्रतिनिधिहरु सम्मिलित सरकार बन्यो । त्यो सरकारले नेपाल अधिराज्यको संविधान २०४७ जारी गऱ्यो र २०४८ सालमा आमनिर्वाचन सम्पन्न गऱ्यो ।

वि.सं. २०४८ को आमनिर्वाचनमा नेपाली काँग्रेसले बहुमत ल्याई सरकार गठन गऱ्यो र नेकपा (एमाले) प्रमुख प्रतिपक्षी दल हुन पुग्यो । नेपाली कांग्रेसले बहुमतको सरकार चलाउँदै जाँदा केही आन्तरिक अन्तरविरोधहरु देखापरे । नेपाली काँग्रेसभित्रको अन्तरविरोध चर्किंदै जाँदा सरकारको तर्फबाट संसदमा प्रस्तुत नीति तथा कार्यक्रम समेत असफल भयो । यसले उत्पन्न गरेको नैतिक संकट टार्न नेपाली काँग्रेसका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाली कांग्रेसको पूर्ण वहुमत रहेको संसद विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरे । २०५१ साल मंसिरमा भएको मध्यावधि निर्वाचमा नेकपा (एमाले) संसद्मा सबैभन्दा ठूलो दलको रुपमा स्थापित भयो र अल्पमतको सरकार चलाउने मौका पायो । नेपाली काँग्रेस प्रमुख प्रतिपक्षी दलको रुपमा स्थापित भयो । नेकपा (एमाले) को सरकार क्रियाशील भइरहेकै समयमा विविध ढंगले सरकार हटाउने प्रयास भएको थाहा पाएपछि २०५२ साल जेष्ठमा मध्यावधि निर्वाचनको घोषणा भयो । २०५२ साल भदौ १२ गतेको सर्वोच्च अदालतको फैसललाले उक्त घोषणालाई असंवैधानिक भनेर असफल पारेपछि नेकपा (एमाले) को अल्पमतको सरकार हटाइयो । कुनै पनि पार्टीको पूर्ण वहुमत नभएकोले २०५१ को संसद "हंग पार्लीयामेन्ट" थियो । नेकपा (

एमाले) को सरकार हटाएपछि सरकार बनाउने र हटाउने खेल सुरु भए । यही समयमा संसद् सबैभन्दा बद्नाम भयो । सांसद्हरुको खरिद बिक्री भयो । यस्तो गतिविधिले बहुदलीय व्यवस्थामा समेत आँच आयो । यस्तै ढंगले देश अगाडि बढिरहेको अवस्थामा फेरि २०५६ सालमा तेस्रो आमनिर्वाचन भयो । त्यसमा पनि नेपाली काँग्रेसले पूर्ण वहुमत ल्यायो र नेकपा (एमाले) प्रमुख प्रतिपक्षी दल बन्यो । नेपाली काँग्रेसले पूर्ण वहुमत ल्याए पनि ऊ भित्रको अन्तरविरोध चर्किंदै गयो । नेपाली काँग्रेसका एकजना नेता शेरबहादुर देउवा प्रधानमन्त्री भएको बेलामा २०५९ साल जेष्ठ ८ गते संसद् विघटन भयो र फेरि मध्यावधि निर्वाचनको घोषणा भयो । देशमा मध्यावधि निर्वाचन गर्न सजिलो थिएन । वि.सं. २०५२ साल फाल्गुण १ गतेदेखि नेकपा (माओवादी) ले संचालन गरेको जनयुद्धका कारण देश नराम्ररी सशस्त्र द्वन्द्वमा फसेको थियो । देशमा हिंसात्मक गतिविधिहरु चर्किंदै गएकाले तोकिएको मितिमा मध्यावधि निर्वाचन हुन नसक्ने ठहर पार्टीहरुले गरे र पुनः एकवर्ष पछाडि २०६० साल मंसिरमा निर्वाचन गर्ने गरी मिति तोक्न राजालाई सिफारिस गर्ने निर्णय गरे । देश सशस्त्र द्वन्द्वमा फँसेको, सरकारले निर्वाचन गराउन नसक्ने अवस्था सिर्जना भएको, नेपाली काँग्रेसमा फुट भएर कमजोर भएको, संसदलाई उपयोग गर्दै आगाडि बढिरहेको नेपालको कम्युनिष्ट आन्दोलनमा सशस्त्र जनयुद्ध गरेर नेकपा (माओवादी) बेग्लै ढंगले अगाडि बढिरहेको, नेपालको राजतन्त्र संवैधानिक भएको र यसले प्रजातन्त्रको विरुद्धमा षड्यन्त्र गर्दैन भनेर राजनीतिक पार्टीहरु र नेपाली जनताहरु विश्वस्त भइरहेको अवस्थामा राजा ज्ञानेन्द्रले २०५९ साल असोज १८ गते शाही घोषणा गरेर शेरबहादुर देउवा सरकारलाई अपदस्थ गरे । यसपछि पुनः राजतन्त्रको निरंकुश शासन सुरु भयो ।

नेपालको निरंकुश राजतन्त्रले जनता र प्रजातन्त्रको विरुद्धमा पटक-पटक षड्यन्त्र गर्दै आइरहेको छ । देशमा जव आन्दोलन चर्किंदै जान्छ, जनताहरु जागरुक भएर उठ्छन् । राजतन्त्रले नेपाली जनतासँग सम्झौता गर्छ र जनतालाई अधिकार दिएको घोषणा गर्छ । जब जनता राजाको घोषणाप्रति विश्वस्त हुन्छन् र आन्दोलन सेलाउँदै जान्छ अनि राजतन्त्रले नेपाली जनताको विरुद्धमा षड्यन्त्र सुरु गर्छ र जनताका अधिकारहरु खोस्दै जान्छ । यो क्रम नेपालमा पटक पटक दोहोरिएको छ । प्रजातान्त्रिक शक्तिहरुलाई फुटाउने शासन गर्ने खेलमा नेपालको राजतन्त्र धेरै पटक सफल भएको छ । २००७ सालमा भएको जनक्रान्ति पछि नेपाल फर्केका राजा त्रिभुवनले फाल्गुण ७ गते जनताद्वारा निर्वाचित वैधानिक सभाले तर्जुमा गरेको

“गणतान्त्रिक संविधान” अनुसार शासन संचालन हुने घोषणा गरे । (महर्जन; २०६३: १३) विस्तारै त्यो घोषणालाई उल्ट्याउँदै लगे र आफ्नो निरंकुश शासन सुरु गरे । राजा महेन्द्रले राजनीतिक पार्टीहरु र जनताको दवावमा २०१५ सालमा आमनिर्वाचन गर्न सहमत भए । तर २०१७ सालमा जननिर्वाचित सरकारलाई अपदस्त गरेर निरंकुश शासनको सुरुवात गरे । राजा वीरेन्द्रले २०३६ सालमा जनमत संग्रहको घोषणा गरे तर धाँदली गरेरै भएपनि निरंकुश निर्दलीय पंचायती व्यवस्थालाई नै विजय भएको घोषणा गराएर निरंकुश शासनलाई निरन्तरता दिए । २०४६ सालमा जनआन्दोलन सामु झुकेर उनले संवैधानिक राजा हुन मन्जुर गरे । तर नेपाल अधिराज्यको संविधान २०४७ जारी हुने समयमा अर्को दरवारिया संविधान प्रचारमा ल्याएर प्रजातान्त्रिक संविधानको विकल्प प्रस्तुत गर्नेसम्मको दुस्प्रयास भयो । त्यस समयमा सेनाका जर्नेलहरुलाई प्रयोग गरी तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई दवाव दिने कामसम्म भयो । त्यस पछि नेपाल अधिराज्यको संविधान जारी भएपछि पनि नेपालको राजनीतिमा खेलिएको दरवारिया खेलले पार्टीहरुलाई कमजोर बनाउने, फुटाउने, अन्तरद्वन्द्व चर्काउने गरिएकै हो । राजनीतिक पार्टीहरु र बहुदलीय व्यवस्थालाई कमजोर बनाउन विभिन्न खेलहरु खेलिंदै गर्दा अपेक्षाकृत नरम उदार तथा २०४६ सालको जनआन्दोलन पछि संवैधानिक राजा हुन स्वीकारेका राजा वीरेन्द्रको २०५८ साल जेष्ठ १९ गते वंश विनास हुने गरी षड्यन्त्रपूर्वक दरवार हत्याकाण्ड भयो । त्यसपछि राजा हुन पुगेका राजा ज्ञानेन्द्रले विभिन्न समयमा निरंकुश शासक बन्ने अभिव्यक्तिहरु दिइरहेका थिए । मौका हेरेर बसेका राजा ज्ञानेन्द्रले २०५९ साल असोज १८ गते आफु निरंकुश शासक बन्ने पहिलो कोसिस गरे । नेपालका वहुदलवादी राजनीतिक पार्टीहरु र नेपाली जनताले यसको विरुद्धमा संघर्ष गर्दै रहे । जनताको संघर्ष र आवाजलाई वेवास्ता गर्दै निरंकुश राजा ज्ञानेन्द्रले निरंकुशताको साङ्लो कस्दै लगे । २०६१ साल माघ १९ गतेको शाही घोषणाद्वारा आफै राजा र आफै मन्त्री परिषदको अध्यक्ष भएको घोषणा गर्दै १६औं शताब्दीको मध्ययुगीन शासन सुरु गरे । यसपछि नेपाली जनता र राजनीतिक पार्टीहरुको सामु आन्दोलन वाहेक अर्को विकल्प रहेन । राजनीतिक पार्टीहरु संयुक्त जनआन्दोलन गर्नैपर्ने अवस्थामा पुगेकाले त्यसको वातावरण तयार गर्नतिर लागे । द्विपक्षीय, त्रिपक्षीय र वहुपक्षीय वार्ता गर्दै २०६२ साल वैशाख २५ गते नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जचमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपाल गरी सात राजनीतिक दलहहरुले “राष्ट्रिय संकट

समाधानका लागि साझा सहमति र प्रतिवद्धताको घोषणा" गरे । उक्त घोषणाको अन्त्यमा भनिएको छ, "साझा सहमति र प्रतिवद्धताको यस प्रक्रियाबाट मुलुकको वर्तमान गम्भीर संकटको निकास निस्कन सक्छ भन्ने हाम्रो विश्वास छ । यो प्रक्रियाबाट मुलुकको संकट समाधान गरी पूर्ण प्रजातन्त्रको स्थापना गर्नुनै शान्तिपूर्ण जनआन्दोलनको लक्ष्य हो । यस्तो लक्ष्य लिएर संयुक्त जनआन्दोलनमा अघि बढेर मात्र निरंकुश तन्त्रलाई अन्त्य गर्न सकिनेछ । यो लक्ष्य प्राप्त गर्न हामी निम्न लिखित दलहरु आन्दोलनको साझा कार्यक्रम र आचारसंहिता निर्माण गरी शान्तिपूर्ण आन्दोलनका निम्ति प्रतिवद्ध भएको घोषणा गर्दछौं ।" यसरी शान्तिपूर्ण संयुक्त जनआन्दोलनको वातावरण बनाउँदै निरंकुश राजतन्त्र विरुद्धको संघर्षलाई सात राजनीतिक पार्टीहरुले अगाडि बढाउँदै लगे ।

अर्कोतिर नेकपा (माओवादी) ले तत्कालीन राजनीतिक व्यवस्था प्रति असन्तुष्टि र असहमति जनाउँदै २०५२ साल फाल्गुण १ गतेदेखि सशस्त्र जनयुद्ध सुरु गरेको थियो । उक्त सशस्त्र द्वन्द्वले जन्माएको हिंसा र प्रतिहिंसाले १२००० भन्दा बढी नेपाली जनताको ज्यान गइसकेको थियो । सयौं वेपत्ता, हजारौं, अपांग र लाखौं मानिसहरु विस्थापित भएका थिए । यस्तो अवस्थाबाट देशलाई मुक्त गर्न यसको राजनीतिक समाधान पहिल्याउनु जरुरी थियो । यसको ठीक विपरित राजा ज्ञानेन्द्रबाट १९ माघ २०६१ मा शाही घोषणा मार्फत प्रत्यक्ष रुपमा सम्पूर्ण सत्ता आफ्नो हातमा लिने काम भयो । यसले सात राजनीतिक पार्टीहरुमा निरंकुश राजतन्त्रको अन्त्यको लागि माओवादीसँग पनि वार्ता गर्ने र शान्तिपूर्ण आन्दोलनमा ल्याउने सोचको विकास भयो । यसै सिलसिलामा नेकपा (एमाले) र नेकपा माओवादी बीच २०६२ साल कार्तिक ६ गते देखि वार्ता भई कार्तिक ९ गते रोल्पामा ६ बुँदे सहमति भयो ।(जि.सी;२०६३: १)

यो वार्ताले सात राजनीतिक पार्टीहरु र नेकपा माओवादीलाई नजिक ल्याएर साझा सहमति खोज्न महत्वपूर्ण भूमिका खेल्यो । सात राजनीतिक पार्टीहरु र नेकपा (माओवादी) बीचको लामो छलफल र वार्तापछि २०६२ मंसिर ७ गते १२ बुँदे सहमति भयो । त्यसरी नै २०६२ चैत्र ६ गते सात दल र नेकपा माओवादी बीच दोस्रो समझदारी भयो । त्यसपछि पनि विभिन्न समयमा वार्ता भई २०६२ चैत्र २४, २५, २६, २७ गते आम हड्ताल र अवज्ञाका कार्यक्रमहरु संचालन गरी संयुक्त जनआन्दोलन सुरु गरियो । जुन आन्दोलन १९ दिन सम्म चल्यो र अभूतपूर्व रुपमा सफल भयो । २०४६ सालको आन्दोलनबाट प्राप्त भएको बहुदलीय व्यवस्थाको १५, १६ वर्षको अवधिमा राजनीतिक पार्टीहरुले विस्तार गरेको आफ्नो प्रभाव र

संगठन विस्तारले धेरै जनसमुदाय पार्टी राजनीतिमा संगठित भएका थिए । नेकपा (माओवादी) ले २०५२ साल फाल्गुण १ गतेदेखि सुरु गरेको जनयुद्धले नेकपा (माओवादी) को संगठन र प्रभाव पनि विस्तार भएको थियो । विगतमा कतिपय अवस्थामा राजनीतिक पार्टीहरुले संचालन गरेको आन्दोलनमा माओवादी धारणा फरक रहेकोले पनि आन्दोलनमा जनसहभागिता जुट्ने काम भएको थिएन । यसपटक सात दल र नेकपा माओवादी बीच समझदारी हुनु र माओवादीले सशस्त्र जनयुद्ध रोकी शान्पितूर्ण जनआन्दोलनको समर्थन गर्नु तथा गाउँगाउँबाट आन्दोलनमा जनसमुदायलाई प्रेरित गर्नुले पनि आन्दोलनको वातावरण राम्रोसँग तात्यो ।

राजा र संसदवादी राजनीतिक दलहरु मिल्नुपर्छ भन्ने अन्तर्राष्ट्रिय समुदाय अमेरिका, बेलायत, युरोपियन युनियन, जापान, चिन, भारत लगायत संयुक्त राष्ट्र संघ समेतको सल्लाह विपरित राजाद्वारा निरंकुश कदम चालिएकोले अन्तर्राष्ट्रिय समर्थन राजाले गुमाउँदै गएका थिए । बरु सात दल र माओवादी बीचको बाह्र बुँदे समझदारी र २०६२ चैत्र ६ गते भएको दोस्रो समझदारीप्रति आसावादी देखिएको र आन्दोलनप्रति समर्थन जनाएको स्थिति थियो ।

राजा वीरेन्द्रको वंश विनास हुने गरी भएको २०५८ जेष्ठ १९ गतेको दरवार हत्याकाण्ड पछि राजा हुन पुगेको ज्ञानेन्द्रप्रति जनतामा एउटा आशंका व्याप्त थियो । दरवार हत्याकाण्ड गराएर राजा भएको भन्ने त्यो आशंका मेटाउने काम राजा ज्ञानेन्द्रबाट भएन । राजा वीरेन्द्र जस्तै संवैधानिक राजा भएर वसेको भए सायद के हुन्थ्यो ? झन् निरंकुश राजा बन्दै गएपछि राजा ज्ञानेन्द्रप्रति जनआक्रोश झन् बढ्दै गयो । जुन जनआन्दोलन मार्फत सडकमा पोखियो । राजा ज्ञानेन्द्रले सम्पूर्ण राजकीय अधिकार आफ्नो हातमा लिएपछि देशमा सैनिकीकरण तिब्र भयो । त्यसका विरुद्धको जनयुद्ध फैलिंदै गयो । देशको विकास बजेट सैन्य प्रयोजनमा खर्च भयो । राजा तथा राजपरिवारको तलवभत्ता बढाइयो । विकास आयोजनाहरु ठप्प भए । बेरोजगारी अत्यधिक मात्रामा बढ्न पुग्यो । अर्धबेरोजगार र भूमिहीनहरुको अवस्था झन् दयनीय भयो । आम नेपाली जनताको जीवन कष्टकर बन्दै गयो । देशमा बढ्दै गएको संकटले राष्ट्रको कुल आर्थिक बृद्धि नकरात्मक अर्थात ऋणात्मक हुन पुग्यो । जनताहरु गरिब हुँदै गए र गरिबिको रेखामुनी झर्दै गए । यसले गर्दा राज्यप्रति घृणा उत्पन्न भयो । जुन घृणा जनआन्दोलन मार्फत सडकमा अभिव्यक्त भयो ।

आन्दोलन सशक्तरुपले उठ्न नसकिरहेको अवस्थामा नागरिक समाजको तर्फबाट दलहरुलाई लोकतान्त्रिक गणतन्त्रमा जानका लागि दवाव दिएर नागरिक सभाहरु आयोजना

गरियो । जनसभाले आम जनतालाई आन्दोलित बनाउन महत्वपूर्ण भूमिका खेल्यो । यही पृष्ठमूमिमा संयुक्त जनआन्दोलन २०६२/०६३ संचालन भयो र सफलतापूर्वक सम्पन्न भयो ।

## २.२ आन्दोलनको तयारी :

२०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सम्पूर्ण शासनसत्ता आफ्नो हातमा लिएर निरंकुशता लादेपछि राजनीतिक पार्टीहरुमा राजाप्रतिको सम्पूर्ण मोह भङ्ग भयो । गणतन्त्रवादी पार्टी भएर पनि तत्कालीन परिस्थितिमा संवैधानिक राजतन्त्र स्वीकारेको नेकपा (एमाले) ले राजतन्त्रप्रति निषेधको नीति अपनायो । नेकपा (एमाले) को केन्द्रीय कमिटीको मिति २०६२ श्रवाण ३१ देखि भाद्र २ गतेसम्ममा सम्पन्न नवौं वैठकले राजतन्त्रप्रति निषेधको नीति अपनाउने निर्णय गर्दै भनेको छ, "…..अब राजतन्त्रसितको हाम्रो सबन्ध संघर्ष र निषेधको अवस्थामा पुगेको छ ।" (नेपाल; २०६२ : ३४)

त्यसपछि नेकपा (एमाले) ले लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक नारा अगाडि सा-यो । नेपाली काँग्रेसले आफ्नो जन्मकालदेखि नै आदर्श मान्दै आएको संवैधानिक राजतन्त्रलाई आफ्नो विधानबाट हटायो र राजतन्त्र निरपेक्ष पार्टी बन्यो । साथै संविधानसभामा जाने र राज्यको पुनःसंरचना गर्ने फैसला समेत ग-यो । यस विचमा नेकपा (माओवादी) को आचरणमा पनि धेरै फेरवदल आयो । दलहरुसँग सरसल्लाहर गरेर नेकपा (माओवादी) ले युद्धविराम ग-यो । युद्धविरामकै अवधिमा नेकपा (माओवादी) ले रुकुमको चुनवाङमा आफ्नो केन्द्रीय विस्तारित वैठक ग-यो । अन्य राजनीतिक दलहरुलाई विस्वस्त पार्नका लागि केही महत्वपूर्ण निर्णयहरु समेत ग-यो । माओवादी नेतृत्वले केन्द्रीय समितिको पूर्ण वैठकबाटै बहुदलीय प्रतिस्पर्धाको राजनीतिक नीति पारित गरेको थियो, जुन निर्णय नागरिक समाज र दलहरुले माग गरे अनुसारकै थियो । दलहरुद्वारा संविधान सभाको माग स्वीकार गरिएमा माओवादीले संयुक्त राष्ट्रसंघको उपस्थितिमा सधैंका लागि हतियार विसाएर शान्तिपूर्ण लोकतान्त्रिक राजनीतिमा उत्रने र आफ्नो सेनाको व्यवस्थापन गर्ने निर्णय गरेका थिए । यसका साथै अब उप्रान्त संसदीय दलहरुमाथि आक्रमण केन्द्रीत नगर्ने र लोकतान्त्रिक गणतन्त्रका लागि सबै दलहरुसँग मिलेर आन्दोलन सिर्जना गर्ने निर्णय पनि उनीहरुले गरेका थिए । (महर्जन; २०६३ : ४४-४५) यसरी नेकपा (एमाले), नेकपा (माओवादी) र नेपाली कांग्रेसमा नीतिगतरुपमा आएको परिवर्तन

र आचरणमा आएको सुधारले गर्दा संयुक्त जनआन्दोलनको वातावरण बन्दै गयो । यसभन्दा अगाडि सात राजनीतिक पार्टीहरुले २०६२ साल वैशाख २५ गते गरेको “राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिवद्धताको घोषणा” देखि संयुक्त जनआन्दोलनको तयारीको काम अगाडि बढ्दै गएको थियो । त्यसपछि सात दल र माओवादी नीतिगत र व्यवहारिक रुपमा नजिकिंदै जाने स्थितिले गर्दा जनआन्दोलनको तयारी तिब्ररुपमा अगाडि बढ्यो । नेकपा (एमाले) र नेकपा (माओवादी) बीच २०६२ कार्तिक ६ देखि ९ सम्म रोल्पामा भएको वार्ता र ६ बुँदे सहमति, सात दल र माओवादीबीचको २०६२ मंसिर ७ मा भएको १२ बुँदे समझदारी, २०६२ चैत्र ६ गते सात दल र नेकपा (माओवादी) बीच दोस्रो समझदारी आदी कुराहरुले आन्दोलनलाई थप बल पुऱ्याए । यस अगाडि २०६२ चैत्र १ गतेदेखि देशव्यापी नाकाबन्दी लगायत नेकपा (माओवादी) ले आफ्ना आन्दोलन र संघर्षका एकल कार्यक्रम अगाडि सारेको थियो । ती सबै स्थगित गरेर चैत्र २४ गतेदेखि संयुक्त जनआन्दोलन सुरु हुन पुग्यो । (महर्जन; २०६३ : ७४) यस बीचमा सबै पार्टीहरुले आ-आफ्ना पार्टीका आन्तरिक तयारीहरु गरे । आ-आफ्ना जनवर्गीय तथा पेशागत संगठनहरुलाई परिचालन गर्ने तयारी गरे । आन्दोलनको तयारीकै सिलसिलामा नेकपा (एमाले) ले लोकतान्त्रिक जागरण अभियान संचालन गऱ्यो । जसमा हजारौं मानिसहरु सहभागी भए । नेपाली कांग्रेसले लोकजागरण अभियान चलायो । त्यसमा पनि हजारौं मानिसहरुको सहभागिता रह्यो । यी गतिविधिहरु पनि आन्दोलनको तयारीको सिलसिलामा भएका थिए ।

## २.३ आन्दोलन संचालन :

सात राजनीतिक दलहरु र नेकपा (माओवादी) बीच भएको बाह्रबुँदे समझदारीले देशको राजनीतिक वातावरण आन्दोलनमय बन्दै गइरहेको थियो । त्यस समयमा भएका नेकपा (एमाले) र नेपाली कांग्रेसका लोकतान्त्रिक जागरण र लोकजागरण कार्यक्रमहरुमा गरिएका आमसभाहरुमा भएको व्यापक जनसमुदायको उपस्थितिले राजनीतिक पार्टीहरुलाई उत्साही बनाइरहेको थियो । त्यसपछि १२ बुँदे समझदारीलाई पुनर्पुष्टि गर्दै भएको सात दल र नेकपा ( माओवादी) बीचको दोस्रो समझदारीले जनताहरुमा थप उत्साह जगायो । संसद्वादी खुल्ला दल र सशस्त्र जनयुद्ध संचालन गरिरहेको माओवादी पार्टीबीच विस्तारै विश्वासको वातावरण बन्दै

जानु तथा राजा झन्भन्दा झन् निरंकुश बन्दै जानुले जनताहरु विस्तारै आन्दोलित बने । २०६२ चैत्र १ गतेदेखि नेकपा (माओवादी) ले देशव्यापीरुपमा लगाएको नाकाबन्दी फिर्ता गरी सात दल र नेकपा (माओवादी) को बीचमा २०६२ चैत्र २४, २५, २६, २७ सम्म चारदिन देशव्यापी आम हड्ताल र अवज्ञाका कार्यक्रमहरु संचालन गर्ने निर्णय भएपछि राष्ट्रव्यापीरुपमा त्यसको तयारी भयो । सबै राजनीतिक पार्टीका केन्द्रीय तहबाट तल्ला तहमा निर्देशन जारी भए । २०६२ वैशाख २५ गते सात राजनीतिक पार्टीहरुको बीचमा संयुक्त जनआन्दोलन गर्ने निर्णय भए पछि सात राजनीतिक पार्टीहरुले संयुक्तरुपमा कार्यक्रमहरु दिइरहेका थिए । २०६२ वैशाख २९ गते सर्वदलीय जनआन्दोलन केन्द्रीय संयोजन समितिले संयुक्त प्रेस वक्तव्य जारी गर्दै जिल्ला-जिल्लामा पनि संयुक्त जनआन्दोलन जिल्ला संयोजन समितिहरु गठन गर्ने निर्देशन गरेको थियो । सात राजनीतिक पार्टीहरु मध्ये जिल्लामा कार्यरत पार्टीहरुको विचमा संयुक्त जनआन्दोलन जिल्ला संयोजन समितिहरु बने ।

२०६२ वैशाख २९ गतेकै दिन सात दलले शान्तिपूर्ण संयुक्त जनआन्दोलनको अचारसंहिता २०६२ समेत जारी गरेर आन्दोलनलाई मर्यादित र व्यवस्थित बनाउने निर्णय गरेका थिए । आन्दोलन शान्तिपूर्ण र अहिंसात्मक हुने प्रतिवद्धतासमेत आचारसंहितामा व्यक्त गरिएको थियो । २०६२ साल वैशाख २५ गते सात दलले जारी गरेको "राष्ट्रिय संकट समधानका लागि साझा सहमति र प्रतिवद्धताको घोषणा" का आधारमा "शान्तिपूर्ण संयुक्त जनआन्दोलनको आचारसंहिता २०६२" को प्रक्रिया बमोजिम सात दलले संयुक्त जनआन्दोलन संचालन गरेका थिए । यसमा सात दल र नेकपा (माओवादी) बीचको १२ बुँदे समझदारी र यसलाई पुर्नपुष्टि गर्ने गरी भएको दोस्रो समझदारी पनि आन्दोलनको आधार बन्यो । २०६२ चैत्र २४ देखि सुरु भएको संयुक्त जनआन्दोलन पनि यही आधार र प्रक्रिया बमोजिम संचालन भयो । आन्दोलनका मुल कार्यक्रमहरु सात राजनीतिक पार्टीहरुले तय गरेर जिल्ला जिल्लामा निर्देशन गरे । त्यसको आधारमा जिल्ला जिल्लामा संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिकि वैठक बसेर जिल्लाको अवस्था अनुसार आन्दोलन संचालनका प्रक्रियाहरु निर्धारण गरिए । केन्द्र र जिल्ला तहबाट समेत सम्पूर्ण जनसमुदायहरुलाई संयुक्त जनआन्दोलनका कार्यक्रमहरुमा सहभागी हुन आह्वान गरियो । २०६२ चैत्र २१ गते साँझदेखि नै लागू हुने गरी नेकपा (माओवादी) ले काठमाण्डौ उपत्यकामा युद्धविराम गऱ्यो । यो युद्धविरामले संयुक्त

जनआन्दोलनका कार्यक्रमहरुमा सकारात्मक प्रभाव पर्‍यो । दलहरुको आह्वानको आधारमा आन्दोलनका कार्यक्रमहरुमा जनसमुदाय सहभागी भए । विभिन्न राजनीतिक पार्टीहरुसँग सम्वद्ध जनसंगठनहरु पेशागत संगठनहरु, मानव अधिकारवादी संघसंस्थाहरु तथा आमजनसमुदाय संस्थागतरुपले तथा व्यक्तिगतरुपले जनआन्दोलनमा सहभागी भए । निरंकुश राजतन्त्रले सेना, सशस्त्र प्रहरी तथा प्रहरी परिचालन गरी राजनीतिक पार्टीका नेताहरुलाई नजरवन्दमा राख्ने र गिरफ्तार गर्न थाल्यो । २०६२ चैत्र २३ गतेको प्रदर्शन र साँझको मसाल जुलुशमा व्यापक दमन, लाठीचार्ज र गिरफ्तारी भयो । यो दमनले आन्दोलनलाई थप उर्जा प्रदान गर्‍यो । चैत्र २४ गतेदेखि संयुक्त जनआन्दोलनको अमहड्ताल र अवज्ञाका कार्यक्रमहरु व्यापक जनसहभागिताका साथ संचालन भए । यसमा आम जनताको सहभागिता आजभन्दा भोली, भोलीभन्दा पर्सी निरन्तर वृद्धि हुँदै गयो । २०६२ चैत्र २४ गतेदेखि २७ गतेसम्मका कार्यक्रमहरु लाखौं जनताको सहभागितामा सम्पन्न भए । निरंकुश शाही सत्ताले दमन पनि तिब्र पार्दै लग्यो । जति दमन हुन्छ त्यति प्रतिरोध गर्दै आन्दोलन अगाडि बढ्यो । चार दिनको कार्यक्रम सम्पन्न भएपछि २०६२ चैत्र २७ गते बसेको सात दलको संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको वैठकले निर्णय गर्दै आन्दोलनका थप कार्यक्रम घोषणा गर्‍यो । (कान्तिपुर; २०६२/१२/२८: १) त्यसपछि संयुक्त जनआन्दोलन अझै व्यापक बन्यो । विभिन्न पेशागत संघसंगठनहरुको आह्वानमा पेशाकर्मीहरु पनि आन्दोलित भए । आन्दोलन सम्पूर्ण जनताको आन्दोलन बन्यो । देशव्यापी आम हड्ताल र अवज्ञा निरन्तर जारी  रह्यो । लाखौं जनताको सहभागितामा ठूला ठूला विरोध प्रदर्शन भए । नयाँ-नयाँ शैली र ढाँचामा जनताले आफै आन्दोलन संचालन गरे । चाहे कुटो कोदालो र जुवा बोकेर निकालिएको जुलुस होउन् वा कुचो र रित्ता भाँडाहरु सहित निकालिएका जुलुसहरु होउन् । ती सबैमा लोकतन्त्रको साझा भावना र चाहना प्रतिविम्वित भएको थियो । आफ्ना स्थानीय मौलिकता सहित आयोजना गरिने प्रदर्शनहरुले एकातिर स्थानीय वासिन्दामा अपनत्वको भावना जगाउँथे भने अर्कोतिर थप जनसहभागिताका लागि प्रेरित गर्दथे । भैंसी र राँगालाई रङ्ग्याएर होस् वा नाङ्गो टाउकोमा लोकतन्त्र लेखेर होस् जनताले जुलुशमा मौलिकता दिने प्रयास गरेका थिए । (नवयुग;२०६३/२: २१) आन्दोलनको निरन्तरताकै शिलशिलामा २०६२ चैत्र ३० गते सात राजनीतिक दलहरुका शीर्ष नेताहरुको वैठक वस्यो । वैठकले शान्तिपूर्ण र संयुक्त जनआन्दोलनबाट मात्रै चालू आन्दोलनको लक्ष्य प्राप्त हुन सक्छ भन्ने ठहर गर्दै आन्दोलनमा

सहादत प्राप्त गर्ने ६ जना शहीदहरुप्रति श्रद्धाञ्जली अर्पण गऱ्यो । साथै आन्दोलनका सम्पूर्ण सहभागीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आन्दोलनमा अहिंसात्मक र शान्तिपूर्ण ढंगले अझ सशक्तरुपमा सहभागी हुन मजदुर, किसान, महिला, युवा, विद्यार्थी, बुद्धिजीवि, निजामति, सार्वजनिक तथा वित्तीय संस्थानका कर्मचारी, शिक्षक, प्राध्यापक, डाक्टर, इञ्जिनियर, वकिल, व्यापारी, पत्रकार, उद्योगपति, मानवअधिकारकर्मी, लेखक, साहित्यकार, कलाकर्मी एवं सबै जाति, भाषा, धर्म र क्षेत्रका नेपाली दिदीबहिनी तथा दाजुभाइरुमा हार्दिक अपिल गर्दछौं भन्दै आन्दोलनलाई निरन्तररुपमा संचालन गर्ने निर्णय गऱ्यो । (निष्ठुरी; २०६३: ६७-६८)

२०६३ वैशाख १ गते आन्दोलनरत सात दलको जनआन्दोलन संयोजन समितिको वैठक वस्यो । वैठकले नयाँ वर्षको अवसरमा राजाले दिएको सन्देशले राजनीतिक दलहरुलाई सम्बोधन नगरेको ठहर गर्दै आन्दोलनलाई अझ उचाइमा पुऱ्याउने प्रतिवद्धता दोहोऱ्यायो । पुनः वैशाख ३ गते काठमाण्डौमा सम्पन्न संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिले शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई अझ सशक्त रुपमा अघि बढाउने निर्णय गर्दै चालु जनआन्दोलनलाई अझ उचाइमा लैजान र सफलताको विन्दुमा पुऱ्याउन आम जनसमुदायलाई सम्पूर्ण शक्ति र सामर्थ्यका साथ सडकमा उत्रन आह्वान गऱ्यो । शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई उत्कर्षमा लैजान विभिन्न कार्यक्रमहरु निर्धारण गऱ्यो । २०६३ वैशाख ७ गते काठमाण्डौंको चक्रपथमा एकीकृत जनआन्दोलन पदयात्रा र विशाल विरोध प्रदर्शन आयोजना गर्ने, शिक्षण संस्था, यातायात, बजार, औद्योगिक तथा व्यापारिक प्रतिष्ठान, सरकारी कार्यालय, निजी संयुक्त लगानी र सार्वजनिक संस्थान तथा अन्य कार्यालय, हवाइ यातायात लगायत सम्पूर्ण क्षेत्रलाई पूर्णरुपमा आम हड्तालमा उत्रन आह्वान गऱ्यो । आन्दोलनलाई असफल पार्न शाही सत्ताले दमन धरपकडलाई तिब्रं पारेको थियो । त्यस्तै काठमाण्डौं उपत्यका लगायत देशका विभिन्न प्रमुख शहरहरु र जिल्ला सदरमुकामहरुमा कर्फ्यू आदेश, निषेधाज्ञा लगायत विभिन्न अवरोध सिर्जना गरेको थियो । शाही सत्ताको कर्फ्यू आदेश, निषेधाज्ञा लगायत सबै प्रकारका अवरोध तोड्दै विशाल जनप्रदर्शन निरन्तर जारी राख्न र अझ बढी सशक्त तुल्याउन बैठकले आह्वान गऱ्यो । त्यस्तै विभिन्न पेशा तथा व्यवसायका व्यक्तिहरुलाई पेशा व्यवसाय रोकेर शान्तिपूर्ण जनआन्दोलनमा उत्रन, निजामति, निजी, संयुक्त र सार्वजनिक क्षेत्रमा कार्यरत वैंक एवं वित्तीय संस्था, सार्वजनिक संस्थान एवं निजी क्षेत्रका

कर्मचारीलाई सरकारी आदेशको अवज्ञा गर्दै कामकाज रोक्न र शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा उत्रन, सुरक्षाकर्मीहरुले जनआन्दोलन दमन गर्ने सरकारी आदेशलाई अवज्ञा गर्न, सुरक्षाकर्मीका परिवार तथा आफन्तजनहरुलाई त्यसका निमित्त क्रियाशील रहन, साना किसान तथा मझौला र घरेलु उद्योगहरुले वैंक व्याज लगायत सम्पूर्ण करदाताहरुले कर, भन्सार महसुल, भ्याट लगायत कुनै पनि महसुल नबुझाउन कुनै पनि प्रकारको महसुल नतिर्न, बैदेशिक रोजगारीमा संलग्न नेपालीले यो अवधिमा मुलुकभित्र रेमिट्यान्स नपठाउन, राजा तथा राजपरिवारको स्वामित्व तथा संलग्नतामा संचालित उद्योग व्यवसायका उत्पादन तथा सेवा वहिष्कार गर्न वैठकले आह्वान गऱ्यो । त्यस्तै निरङ्कुश तथा असंवैधानिक शाही सत्तालाई अनुदान, ऋण तथा अन्य कुनै पनि प्रकारको सहयोग नगर्न नेपालका मित्रराष्ट्र, अन्तर्राष्ट्रिय समुदाय र वित्तीय संस्था लगायतका दातृ संस्थाहरुलाई आह्वान गर्दै शान्तिपूर्ण जनआन्दोलनलाई निरन्तर समर्थन गर्न पनि वैठकले आह्वान गऱ्यो । साथै वैठकले पूर्ण लोकतन्त्र, शान्ति, अग्रगमन, स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखी सात दल र नेकपा (माओवादी) बीच भएको समझदारी (मंसिर ७ र चैत्र ६ गते) बमोजिम संचालित शान्तिपूर्ण जनआन्दोलनमा उल्लिखित कार्यक्रमलाई समर्थन गर्न नेकपा (माओवादी) लाई आह्वान गर्दै समझदारीको इमान्दारीतापूर्ण परिचालनका लागि ध्यानाकर्षण गरायो । त्यस्तै जनआन्दोलनका घाइतेहरुको उपचारका लागि जनस्तरबाट खडा गरिएको कोषलाई विस्तार गर्दै व्यवस्थित ढंगले परिचालन गर्न सबैमा आग्रह  गऱ्यो । यसैगरी जनआन्दोलन दवाउन निरंकुश शाही सत्ताले राज्यसंरक्षित भिजिलान्तेहरुको प्रयोग गर्दै नागरिकहरुको जनधनको क्षति पुऱ्याउने र राज्य आतंकको सिर्जना गर्ने कार्य गरिरहेकोले यसतर्फ सचेष्ट रहँदै शान्तिपूर्ण ढंगले क्रियाशील रहन र देशव्यापीरुपमा नागरिक टोल सुरक्षा समिति गठन गर्न आह्वान गऱ्यो । ( निष्ठुरी; २०६३: ११४-११७) यीनै कार्यक्रमहरुको आधारमा देशव्यापी रुपमा संयुक्त जनआन्दोलन संचालन भयो । २०६३ वैशाख ३ गतेको दलहरुको संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको आह्वान पछि २०६३ वैशाखमा काठमाडौंको चक्रपथमा विशाल प्रदर्शन भयो । करिव ५ लाख जनता त्यसमा सहभागी भए । ०६३ वैशाख ८ गते नेपालको इतिहासमा नै सबैभन्दा ठूलो प्रदर्शन काठमाण्डौंमा भयो । करिव १० लाख मानिसहरु प्रदर्शनमा सहभागी भए । (निष्ठुरी; २०६३: १७८-१७९)  काठमाण्डौंको मात्र नभएर देशभरिको अवस्था उस्तै थियो । देशभरि नै ठूला-ठूला प्रदर्शन भएका पचासौं हजार र लाखौंका जुलुश प्रदर्शन भएका खवरहरु

आइरहेका थिए । वैशाख ८ गते नै आन्दोलनरत सात दलको केन्द्रीय जनआन्दोलन संयोजन समितिको वैठक वस्यो । सोही दिन राजाबाट भएको शाही घोषणाको विरोध गर्दै वैठकले राजाको संवोधन अर्थहीन रहेको, सात दलको छ बुँदे साझा कार्यक्रम र दल माओवादी बीचको १२ बुँदे समझदारीलाई सम्बोधन नै नगरेको, जनआन्दोलन निस्तेज पार्ने पडयन्त्र मात्रै भएको निष्कर्ष निकाल्दै उद्योगधन्दा कलकारखाना, शिक्षण संस्थाहरु बन्द गरी देशव्यापी आम हड्ताल र जनप्रदर्शनमा उत्रन आम जनसमुदायहरुलाई अपिल गरे । (निष्ठुरी; २०६३: १८१) विभिन्न पार्टीका नेताहरुले राजाको संवोधन आन्दोलन निस्तेज पार्ने षडयन्त्र मात्रै भएकोले आन्दोलन जारी रहने उद्घोष गरे । देशव्यापीरुपमा सात दलको नेतृत्वमा आन्दोलन संचालन भयो । जनसहभागिता वृद्धि हुँदै गयो । देशव्यापीरुपमा विशाल प्रदर्शनहरु भए । सरकारी दमन पनि चरम रुपमा भयो । तर दमनले आन्दोलनलाई रोक्न सकेन, झन् आगोमा घ्यू थपेजस्तो भयो । आन्दोलन चर्किंदै गयो । माओवादीका प्रवक्ता कृष्णबहादुर महराले भने अहिलेको जनआन्दोलनको स्रोत सात दल र माओवादीबीच भएको १२ बुँदे सहमति हो । हामी बीचको समझदारीको आत्मा संविधानसभा हो, त्यो आत्मालाई संवोधन नगरिएको राजाको संवोधनको अर्थ छैन । संविधानसभाको प्रष्ट स्वरुप नआएसम्म विरोध जारी रहनेछ ।(निष्ठुरी;२०६३: १८२) हिरासतमा भएकाले हिरासत भित्रै आन्दोलन गरे । सरकारी निषेधाज्ञा र कर्फ्यू तोडेको अभियोगमा सशस्त्र प्रहरी गण दुवाकोटमा बन्दी बनाइएका नागरिक समाजका १५ जना अगुवाहरुले शाही सम्बोधन धोकापूर्ण भएको निष्कर्ष निकाल्दै थुनाभित्रै नारावाजी गरे । (निष्ठुरी; २०६३: १८२) आन्दोलन संचालन भइरहेकै समयमा रंगेलीको पंचेश्वर महादेवका पुजारी अर्जुन मिश्र लोकतन्त्र प्राप्ति र शान्तिको कामना गर्दै २४ घण्टे मौन व्रत बसे । (निष्ठुरी; २०६३: १८५) लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाउँदै स्रष्टाहरुपनि नियमित सडकमा ओर्लिरहे । (निष्ठुरी; २०६३: १९७)

२०६३ वैशाख ८ गतेको राजाको शाही घोषणाले आन्दोलनको आगोमा घ्यू थप्ने काम गऱ्यो । शाही घोषणा विरुद्ध देशव्यापी प्रदर्शन भए । काठमाण्डौंमा वैशाख ९ गते सुरक्षाकर्मीको घेरा तोड्दै आन्दोलनकारी पहिलोपटक रत्नपार्क पुगे । ठाउँठाउँमा घाइते उपचार कोष खडा गरी रकम संकलन कार्य भइनै रहेको थियो । सोही दिन मोरङको केरावारीमा माओवादीले सभा गरेर यो आन्दोलन सात दलको मात्र होइन माओवादीको पनि हो भने । २०६३ वैशाख ९ गते फेरि आन्दोलनरत सात दलको वैठक वस्यो । वैठकपछि विज्ञप्ती प्रकाशित गर्दै जनआन्दोलनको

लक्ष्य प्राप्त गर्न शान्तिपूर्ण एवं अहिंसात्मक आन्दोलन निरन्तर जारी रहने कुरा दलहरुले स्पष्ट पारे । त्यस्तै २०६३ वैशाख १० गते पनि संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको वैठक बसी २०६२ चैत्र २४ गतेदेखि संचालित विरोध प्रदर्शन सहितको आम हड्ताल निरन्तर जारी रहनेछ भनियो । साथै वैशाख ११, १२ र १३ गतेका आन्दोलनका कार्यक्रमहरु घोषणा गरिए । आन्दोलनको क्रममा मसाल जुलुश, पदयात्रा, विरोध जुलुश, मौन जुलुश, मैनवत्ति जुलुश, निरंकुशताको लास जुलुश र दाहसंस्कार, नांगा जुलुश, पुत्ला दहन, जनसभा लगायत विशाल विरोध प्रदर्शन भए । यो संयुक्त जनआन्दोलनमा महिलाहरुको उल्लेख्य सहभागिता रह्यो । समाजको आधारभूत वर्गका मानिसहरुको सहभागिता व्यापकमात्रामा भयो । देश आन्दोलनमय भयो । आन्दोलन उत्सव जस्तो भयो । यसरी सात राजनीतिक दलको आह्वान र नेकपा माओवादीको सहयोग र समर्थनमा संचालन गरिएको आन्दोलन अत्यन्त उत्साहका साथ अगाडि बढ्यो । २०६३ वैशाख १० गते घोषणा गरिए अनुसार ११ गते पनि देशव्यापीरुपमा विरोध प्रदर्शन भए । विरोध प्रदर्शन सहित आम हड्तालको क्रममा वैशाख १२ गते देशव्यापीरुपमा जिल्ला सदरमुकाम वा स्थानीय सर्वदलीय संयोजन समितिले तोकेको जिल्लाको मुख्य स्थानमा केन्द्रीकृतरुपमा वृहत शान्तिपूर्ण जुलुश प्रदर्शन तथा विरोध सभा गर्न आह्वान गरियो तथा काठमाण्डौं उपत्याकामा चक्रपथ केन्द्रीकृत वृहत् जनप्रदर्शन आयोजना गरिने भयो । दिनको ठीक १२ बजे सुरु हुने उक्त जनप्रदर्शनको अगुवाई श्री गिरिजाप्रसाद कोइराला (नारायण गोपाल चोक), श्री माधवकुमार नेपाल (कलंकी), श्री शेरबहादुर देउवा (गोंगवु), श्री अमिक शेरचन ( सात  दोवाटो), श्री नारायणमान विजुक्छे (कोटेश्वर), श्री भरत विमल यादव (सिता पाइला) र श्री विष्णुबहादुर मानन्धर (चावहिल) ले गर्ने जनाइयो । काठमाण्डौं उपत्यकाबासी जनसमुदायलाई आ-आफ्नो हैशियत, अवस्था र क्षमता अनुसार तथा आ-आफ्नो परिचय सहित आफ्नो नजिकको चक्रपथको नाकामा भेला हुन र प्रदर्शनमा सहभागी हुन आह्वान गरियो । वैशाख १३ गते देशव्यापी कार्यक्रमलाई यथावत संचालन गर्न र काठमाण्डौं उपत्यकाका निम्न स्थानहरुमा सात दलका वरिष्ठ नेताहरुको नेतृत्वमा दिनको ठीक एक बजेदेखि चार बजेसम्म शान्तिपूर्ण धर्ना वस्न अह्वान गरियो ।

१. माइतीघर मण्डला देखि कोटेश्वर तीनकुनेसम्म

२. कालिमाटी देखि कलंकीसम्म

३. मैतिदेवीदेखि गौशालासम्म

४. कुपन्डोलदेखि पाटन ढोकासम्म र

५. सोह्र खुट्टेदेखि वालाजुसम्म । (संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समिति प्रेस विज्ञप्ती; २०६३/१/१०) आन्दोलन संचालनका यी कार्यक्रमहरु घोषणा भइसकेपछि वैशाख ११ गते देशव्यापी रुपमा कार्यक्रमहरु सम्पन्न भए । वैशाख १२ गतेका कार्यक्रमको तयारीमा सम्पूर्ण आन्दोलनकारी शक्तिहरु लागे । जनआन्दोलन उत्पकर्षमा पुगेका बेला २०६३ वैशाख ११ गते राती ११ बजे राजा ज्ञानेन्द्रले शाही घोषणा गरे । प्रतिनिधि सभाको पुनः स्थापना भयो । देशव्यापीरुपमा जनताहरुले विजयोत्सव मनाए ।

## २.४ आन्दोलनको व्यापकता र समर्थन :

संयुक्त जनआन्दोलन गर्ने सात राजनीतिक पार्टीहरुको निर्णय २०६२ वैशाख २५ गतेको “राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिवद्धताको घोषणा” सँगै भएको हो । कुनै पनि प्रजातन्त्रवादी व्यक्तिहरु, संघसंस्थाहरु, मानवअधिकारवादी संघसंस्थाहरु अन्तर्राष्ट्रिय समुदायहरु राजाको निरंकुश शासनको पक्षमा थिएनन् । सात दल र नेकपा (माओवादी) बीचको अविश्वासको कारण संयुक्त जनआन्दोलन उठ्न सकेको थिएन । सात दलको आन्दोलनप्रति माओवादीको सकारात्मक दृष्टिकोण नहुनु र माओवादीको जनयुद्धप्रति सात दलको समर्थन नहुनुले जनताहरु निर्धक्कसँग जनआन्दोलनमा उत्रन हिच्किचाइ रहेका थिए । माओवादीले संचालन गरेको जनयुद्ध र त्यसलाई दमन गर्न निरंकुश राजतन्त्रले गरेको शाही सेना र सशस्त्र र जनपथ प्रहरीहरुको परिचालनले देश नराम्रोसँग द्वन्द्वमा फँसेको थियो । देशमा अशान्त वातावरण व्याप्त थियो । जनताहरु एकातिर लोकतन्त्र चाहिरहेका थिए र अर्कोतिर शान्ति पनि । जनताको लोकतन्त्र र शान्तिको चाहनाको संवोधन निरंकुश राजतन्त्रले गर्ने सम्भावना नै थिएन । सात दल र माओवादी बीचको वैमनुष्यता र बेमेलले निरंकुश राजतन्त्रको विरुद्धमा उठ्ने वातावरण बनेको थिएन । अन्तर्राष्ट्रिय समुदाय, सात दल र राजाको बीचमा वार्ता होस् र समझदारीमा संवैधानिक राजतन्त्र सहितको वहुदलीय व्यवस्था नै पुनः प्रक्रियागत ढंगले कायम होस् भन्ने चाहन्थे । राजतन्त्र सातदलहरुप्रति सकारात्मक थिएन । उसले दलहरुलाई निस्तेज पार्दै प्रजातन्त्रको नाउँमा निरंकुशता लाद्न चाहन्थ्यो । यस्तो अन्योल र असमञ्जस्यतापूर्ण स्थितिबाट देशले निकाश खोजेको थिया । राजतन्त्र आफ्नो निरंकुश शासन टिकाउने र

लम्ब्याउने धुनमा मात्र थियो । सात राजनीतिक दलहरु देशको यस्तो स्थितिको निकास खोज्ने कोसिस गरिरहेका थिए । नेकपा (माओवादी) पनि सशस्त्र जनयुद्धबाट मात्र आफ्नो लक्ष्य पूरा हुन नसक्ने निष्कर्षमा पुगेको थियो । सात दल र माओवादीबीचमा विभिन्न समयमा वार्ता, संवाद र छलफल विभिन्न ढंगबाट भइरहेका थिए । उनीहरुको बीचको वार्ता र संवादलाई मूर्तरुप दिनु जरुरी थियो । यसै क्रममा नेकपा (एमाले) र नेकपा (माओवादी) बीच २०६२ साल कार्तिक ६ देखि ९ गतेसम्म रोल्पामा वार्ता भयो र ६ बुँदे सहमति भयो । त्यसपछि वार्ताको ढोका खुल्यो र सात दल र नेकपा माओवादीबीच दिल्लीमा १२ बुँदे समझदारी बन्यो । निरंकुश राजतन्त्र नै लोकतन्त्र र शान्तिको लागि बाधक भएको निष्कर्ष निकालियो । शान्तिपूर्ण संयुक्त जनआन्दोलनबाटनै लोकतन्त्र र शान्ति स्थापना गर्दै अग्रगमनतर्फ जान सकिन्छ भन्ने कुरामा सात राजनीतिक पार्टीहरु र नेकपा (माओवादी) सहमत भए । १२ बुँदे  समझदारीलाई पुनःपुष्टि गर्ने गरी सात दल र माओवादी बीच २०६२ चैत्र ६ गते भएको दोस्रो समझदारीले संयुक्त जनआन्दोलनलाई अझै विश्वासिलो वातावरण तयार गर्‍यो । त्यसपछि नेकपा (माओवादी) ले २०६२ चैत्र १ गतेदेखि देशव्यापी रुपमा लगाएको नाकाबन्दी र संघर्षका कार्यक्रम स्थगित गरेर सात दलद्वारा घोषणा गरिएको २०६२ चैत्र २४, २५, २६ र २७ गतेको आम हड्ताल र अवज्ञाको कार्यक्रमलाई समर्थन गर्‍यो । यसरी संयुक्त जनआन्दोलन सुरु भयो ।

२०६२ चैत्र २४, २५, २६ र २७ गतेको आम हड्ताल र अवज्ञाको कार्यक्रम सात दलले घोषणा गरेपछि यसले देशव्यापी रुपमा जनसमर्थन प्राप्त गर्‌यो । देशका सम्पूर्ण प्रजातन्त्रवादी व्यक्ति संघसंस्थाहरुलगायत विदेशमा बस्ने नेपालीहरु देखी लिएर अन्तर्राष्ट्रिय समुदायसमेत शान्तिपूर्ण जनआन्दोलनको पक्षमा देखिए । छिट्टै यो आन्दोलनले ब्यापकता प्राप्त गर्‍यो । आन्दोलन सुरु हुनुभन्दा अगाडि देखिनै निरंकुश शाही सत्ताले लगाएको निषेधाज्ञा र कर्फ्यू आदेश एवं राजनीतिक नेताहरुको घरमा खानतलासी गरी घरपकड गर्ने गर्नाले वातबरणलाई थप उत्तेजित बनायो । सातदल निकट किसान संघसंगठनहरुले २०६२ चैत्र १९ गते राजधानीमा प्रदर्शन र सभा गरे । त्यहाँ उनीहरुले आमहडताल र विरोध कार्यक्रम सफल पार्न आह्वान गरेका थिए । (कान्तिपुर; २०६२/१२/२०: ३) छ वटा पेशागत संगठनका सभापतिले दल र नागरिक समाजलाई जनआन्दोलनको आँधीबेहरी ल्याउन आग्रह गरे । प्रजातन्त्रिक विचार समाजको कार्यक्रममा समाजका सभापति हरिहर दाहाल, वार एशोशिएनका अध्यक्ष शम्भु थापा, प्राध्यापक संघ सभापति भुपति ढकाल, मेडिकल एशोसिएसन अध्यक्ष सुधा शर्मा, बुद्धिजीवि

परिषद अध्यक्ष मगंगसिद्धि मानन्धर, इन्जिनियर्स एशोसिएसन अध्यक्ष सरोज देवकोटा, पत्रकार महासंघ सभापति विष्णु निष्ठुरीले आन्दोलन रोकिन नहुने सुझाव दिए । (कान्तिपुर; २०६२/१२/२०:२) प्रवासी नेपाली संघसंगठनहरुले सात दलको आह्वानमा हुने आम हड्तालप्रति ऐक्यवद्धता जनाउँदै चैत्र २७ गते भारतमा विशाल विरोध प्रदर्शन गर्ने भए । प्रदर्शनमा ५० हजार नेपाली सहभागी गराउने दावी गरे । (कान्तिपुर; २०६२/१२/२०: ३) राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको नेपाल कार्यालयका प्रमुख इयान मार्टिनले २०६२ चैत्र २१ मा सात दलको चारदिने शान्तिपूर्ण विरोध प्रदर्शनमा बल प्रयोग नगर्न सरकार र सुरक्षा वललाई आग्रह गरे । कान्तिपुर; २०६२/१२/२२: १) सात दलको आम हड्ताल अघि माओवादीले उपत्यकामा २०६२ चैत्र २१ गतेदेखि एकतर्फी युद्धविराम गर्‍यो र सात दलको आन्दोलनमा सक्रिय समर्थन रहेको जनायो । (कान्तिपुर; २०६२/१२/२१: १) नेविसंघका ९ पूर्व नेताहरुले आमहड्ताल र जनप्रदर्शन दवाउन राज्यले निषेधाज्ञा र कर्फ्यू समेत लगाउन सक्ने भन्दै त्यसको अवज्ञा गरी जनआन्दोलनलाई ऐतिहासिक उचाइमा पुर्‍याउन अपिल गरे । (कान्तिपुर; २०६२/१२/२२: ३) यातायात क्षेत्रमा क्रियाशील तीन मजदुर संघले सात दलले आह्वान गरेको चैत्र २४ देखि २७ गतेसम्मको आम हड्तालप्रति समर्थन जनाउँदै आफ्नो कामकाज ठप्प गर्ने जनाए । (कान्तिपुर; २०६२/१२/२२: ३) पेशागत संस्थाको साझा मञ्च पापडको २०६२ चैत्र २१ गते बसेको वैठकले २०६२ चैत्र २३ गते विहान ७ बजे काठमाण्डौंको नयाँ बानेश्वर चोकदेखि माइतीघर मण्डलासम्म जनआन्दोलनको पक्षमा र्‍याली र सभा गर्ने निर्णय गर्‍यो । (कान्तिपुर; २०६२/१२/२२: ३) लोकतन्त्रको स्थापनाको माग गर्दै प्राध्यापकहरुले मंगलबार मुलुकभरका क्याम्पसमा कालोपट्टी, धर्ना र कलमबन्द गरे । (कान्तिपुर; २०६२/१२/२३: १) एमनेस्टी इन्टरनेशनल र इन्टरनेशनल कमिशन फर जुरिस्टेसले सरकारलाई अभिव्यक्ति स्वतन्त्रता र सभा, सम्मेलन गर्ने अधिकारको सम्मान गर्न आग्रह गरे । (कान्तिपुर; २०६२/१२/२३: १) कान्तिपुरले २०६२ चैत्र २३ गतेको अंकमा 'राजधानीमा निषेधाज्ञा र धरपडक' भन्ने शीर्षकमा मुख्य समाचार छाप्यो । सात दलले सरकारी निषेषाज्ञा अवज्ञा गर्ने घोषणा गरे । २०६२ चैत्र २३ गतेदेखि निरंकुश शाही सरकारले व्यापक धरपडक गर्नुका साथै चक्रपथभित्र सभा, जुलुस र सम्मेलनमा प्रतिबन्ध लगायो । (कान्तिपुर; २०६२/१२/२३: १) मधेसी समुदायले लोकतन्त्रका लागि २०६२ चैत्र २२ गते नै र्‍याली निकाले । (कान्तिपुर; २०६२/१२/२३: २) वित्तीय कर्मचारी युनियनले लोकतन्त्र प्राप्तिको लागि हुने आम

हड्ताल सफल बनाउन आग्रह गर्‍यो । (कान्तिपुर; २०६२/१२/२३: ३) गैह्रसरकारी संस्था महासंघ लगायतका १४ वटा महासंघले दलहरुले आयोजना गर्न लागेको निरंकुश तन्त्र विरुद्धको शान्तिपूर्ण आन्दोलनमा लाग्न सबैलाई आग्रह गरे । (कान्तिपुर; २०६२/१२/२३: ३) सात दलले आम हड्ताल र विरोध विथोल्न प्रयोग हुने सबै सरकारी हतकण्डाको सशक्त प्रतिकार गरी घोषित कार्यक्रम सफल बनाएरै छाड्ने सात दल सम्वद्ध युवा नेताहरुले रिपोटर्स क्लवको साक्षात्कार कार्यक्रममा बताए । (कान्तिपुर; २०६२/१२/२३: ३) ०६२ चैत्र २३ गते काठमाण्डौंमा दिनभर पेशाकर्मीहरुले प्रदर्शन गरेर संयुक्त जनआन्दोलनमा समर्थन जनाए । उक्त अवसरमा ६१ जना पक्राउ परे । (निष्ठुरी;२०६३: ३)पेशाकर्मीहरुको गिरफ्तारीको विरोधमा सोही दिन देशव्यापी प्रदर्शन, धर्ना र कालोपट्टी बाँध्ने कार्यक्रमहरु पनि गरिए । (निष्ठुरी; २०६३: ४) नेपाल बार एशोसिएसनले प्रजातन्त्र प्राप्तिको आन्दोलनमा ऐक्यवद्धता जनाउँदै पेशाकर्मीहरुको गिरफ्तारीको विरोधमा सोही दिन काठमाण्डौं उपत्यकाका सम्पूर्ण अदालतमा बन्दी प्रत्यक्षिकरण बाहेक सबै प्रकारका मुद्दामा वहस पैरवी बन्द गर्‍यो । (निष्ठुरी; २०६३: ४) नेपाल चिकित्सक संघ तथा अन्य सबै स्वास्थ्यकर्मीहरुले मुलुकभरि स्वास्थ्य सेवा क्रमिकरुपमा ठप्प पार्दै जाने बताए । (निष्ठुरी; २०६३: ४) सात राजनीतिक दलले २०६२ चैत्र २४ देखि सुरु हुने आम हड्तालको अघिल्लो दिन मुलुकका विभिन्न स्थानमा प्रदर्शन गरे । प्रर्दशनमा भएको प्रहरी दमन र हस्तक्षेपमा २२ जना घाइते भ एभने १७ जना पक्राउ परे । (निष्ठुरी; २०६३: ४) राजविराजमा २०६२ चैत्र २२ गते भएको सात दलको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीको धरपकडबाट घाइते भएका ५० वर्षिय एमाले कार्यकर्ता दर्शनलाल यादवको सगरमाथा अञ्चल अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो । (निष्ठुरी; २०६३: ७) उनी सहिद बने । २०६२ चैत्र २३ गते नै कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले दमनबाट विचलित नभई लोकतन्त्र र शान्ति वहालीको जनआन्दोलनमा उत्रन सम्पूर्ण पेशाकर्मी र आम जनताहरुलाई अपिल गरे । (कान्तिपुर; २०६२/१२/२४: ४) २०६२ चैत्र २३ गते साँझ देशव्यापी रुपमा सात दल र ती सम्वद्ध विभिन्न संघसंस्थाहरुले मसाल जुलुश प्रदर्शन गरे । यसरी संयुक्त जनआन्दोलन सुरु हुनु अगावै आन्दोलनले व्यापकता प्राप्त गर्दै गयो र व्यापक मात्रामा समर्थन पनि पाउँदै गयो ।

सात दल (नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपालले आह्वान गरेको चारदिने आमहड्तालको पहिलो दिन २०६२ चैत्र २४ गते सरकारी

निषेधाज्ञाको अवज्ञा गर्दै जनआन्दोलनको समर्थनमा देशभर जनसागर उर्लियो । प्रदर्शनमा सुरक्षाकर्मीहरुले हस्तक्षेप गरी देशभरबाट चारसय भन्दा बढी प्रदर्शनकारीहरुलाई प्रक्राउ गरे । विभिन्न ठाउँमा व्यापकरुपमा सशस्त्र सैनिक पनि परिचालित भए । (निष्ठुरी; २०६३ः ८) महाराजगञ्ज प्रहरी प्रतिष्ठान दुई नम्बर गणमा राजबन्दीहरु, मानवअधिकारवादी कृष्ण पहाडी र श्याम श्रेष्ठले राज्यपक्षको दुर्व्यवहार विरुद्ध २०६२ चैत्र २४ गतेदेखि अनिश्चितकालीन भोकहड्ताल शुरु  गरे । (कान्तिपुर; २०६२/१२/२५ः २) संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले सात दलको शान्तिपूर्ण विरोध प्रदर्शनमा सरकारले लगाएको प्रतिबन्धले स्थिति मुठभेडतर्फ गएको भन्दै चिन्ता व्यक्त गरे । महासचिवका तर्फबाट प्रवक्ताद्वारा ०६२ चैत्र २३ गते नै विज्ञप्ती जारी गरिएको थियो । युरोपेली संघले सरकारको प्रतिबन्ध र गिरफ्तारीको भर्त्सना गऱ्यो । संघका तर्फबाट अध्यक्ष राष्ट्र फिनल्याण्डको काठमाण्डौं दुतावासद्वारा २०६२ चैत्र २४ गतेनै विज्ञप्ती जारी गर्दै राजनीतिक दल र नागरिक समाजका सदस्यहरुलाई गिरफ्तार गरिएकोमा खेद व्यक्त गऱ्यो । भारतीय विदेश मन्त्रालयका प्रवक्ता नभतेज सनोले चैत्र २४ गतेनै गिरफ्तार गरिएका सबैको तत्काल रिहाइको लागि आग्रह गरे । यसैगरी नेपाल प्रजातन्त्र ऐक्यवद्धता समिति भारतले प्रजातन्त्र पुनःस्थापनाका लागि सुरु भएको आन्दोलनलाई “ऐतिहासिक” को संज्ञा दिंदै त्यसमा भारतीय जनताको पूर्ण समर्थन रहेको जनायो । चैत्र २४ गतेनै त्रि.वि. शिक्षण अस्पतालका स्वास्थ्यकर्मी र कर्मचारीहरुले एक घण्टा धर्ना तथा विरोधसभा गरे । धरानस्थित वी.पी. प्रतिष्ठानका चिकित्सक, नर्स र कर्मचारीले पनि आन्दोलनमा ऐक्यवद्धता जनाउँदै हातमा कालोपट्टी बाँधे । (कान्तिपुर; २०६२/१२/२५ः ३)

सात राजनीतिक दलको आह्वानमा भइरहेको आम हड्तालमा सरकारी कर्मचारी, चिकित्सक लगायतले साथ दिएपछि दोस्रो दिन २०६२ चैत्र २५ गते राष्ट्र बैंक, सरकारी स्वामित्वका तीनवटै बैंक र दर्जनौं संस्थनका कर्मचारी काम छाडेर आन्दोलनमा उत्रिए । कर्मचारीले सात दलको आन्दोलनप्रति ऐक्यवद्धता प्रकट गर्दै कार्यालय परिसरमा सभा गर्नुका साथै संस्थाका मुख्य गेटमा आम हड्तालको समर्थनमा व्यानर समेत टाँसे । अधिराज्यभर व्यापक बन्दै गएको शान्तिपूर्ण प्रदर्शनलाई नियन्त्रण गर्न सुरक्षाकर्मीले थप दमन र धरपकड गरेका छन् । त्यस क्रममा दर्जनौं आन्दोलनकारी घाइते भए । सयौंलाई नियन्त्रणमा लिइयो । (कान्तिपुर; २०६२/१२/२६ः १) अमेरिकी कांग्रेस सदस्यहरु वार्ने फ्यांक, तोम लान्तोस, मार्क स्टेभेन किर्क, इडल्फस टाउन्स, जेमस टि. वाल्स, क्रिस्टोफर एच्. स्मिथ, मार्क उडालले

राजालाई पत्र लेखी जारी आन्दोलन र प्रजातन्त्र तथा दमन र गिरफ्तारीप्रति चासो देखाए । अमेरिकी विदेश सहायक मन्त्री रिचर्ड ब्राउचरले २०६२ चैत्र २५ गते राजा ज्ञानेन्द्रलाई समर्थन गर्नुपर्ने कुनै आधार नदेखेको बताए । राजाले प्रजातन्त्रको उपहास गरेको कुरा न्यूयोर्क टाइम्सले लेख्यो । (कान्तिपुर; २०६२/१२/२६: १-२) आन्दोलनकारीले २०६२ चैत्र २५ गते किर्तिपुरलाई लोकतान्त्रिक मुक्ति क्षेत्र घोषणा गरे । (कान्तिपुर; २०६२/१२/२६: २) चैत्र २५ गते आन्दोलनरत पार्टीका नेताहरुले चैत्र २६ को जनआन्दोलन दिवसका दिन राजधानीमा हुने वृहत जनप्रदर्शनमा सक्रिय भएर उत्रन आग्रह गरे । नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले खोसिएका अधिकार फिर्ता गरी जनचाहना अनुरुपको पूर्ण लोकतान्त्रिक पद्दति ल्याई छाड्ने दृढ संकल्पका साथ मुलुक पुनः आन्दोलित भएको बताए । एमाले कार्यवाहक महासचिव अमृतकुमार बोहराले पनि वक्तत्व जारी गरी प्रजातान्त्रिक अधिकारमाथि हमला गरेर मुलुकलाई पुनः निरंकुशतन्त्रको कालरात्रीमा धकेल्ने दुष्प्रयास भएको बताए । नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाले आम हड्ताल र जनप्रदर्शन पूर्ण सफल पार्न सम्पूर्ण समुदायमा आह्वान गरे । (कान्तिपुर; २०६२/१२/२६: ३) चैत्र २५ गते बुटवल, बाँके, पोखरा र दोलखामा प्रदर्शन दवाउन सेना परिचालित गरिए । देशव्यापीरुपमा भएको दमनमा २० घाइते र करिव दुईसय आन्दोलनकारीहरु पक्राउ परे । (कान्तिपुर; २०६२/१२/२६: ३) आन्दोलनरत दल, मजदुर, शिक्षक, किसान, पेशागत संगठनहरु लगायत सर्वसाधारण सबैले मुलुकभर २०६२ चैत्र २६ मा पनि व्यापक प्रदर्शन गरे । पोखारमा आन्दोलनकारीहरु माथि सेनाले गोली चलाउँदा एमाले कार्यकता भिमसेन दाहालको मृत्यु भयो । आन्दोलनकारीले उनलाई सहिद घोषणा गर्दै आन्दोलन झन् चर्काए । मुलुकभर आन्दोलन तीब्र भयो । विभिन्न ठाउँमा आन्दोलनकारीहरुलाई सुरक्षाकर्मीले घरघर पसेर कुटपिट गरे । हुम्ली महिलाहरु पहिलोपल्ट आन्दोलनमा उत्रिए । नागरिक समाजद्वारा कर्फ्यू अवज्ञा गरियो । (कान्तिपुर; २०६२/१२/२७: १) व्यापक हुँदै गएको आन्दोलन नियन्त्रण गर्न सरकारले २०६२ चैत्र २६ गते विहानैदेखि मोवाइल सेवा बन्द गरायो ।

२०६२ चैत्र २७ गते निरंकुशतन्त्र अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको माग गर्दै प्रवासमा रहेको नेपाली र तिनका मित्रहरुले भारतका चार शहरमा २०६२ चैत्र २७ गते विशाल प्रदर्शन गरे । लोकतन्त्रका लागि संयुक्त नेपाली मोर्चाका नाममा भारतको चेन्नइ, कोलकाता, मुम्वइ र भोपालमा प्रशर्नन गरेका थिए । (कान्तिपुर ; २०६२/१२/२८ :१) काठमाण्डौं तीनकुनेकी शिक्षित गृहिणी सरिना धितालले चैत्र २७ गते विहान घर निजकैको गणेश मन्दिरमा सरकारको

संद्वुद्धिका लागि पूजापाठ गरिन् र आन्दोलनप्रति समर्थन जनाइन् । (कान्तिपुर; २०६२/१२/२८: १) सोही दिन पूर्ण लोकतन्त्र र शान्ति स्थापनाका लागि सात राजनीतिक दलद्वारा सञ्चालित आन्दोलनलाई अझ सशक्त बनाउन पेशाकर्मी, बुद्धिजीवि र नागरिक समाजले आह्वान गरे । (कान्तिपुर; २०६२/१२/२८: ३) नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय प्रमुख इयान मार्टिनले शान्तिपूर्ण प्रदर्शनलाई सरकारले दमन गर्न नहुने बताए । (कान्तिपुर; २०६२/१२/२८: ३)चैत्र २७ गते सात दलले आह्वान गरेको आम हड्तालको चौथो दिन देशभरि व्यापक प्रदर्शन भयो । ठाउँठाउँमा आन्दोलनकारीले निषेधाज्ञा तोडे । सयौंको संख्यामा प्रदर्शनकारी पक्राउ परे र दर्जनौं घाइते भए । (कान्तिपुर; २०६२/१२/२८: ३)आन्दोलन र कर्फ्यूको कारण त्रिभुवन विश्वविद्यालयले परीक्षा स्थगित गरेको जनायो । दुरसंचार र वाणिज्य क्षेत्रका कर्मचारीहरु आन्दोलनमा उत्रिए । (निष्ठुरी; २०६३: ३५-३६) ०६२ चैत्र २७ गते सात दलले घोषणा गरेको चारदिने आम हड्तालको अन्तिम दिन थियो । यो अन्तिम दिनसम्ममा संयुक्त जनआन्दोलन राष्ट्रव्यापी बन्यो र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट व्यापक समर्थन प्राप्त गऱ्यो । चैत्र २७ गते सात दलको संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको वैठक वस्यो । वैठकले घोषित लक्ष्य प्राप्त नहुन्जेल जनआन्दोलन जारी रहने निर्णय गर्दै आन्दोलनका भावी कार्यक्रमको घोषणा गऱ्यो । वैठक पछि जारी विज्ञप्तिमा निरंकुश राजतन्त्र विरुद्धको शान्तिपूर्ण जनआन्दोलनले उत्कर्ष प्राप्त गरेको उल्लेख गरियो । (निष्ठुरी; २०६३: ३०) आन्दोलन निरन्तर अगाडि बढ्ने कुरा निश्चित भयो ।

२०६२ चैत्र २८ गते पनि देशव्यापीरुपमा कर्फ्यूको अवज्ञा गर्दै विशाल प्रदर्शनहरु भए । ठाउँठाउँमा सुरक्षाकर्मीसँग झडप गर्दै प्रदर्शनकारीहरु अगाडि बढे र प्रदर्शन गरे । नेपाल चिकित्सक संघको आह्वान र नेतृत्वमा राजधानी र विभिन्न जिल्लाका स्वास्थ्यकर्मीहरु आन्दोलनमा उत्रिए । विराटनगर, जनकपुर, भरतपुर आदि स्थानमा ऱ्यालीको आयोजना भयो । चिकित्सक, नर्स, पारामेडिक्स र कर्मचारीहरुले कालोपट्टी बाँधेर प्रदर्शन गरे । शहीद गंगालाल अस्पतालमा सवै एकत्रित भएर आन्दोलनमा ऐक्यवद्धता जनाए । नेपाल चिकित्सक संघकी अध्यक्ष डा. सुधा शर्माको नेतृत्वमा प्रसूति गृहमा लोकतन्त्रका पक्षमा प्रदर्शन तथा धर्ना भयो । (निष्ठुरी; २०६३: ३८-३९) पाटन अस्पताल र वीर अस्पतालमा वेलुकी प्रवेश गरी प्रहरीले विद्यार्थीहरुलाई निर्मम कुटपिट गरे । सरकारी निषेधाज्ञाको अवज्ञा गर्दै पत्रकारहरुले निषेधित क्षेत्र

संचारग्राम अगाडि धर्ना तथा प्रदर्शन गरे । (निष्ठुरी; २०६३ः ३९) निजामति तथा संस्थानका कर्मचारीहरु पनि आमहड्तालमा उत्रिए । खानेपानी संस्थान, कर्मचारी संघ, संगठनले जनआन्दोलनको समर्थनमा एक घण्टा कार्यालयको काम बन्द गरे । अन्तर बैंक कर्मचारी संघ, निजामति कर्मचारी युनियन, वित्तीय संस्था कर्मचारी संघ, अन्तर संस्थान कर्मचारी संघ, नापी विभाग आदि सबैले कार्यालय समयमा विरोध प्रदर्शन गरे । नगरपालिका कर्मचारी एशोसिएसन केन्द्रीय समितिले निरंकुशताको अन्त्य र लोकतन्त्रको स्थापनाको लागि सम्पूर्ण कर्मचारी तथा पेशाकर्मीहरुलाई पूर्ण सहयोग गर्न आह्वान गर्‍यो । दुरसंचार कर्मचारी संघ र नेपाल टेलिकम वर्कस युनियनले आन्दोलनमा ऐक्यवद्धता जनाए । त्यसैगरी नेपाल प्राध्यापक संघ र शिक्षक संघले आमहड्काललाई निरन्तरता दिने जनाए । प्रजातान्त्रिक ट्रेड युनियन महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, जल तथा उर्जा उपभोक्ता महासंघले सरकारका तर्फबाट भइरहेको वर्वरतापूर्ण लाठीचार्ज, गोली प्रहार, धरपकड, गिरफ्तार तथा हत्याप्रति घोर भर्त्सना गरे । नेपाल आदिवासी जनजाति महासंघले विज्ञप्ति प्रकाशित गर्दै लोकतान्त्रिक आन्दोलनले ऐतिहासिक उचाई लिंदै गरेको तथ्य उल्लेख गर्दै समुदायलाई आन्दोलनमा होमिन आह्वान गर्‍यो । आदिवासी जनजाति संस्कृति संरक्षण तथा विकास केन्द्रले आन्दोलनमा ऐक्यवद्धता जनायो । (निष्ठुरी; २०६३ः ४०) उदयपुर सिमेन्ट उद्योगका सयौं महिला सहित मजदुरहरुले मुल गेटमा ताला लगाएर काम रोक्दै प्रदर्शन गरे । (निष्ठुरी; २०६३ः ४४) हरेक साहित्यकारहरुले पनि आन्दोलनमा उत्रने निर्णय गरे । ललितकलासँग सम्बन्धित धेरै स्रष्टाहरुको भेलाले लोकतान्त्रिक आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै विरोध कार्यक्रमको घोषणा गर्‍यो । उनीहरुले विज्ञप्ति प्रकाशित गरी ललितकलाका विविध क्षेत्रमा संलग्न सबै स्रष्टा र सम्वद्ध सम्पूर्ण संघसंस्था अन्तिमसम्म आन्दोलनमा जुटिरहने वाचा गरे । उनीहरुले सबै तह र तप्काका मानिसहरुलाई आन्दोलनमा जुट्न आह्वान गरे । यसरी आन्दोलनमा ऐक्यवद्धता जनाउनेहरुमा मह संचार, नेपाल चलचित्र निर्माता संघ, लोकतान्त्रिक स्रष्टाहरुको संयुक्त मञ्च, नेपाल साहित्यकार संघ, आरोहण लोकतान्त्रिक चलचित्र मञ्च, जनपक्षीय चलचित्रकर्मी संघ, डवली नाट्य समूह, किराँत लेखक संघ, सिर्जना चैत ३, मिथिला नाट्यकला परिषद् र सर्वनाम आदि थिए । (निष्ठुरी; २०६३ः ५०-५१) पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले संकटको समाधान संवादबाटै निकालिनुपर्ने बताए । (निष्ठुरी; २०६३ः ५०) राष्ट्रिय मानवअधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई आज पत्र पठाई प्रदर्शनकारीहरुमाथि भइरहेको बल

प्रयोग तत्काल रोक्न र अत्याधिक बल प्रयोग गर्ने सुरक्षाकर्मीलाई कारवाही गर्न सिफारिस गऱ्यो । (निष्ठुरी; २०६३: ४०)

आन्दोलन व्यापक बन्दै गएपछि सुरक्षाकर्मीको दमन पनि अत्यधिक मात्रामा भयो । एस्.पी. माधव थापाको कमाण्डमा राजधानीको गांगवु क्षेत्रमा भएको प्रहरी दमन चर्चित रह्यो । त्यहाँको दमनमा गोली, अश्रुग्याँस र लाठी प्रहार भयो जसका कारण ५८ जना घाइते भए । (निष्ठुरी; २०६३ : ५२) सरकारी संचार माध्यमहरु रेडियो नेपाल, गोरखा पत्र र राष्ट्रिय समाचार समितिका पत्रकार, महासंघ तथा त्यहाँ कार्यरत कर्मचारीहरुले लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाए । (निष्ठुरी; २०६३ : ५८) स्थानीय निकाय कर्मचारी संघ, केन्द्रीय समितिले लोकतान्त्रिक आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै पचहत्तरै जिल्लाका जिल्ला विकास समिति, ५८ नगरपालिका र ४ हजार गा.वि.स. (३९१४ (गा.वि.स.)मा कार्यरत कर्मचारीहरुलाई आन्दोलनमा उत्रन आह्वान गर्‍यो । नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक र त्यस अन्तर्गतका वित्तीय संस्था कर्मचारी संघ केन्द्रीय समितिले छुट्टाछुट्टै विज्ञप्ति प्रकाशन गरेर लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाए । नेपाल टेलिकम, विद्युत प्राधिकरण, कर्मचारी संघ, निजामति कर्मचारी युनियन, पशु सेवा र कृषि विभाग अन्तर्गतका सम्पूर्ण निजामति कर्मचारी, जनक शिक्षा सामग्रीका कर्मचारी तथा ट्रेड युनियन कांग्रेस, राष्ट्रिय शिक्षक संगठन, पेशागत महासंघले पनि आन्दोलनप्रति ऐक्यवद्धता जनाए । (निष्ठुरी; २०६३ : ५८) विगत पाँच दिन यता (आन्दालन सुरु भएयता) सरकारले गरिरहेको सयभन्दा बढी पत्रकारको गिरफ्तारी तथा २४ जना पत्रकार माथि भएको आक्रमणप्रति अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइ.एफ.जे.) ले कडा विरोध गऱ्यो । त्यसरी नै कमिटी टु प्रोटेक्ट जर्नालिष्ट वर्ल्ड एशोसिएन अफ् न्युजपेपर्स र वर्ल्ड एडिटर्स फोरमले राजा ज्ञानेन्द्रलाई प्रेस माथिको आक्रमण रोक्न आग्रह गरे । जनआन्दोलन दवाउने नाममा सरकारबाट भइरहेको दमनको मानव अधिकारवादी संघसंस्थाहरुले विरोध गरे । ( निष्ठुरी; २०६३ : ५८-५९) भारतीय प्रधानमन्त्री मनमोहन सिंह, भारतीय कम्युनिष्ट पार्टी ( मार्क्सवादी) पोलिटव्युरो सदस्य सीताराम यचुरी र राष्ट्रवादी पार्टीका वी.पी. त्रिपाठी समेतको चैत्र २९ गते नयाँदिल्लीमा बसेको वैठकले नेपालमा बढ्दो मुठभेडप्रति चासो देखायो । उनीहरुले माओवादी र सात राजनीतिक दलबीच भएको १२ बुँदे समझदारीलाई स्वागत गरे । (निष्ठुरी; २०६३ : ५८) जनआन्दोलन व्यापक बन्दै गएपछि त्यसमाथिको सरकारी दमन पनि बढ्दै गयो । अन्धाधुन्द गोली प्रहार, अश्रुग्याँस र लाठी प्रहारबाट देशव्यापी रुपमा घाइतेको

संख्या ह्वात्तै बढ्यो । अस्पतालमा थेगी नसक्नु घाइते भनेर कान्तिपुरले समाचार छाप्यो । (कान्तिपुर; २०६२/१२/३०:१) पूर्व प्रधानमन्त्री तथा जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले निरंकुशता विरुद्धको आन्दोलन उत्कर्ष विन्दुमा प्रवेश गर्न लागेको बताए । त्यस्तै राप्रपा अध्यक्ष पशुपति शमशेर राणाले राजनीतिक समस्या चर्काउन सरकार उद्द्त रहेको बताउँदै प्रदर्शनमा उत्पन्न हिंसात्मक घटनामा भएको दमनको भर्त्सना गरे । (कान्तिपुर;२०६२/१२/३० :३) अमेरिका र युरोपेली संघले विज्ञप्ती जारी गर्दै तत्काल प्रजातन्त्र पुनःस्थापना गर्न र दलहरुसँग संवाद थाल्न आग्रह गरे । आन्दोलनमा घाइते भएकाहरुको उपचारको लागि मोडल अस्पतालमा जनआन्दोलन प्राथमिक स्वास्थ्य उपचार कोष खडा गरियो । सरकारले आन्दोलन दवाउने क्रममा गोली, अश्रुग्यास, लाठीप्रहारबाट घाइते भएकाको संख्या अत्याधिक भएपछि कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको अध्यक्षतामा कोष खडा भयो । (कान्तिपुर; २०६२/१२/३० : ३) नेपाल उद्योग वाणिज्य महासंघले पूर्ण प्रजातन्त्रको पक्षमा प्रतिवद्धता व्यक्त गऱ्यो । नेपाल प्रजातान्त्रिक ट्रेड युनियन महासंघले श्रमिकहरुलाई आन्दोलनमा लाग्न अनुरोध गऱ्यो । घरेलु तथा साना उद्योग विकास समितिले सरकारद्वारा पेशाकर्मी र ट्रेड युनियनकर्मी माथि लादिएको श्रम अध्यादेशको विरोध गर्दै चालु आन्दोलनमा नैतिक तथा भौतिक सहयोग रहने जनायो । (कान्तिपुर; २०६२/१२/३० : ९) नेपालस्थित संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले अत्यधिक वलको प्रयोग गरेकोमा, शान्तिपूर्ण सभा, जुलुस गर्न नदिएकोमा र स्वेच्छाचारी ढंगले गरेको पक्राउप्रति खेद प्रकट गऱ्यो । (निष्ठुरी; २०६३ः ६१) प्रदर्शनका क्रममा धेरै मानिसहरु पक्राउ गरिएको थियो । प्रहरीको आधिकारिक आँकडा अनुसार पनि यो संख्या २ हजार ३ सय पुग्यो । जसमध्ये १ हजार ३ सय भन्दा बढी चैत्र २८ सम्ममा थुनामा रहेका थिए । (निष्ठुरी; २०६३ः ६२) 'हाम्रो प्यारो नेपाल' नामक संस्थाले चैत्र २९ मा भारतको नयाँदिल्लीमा एक विचार गोष्ठीको आयोजना गऱ्यो । यो संस्थाले राजाको समर्थन र आन्दोलनको विरोधमा यो कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा त्यस्तै मान्छेहरु सहभागी भएका थिए । (निष्ठुरी; २०६३ः ६४)

आन्दोलन तिब्र गतिले अगाडि बढ्यो । जनसहभागितामा व्यापक वृद्धि भयो । आन्दोलनप्रति विश्व समुदायको चासो पनि बढ्दै गयो । अमेरिकी सभामुख जे डेनिस हसटर्टको नेतृत्वमा उच्चस्तरीय संसदीय प्रतिनिधि मण्डलको २०६२ चैत्र ३० देखि हुने भनिएको नेपाल भ्रमण विद्यमान असहज परिस्थितिका कारण स्थगित भयो । अमेरिकी राजदूत जेम्स एफ

मोरियार्टीले चैत्र ३० गते नै कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एमाले कार्यवहाक महासचिव अमृतकुमार बोहरालालाई छुट्टाछुट्टै भेटी सात दलद्वारा संचालित जनआन्दोलनमा समर्थन रहेको दोहोऱ्याए । (निष्ठुरी; २०६३: ७०) नेपालस्थित अन्तर्राष्ट्रिय नियोगहरुमा कार्यरत स्वदेशी तथा विदेशी कर्मचारीहरु पनि लोकतन्त्र र मानवअधिकार प्राप्तिका निम्ति ऐक्यवद्धता जनाउँदै चैत्र ३० गते आन्दोलनमा उत्रिए । (निष्ठुरी; २०६३: ७२) आन्दोलनकारीहरु माथि सरकारी दमनको विरोध गर्दै गृहमन्त्रालयका कर्मचारीले २०६२ चैत्र ३० गते १० देखि १२ बजेसम्म कलम बन्द गरे । खानेपानी संस्थानका कर्मचारी हातमा कालोपट्टी बाँधी त्रिपुरेश्वरमा धर्ना बसे । संस्थानका कर्मचारीहरुले लोकतन्त्र स्थापना नभएसम्म खानेपानी उत्पादन र वितरण बाहेक सबै काम कारवाही बन्द गर्ने निर्णय गरे । रेडियो नेपालमा कार्यरत पत्रकार र कर्मचारीले कार्यालय परिसरमा आधाघण्टा धर्ना दिए । २०६२ चैत्र ३१ मा एकघण्टा कलम बन्द गर्ने निर्णय पनि गरे । संसद सचिवालयका निजामति कर्मचारी, भक्तपुर नगरपालिका कर्मचारी एशोसिएसन, जनस्वास्थय सराकोर ट्रष्टले पनि कलम बन्द गरे । त्रि.वि. कर्मचारी संघ र प्रजातान्त्रिक कर्मचारी समूहले गिरफ्तारहरुको रिहाइको माग गर्दै आन्दोलनका कार्यक्रम घोषणा गरे । गोर्खापत्र कर्मचारी संघ ०४७ र ०५२, महेन्द्र संस्कृत विश्वविद्यालय कर्मचारी संघ, प्याब्सन, एन. प्याब्सन, क्रान्तिकारी शिक्षक संघ, अन्य शिक्षक संघ, संगठन, अन्तर्राष्ट्रिय विकास निकायका कर्मचारी, उच्च माध्यमिक शिक्षा परिषद कर्मचारी एशोसिएसन र संघ, रेन्जर संघ, नागरिक उड्ययन प्राधिकरण, कर्मचारी युनियन, वन प्राविधिक संघ, सी.टी.इ.भी.टी. कर्मचारी संघ, नगरपालिका कर्मचारी एशोसिएसन, कृषि विकास कर्मचारी संघ, नगरपालिका संघ, वित्तीय संस्था कर्मचारी संघ, जनउत्थान प्रतिष्ठान, राष्ट्रिय दलित जनअधिकार मञ्च, ट्याक्सी चालक संघ संगठनहरु, आदिवासी जनजाति शान्ति आयोग, नेवा दय दवु, राष्ट्रिय अपांग महासंघ, ट्रेड युनियन संघसंगठनहरु, हिमाल हाइड्रो एण्ड जनरल कन्ट्रक्शन लिमिटेडका कर्मचारी, प्राध्यापक संघका एकाइहरुले पनि आन्दोलनमा ऐक्यवद्धता जनाए । (निष्ठुरी; २०६३: ७२-७३) राजधानी लगायत देशभर भइरहेको विरोध प्रदर्शनमाथि सुरक्षाकर्मीहरुबाट भइरहेको व्यापक धरपकड, दमन र शान्तिपूर्ण प्रदर्शन विथोल्ने सरकारी कार्यको कडा भर्त्सना गर्दै अरु थुप्रै संस्थाहरुले विज्ञप्ति मार्फत आन्दोलनमा ऐक्यवद्धता जनाए । नेपाल स्वतन्त्र होटल मजदुर युनियन, नेपाल पर्यटन तथा होटल श्रमिक संघ, नेपाल होटल मजदुर संघ, वायु सेवा संचालक संघ, ट्रेकिङ एजेन्ट्स एशोसिएसन अफ नेपाल केन्द्रिय ग्यास

विक्रेता संघ, नेपाल पेट्रोलियम डिलर्स एशोसिएसन, काठमाण्डौं उपत्याका निर्माण व्यवासी संघ, ललितपुर निर्माण व्यवसायी संघ, नेपाल हिमालय सिमापार व्यापार संघ, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संघ, तरकारी फलफूल तथा थोक बजार व्यवासायी संस्थ, नेपाल एग्रिकल्चर एशोसिएसन, ग्रिल व्यवसायी मंच, नेपाल गेष्टहाउस व्यवसायी संघ, नेपाल जग्गा तथा आवास विकास संघ, नेपाल मुद्रण उद्योग संघ तथा वन पैदावार उद्योग व्यवसायी संघ समेतले आन्दोलनप्रति ऐक्यवद्धता जनाए । नेपाल आयल निगमका कर्मचारीले केन्द्र, डिपो, क्षेत्रीय, शाखा सम्पर्क कार्यालयहरु विहान १० बजेदेखि १ बजेसम्म कालोपट्टी बाँधेर आन्दोलन गरे । इन्जिनियर्स एशोसिएसनले विहान १० बजेदेखि १२ बजेसम्म हातमा कालोपट्टी बाँधी पेन डाउन गर्ने निर्णय लियो । आदिवासी जनजाति महासंघले ललितपुरमा निषेधाज्ञा तोड्दै प्रदर्शन गऱ्यो । अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एमनेस्टी इन्टरनेशनलका एसिया प्रशान्त क्षेत्रीय निर्देशक पूर्ण सेनले विज्ञप्ति जारी गर्दै केही दिनदेखि देशमा डरलाग्दो हिंसा बढाएका कारण सुरक्षाकर्मीलाई नियन्त्रणमा राख्न सरकारलाई आग्रह गरे । सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण बाहेक कुनै पनि मुद्दामा कानून व्यवसायीहरुले दलहरुले सुरु गरेकका आमहड्ताल अवधिभर बहस पैरवी नगर्ने निर्णय गर्दै चैत्र ३० गते सर्वोच्च वारले प्रधानन्यायाधीशलाई त्यसको जानकारी दियो । (निष्ठुरी; २०६३ः ७५) आन्दोलनका घाइतेको उपचारको लागि घाइते उपचार कोषमा ६ लाख जति रकम जम्मा भयो । (कान्तिपुर; २०६२/१२/३१ः २) आम हड्तालको सातौ दिन देशभर भएका शान्तिपूर्ण प्रदर्शनमा सुरक्षाकर्मीले दुर्व्यवहार गर्दै तीनसय भन्दा बढीलाई गिरफ्तार गऱ्यो । (कान्तिपुर; २०६२/१२/३१ः ३) आन्दोलनमा चितवनमा प्रहरी परिवारको पनि सहभागिता रह्यो । (कान्तिपुर; २०६२/१२/३१ः ३) आन्दोलनकारीले काभ्रेलाई लोकतान्त्रिक जिल्ला घोषणा गरे । (कान्तिपुर; २०६२/१२/३१ः ५) २०६२ चैत्र ३० गते अत्यावश्यक सेवा ऐन लागू गरी सरकारले काममा फर्कन दिएको निर्देशन बेवास्ता गर्दै सार्वजनिक संस्थानका कर्मचारीले काम ठप्प पारे । उनीहरुले दिनभर कार्यालय परिसरमा लोकतन्त्रका पक्षमा नारावाजी गरे । (कान्तिपुर; २०६२/१२/३१ः ९) चैत्र ३० गते आन्दोलनरत सात दलका शीर्ष नेताहरुको वैठक बस्यो । वैठकपछि जारी प्रेस विज्ञप्तिमा निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका लागि सात राजनीतिक दलको नेतृत्वमा संचालित शान्तिपूर्ण संयुक्त जनआन्दोलन सशक्त र प्रभावकारी बन्दै गइरहेको र शान्तिपूर्ण संयुक्त जनआन्दोलनबाट मात्रै चालु आन्दोलनको उद्देश्य पूरा हुन सक्ने ठहर गरिएको बताइयो । साथै

आन्दोलनमा अहिंसात्मक र शान्तिपूर्ण ढंगले अझ सशक्तरुपमा सहभागी हुन मजदुर, किसान, महिला, युवा, विद्यार्थी, बुदिजीवि, निजामति, सार्वजनिक तथा वित्तीय संस्थानका कर्मचारी, शिक्षक, प्राध्यापक, डाक्टर, इञ्जिनियर, वकील, व्यापारी, पत्रकार, उद्योगपति, मानव अधिकारकर्मी, लेखक, साहित्यकार, कलाकर्मी एवं सबै जाति, भाषा, धर्म र क्षेत्रका नेपाली दिदी बहिनी तथा दाजुभाइहरुमा हार्दिक अपिल गरे । चैत्र ३० गतेसम्ममा आन्दोलनको क्रममा भएको निरंकुश शाही सत्ताको दमनमा परी ६ जना वीर विरङ्गनाहरुले सहादत प्राप्त गरे । हजारौंको संख्यामा घाइते र गिरफ्तार भए । (निष्ठुरी; २०६३: ६७-६८) आन्दालनले थप उचाई प्राप्त गर्दै गयो ।

जनआन्दोलनमा ऐक्यवद्धता जनाउन कानूनव्यवसायीले निकालेको शान्तिपूर्ण जुलुसमा प्रहरीले २०६२ चैत्र ३१ मा गोली हान्यो । सात दलले चैत्र ३१ गते पनि मुलुकभर प्रदर्शन गरे । त्यस क्रममा २ सय भन्दा बढी गिरफ्तार भए । देशका ठूला सहरहरुमा लाखौं लाखका जुलुस प्रदर्शन हुन थाले । ३१ गते पोखरामा उर्लिएको जनसागर उल्लेखनीय रह्यो । अमेरिकाले नेपालमा रहेका आफ्नो कर्मचारी र तिनका परिवारलाई देश छाड्न सुझाव दियो । राष्ट्रिसंघीय मानवअधिकार उच्चायुक्त लुइ आर्वरले आन्दोलन दवाउन सुरक्षा फौजले गरेको अत्याधिक बल प्रयोग र स्वेच्छाचारी गिरफ्तारीबाट स्तब्ध भएको बताइन् । आन्दोलनका घाइतेको उपचारमा सक्रिय अमेरिकी डाक्टर ब्रायन कबलाई सरकारले देश छाड्न लगायो । (कान्तिपुर; २०६३/१/१: १) प्राध्यापक, शिक्षक, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था महासंघ, निजी तथा आवासीय विद्यालय संगठन प्याब्सन र एन्, प्याब्सनले छुट्टाछुट्टै जुलुस निकाले । लोकतान्त्रिक आन्दोलनमा वर्वर दमन गर्ने तीन प्रहरीलाई राष्ट्रसंघ र मातहत निकायका हरेक अवसरबाट रोक्न बार एशोसिएसनले चैत्र ३१ गते अन्तर्राष्ट्रिय नियोगहरुलाई सिफारिस गऱ्यो । पहिलो चरणमा सिफारिस दिएका दमनकारीहरु एआइजी रुपसागर मोक्तान, एस्.एस्.पी. माधव थापा र इन्सपेक्टर भूपेन्द्र खत्री थिए । (कान्तिपुर; २०६३/१/१: ३) चिकित्सक संघ, आयुर्वेद संघ, पारामेडिक्स संघ र नर्सिङ संघको चैत्र ३१ मा बसेको संयुक्त समितिको वैठकले लोकतन्त्र प्राप्त नभएसम्म आन्दोलन जारी राख्ने निर्णय गऱ्यो । गांगवुबासी सबैजसो जनता आन्दोलनमा होमिए । गणतन्त्र स्थापना नभएसम्म सम्झौता नगर्न सात दलका नेताहरुलाई चेतावनी दिंदै आन्दोलनकारीहरुले लक्ष्य प्राप्ति नभएसम्म आन्दोलनमा होमिने प्रतिवद्धता व्यक्त गरे । किर्तिपुरमा पनि हजारौं आन्दोलनकारीले ऱ्याली गरे । (निष्ठुरी; २०६३: ८१-८२) शिक्षक संघ र

शिक्षक युनियनले सात दलको आम हड्ताल र आन्दोलनमा भएको सरकारी ज्यादतिको विरोधमा दरवार हाइस्कूल अगाडि प्रदर्शन गरे । प्याब्सन र एन्. प्याब्सनले सात दलको आन्दोलनको पक्षमा मैनवत्ति जुलुस गरे । (निष्ठुरी; २०६३ः ८२) त्रिचन्द्र क्याम्पसमा भेला भएर प्राध्यापकहरुले निषेधित क्षेत्र तोड्दै जुलुस प्रदर्शन गरे । (निष्ठुरी; २०६३ः ८२) चालु आन्दोलन र आम हड्तालका कारण नेपाल स्टक एक्सचेन्जमा साताभर कारोवार भएन । (निष्ठुरी; २०६३ः ८५) नेपाल राजकीय प्रज्ञा  प्रतिष्ठानका सदस्यहरुले आज एक संयुक्त विज्ञप्ति जारी गरे । विज्ञप्तिमा असहज परिस्थितिबाट समय रहँदै छिटो निकास पाउनका लागि सम्बन्धित सबै पक्षबिच विद्यमान संवादहिनतालाई निराकरण गरिनु अत्यावश्यक भएको र त्यसका लागि सबै पक्षले देश र जनताप्रति संवेदनशील भई परस्पर संवाद र वार्ता गर्नुपर्ने बताइयो । घाइते उपचारका लागि महजोडीले सुरु गरेको कोषमा चैत्र ३१ सम्ममा ४० लाख भन्दा बढी रकम संकलन भयो । आन्दोलन सशक्त ढंगले अगाडि बढ्दै गयो ।

२०६३ वैशाख १ गते नववर्षको उपलक्ष्यमा निरंकुश राजा ज्ञानेन्द्रको सन्देश  आयो । राजाको सन्देशले राजनीतिक संकटलाई सम्बोधन नगरेको ठहर गर्दै वैशाख  १ गते बसेको सात राजनीतिक दलको जनआन्दोलन संयोजन समितिको वैठकले आन्दोलनलाई अझ उचाईमा पुऱ्याउने प्रतिवद्धता दोहोऱ्यायो । (निष्ठुरी; २०६३ः ९१) राष्ट्रसंघका महासचिव कोफी अन्नानले नेपालमा रक्तपात रोक्न र स्थितिमा सुधार ल्याउन राजाले साहसिक कदम चाल्नुपर्ने बताए । अन्नानलाई उद्दृत गर्दै राष्ट्रसंघ प्रवक्ता स्टेफाइन डुजारिकले विज्ञप्ति जारी गरे । (कान्तिपुर; २०६३/१/२ः १) नेपालका लागि क्यानडाली राजदुत लुसी एड्वार्डसले वैशाख १ गते जारी गरेको विज्ञप्तिमा शान्तिपूर्ण आन्दोलनमा सहभागी आन्दोलनकारीलाई गरिँदै आएको धरपडक र पक्राउको निन्दा गरियो । (कान्तिपुर; २०६३/१/२ः १) लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाउँदै पूर्व प्रशासकहरुले विद्रोही पक्षसँग भएको समझदारीलाई वाहना बनाई आन्दोलनकारी  जनतामाथि वर्वर दमन गर्नु गैह्रजिम्मेवारी र राजकीय निरंकुशताको पराकाष्ठा हो भने । यस्तै नेपाल जनस्वास्थ्य संघले पनि ऐक्यवद्धता जनाउँदै देशभरका सदस्यहरुलाई आन्दोलनमा लाग्न आह्वान गऱ्यो । डेरावाल समाजले पनि राजधानीका सम्पूर्ण डेरावालहरुलाई लोकतन्त्रको पक्षमा भइरहेको आन्दोलनमा उत्रन आह्वान गऱ्यो । (कान्तिपुर; २०६३/१/२ः २) वृद्ध र अपांग पनि आन्दोलनमा उत्रिए । इटहरीमा वैशाख १ गते भएको प्रदर्शनमा उनीहरु सहभागी भए । (कान्तिपुर; २०६३/१/२ः ३)  जिल्लामा क्रियाशील ११ संघसंस्थाले म्याग्दी

जिल्ला सदरमुकाम बेनीबजारमा पूर्ण लोकतन्त्रको माग गर्दै वैशाख १ गते भव्य प्रदर्शन गरे । (कान्तिपुर; २०६३/१/२ः ११) अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आई.एफ.जे.) ले नेपालमा जनतामाथिको हिंसा र पत्रकारहरुमाथि भइरहेको आक्रमणप्रति ध्यानाकर्षण भएको जनाउँदै महासचिव अन्नानलाई पत्र लेखी लोकतन्त्र वहालीका लागि राजालाई दवाव दिन आह्वान गर्‍यो । अमेरिकाका नेपालीहरुले आज राष्ट्रसंघको म्यानहटनस्थित कार्यालय अगाडि प्रदर्शन गरे । प्रदर्शनमा प्रजातान्त्रिक युवा परिषद, एलायन्सफर डेमोक्रेसी र युनाइटेड डेमोक्र्याटिक फोरम लगायतले भाग लिए । (निष्ठुरी; २०६३ः ९२) आन्दोलनकारीले इनरुवालाई लोकतान्त्रिक जिल्ला (क्षेत्र) घोषणा गरे । (निष्ठुरी; २०६३ः ९५) जनआन्दोलन दवाउन परिचालित सेना व्यारेक फर्काउन माग गर्दै प्रजापरिषदले असनमा प्रदर्शन गऱ्यो । यसरी आन्दोलन अगाडि बढ्दै गयो ।

२०६३ वैशाख २ गते पनि देशव्यापीरुपमा आन्दोलन चर्कियो । राजधानीमा विशाल प्रदर्शन भयो । गोंगवु, कलंकी, चावहिल, किर्तिपुर लगायतका स्थानमा भएको प्रदर्शनमा लाखभन्दा बढी जनता सहभागी थिए । २०६१ माघ १९ को शाही कदमपछि राजधानीमा लोकतन्त्रको पक्षमा भएको यो सबभन्दा वृहत प्रदर्शन थियो । (कान्तिपुर; २०६३/१/३ः १) आन्दोलन दमनमा सुरक्षाकर्मीका गोली, लाठी, अश्रुग्यास र कुटपिटबाट चारहजार भन्दा बढी घाइते भएको तथ्यांक २०६३ वैशाख १ गते सार्वजनिक गरियो । कांग्रेसले बनाएको अनुगमन समितिले संकलन गरेको तथ्यांक अनुसार उपत्यकामा एकहजार ७ सयभन्दा बढी घाइते भएको जानकारी गराइयो । (कान्तिपुर; २०६३/१/३ः १) २०४६ सालको जनआन्दोलनमा निर्णायक भूमिका निर्वाह गर्ने काठमाण्डौंका नेवार आन्दोलनकारीले पुनः लोकतन्त्र प्राप्तिको आन्दोलनमा सक्रिय हुने निर्णय गरे । राजधानीका विभिन्न चार स्थानमा वैशाख २ गते भएको भेलाले लोकतान्त्रिक नेवार संघर्ष समिति गठन गऱ्यो । आन्दोलनमा ज्यापु महागुठी समेत आउने भयो । (कान्तिपुर; २०६३/१/३ः १) शिक्षक युनियन, नेपाल राष्ट्रिय अभिभावक संघ, निजी तथा आवसीय विद्यालय अर्गनाइजेशन (प्याप्सन र नेशनल प्याप्सन) ले एक संयुक्त विज्ञप्ति प्रकाशित गर्दै लोकतान्त्रिक आन्दोलन सफल नभएसम्म अधिराज्यभर विद्यालय संचालन नगर्ने जनाए । (कान्तिपुर; २०६३/१/३ः ३) अमेरिकामा रहेका नेपालीले राजाले तत्काल लोकतन्त्र वहाली नगरे भोक हड्ताल गर्ने चेतावनी दिए । (कान्तिपुर; २०६३/१/३ः ३) ओम अस्पतालमा २०६३ वैशाख २ गते वसेको चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको भेलाले सरकारी दमन नरोकिए,

आन्दोलनकारीको टाउको र संवेदनशील अंगमा गोली र लाठी प्रहार गर्ने कार्य नरोकिए त्यसको विरोधमा सडकमा उत्रने निर्णय गर्‍यो । (निष्ठुरी; २०६३ः ११०-१११) इस्पाइनल इन्जुरी पुनः स्थापना केन्द्र जोरपाटीले प्रहरी दमनमा ढाडमा चोट लागेकाहरुका निशुल्क उपचार गर्ने भयो । (निष्ठुरी; २०६३ः १७५) सात दलद्वारा संचालित आन्दोलनलाई सघाउन पर्यटन व्यासयीहरुले वेग्लै संस्था स्थापना गरे । व्यासायीहरुको शनिवार सम्पन्न भेलाले १५ सदस्यीय नेपाल प्रजातान्त्रिक पर्यटन समाज गठन गर्‍यो । (निष्ठुरी; २०६३ः १७७) राजधानीमा तरकारी व्यापारीहरु व्यवसाय छोडेर आन्दोलनमा उत्रिए ।

सात राजनीतिक दलहरुले चक्रपथ बाहिर पनि प्रर्दशन व्यापक बनाउन थालेपछि सरकारले निषेध गरिएको क्षेत्रलाई ०६३ वैशाख ३ देखि विस्तार गर्‍यो । चक्रपथ भन्दा बाहिर दुईसय मिटरसम्म कुनै पनि प्रदर्शन, सभा, जुलुस, धर्ना गर्न रोक लगाइएको सूचना जिल्ला प्रशासन कार्यालय काठमाण्डौ र ललितपुरले प्रकाशित गरे । (निष्ठुरी; २०६३ः १७७)

ठमेलका पर्यटन व्यवसायीले नर्सिङ चोकमा जनआन्दोलन सफल पार्न शान्तिपूर्ण मौन धर्ना दिए । निषेधित क्षेत्र तोड्दै धर्नामा ट्रेकिङ ट्राभल्स, ऱ्याफ्टिङ, होटल तथा पर्यटन व्यवसायीहरु, कर्मचारी, मजदुर र स्थानीयबासीहरु सहभागी भए । वैशाख ३ गते काठमाण्डौंमा सम्पन्न संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिले शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई अझ सशक्त रुपमा अघि बढाउने निर्णय गर्‍यो । वैशाख ३ गतेसम्ममा ७ योद्धा शाही सत्ताको गोली प्रहारबाट सहादत भए । हजारौं घाइते र हजारौं हजार गिरफ्तार भए । ( निष्ठुरी; २०६३ः ११५) सात दलको निर्णयमा उल्लेख गरियो । सात दलले शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई उत्कर्षमा लैजान विभिन्न कार्यक्रम सम्पन्न गर्न आह्वान गर्‍यो । साथै जनआन्दोलन ऐतिहासिक सफलतातर्फ उन्मुख भएको ठहर सहित सात दलले सर्वसाधारणसँग कर, महसुल, भ्याट, व्याज नबुझाउन आह्वान गरे । (कान्तिपुर; २०६३/१/४: १) निजामति कर्मचारीका नेताहरुले सडक आन्दोलनमा उत्रिन सहकर्मीहरुलाई आह्वान गरे । मन्त्रालय, विभाग र कार्यालयहरुमा कलम बन्द गरी काम ठप्प पार्ने युनियन र संगठनको संयुक्त विज्ञप्तिमा उल्लेख गरियो । शिक्षा मन्त्रालय महालेखा नियन्त्रकको कार्यालयका कर्मचारीहरु आइतवारदेखि काम बन्द गरी लोकतान्त्रिक आन्दोलनमा उत्रिए । सानोठिमी स्थित सीटीईभीटी, कृषि विकास बैंक, कृषि अनुसन्धान परिषदका कर्मचारीले कालोपट्टी बाँधेर कार्यालय समयावधिको ३ घण्टा काम ठप्प पारिरहेका थिए । रेन्जर्स एशोसिएसन केन्द्रीय समितिले

साताव्यापी विरोध कार्यक्रम घोषणा गर्‍यो । नेपाल जनप्रशासन संघ, स्वतन्त्र राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ, रिक्सा चालक संघले पनि ऐक्यवद्धता जनाए । (कान्तिपुर; २०६३/१/४: २) राजाले शासन शक्ति तत्काल जनतालाई फिर्ता गर्नुपर्ने पूर्व राजदूतहरुले वक्तव्य मार्फत बताए । वक्तव्य जारी गर्ने पूर्व राजतदूतहरुमा केदारभक्त माथेमा, चक्रप्रसाद बास्तोला, निलाम्वर आचार्य, लोकराज वराल, हर्षनारायण धौमडेल, नोवल किशोर राइ, विष्णुहरि नेपाल, राजेश्वर आचार्य, शम्भुराम सिम्खडा र जयराज आचार्य थिए । यसैगरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरुले मुलुकभर विद्यमान असहज परिस्थितिलाई हटाउन सबै पक्षले देश र जनताप्रति संवेदनशील भई संवाद र वार्ता सुरु गर्नुपर्ने विज्ञप्तिमार्फत बताए । विज्ञप्ति जारी गर्नेहरुमा प्राज्ञ ठाकुरप्रसाद मैनाली, गोविन्द भट्ट, रत्नाकर देवकोटा, यादव खरेल, भाउपन्थी, जगमान गुरुङ, जीवेन्द्र देव गिरि, भुवन ढुङ्गाना र सरुभक्त श्रेष्ठ थिए । (कान्तिपुर; २०६३/१/४: २) वैशाख १ गतेनै दक्षिण एशियाली नेताहरुले शान्तिपूर्ण जनआन्दोलन प्रति ऐक्यवद्धता प्रकट गरे । भारतका पूर्व प्रधानमन्त्री आइ.के. गुजराल, बंगालादेश र माल्दिम्भका पूर्व विदेश मन्त्री क्रमशः कमल हुसेन र आइ.एच. जाकी समेतले वक्तव्य जारी गरे । (कान्तिपुर; २०६३/१/४: ३)

२०६३ वैशाख ४ गते माओवादीका नेताहरु प्रचण्ड र डा. बाबुराम भट्टराईले एक विज्ञप्ति प्रकाशित गरे । विज्ञप्तिमा सात दलले आह्वान गरेको आम हड्ताल सच्चा संयुक्त जनआन्दोलनमा रुपान्तरित भएको र यसलाई लोकतान्त्रिक गणतन्त्रमा नपुर्‍याएसम्म जारी राख्नुपर्छ भनिएको थियो । (निष्ठुरी; २०६३: १२९) यसै अवस्थामा राजाले राजनीतिक परामर्श सुरु गरे । पूर्व प्रधानमन्त्रीहरु कृष्णप्रसाद भट्टराई र सूर्यबहादुर थापाले २०६३ वैशाख ४ गते साँझ राजालाई भेटे । (निष्ठुरी; २०६३: १२९) शान्तिपूर्ण प्रर्दशनमा फौजले गाली चलाउँदा २०६३ वैाख ४ गते एकजनाको मृत्यु भयो र ६ जना घाइते भए । प्रतिगमनको पुत्ला प्रदर्शन गर्दा सुरक्षाकर्मीले हानेको गोली लागि निजगढ २ बाघदेवडाका २८ वर्षिय हिरालाल गौतमको मृत्यु भयो । उनी जनआन्दोलनका शहीद भए । (कान्तिपुर; २०६३/१/५: १) मुलुककै सबभन्दा धेरै प्रशासनिक निकायहरु भएको सिंहदरवार भित्रका प्रधामन्त्री तथा मन्त्रीपरिषद सचिवालय र योजना आयोगका कर्मचारीहरुले कार्यालयको काम ठप्प पार्दै पहिलोपटक वैशाख ४ गते चालु आन्दोलन प्रति ऐक्यवद्धता जनाउँदै कार्यालय परिसर भित्र लोकतन्त्रका पक्षमा नारावाजी र सभा गरे । सिंहदरवार भित्रका सबै कर्मचारीले वैशाख ५ गतेदेखि काम बन्द गर्ने निर्णय गरे ।

(निष्ठुरी; २०६३: १३०-१३१) जनआन्दोलनको समर्थनमा पहिलो पटक न्यायिक क्षेत्रको प्रतिनिधित्व गर्दै सर्वोच्च अदालतका अधिकृतदेखि सहायक स्तरसम्मका कर्मचारीले हातमा कालोपट्टी बाँधेर मौन प्रदर्शन गरे । (निष्ठुरी; २०६३: १३१) नेवा संघर्ष समिति लगायतको सहभागितामा आदीवासी नेवार समुदायले लोकतन्त्रको माग गर्दै साँझ निषेधाज्ञा तोड्दै ब्लाक आउट, नाराबाजी र प्रदर्शन गर्‍यो । सम्पूर्ण मिथिलाबासीको तर्फबाट लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाउँदै मैथिली महासंघ नेपालले मिथिलाबासी सबैलाई अझ सशक्तरुपमा आन्दोलनमा सरिक हुन आह्वान गर्‍यो । प्राज्ञिक विद्यार्थी परिषदले पनि लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनायो । (निष्ठुरी; २०६३: १३४) लोकतन्त्र वहालीका लागि ज्ञापन-पत्र बुझाउँदै मस्को स्थिति नेपालीहरुले त्यहाँको नेपाली राजदूतावास अगाडि विरोध प्रदर्शन गरे । (निष्ठुरी; २०६३: १३४) नेपाल हवाई यातायात नियन्त्रक संघ, दुग्ध विकास संस्थाका कर्मचारी, नेपाल जग्गा तथा आवास विकास संघ लगायतले पनि आन्दोलनमा ऐक्यवद्धता जनाए । (निष्ठुरी; २०६३: १३९) जनआन्दोलनका घाइतेको उपचार कोषमा वैशाख ४ गतेसम्म ८८ लाख रुपैंया जम्मा भयो । (निष्ठुरी; २०६३: १३९) भारतीय प्रधानमन्त्री मनमोहन सिंहले नेपालको पछिल्लो स्थितिबारे मन्त्रीपरिषद सदस्य र सुरक्षा प्रमुखहरुसँग छलफल गरे । (कान्तिपुर; २०६३/१/५: १) वैदेशिक रोजगार व्यवसायीहरु पनि लोकतान्त्रिक आन्दोलनमा उत्रिएको जानकारी कान्तिपुरलाई दिए । (कान्तिपुर; २०६३/१/५: ९)

आन्दोलनले निरन्तर उत्कर्षता प्राप्त गरिरहेको अवस्थामा नेपालगञ्जको जनप्रदर्शनमा प्रहरीले हानेको अश्रुग्यासले वैशाख ५ गते एक महिलाको मृत्यु भयो । अश्रु सेल मुखमा लागि वेहोस भएकी बागेश्वरी ३ की २२ वर्षिया सेतु सुनारको मृत्यु भयो । पोखरा, नेपालगंज र उदयपुरमा गरी सुरक्षाफौजको गोली लागि १८ जना घाइते भए । अश्रु, वन्दुकको कुन्दा र लाठीबाट पत्रकार र मानवअधिकारकर्मी सहित दुई सय १८ घाइते भए । केही वेहोस समेत भए । (कान्तिपुर; २०६३/१/६: १) लोकतान्त्रिक आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै वायुसेवा संचालक संघले वैशाख ७ गते सबै आन्तरिक उडान बन्द गर्ने जनायो । मुलुककै सबैभन्दा ठूलो तरकारी, फलफूल थोक बजार व्यवासायी संस्था कालीमाटीले वैशाख ७ गतेदेखि विक्री पूर्णरुपमा बन्द गर्ने जनायो । नेपाल चार्टड एकाउन्टेण्ट्स संघले बहुदलीय व्यवस्थामा भएका आर्थिक प्रगतिका सूचकांक र निरंकुशताको तीनवर्षको अवधीसँग तुलना गर्दा जनताको चौतर्फी र दिगो आर्थिक विकासका लागि पनि लोकतन्त्र वहाली हुनु पूर्व सर्तको रुपमा रहेको जनायो ।

च्याउ उत्पादक किसान संघ नेपालले पनि प्रशासनबाट गरिएको अपराधिक कार्यबाट आक्रोशित बनेको जनायो । (कान्तिपुर; २०६३/१/६: ९) मुलुकका विभिन्न भागका उद्योगी व्यवासयी लोकतन्त्रका पक्षबाट सडकमा उत्रने क्रम बढ्दै गयो । जिल्लामा विभिन्न वित्तीय संस्थाका कर्मचारी र मजदुरहरु पनि लोकतान्त्रिक आन्दोलनमा होमिए । (कान्तिपुर; २०६३/१/६: १०) नेपाल ओलम्पिक कमिटीले लोकतन्त्र स्थापनाका लागि शान्तिपूर्ण जनआन्दोलनमा सहभागी खेलाडी तथा पदाधिकारीहरुमाथि सरकारले गरेको दमनको घोर भर्त्सना गर्‍यो । (कान्तिपुर; २०६३/१/६: ११) स्वीट् जरल्याण्डको जेनेभामा आयोजना भइरहेको नेपालको मानवअधिकारको स्थितिबारे वैठकमा एमनेस्टी इन्टरनेशनल हुमन राइट वाच र इन्टरनेशनल कमिशन अफ जुरिस्टले राजा ज्ञानेन्द्र, उनका बरिष्ठ सहयोगी र सैनिक उच्च पदाधिकारीहरुलाई अरु देशमा प्रवेश गर्न तिनको सम्पत्ति रोक्न आह्वान गरे । (निष्ठुरी; २०६३: १४२) राष्ट्र बैंकका कर्मचारी पनि आन्दोलनमा उत्रिएकोले वैशाख ५ गते ढुकुटी खोलेनन् । (निष्ठुरी; २०६३: १४३) पूर्व गृहसचिवहरु रामचन्द्र शर्मा पौडेल, श्रीकान्त रेग्मी, पदमप्रसाद पोखरेल, खेमराज रेग्मी, भोजराज पोखरेल, विजय भट्टराई, हिरामणि भण्डारी, विष्णुराज कुशुमले संयुक्त विज्ञप्ति प्रकाशित गरी दमनबाट परिवर्तनको चाहना दविन नसक्ने बताए । (निष्ठुरी; २०६३: १४४) नेपाल विज्ञापन एजेन्सी संघ र नेपाल राष्ट्रिय मारवाडी परिषदले राष्ट्रिय संकटको निकास र पूर्ण प्रजातन्त्रको वहाली हुनुपर्ने बताए । (निष्ठुरी; २०६३: १५३) आन्दोलनका घाइतेहरुको उपचार कोषमा वैशाख ५ गतेसम्ममा एक करोड १२ लाख ४१ हजार रकम जम्मा भयो । ( निष्ठुरी; २०६३: १५५)

सात दलद्वारा घोषित संयुक्त जनआन्दोलन वैसाख ६ गते पनि व्यापक जनसहभागिताका साथ अगाडि बढ्यो । जनआन्दोलनले राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रबाट व्यापक समर्थन प्राप्त गरेकोले अझै उचाइमा पुग्यो । वैशाख ६ गते नेपाल प्रजातन्त्र ऐक्यवद्धता समिति भारतले नेपालमा जारी आन्दोलन गम्भीर चरणमा पुगेको भन्दै त्यसमा नेपाली जनतालाई उत्साहवर्द्धक सहयोग, समर्थन गर्न एशिया क्षेत्र र विश्व समुदायलाई विज्ञप्ति मार्फत आग्रह गऱ्यो । (निष्ठुरी; २०६३: १५६) भारतका प्रधानमन्त्री डा. मनमोहन सिंहका विशेष दुतका रुपमा वैशाख ६ गते नै भारतीय माथिल्लो सभाका सांसद डा. करण सिंहले राजनीतिक दलका नेताहरुसँगको परामर्शका क्रममा नेपालका समस्या सुल्झाउन माओवादी शक्ति सहितको समाधानको उपाय खोजिनुपर्ने बताए । सिंहले विभिन्न राजनीतिक नेताहरुलाई भेट्ने र प्रधानमन्त्री मनमोहन

सिंहले राजा ज्ञानेन्द्रलाई पठाएको सन्देश पत्र बुझाउने कार्यक्रम रहेको बताइयो । ( निष्ठुरी; २०६३ः १५७) वैशाख ६ गते तीन महिनापछि एमाले महासचिव माधवकुमार नेपाल, कांग्रेस महामन्त्री रामचन्द्र पौडेल लगायत दलका २४ जना नेता तथा कार्यकर्ताहरु रिहा भए । एमाले महासचिव नेपालले आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्याउनुपर्ने, जनताले गणतन्त्रका विषयमा निर्णय गर्नुपर्ने, सबै विषयको छिनोफानो जनआन्दोलनले गर्ने र जनताले सडकमा राजा चाहिंदैन भनेर आवाज उठाइरहेको बताए । रिहा भएपछि काठमाण्डौं जिल्ला अदालत परिसरबाट नेपालले देशभर जसरी जनता उत्साहका साथ सडकमा ओर्लेर राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने माग राखिरहेका छन् । त्यसमा पुग्नका लागि संविधानसभा मार्फत जनताको अधिकार स्थापित गर्दै आन्दोलनलाई थप सशक्त बनाउन पहिलो आह्वान  गरे । (निष्ठुरी; २०६३ः १६४-१६५)

बैशाख ७ गते भारतीय प्रधानमन्त्रीका विशेष दुत डा. करण सिंहले राजालाई भेट गरे । राजासँगको भेटपछि डा. सिंहले नेपाली जनताले दिनहुँ झेलिरहेको आर्थिक, राजनीतिक कठिनाईबारे उनीसँग आफ्नो चासो राखेको बल राजाको कोर्टमा भएको र राजाले छिट्टै कुनै कदम चाल्नेमा आफू आसावादी रहेको  बताए । (निष्ठुरी; २०६३ः १६७) अठार घण्टे कर्फ्यू लागे पनि ७ गते राजधानीको चक्रपथमा सात दलको विशाल कार्यक्रम भयो । करिव ५ लाख जनता सडकमा उत्रेको अनुमान गरियो । (निष्ठुरी; २०६३ः १६८ ) जुलुशले करिव ५ किलोमिटर सडक क्षेत्र ओगटेको थियो । (निष्ठुरी; २०६३ः १६८) उक्त विशाल जुलुशमा सैनिक र सशस्त्र प्रहरीले व्यापक दमन गऱ्यो र गोली चलायो । शान्तिपूर्ण जुलुशलाई प्रहरीले विथोले पछि प्रदर्शन स्थलहरु युद्धभूमिमा परिणत भए । ५ सय भन्दा बढी घाइते भए । (निष्ठुरी; २०६३ः १६८) नेपालको लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाउँदै भारतीयहरु नेपालको लोकतान्त्रिक आन्दोलनमा पूर्वी नाका जोगवनीमा धर्ना वस्न सुरु गरे । नागरिक मञ्च जोगवनीका अध्यक्ष निर्मलकुमार लावतीको नेतृत्वमा धर्ना बस्ने काम भयो । (निष्ठुरी; २०६३ः १६८-१६९) सात राजनीतिक दलका नेताहरुले वैशाख ७ गते नै एक संयुक्त विज्ञप्ती प्रकाशित गर्दै आन्दोलमा दमन गर्ने, जनताको ज्यान लिने, गम्भीर घाइतेहरुलाई वेपत्ता पार्ने, सरकारी निकायका व्यक्तिहरुलाई कारवाही गर्ने विषयलाई लिएर संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय लगायत अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गरे । (निष्ठुरी; २०६३ः १७५)

वैशाख ८ गते लोकतन्त्रको माग गर्दै राजधानीमा ऐतिहासिक जनप्रदर्शन भयो । कर्फ्यू अवज्ञा गर्दै चक्रपथ क्षेत्रमा भेला भएका जनताले एकत्रित भई शहरको मध्यभागसम्म पुगेर प्रदर्शन गरे । यति ठूलो जनसमुदायले प्रदर्शनमा भाग लिएको मुलुकै इतिहासमा पहिलो थियो । राजनीतिक प्रदर्शनमा यति वृहत जनसमुदाय सहभागी भएको दुनियामै विरलै भेटिन्छ । राजधानीको प्रदर्शनमा कम्तिमा १० लाख सहभागी भए । वैशाख ८ गते नै नेकपा (एमाले) का नेताहरु झलनाथ खनाल र बामदेव गौतम अन्तर्राष्ट्रिय विमानस्थलबाट गिरफ्तार गरिए । (कान्तिपुर; २०६३/१/९: २) देशमा आन्दोलन तिब्र गतिले अगाडि बढिरहेको अवस्थामा निरंकुश शाही सत्ताले दमन पनि उत्तिकै बढाइरहेको थियो । सूचना विभागले राजधानीको सडक किनारमा राखेका राजा ज्ञानेन्द्रका महावाणि लेखिएको होर्डिङ बोर्ड प्रदर्शनकारीले उक्काउँदै जलाए । (निष्ठुरी; २०६३: १७९) आन्दोलन उत्कर्षमा पुगेको बेला श्री ५ (राजा ज्ञानेन्द्र) ले वैशाख  ८ गते संवोधन गर्दै मुलुकको कार्यकारिणी अधिकार जनतामा फिर्ता गरेको घोषणा गरे । प्रधानमन्त्रीका लागि यथासक्य छिटो नाम सिफारिस गर्न सात राजनीतिक दलको गठवन्धनलाई आह्वान गरे । (कान्तिपुर; २०६३/१/९: १) आन्दोलनरत सात दल र नागरिक समाजले राजाको सम्बोधन आन्दोलन निस्तेज पार्ने षड्यन्त्र मात्र भएको टिप्पणी गरे । उनीहरुले आम हड्ताल र जनप्रदर्शनका कार्यक्रम सशक्त ढंगले जारी राख्ने घोषणा गरे । (कान्तिपुर; २०६३/१/९: २) तर जनआन्दोलनलाई समर्थन गरिरहेका भारत र अमेरिकाले शाही घोषणाको स्वागत गरे । (कान्तिपुर; २०६३/१/९: २)   तर जनआन्दोलन रोकिएन ।

शाही घोषणालाई धोकापूर्ण भन्दै वैशाख ९ गते पनि लाखौं जनताले राजधानीका तीनवटै शहरमा प्रदर्शन गरे । तिनै शहरका दर्जनौं ठाउँबाट स्वतस्फूर्त रुपमा निस्किएको जुलुस कर्फ्यूको अवज्ञा गर्दै काठमाण्डौको केन्द्रतर्फ अगाडि बढे । शान्तिपूर्ण प्रदर्शनमा सुरक्षाकर्मीले त्रिपुरेश्वर, थापाथली, माइतीघर, मैतीदेवी, भोटाहिटी, असन, चावहिल, जयवागेश्वरी, गौशाला, ठमेल, कलंकी, सोल्टीमोड लगायतका स्थानमा अन्धाधुन्द गोली, अश्रुग्यास र लाठी प्रहार गर्दा सयौं घाइते भए । (कान्तिपुर; २०६३/१/१०: १) वैशाख ९ गतेको प्रदर्शनमा सुरक्षाकर्मीको गोली, अश्रुग्यास र लाठी प्रहारले शनिवार ३ सय ४४ भन्दा बढी घाइते अस्पताल लगिए । ती मध्ये करिव ५ जनाको स्थिति चिन्ताजनक थियो । (कान्तिपुर; २०६३/१/१०: १) शाही घोषणा विरुद्ध देशभरि विशाल प्रदर्शन भए ।  वैशाख ९ गते नै संयुक्त राष्ट्रसंघका महासचिव कोफी

अन्नानले कार्यकारी अधिकार जनतालाई फर्काउने शाही घोषणाको स्वागत गरे । त्यस्तै बेलायतले पनि सात दलको गठबन्धनलाई प्रधानमन्त्रीमार्फत कार्यकारी अधिकार फिर्ता गर्ने घोषणाको स्वागत गर्‍यो । (कान्तिपुर; २०६३/१/१०: १) राजाको सम्बोधन शान्ति र प्रजातन्त्रमा फर्किनका लागि संवादको प्रस्थानविन्दु हुनेछ भन्ने सन्देश सात दलका नेताहरुलाई दिएको जानकारी संघको नेतृत्वकर्ता मुलुक फिनल्याण्ड राजदूत पाउली मुस्तोलिनाले संवाददाताहरुलाई जानकारी दिए । (कान्तिपुर; २०६३/१/१०: ३) त्यस्तै चिनले पनि राजाको घोषणाको स्वागत गर्‍यो । (निष्ठुरी; २०६३: १९९) तर तुरुन्दै भारतले आफ्नो धारणामा परिवर्तन गर्‍यो । राजा ज्ञानेन्द्रको शुक्रबारको घोषणाको स्वागत गर्ने भारतले भोलिपल्ट भने नेपाली जनताको निर्णय सम्मान गर्ने बतायो । (कान्तिपुर; २०६३/१/१०: ३) शाही घोषणा जनआन्दोलन निस्तेज पार्न आएको धोकापूर्ण कदम रहेको टिप्पणी गर्दै नेता तथा नागरिक समाजका प्रतिनिधि लगायतले पूर्ण लोकतन्त्र स्थापना नभएसम्म आन्दोलन नरोक्न सात दलका नेताहरुलाई आग्रह गरे । (कान्तिपुर; २०६३/१/१०: ८) शाही घोषणाले राजनीतिक निकास नदिने ठहर गर्दै सात दलले जनआन्दोलनलाई अझ गति दिने घोषणा गरेको ६ घण्टा नबित्दै सरकारले शनिवारदेखि मोवाइलसेवा फेरि बन्द गरायो । वैशाख ८ गतेको शाही घोषणाबाट असन्तुष्ट लाखौं जनताले वैशाख ९ गते पनि राजधानीमा प्रदर्शन गरेपछि सरकार आत्तिएर मोवाइल सेवा बन्द गरायो । (कान्तिपुर; २०६३/१/१०: ९) तर आन्दोलन अझै अगाडि बढ्दै गयो ।

वैशाख १० गते नागरिक समाजका अगुवाहरु, पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी, महासचिव महेन्द्र विष्ट, पूर्व सभापतिहरु हरिहर विरही, तारानाथ दाहाल, वार एशोसिएसनका महासचिव माधव बाँस्कोटा, मानवअधिकारकर्मी सुवोधराज प्याकुरेल, गौरी प्रधान, शोभा गौतम र डा. अर्जुन कार्कीले कुटनीतिक नियोगका प्रतिनिधिहरुलाई भेटेर राजाको घोषणाको हतारमा समर्थन नगर्न र परिस्थिति बुझेर मात्रै बोल्न आग्रह गरे । उनीहरुले यु.एन.डी.पी., युरोपेली संघ, अध्यक्ष राष्ट्र फिनल्याण्ड, क्यानडाका कन्सुलर र भारतका राजदूतलाई भेटे । (निष्ठुरी; २०६३: २०१-२०२) राजाको घोषणा जनता झुक्याउने चालबाजी भएकोले त्यसमा नअलमलिइकन आन्दोलन अघि बढाउन विभिन्न संघसंस्थाले दलहरुलाई आग्रह गरे । प्राध्यापक संघ, नेपाल इन्जिनियर्स एशोसिएसन, बुद्धिजीवी परिषद्, आन्दोलनरत आठ विद्यार्थी संगठनहरु, नेपाल भारत मानव विकास एवं मैत्री संघ, संयुक्त लोकतान्त्रिक मोर्चा,

लोकतान्त्रिक खेलकुद संघ, ज्यापू समाज, नेपाल राष्ट्रिय दलित मुक्ति संगठन, विश्वकर्मा समाज, आदिवासी जनजाति संयुक्त मोर्चा, मुस्लिम इत्तेहात, चिकित्सक संघ, तमु छोंज धी, अभियान साहित्य समाज र बालबालिका तथा सरोकार समाज लगायत संघसंस्थाले आग्रह गरे । (निष्ठुरी; २०६३ः २०२) राष्ट्रिय मानवअधिकार आयोगले वैशाख १० गते सरकारलाई पत्र पठाउँदै विना हातहतियार शान्तिपूर्ण रुपमा गरिएका प्रदर्शन नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीबाट सम्झाई बुझाई नगरी तथा चेतावनी नदिई अत्याधिक अश्रुग्यास लाठीचार्ज तथा गोली समेत प्रहार गरेको पाइएकोले त्यसलाई तत्काल रोक्न आग्रह गऱ्यो । ( निष्ठुरी; २०६३ः २०२) कोरियामा कार्यरत नेपालीहरुले मुलुकमा जारी लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाउँदै जनआन्दोलन समिति गठन गरे । (निष्ठुरी; २०६३ः २०८) यसरी आन्दोलनले निरन्तर व्यापकता र समर्थन पाउँदै गयो ।

वैशाख ११ मा देशव्यापीरुपमा प्रदर्शन जारी रहे । जिल्ला सदरमुकाम मात्र नभएर शहरबजार र गाउँगाउँमा समेत जनताले विरोध प्रदर्शन गरे । आन्दोलन शुरु भएदेखि लगातार साँझ मसाल जुलुश प्रदर्शन भइरहे । हलोजुवा, कुटोकोदालो लिएर किसानहरु पनि आन्दोलनमा उत्रे । घोडा पालेर जीविकोपार्जन गर्दै आएका दाङका एकसय जति किसान परिवारले घोराहिमा घोडा जुलुस गरे । दिनदिनै कर्फ्यूको कारण आवागमन रोकिएपछि राजधानीमा केही महत्वपूर्ण औषधिको अभाव हुन थाल्यो । आन्दोलनको प्रभाव सम्पूर्ण क्षेत्रमा पऱ्यो ।(निष्ठुरी; २०६३ः २१५) सात दलले वैशाख १२ गते २० लाख जनता उतारेर चक्रपथ घेर्ने कार्यक्रम बनाएर घोषणा गरेका थिए । त्यसको तयारीसँगै आन्दोलन अगाडि बढ्दै गयो । राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालयले वैशाख १२ गतेको सात दलले चक्रपथमा गर्ने प्रदर्शनको अनुगमन गर्ने भयो । (निष्ठुरी; २०६३ः २१६) राजपरिषदका सदस्य डा. रुद्रप्रताप शाहले लोकतन्त्र स्थापनाको आन्दोलनमा योगदान गर्ने भन्दै पदबाट राजीनामा दिए । (निष्ठुरी; २०६३ः २१६) जनआन्दोलनका घाइतेको उपचार कोषमा एक करोड चालिस लाख जम्मा भयो । आन्दोलनप्रति समर्थन निरन्तर बढिरहेको थियो । आन्दोलनरत सात दलले वैशाख १२ गते चक्रपथ घेर्ने कार्याक्रम राखेकोले त्यसलाई सफल पार्न राजधानीमा जताततै प्रर्दशन भए । यसरी आन्दोलन उत्कर्षमा पुगिरहेको बेलामा वैशाख ११ गते ११ बजे राती राजा ज्ञानेन्द्रबाट शाही घोषणा भयो । यो घोषणापछि २०६२ चैत्र २४ गतेदेखि २०६३ वैशाख ११ गतेसम्म १९

दिन चलेको ऐतिहासिक जनआन्दोलनले सफलता प्राप्त गऱ्यो । शाही घोषणा हुने वित्तीकै राजधानी र बाहिरका जनताले मध्यरातमा सडकमा निस्केर विजयोत्सव मनाए ।

## २.५ लक्ष्य तथा उपलब्धीहरु :

संयुक्त जनआन्दोलन २०६२/०६३ का लक्ष्यहरु २०६२ वैशाख २५ गते सात दलले घोषणा गरेको 'राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिवद्धताको घोषणा' पत्रमा उल्लेख गरिएका थिए । त्यही घोषणाको आधारमा सात दलले आन्दोलन सुरु गरेका थिए । संयुक्त जनआन्दोलन अगाडि बढाउने क्रममा नै सात दल र नेकपा (माओवादी) बीच वार्ता भई १२ बुँदे समझारी भयो । त्यसले पनि आन्दोलनको लक्ष्यलाई थप स्पष्ट पार्ने काम गऱ्यो । राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिवद्धताको घोषणा एवं सात दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारीको आधारमा संयुक्त जनआन्दोलन २०६२/०६३ का लक्ष्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. निरंकुश राजतन्त्रको अन्त्य गर्ने ।

२. पूर्ण प्रजातन्त्र स्थापना गर्ने ।

३. दिगो शान्तिको स्थापना गर्ने ।

४. मानवअधिकारको पूर्ण प्रत्याभूति गर्ने ।

५. देशलाई राजनैतिक,आर्थिक,सामाजिक र सांस्कृतिक अग्रगमनतर्फ लैजाने ।

६. २०४६ सालको आन्दोलन तथा प्रजातन्त्र पुनःर्स्थापना पछिका वर्षहरुका उपलब्धीहरुको रक्षा गर्ने ।

७. प्रेस स्वतन्त्रताको वहाली गर्ने ।

८. प्रतिनिधि सभाको पुनःस्थापना गर्ने ।

९. मुलुकमा विद्यमान सबै द्वन्द्वलाई समाधान गर्न संविधानसभा लगायतका सबै प्रजातान्त्रिक प्रक्रिया अवलम्वन गर्न तयार रहने ।

१०. सार्वभौम सत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्ने ।

यीनै लक्ष्यहरुलाई सात दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारीले थप पुष्टि गऱ्यो । यी लक्ष्यहरुलाई पुष्टि गर्दै १२ बुँदे समझदारीको बुँदा नं. १ मा भनिएको छ ।

आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो । त्यसका निम्ति प्रमुख वाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं । निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ । त्यसैले निरंकुश राजतन्त्र विरोधी सम्पूर्ण शक्तिहरुले निरंकुश राजतन्त्र विरुद्ध आ-आफ्नो ठाउँबाट प्रहार केन्द्रीत गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ ।

त्यस्तै बुँदा नं. ३ मा सशस्त्र द्वन्द्वको सकारात्मक समाधान साथ स्थायी शान्ति स्थापनाको कुरा, बुँदा नं. ४ मा नेकपा (माओवादी) द्वारा प्रतिस्पर्धात्मक बुहदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानूनी राज्यको अवधारणा, मौलिक हक आदि प्रति प्रतिवद्धता प्रष्ट पार्दै जाने कुरा र बुँदा नं. ८ मा मानवअधिकार तथा प्रेस स्वतन्त्रताबारे स्पष्ट पारिएको छ । त्यस्तै सात दल र माओवादी बीचको दोस्रो समझदारीले पनि यिनै लक्ष्यहरुलाई पुष्टि गर्ने काम गऱ्यो ।

यीनै लक्ष्यहरुको आधारमा संयुक्त जनआन्दोलन अगाडि बढ्यो र २०६२ चैत्र २४ गतेदेखि २०६३ वैशाख ११ गतेसम्म जम्मा १९ दिन उत्कर्षतापूर्वक संचालन भयो । सात दलको आह्वान र नेतृत्वमा संयुक्त जनआन्दोलन संचालन भएपनि सात दलले निर्धारण गरेको लक्ष्य भन्दा अगाडि बढेर आन्दोलनको सुरुदेखिनै राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको नारा आन्दोलनकारीले घन्काए । यसपल्टको जनआन्दोलनको उचाई गणतन्त्र ल्याउने तहको थियो । तर आन्दोलनको नेतृत्व गरिरहेका सात दलले गणतन्त्र स्थापनाको नारा दिन सकेका थिएनन् । आन्दोलनमा सामेल युवा पंक्तिले त गणतन्त्र मात्र आन्दोलनको लक्ष्य बनाइ रहेका थिए । आन्दोलनले तत्कालै गणतन्त्र स्थापना गर्न नसके पनि सात दलका घोषित लक्ष्य प्राप्त भए । आन्दोलनका उपलब्धीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. राज्यशक्तिको स्रोत नेपाली जनता भएको स्वीकार गरियो ।
२. नेपालको सार्वभौम सत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहीत रहेको स्वीकार गरियो ।
३. २०५९जेष्ठ ८ गते विघटित प्रतिनिधि सभालाई पुनःर्स्थापना गरियो ।
४. जनआन्दोलन स्वीकारियो ।

५. सात राजनीतिक दलको मार्गचित्र स्वीकारियो ।

६. वहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवं समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी सात राजनीतिक दलहरुलाई सुम्पियो ।

अब पुनःस्थापित प्रतिनिधि सभाले नै प्रक्रियागत ढंगले आन्दोलनका अन्य लक्ष्यहरु पूरा गर्दै जाने स्थिति बन्यो ।

# परिच्छेद – तीन

# पर्वत जिल्लामा संयुक्त जनआन्दोलन २०६२/०६३

## ३.१ पर्वत जिल्लाको परिचय :

पर्वत जिल्ला नेपालका ५ विकास क्षेत्र मध्ये पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धवलागिरि अञ्चलमा पर्ने एक जिल्ला हो । यो जिल्ला धवलागिरि अञ्चलको दक्षिण पूर्वमा अवस्थित छ । पर्वत जिल्ला पूर्व पश्चिम चाक्लो र उत्तर दक्षिण लामो भएर फैलिएको छ । यो जिल्ला नेपालका तीन प्राकृतिक प्रदेश मध्ये पहाडी प्रदेशमा पर्दछ । पर्वत जिल्लाको क्षेत्रफल ४९४ वर्ग कि.मि. रहेको छ । यसको उत्तरमा म्याग्दी जिल्ला, दक्षिणमा स्याङ्जा र गुल्मी जिल्ला, पूर्वमा स्याङ्जा र कास्की जिल्ला पश्चिममा बागलुङ र म्याग्दी जिल्ला रहेका छन् । यो जिल्ला समुद्र सतहदेखि न्यूनतम १७०० फिटदेखि अधिकतम् १०७०० फिटसम्म उच्च तहमा अवस्थित छ । पर्वत जिल्लाको भौगोलिक अवस्थिति २७.८५$^{\circ}$ देखि २८.२९$^{\circ}$ उत्तरी अक्षांश र ८३.३४$^{\circ}$ देखि ८३.५९$^{\circ}$ पूर्वी देशान्तरमा रहेको छ । समशितोष्ण खालको हावापानी रहेको यो जिल्लामा वर्षमा सरदर २४०० मि.मि. देखि २६०० मि.मि.सम्म पानी पर्दछ । यहाँको तापक्रम सामान्यतः न्यूनतम् ७.५ डिग्री सेल्सियसदेखि अधिकतम् ३५ डिग्री सेल्सियससम्म हुन्छ । जाडोको समयमा कहिलेकाँही उच्च पहाडी क्षेत्रमा हिउँ समेत पर्दछ । त्यसकारण त्यो समयमा न्यूनतम् तापक्रम अझै कमी हुन सक्छ । यो जिल्लाका मुख्य नदीहरु कालीगण्डकी र मोदी हुन् । कालीगण्डकी पर्वत जिल्लाको पश्चिमी सिमानामा उत्तरदेखि दक्षिणतिर बगेको छ । मोदी खोला उत्तरपूर्वबाट दक्षिण पश्चिम बगेर पर्वत जिल्लालाई करिव बीच भागबाट काटेको छ । यहाँका अन्य खोलाहरुमा लुङ्दीखोला, लस्तीखोला, पातीखोला, रतिखोला, जहरे खोला, मल्याङ्दीखोला, लमाएखोला, चिर्दी खोला बाच्छा खोला, सेदी (पैयुं) खोला र मर्दी खोला हुन् । यहाँका प्रमुख प्राकृतिक श्रोतहरुमा स्लेट ढुंगा खानी (क्याङ, देउराली, भुकताङ्ले गा.वि.स. अन्तर्गत), माटेको लेकमा, फलामखानी फलामखानी गा.वि.स.मा पाइन्छ र जडिबुटीहरु जिल्लाको विभिन्न वनजंगलमा पाइन्छन् ।

राष्ट्रिय जनगणना २०५८ अनुसार पर्वत जिल्लाको जनसंख्या १,७५,८२६ रहेको छ । जसमा पुरुष ७२,२९४ र महिला ८४,८८४ छन् । जिल्लाको जनसंख्या वृद्धिदर ०.९८ रहेको

छ । यहाँको जनघनत्व प्रतिवर्ग कि.मि. ३१९.४६ रहेको छ । जिल्लामा परिवार संख्या ३२,७३१ रहेको छ । यो जिल्लामा ब्राह्मण ४१ प्रतिशत, क्षेत्री १४ प्रतिशत, मगर १० प्रतिशत, नेवार ३ प्रतिशत, गुरुङ ७ प्रतिशत, दर्जी ५ प्रतिशत, विश्वकर्मा ७ प्रतिशत, सार्की ५ प्रतिशत, गिरी, पुरी २ प्रतिशत, ठकुरी २ प्रतिशत, कुँवर ३ प्रतिशत, कुमाल, वोटे, थकाली, माझी, मुस्लिम आदि लगायत अन्य सवै जातिहरु १ प्रतिशत बसोबास गर्दछन् ।

पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजार हो । सदरमुकाम क्षेत्र नं. १, इलाका नं. ४ शिवालय गा.वि.स.मा पर्दछ । पर्वत जिल्लामा २ वटा निर्वाचन क्षेत्र पर्दछन् । क्षेत्र नं. १ मा १ देखि ४ नं. इलाकासम्मका २६ गा.वि.स.हरु पर्दछन् भने क्षेत्र नं. २ मा इलाका नं. ५ देखि ११ नं. सम्मका २९ गा.वि.स.हरु पर्दछन् । यसरी पर्वत जिल्लामा जम्माजम्मी ११ इलाका र ५५ गा.वि.स. रहेका छन् ।

## ३.२ पर्वत जिल्लामा राजनीतिक चेतना :

पर्वत जिल्लाको वर्तमान सिमानाभित्र रहेको भूभागमा राजनीतिक चेतनाको विकास २००७ सालको आसपासबाट भएको देखिन्छ । २००७ साल पुर्व भारतीय सेनामा कार्यरत यहाँका युवाहरुले राजनीतिक चेतना फैलाउने काम गरेका थिए । यस जिल्लामा संगठित राजनीतिको सुरुवात कालीभक्त पन्तले गरेका थिए । नेपाली राष्ट्रिय काँग्रेसको स्थापना हुनासाथ पश्चिम ४ नम्बर जिल्लाका (हाल पर्वत लिमिठाना गा.वि.स.) का कालिभक्त पन्त यस पार्टीमा संलग्न भएका थिए । त्यस्तै नेपाल प्रजातन्त्र काँग्रेस स्थापना हुनासाथ भारतमा बसेका होवीर आले, धनप्रसाद गुरुङ, नरसिं बहादुर मल्ल, दिर्घबहादुर आदि सो पार्टीमा संलग्न भई काम गरेका थिए । होवीर आले, कालिभक्त पन्त, घनश्याम उप्रेती आदिले भारतबाट गुप्तरुपमा पार्टीका पर्चा, पत्रिका, नेपाल भित्र्याई साथिहरुलाई वितरण गर्ने र आफ्ना क्षेत्रमा संगठन गर्ने काममा जुटेका थिए । (पंगेनी; २०५३: १८७) "उता कुश्मा लिमिठानातिर कृष्णबहादुर जोशी, अतिप्रसाद गौचन, कालिभक्त पन्तहरुले पार्टी संगठनको काम गर्दै आन्दोलनको तयारीमा लागेका थिए । यसरी पश्चिम ४ नम्बर जिल्लाको सदरमुकाम नुवाकोट लगायत कुश्मा लिमिठाना आदि क्षेत्रमा पार्टीको संगठनको विस्तार भएकाले यी क्षेत्रहरुमा समेत २००७ सालमा शान्तिपूर्ण आन्दोलन सफल हुन पुगेको थियो । (पंगेनी; २०५३: १८७) राणा विरोधी राजनीतिक

चेतना फैलाउने क्रममा पर्वत जिल्लामा महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरु धेरै थिए । बाच्छा विहादी (हाल पर्वत) पट्टीको भेकमा जमदार चित्रबहादुर गुरुङ, सु. मे. मधनसिंह गुरुङ, लालबहादुर गुरुङ, नरबहादुर गुरुङ (साहु जेठा), सु. डमर सिंह, ह. भीमबहादुर समेतले राणा विरोधी प्रचार गर्न लागे । लिमिठाना फलेवासको (हाल पर्वत) भेगमा कालिभक्त उनका दाजु जगन्नाथ, पिताम्बर रुद्रप्रसाद पन्त, घनश्याम उप्रेती, दुर्गाभक्त, जं. राजमान घले, यज्ञप्रसाद पन्त, तिर्थराज जोशी, कृष्णा, (कालीभक्तकी पत्नी) समेतले आफूले जानेसम्म राणाका विरोधमा प्रचार गरेका थिए । होश्राङ्दी (हाल पर्वत) तर्फ सु. डिगबहादुर जैसरा मगर्नी आदिले प्रचार गरे । वर्माका भागदडबाट आएका टिकारामले लिमिपट्टी (हाल पर्वत), मल्लाजपट्टि (हाल पर्वत) मोहनबहादुर, दीर्घबहादुर, टिकाबहादुर, नर्सिङ बहादुर समेतले गरे । घान्द्रुक (हाल कास्की) पट्टी धीरबहादुर जोशी,ले र कुश्मा (हाल पर्वत) पट्टी कृष्णबहादुर जोशी, आतीप्रसाद गौचनले गरे । चुवा (हाल पर्वत) मा बन्दीपुर, रिसिङ, घिरिङ (हाल तनहुँ) मा घुमी नारायण जोशीले राणा विरोधी भावना फैलाए । यस्तै सतौं आर्थरमा धीरबहादुरले ज्ञादीमा डि. प्रेम शर्मा, कुश्माकर, डिल्लीराम समेतले, लुंखुमा सु. गणेशबहादुर, ज. नन्दबहादुर, रनबहादुर हमाल, मे.सु. लालबबहादुरले टिकाजा (हाल स्याङ्जा) पट्टी वि. दुर्गादत्तले, कोल्मा बाहाकोट, सेखम (हाल स्याङ्जा) आदि भेग पट्टी देवानसिं, होवीर, ठानबहादुर आदिले वगरेपट्टी (हाल स्याङ्जा) जमानसिंहले मडइपट्टी हर्षबहादुर कोशिशबहादुर भन्ने २ जना ठकुरीले वडा वडामा जोरशोरले प्रचार गरे । (राजकुमारी; मिति उल्लेख नभएको: १२-१३) सिर्काङ (हाल पर्वत) पट्टी मोतिप्रसाद, रामप्रसाद कमरले, वियादि (हाल पर्वत) ओमप्रसाद, चुडामणि, लछिमा, धनपति आदिले बाच्छामा पूर्णबहादुरले, कर्नासमा हिरामणिले, डाडाखर्कमा केशबहादुरले, आर्थर वाँस्तरा पट्टी संवरबहादुर, नीरजंगले आसाम गौहाटीपट्टी घुमेर लिमिठानाका अम्बिकाभक्तले राणा विरोधी प्रचार गरे । (राजकुमारी; मिति उल्लेख नभएको: १३-१४) पर्वत जिल्लामा यिनै व्यक्तिहरुको अगुवाईमा राणा विरोधी भावना फैलिएको थियो ।

यसरी राणा विरोधी भावना फैलाउने क्रममा लागे पनि कुनै पार्टीसँग आवद्धता थिएन । "यत्तिकैमा एक्कासी राणा शाहीको नास पार्न भारतमा काँग्रेस जन्म्यो भन्ने हल्ला प.४नं. भरमा फैलियो । यहाँका युवा तथा चेतनशील व्यक्तिहरुले यो कुराको अध्ययन गर्दै रहे । विस्तारै विस्तारै भारततिर गई कोही नेपाली राष्ट्रिय कांग्रेसमा र कोही प्रजातन्त्र कांग्रेसमा सहर्ष लागि सदस्य बने । वि.सं. २००३ सालमा कालिभक्तले तानसेनमा गएर ने.रा. कांग्रेसको सदस्यता

ग्रहण गरे । फेरि सन् १९४८ मा प्रजातन्त्र कांग्रेसको सदस्य पत्र लिए । (राजकुमारी; मिति उल्लेख नभएकोः १४-१५) अर्कातिर होविर आले, धनप्रसाद गुरुङ र उनका भाइ रामप्रसाद (रामकोटे), ठानबहादुर, दिलमान सिं, जमान सिं, नर्सिङ बहादुर मल्ल, दिर्घबहादुर मल्लाजी, लालबहादुर दमाई आदि अनेक देशभक्त वीरले भकाभक नेपाल प्रजातन्त्र कांग्रेसको सदस्यता ग्रहण गरेर प्रायः उनीहरु भारतमा वस्ने गरेता पनि प्रचार कार्यको निमित्त ठाउँ ठाउँमा भ्रमण, पर्चेबाजी गरी रहन्थे । औ पाल्पा, पोखरा, बागलुङ, वन्दीपुर आदि अनेक ठाउँका कांग्रेसीहरुसँग सम्पर्क राख्दथे । (राजकुमारी; मिति उल्लेख नभएकोः १५) त्यसबेला पश्चिम ४ नं.मा ३ वटा जंगी अखडा थिए । कुश्मा (हाल पर्वत) र केवरे (हाल स्याङ्जा), नुवाकोट (हाल स्याङ्जा) मा रहेका जंगी अखडा २००७ साल पौष २४ गतेका दिन कब्जा गरिएका थिए । यो कब्जा गर्ने योजना नेपाली कांग्रेस (स्याङ्जा प. ४ नं.) का कार्यकर्ताहरुले गरेका थिए । ... पूर्व निश्चित योजना अनुसार २००७ साल पौष २४ गतेका दिन जमान सिंहको नेतृत्वमा नुवाकोटको जंगी अखडा कब्जा भयो । त्यसैदिन जमान सिंहका आज्ञाले केवरेका फौजी हाकिम लेफ्टेनले कांग्रेसका नाउँमा आफै चारतारे झण्डा उठाए । त्यसैदिन कालीभक्तले कुश्माको जंगी अखडा कब्जा गरे । (राजकुमारी; मिति उल्लेख नभएकोः २८) आन्दोलनकारीहरुले कब्जा गरिसकेपछि पनि बागलुङमा पुनः सरकारी सैनिकहरुले नियन्त्रणमा लिएकाले त्यहाँ पुनः कब्जा गर्न जाने योजना गराई कालिभक्त तथा कृष्णबहादुर जोशी गएका थिए । उनीहरुले सशस्त्र सिपाही तथा स्वयंसेवक लिएर गएका थिए । "आक्रमणको तयारी पछि कालिभक्त तथा कृष्णबहादुर जोशीको नेतृत्वमा ३५ जना सशस्त्र सिपाही र १२ जना स्वयंसेवक बागलुङ कब्जा गर्ने भनी त्यसतर्फ लागे ।" (पंगेनी; २०५३: ५०२) उनीहरु जानु भन्दा पहिल्यै सरकारी कर्मचारी र सैनिकहरुको समूह राती नै भागिसहेको थियो । त्यसपछि त्यहाँ २००७ साल माघ १५ गते १२ सदस्यीय जनसरकार गठन गरिएको थियो ।

कृष्णबहादुर जोशी कुश्मासँगै "यिनको संचालन भित्रमा प्रमुख क्रान्तिकारी सहयोगीहरुको नाउँ यो श्यामप्रसाद कर्माचार्य कुश्मा, मोतिप्रसाद, इन्द्रलाल, पद्मलाल, बुद्धिमान, कृष्णलाल, बलबहादुर, धनबहादुर, कर्णबहादुर, भगवतीप्रसाद श्रेष्ठ, दल बहादुर मगर, गुञ्जमान श्रेष्ठ, अमृतप्रसाद जोशी, चामु नारायण श्रेष्ठ, नारायणदत्त उपाध्याय, छायादत्त, गोरे घर्ती, कुशुमाखर ज्ञादी, कटुवाल छवे दमाई, जि.मु. हर्षबहादुर श्रेष्ठ चुवा, लक्ष्मण जोशी चुवा, सूर्यमान जोशी, वकश गिरी, हरिकृष्ण गिरी, कालु सुनार, जगे कामी, रामदत्त पाध्या चुवा,

मेघकुमार जोशी, श्यामप्रसाद जोशी, जुजुमान कर्माचार्य, कुलप्रसाद श्रेष्ठ आदि । (राजकुमारी; मिति उल्लेख नभएको : ४५-४६) पनि २००७ सालको आन्दोलनमा सक्रिय रहेका थिए । लिमिठानाका गोविन्दप्रसाद पाण्डे पनि २००७ सालको क्रान्तिमा सक्रिय व्यक्ति थिए । “यस युद्धमा उनका भाइ केशवको पत्नी पूर्णकुमारी, वैनी उमा समेतले रण क्षेत्रमा गई सक्रिय भाग लिएका हुन् ।” (राजकुमारी; मिति उल्लेख नभएको : ५०) २००७ सालको क्रान्तिमा पर्वत जिल्लाबाट विभिन्न ठाउँमा लड्न जाने योद्धाहरु धेरै थिए भन्ने कुरा इतिहासमा पाइन्छ । गोविन्द पाण्डे लिमिठाना ...... ज. चित्रबहादुर गुरुङ र तेजविर गुरुङ भोक्सिङ सु. मनिराज गुरुङ दुक्तान, कृष्णबहादुर गुरुङ देउराली (भोगसिङ), केशव पाण्डे (लिमिठाना), नारान सिं मगर प्रधान जी कुश्मा आदि । यिनीहरु भैरहवा फ्रेन्टमा लड्ने प. ४ नं. का वीरहरु हुन् । (राजकुमारी; मिति उल्लेख नभएको : ५१-५२) “वुटवलमा ५ दिनसम्म कांग्रेसले कब्जा गरेपछि पाल्पाली सैन्यद्वारा पक्राउ परि दुक्तान (कुर्घा पर्वत) का रन सिं गुरुङ, लामे (कुर्घा, पर्वत) का बुद्धि बहादुर आले, पेखु (स्याङ्जा) का कृष्णबहादुर खान, सर्वूडाँडा (भोगसिङ पर्वत) का रनबहादुर गुरुङ, दारसिंका मनबहादुर नेवार समेत भैरहवा जेलमा थुनिएका थिए । (पछि उनीहरुले जेल तोडेर भागेका थिए ।) बुटवल कब्जा गर्ने प. ४ नं. का वीर वीरङ्गानाहरुमा गंगादेवी गुरुङ्स्यानी, दुक्तान (कुर्घा पर्वत), मनमाया गुरुङस्यानी लामे (कुर्घा पर्वत) को नाम पनि इतिहासमा उल्लेख छ । (राजकुमारी; मिति उल्लेख नभएको : ५४-५६) “वीरगञ्जतर्फ (वारा पर्सा) यस तर्फको युद्धमा लिमिठानाकाले. कुलराज, उनकी पत्नी तिर्थकुमारी, भाइ चिरञ्जीवीराज, दिदी माहिली मैया आदिले काम गरे ।” मोरङतर्फ शीतल, विहादीको काले कुमाल, केरबहादुर लौके (रानीपानी, पर्वत) का भीमलाल धन बहादुर, केरबहादुर आदि ( राजकुमारी; मिति उल्लेख नभएको : ५८) सक्रियतापूर्वक लागेका थिए । २००७ साल “यस पौष २४ गते बागलुङ कब्जा गर्ने, जुलुश प्रदर्शनमा पनि प. ४ नं. का दिर्घबहादुर मल्ल, टिकाबहादुर मल्ल, नर सिं बहादुर मल्ल, मोहनबहादुर मल्ल, बाबुलाल श्रेष्ठ, लालबहादुर खत्री, महिन्द्रबहादुर खत्री, सु. खड्गबहादुर मल्ल, प्रेम सिं खवास, ह. कमलबहादुर खतृ, रत्नबहादुर राना मगर, ववर जंग अधिकारी, क्षेत्री, गंगाबहादुर, दिलबहादुर वरुआल, ह. वलबहादुर घर्ति, दलबहादुर छेत्री, अमर बहादुर मल्ल, कर्न बहादुर छेत्री, दल बहादुर घर्ति, भद्रबहादुर मल्ल, सूर्यबहादुर मल्ल आदि अनेक वीर स्याङजा (हाल पर्वत) कै हुन् इनको घर मल्लाजा (हाल पर्वत मल्लाज) हो- गएका थिए ।” (राजकुमारी; मिति उल्लेख नभएको : ६१)

पहिलोपटक बाग्लुङ कब्जा भएता पनि पुनः सरकारी पक्षले कब्जा गऱ्यो । त्यसपछि कालीभक्त पन्तको नेतृत्व र कृष्णबहादुर जोशीको उपनेतृत्वमा दोस्रो पटक बागलुङ कब्जा भएको थियो । "अतः बाग्लुङ दुवारा कब्जा गर्ने श्रेय प.४ नं. लाई नै छ । कालीभक्तका साथ बागलुङ हान्न जाने मुक्ति सेनाका प्रमुख व्यक्तिको नाम यो हो : टीकाराम जैसी, हर्कमान कमद, चिनाबहादुर, घनश्याम उप्रेती लिमिठाना, मन पुरी, बुद्धिबहादुर थकाली, डिलबहादुर डण्डपाणि जैसी, रत्नबहादुर कार्की, ढाकादत्त पाध्या, शेरबहादुर ठकुरी, बलबहादुर कमर, गणेश दत्त, नरबहादुर खत्री, ह. कृष्णबहादुर गुरुङ आदि सबै बीरहरु प. ४ नं. कै हुन् । इनीहरुको अतिरिक्त कुश्माका रत्नबहादुर, नुरबहादुर, ज्ञानप्रसाद, भीमबहादुर, रामप्रसाद आदि स्वयम्सेवक पनि ।" (राजकुमारी; मिति उल्लेख नभएको : ६४-६५) पोखरा कब्जा गर्न जाने प्रमुख सैनिकहरु मध्ये पर्वत जिल्ला अन्तर्गत पर्ने विभिन्न ठाउँका थिए । तिलोचन गुरुङ मोहरिया [हाल भुक देउराली पर्वत], ह. तिला गुरुङ आर्थर गहते [हाल पर्वत], ज. शिवप्रसाद श्रेष्ठ कुश्मा गोदाम [हाल पर्वत], ह. काले बोटे कुश्मा [पर्वत] नरबहादुर खत्री खनार [थापाठाना पर्वत] ह. कृष्ण बहादुर गुरुङ सतौं आर्थर [हाल पर्वत], दलबहादुर घर्ती मल्लाज [हाल पर्वत], खड्कबहादुर घर्ती मल्लाज [हाल पर्वत], कर्णबहादुर घर्ती मल्लाज [हाल पर्वत], खड्के मगर मल्लाज [हाल पर्वत], डिलु मल्लाज [हाल माझफाँट पर्वत], दुर्गाबहादुर मल्ल मल्लाज [हाल माझफाँट पर्वत] ला. कर्नबहादुर राना पैंयु हिले [हाल भोर्ले, पर्वत] ला. पारसीं गुरुङ पैंयु हिले [हाल भोर्ले पर्वत], सी. हर्क सिं गुरुङ भी. आर्थर गहते [हाल आर्थर पर्वत], सी. दलबहादुर छेत्री पैयुं हिले [हाल भोर्ले पर्वत] रा. शेरबहादुर राना पैंयु विहादी [ हाल पर्वत] रा. हस्तबहादुर क्षेत्री लिमी खनार [हाल थापाठाना पर्वत] (राजकुमारी; मिति उल्लेख नभएको : ६७-८५) पर्वत शिवालय ६ कुश्माका तेजमान श्रेष्ठले पनि बागलुङ पोखरा कब्जा गर्न जाँदा सिपाही भएर लड्न गएको भनेका छन् । तेजमानको भनाई अनुसार कुश्माका डण्डपाणि आचार्य, कटुवाचौपारीका ढाकादत्त र बाजुङका हर्कबहादुर क्षेत्री तथा टीकाराम क्षेत्री पनि २००७ सालको आन्दोलनका योद्धाहरु थिए (तेजमान श्रेष्ठसँगको कुराकानीमा आधारित) । तर पश्चिम ४ नं. (नेपाल) को इतिहास उत्तरार्ध भागमा उनको नाम उल्लेख छैन । "कुश्मामा राजनैतिक चेतना

जगाउने कार्यमा अतिप्रसाद गौचन र कालीभक्त पन्तको प्रमुख भूमिका रहेको देखिन्छ ।" (पंगेनी; २०५३: ४७४)

२००७ सालमा नेपाली काँग्रेसको कुश्मा उपशाखा गठन भएको र त्यसमा ४२ जना सदस्यहरु रहेको कुरा नारायणप्रसाद जोशीले लेखेको पुस्तक प्रजातान्त्रिक योद्धाको आत्मकथामा उल्लेख छ । (जोशी; २०५२: १०४-१०६)

२००७ सालको क्रान्तिपछि २०११ साल वैशाख १ गते राजा त्रिभुवनले एउटा सल्लाहकार सभा गठन गरेका थिए । त्यसमा प. ४ नं. स्याङ्जाबाट (हाल पर्वत फलेवास खानीगाउँ-२) का जयप्रसाद शर्मा मनोनित भएका थिए । (देवकोटा; २०३६: २४२)

यस क्षेत्रमा कम्युनिष्ट राजनीतिको प्रवेश भने अलि पछाडि २०१५ सालमा मात्र भएको देखिन्छ । "२०१६ सालमा प. ४ नं. क्षेत्रभरि काम गर्ने गरी विधिवत ९ सदस्यीय कमिटीको गठन भएको र कमिटीको सचिव पदमा बाच्छा निवासी सोमप्रसाद गौचन निर्वाचित हुनुभएको थियो । उक्त कमिटीको गठन र घोषणा २०१६ सालमा स्वर्गीय कमरेड पुष्पलालले गर्नुभएको थियो । तत्कालीन परिस्थितिमा स्याङ्जा पर्वत भनेर जिल्ला विभाजित भएको थिएन । ... भोगसिङमा जन्मनुभएका क. चित्रबहादुर गुरुङ २०१७ सालदेखि २०४७ सालसम्म नेपाल कम्युनिष्ट पार्टीको काम संचालन गर्दै रहनुभएको थियो ।"(नेकपा एमाले पर्वत; २०५०: १६) २०१७ सालमा पर्वत फलेवासमा निर्मल लामाद्वारा नौलो दुनियाँ नामक नाटकको प्रदर्शन गरी कम्युनिष्ट राजनीतिले गहिरो प्रभाव पारेको पाइन्छ । (नेकपा एमाले पर्वत; २०५०: १६) तर सोमप्रसाद गौचन स्वयंले यो कुरा बेग्लै ढंगले प्रस्तुत गरेका छन् । जिल्लामा कम्युनिष्ट पार्टीको गतिविधि छिटफुट र सीमित रुपमा मात्र रहेको थियो । बाच्छा भोगसिङमा जमदार चित्रबहादुर गुरुङको प्रभावका कारण पार्टीप्रति आकर्षण थियो । २००७ साल ताक गोरखपुर कुनाघाट छर्दै वहाँ नेपालका कम्युनिष्टहरुसँग सम्पर्कमा आउनु भएको थियो । बेलाबेलामा आफ्नो गाउँ र जिल्लामा आउँदा पार्टी र त्यसका गतिविधिबारे स्थानीय जनताहरुलाई जानकारी गराउने काम गर्नुभएको थियो । मैले तानसेनमा एस.एल.सी. अध्ययन पूरा गरेपछि बाच्छामा आएर पार्टी पक्ष केही गतिविधि संचालन गरें । त्यस्तै शैक्षिक गतिविधि लगायत मोहियानी हकको संरक्षण र फटाहा विरोधी आन्दोलन अघि बढाएको थिएँ । साथै ज्याग्दी चापाकोटतर्फ पाल्यामा पार्टी गतिविधिको प्रभावले गर्दा पार्टी पक्ष चर्चा र चासो जागेको थियो । त्यसैगरी फलेवासमा निर्मल लामाद्वारा शिक्षण कार्य गर्दा परेको प्रभावले त्यस क्षेत्रमा पार्टीप्रति आकर्षण र समर्थन बढेको

थियो ।...... म त्यसताका पाल्पा, तानसेनमा युवा र विद्यार्थी फाँटमा पार्टीको जिल्ला समितिको सदस्यको हैशियतले काम गरिरहेको थिएँ । ...... एस.एल.सी. परीक्षा समाप्त हुनासाथ पाल्पाका पार्टी नेताहरुसँग विदा भई आफ्नो गाउँ जिल्लातर्फ लागें । ...... गाउँमै पार्टीको आधारभूमि बनाउने सिलसिलामा केही कामहरुको थालनी भयो । ....... साथै पार्टीको जिल्लास्तरीय संरचना नै नभएकोले केन्द्रसँग सम्पर्क गर्ने आधार तुरुन्त खडा गर्ने आवश्यकता भएको महशुश गरें । ...... वि.सं. २०१६ सालमा पुतलिखेतमा भेला भई जिल्ला समितिको निर्माण गरियो । जसमा सोमप्रसाद गौचन सचिव रहेको १३ सदस्यीय जिल्ला समितिको निर्माण गरिएको थियो ।

त्यसपछि २०१५ सालको आम निर्वाचनमा पनि पर्वत जिल्लाको हालको सीमानाभित्र पर्ने होश्राङ्दी गा.वि.स.का डिकबहादुर गुरुङ नेपाली कांग्रेसको तर्फबाट संसदमा विजय भएका थिए । भोगसिङ निवासी ज. चित्रबहादुर गुरुङ स्वतन्त्र उम्मेदवार भए पनि कम्युनिष्ट पार्टीको समर्थन थियो । त्यस्तै आर्थरका धीरबहादुर गुरुङ पनि २०१५ सालको आम निर्वाचनमा सांसद भएका थिए । उनी संयुक्त प्रजातन्त्र पार्टीका थिए । त्यस्तै कटुवाचौपारीका दिवाकर शर्मा पनि सांसद भएका थिए । उनी गोरखा परिषद पार्टीका थिए । उनी लडेर हारेपछि मनोनित भएका थिए । मल्लाजका मोहनबहादुर मल्ल पनि २०१५ सालको आम निर्वाचनमा ने.का.को तर्फबाट उम्मेदवार थिए । त्यस्तै खानीगाउँ २ का जयाप्रसाद शर्मा पनि नेपाल प्रजा परिषदको तर्फबाट उम्मेदवार भएका थिए । दुर्लुङ ६ का चन्द्रबहादुर गुरुङ स्वतन्त्र उम्मेदवार भएर २०१५ को आम चुनाव लडेका थिए । २०१५ सालको आम निर्वाचनमा नेपाली कांग्रेसले वहुमत ल्याई सरकार बनाएको थियो । २०१७ सालमा नेपाली कांग्रेसको सरकारलाई अपदस्त गरी राजा महेन्द्रले आफ्नो निरंकुश शासन सुरु गरेर पञ्चायती व्यवस्था लागू गरे । त्यही पंचायती व्यवस्थाको शासनकालमा देश १४ अञ्चल ७५ जिल्लामा विभाजन गरियो र पर्वत एउटा जिल्लाको रुपमा कायम भयो । पञ्चायती व्यवस्थामा देशको शासन व्यवस्था ठूला-ठालु, जिम्मुवाल, मुखिया, दरवारियाहरु र सामन्तहरुकै बोलवाला र हैकम चल्यो । पञ्चायती व्यवस्थाको विरोध गर्ने र बहुदलीय व्यवस्था र प्रजातन्त्रको पक्षमा लाग्ने व्यक्तिहरु या त निर्वासनमा जानुपर्ने या त जेलमा वस्नुपर्ने या त भूमिगत अवस्थामा राजनीतिक काममा लाग्नुपर्ने स्थिति रह्यो ।

पञ्चायती कालमा पनि विभिन्न राजनीतिक पार्टीका गतिविधिहरु मन्द गतिमा चलिरहेकै थिए । यी मध्ये नेपाल कम्युनिष्ट पार्टी पञ्चायतको विरुद्धमा क्रियाशील थिए । २०२३

सालमा केन्द्रीय सदस्य क. चित्रबहादुर गुरुङको सक्रियतामा जिल्लास्तरीय भेला गरी ७ सदस्यीय जिल्ला कमिटीको गठन भएको थियो । यमप्रसाद गुरुङ (घायल) सचिव रहेको उक्त कमिटीमा रुद्रप्रसाद दुःखी, रामप्रसाद घिमिरे, तिलक आचार्य, रुपसिंह गुरुङ, लालबहादुर गुरुङ र विनोद शर्मा रहनु भएको थियो । (नेकपा एमाले पर्वत; २०५० : १६) २०२५ सालमा तिलक आचार्य सचिव भएपछि यम घायल, रुद्र दुःखी, रामप्रसाद घिमिरे, रुपसिंह गुरुङ र बाबुराम शर्मा समेत ६ जनाको वीचमा जिल्ला कमिटी गठन भएको थियो । (नेकपा एमाले पर्वत; २०५०: १६) २०२६ सालमा अर्को समानान्तर जिल्ला कमिटी चिरञ्जीवि पाण्डे, विकास गौचन, बाबुराम पौडेल, भूपेन्द्र सिंह र दयालाल [भूसाल] समेत ५ जनाको गठन भएको थियो । ...... तत्कालीन परिस्थितिमा यस जिल्लाका बुद्धिजीवी, शिक्षित युवाहरुको एक हिस्सालाई कम्युनिष्ट आन्दोलनले प्रभावित र आन्दोलित पार्दै गएको थियो । (नेकपा एमाले पर्वत; २०५० : १६) ...... यस जिल्लामा पनि २०२९ साल चैत्र १९ गते एम.एस. थापाको नेतृत्वमा कुश्मादेखि नजिक पर्ने चुवा भन्ने गाउँमा अनन्त भन्नेको घरमा मनि एक्सनको घटना घट्यो । जुन घटना चुवा काण्डको नामले चर्चित छ । ......यस घटना पछि प्रक्रियावादीद्वारा [कम्युनिष्ट समर्थकहरुमाथि] ठूलो दमन भयो । फलस्वरुप यहाँको पार्टी काम छिन्नभिन्न भयो । २५ जनालाई डाँका मुद्दा लगाइयो । ती मध्ये इन्द्र श्रेष्ठ, भद्रबहादुर भण्डारी, भूपेन्द्र सिंह, खड्कबहादुर गुरुङ, टुकनाथ गिरी लगायत ७ जनालाई साढे ४ वर्ष जेल तोकियो । (नेकपा एमाले पर्वत; २०५० : १७) ......गण्डकी र धवलागिरि अञ्चलका केही युवा क्रान्तिकारीहरुले २०२६ सालमा स्वतन्त्र अस्तित्व राख्ने मा.ले. क्रान्तिकारी दलको गठन गरेका थिए । उक्त संगठनको गठन पश्चात पर्वत जिल्लाको तिलाहार गा.वि.स. वडा नं. ८ मा कृष्णप्रसाद भट्टराई र विष्णुप्रसाद भट्टराईले आधारभूत किसान वर्गमा संगठन फैलाई मार्क्सवादी शिक्षाको प्रचारप्रसार गरेको पाइन्छ ।

कुश्मामा २००७ सालदेखि २०१६ सालसम्म पर्वत कुश्मा ने.का. उपशाखाको सभापतिको कार्यभार (कृष्णबहादुर जोशीले) सम्हाली आएको देखिन्छ । (जोशी; २०५२ : १०३) त्यसपछि २०३२ सम्म नेपाली काँग्रेसको गतिविधि बारे कुनै जानकारी भएन । २०३२ सालमा गठन भएको ने.का. जिल्ला समिति इन्दु शर्मा अध्यक्ष, डिल्लीराज शर्मा, सचिव, ठाकुर शर्मा उपाध्यक्षा, धनन्जय शर्मा, सदस्य, अर्जुन जोशी, सदस्य, द्रोणराज उपाध्याय, सदस्य, वसन्तबहादुर सि.के., सदस्य, उद्योगबहादुर श्रेष्ठ, सदस्य, रामबहादुर नेपाली, सदस्य, विष्णुप्रसाद

रिजाल, सदस्य, कोषप्रसाद शर्मा, सदस्य, ओम शर्मा, सदस्य । (जोशी; २०५२ : ११४) २०३४/०३५ सालतिर कुलप्रसाद उपाध्यायको अध्यक्षतामा नेपाल विद्यार्थी संघको जिल्ला समिति बनेको थियो । २०३५/०३६ सालको जनमत संग्रहमा नवराज गुरुङको संयोजकत्वमा वहुदल प्रचारप्रसार समिति नेपाल विद्यार्थी संघको तर्फबाट बनेको थियो । २०३८ को पञ्चायती चुनाव वहिष्कार अभियान संचालन गर्न नेपाली कांग्रेसको तर्फबाट नवराज गुरुङ कुश्मा आएका र बहिष्कार सभा समेत गरेका थिए । (नवराज गुरुङ्गसँगको कुराकानीमा आधारित) २०४६ को जनआन्दोलनताका पर्वतमा नेपाली कांग्रेसको कुनै संगठन नभएकोले नारायणप्रसाद जोशीलाई नेपाली कांग्रेसले पर्वत पठाएको थियो । २०४६ माघ २९ गते वहाँलाई जिल्ला प्रशासनले पक्राउ गरी पर्वत कारागारमा थुन्यो । २०४६ सालको जनआन्दोलन सफल भएपछि नेपाली कांग्रेस जिल्ला कार्यसमिति गठन भयो । केन्द्रीय सदस्य रामचन्द्र पौडेलको उपस्थितिमा नारायणप्रसाद जोशी अध्यक्ष, यमप्रसाद गुरुङ उपाध्यक्ष, कुलप्रसाद उपाध्याय, सचिव, लक्ष्मीप्रसाद कोषाध्यक्ष, नवराज गुरुङ, इन्दु शर्मा, धनन्जय शर्मा, डिल्लीराज शर्मा, लालकाजी गुरुङ, लोकनाथ आचार्य आदि सदस्य रहेको जिल्ला कार्यसमिति बनेको थियो । (नवराज गुरुङ्गसँगको कुराकानीमा आधारित) २०४८ सालमा अर्जुन जोशीको अध्यक्षतामा नेपाली कांग्रेसको जिल्ला कार्यसमिति गठन गरियो । अध्यक्ष केन्द्रले मनोनित गरेको थियो । त्यसपछि विभिन्न मितिमा भएका जिल्ला अधिवेशनहरुले लगातार अर्जुन जोशीलाई नेपाली कांग्रेसको जिल्ला कार्यसमितिको सभापति निर्वाचित गरे । (अर्जुन जोशीसँगको कुराकानीमा आधारित) नेपाली कांग्रेस जिल्लाको महत्वपूर्ण राजनीतिक शक्तिको रुपमा रह्यो । २०५८ सालमा नेपाली कांग्रेस विभाजित भयो । नेपाली कांग्रेसको जिल्ला कार्यसमितिको सभापति अर्जुन जोशी नै कायम रहे भने नेपाली कांग्रेस प्रजातान्त्रिकको नवराज गुरुङ भए । त्यसपछि दुवै कांग्रेसका जिल्ला अधिवेशनहरु सम्पन्न भए र सभापतिमा अर्जुन जोशी र नवराज गुरुङनै कायम भए । उनीहरुकै नेतृत्वमा २०६२/०६३ को जनआन्दोलनमा नेपाली काँग्रेसका दुवै समूह सहभागी भएका थिए ।

उता कम्युनिष्ट राजनीतिबाट प्रभावित विभिन्न व्यक्तिहरु एवं जनसमुदाय हुँदाहुँदै पनि पर्वत जिल्लामा प्रभावकारी संगठन निर्माण र परिचालन हुन सकेको थिएन । २०३५/०३६ सालको आन्दोलनबाट प्राप्त भएको जनमतसङ्ग्रह घोषणापछि देशको राजनीतिक वातावरण केही खुकुलो भएको थियो । यही अवस्थामा पर्वत जिल्लाको राजनीतिमा कम्युनिष्ट आन्दोलनको गतिविधि अगाडि बढ्दै गएको पाइन्छ । “२०३५/०३६ सालको देशव्यापी ऐतिहासिक

जनअन्दोलनबाट प्राप्त भएको जनमतसंग्रह वहुदल कि निर्दल ? घोषणा पश्चात गण्डकी धवलागिरिको कामको निम्ति खटिनुभएका क. बामदेव गौतम मार्फत गण्डकी धवलागिरि माले क्रान्तिकारी दल ०३६ श्रावण १६ मा तत्कालीन नेकपा (माले) मा समाहित भयो । तत्पश्चात उक्त भू.पू. माले दलका एकजना क. कृष्णप्रसाद भट्टराईलाई धवलागिरिको नेकपा (एमाले) को प्रतिनिधिको रुपमा सम्पर्क स्थापित गर्ने जिम्मा लगाइयो भने उहाँकै सक्रियतामा ०३६ आश्विनमा नेकपा (माले) पूर्वोत्तर इलाका पार्टी सक्रिय दलको रुपमा प्रथम संगठन निर्माण गर्ने काम क. बामदेव गौतमबाट पर्वतको कार्किनेटामा भयो । उक्त संगठनमा सचिव क. कृष्णप्रसाद भट्टराई, सदस्यहरुमा क. बाबुराम पौडेल, क. तोयनाथ चालिसे, क. गणेश शर्मा पौडेल, क. विष्णुप्रसाद भट्टराई रहनु भएको थियो । ...... त्यसपछि क. बामदेव गौतमको नेतृत्वमा क. त्रिलोचन ढकाल, क. धनिराम लामिछाने, क. देव बहादुर के.सी., क. विष्णुप्रसाद भट्टराई बीच २०३६ को कार्तिकतिर स्याङ्जा पर्वत (नेकपा माले) पार्टी सक्रिय दल गठन भएको पाइन्छ । ......२०३७ जेष्ठमा पर्वतमा क. देबबहादुर के.सी. र विष्णुप्रसाद भट्टराई ...... क. कृष्णप्रसाद भट्टराई समेत तीनजनाको पर्वत जिल्ला संगठन कमिटीको गठन गरी पार्टी काम अघि बढाउने काम भयो । (नेकपा एमाले पर्वत; २०५०: १८) नेकपाको एक हिस्साले २०१६ सालदेखि राजनैतिक कामको सुरुवात गरेर पनि विभिन्न उतारचढावका मोड र घुम्तीहरु पार गर्दै २०२९ सम्म (चुवा काण्ड अगाडि) क्रियाशील देखिन्छ भने त्यस यता अन्य कुनै गतिविधि देखिदैन । वहुदलको स्थापनापछि २०४७ साल श्रावणमा आएर नेकपा (मार्क्सवादी) को जिल्ला संगठन बनेको र यसले नेकपा एमाले बन्ने बेलासम्म करिव ७ महिना जति संगठित रुपमा काम गरेको देखिन्छ । (नेकपा एमाले पर्वत; २०५०: १९) यस जिल्लामा जिल्ला बाहिरका पार्टी कार्यकर्ताहरु आएर पनि नेकपा मालेको पार्टी काम अगाडि बढाए । त्यसरी काम गर्नेमा बासु शाक्य पनि एकजना थिए । “२०३८ सालमा पश्चिम उत्तर क्षेत्रीय कमिटीले क. देवबहादुर के.सी.लाई जिल्ला बाहिर खटाउने काम गऱ्यो । अर्को भूमिगत कार्यकर्ता क. बासु शाक्यलाई यस (पर्वत) जिल्लामा खटायो । क. बासु शाक्य यस जिल्लामा आउनु भएपछि क. यमनाथ शर्मा, क बोलनाथ उपाध्याय २ जना नयाँ कार्यकर्तालाई समावेश गरी क. कृष्णप्रसाद भट्टराई समेत ४ जनाको जिल्ला संगठन कमिटी गठन गरी पार्टी काम अघि बढाइयो । ......२०४० सालमा पार्टीले क. देवबहादुर के.सी.लाई पुनः यसै जिल्लामा फर्काई जिल्ला बाहिरबाट थप २ जना कमरेड कार्यकर्ताहरु (क. गोपाल काफ्ले र क. उमा हमाल) तथा १ जना खुला क.

कृष्णप्रसाद भट्टराई गरी ४ जना कार्यकर्ताबीच "जिल्ला संगठन कमिटी" गठन भयो । ( नेकपा एमाले पर्वत; २०५०: १९) २०४१ सालमा यसै जिल्लाबाट एक जना भूमिगत कार्यकर्ता (यमबहादुर वि.क.) को विकास भएकोले वहाँलाई यसै सालको असारमा खुला कार्यकर्ता कृष्णप्रसाद भट्टराईलाई नेपाल राष्ट्रिय शिक्षक संगठनको काममा सक्रियतापूर्वक लाग्नुपर्ने भएबाट उहाँ पार्टी जिल्ला कमिटीमा रहनु भएन । जिल्ला संगठन कमिटी मा क. यमबहादुर वि.क.लाई समावेश गर्ने काम भएपछि ४ जना भूमिगत कार्यकर्ता क. देवबहादुर के.सी., गोपाल काफ्ले, उमा हमाल र यमबहादुर वि.क. बीच जिल्ला नेतृत्वको पुनर्निर्माण भई जिल्लालाई ४ वटा इलाकामा विभाजन गरेर पार्टी कामलाई विस्तार र विकास गर्ने योजनाहरु बने । यसै साल क. उमा हमाललाई पार्टीले अन्यत्र सरुवा गरी वहाँको वदला अर्को एकजना भूमिगत कार्यकर्ता दिपा वस्नेतलाई जिल्ला नेतृत्वमै रहने गरी खटायो । (नेकपा एमाले पर्वत; २०५०: १९)

पार्टी काममा उचारचढाव भइरहने कार्यकर्ताहरु सरुवा, गिरफ्तारी र निस्कृय हुने कारणले गर्दा पार्टी कमिटीहरु पनि गठन, पुर्नगठन र विघटन भइरहन्थे । "यसै सिलसिलामा खासगरी बागलुङ जिल्लाको पार्टी कामलाई विस्तार र विकास गर्ने तथा पर्वतको कामलाई व्यवस्थित गर्ने उद्देश्यले यस संगठनलाई विघटन गरी बागलुङ जिल्लामा कार्यरत एकजना भूमिगत कार्यकर्ता क. चक्रबहादुर पराजुलीलाई समेत समावेश गरी ५ जना बीच २०४१ माघमा पर्वत बागलुङ संयुक्त जिल्ला कमिटी" को निर्माण भयो । (नेकपा एमाले पर्वत;२०५०: २०) २०४२ साल माघमा क्षेत्रीय कमिटीले यस जिल्लाको पार्टी काम सम्हाल्न यहाँ कार्यरत कमरेड चक्रबहादुर पराजुलीलाई अन्यत्र पठाई क. किरण गुरुङलाई यहाँ खटाउने काम गरेपनि राष्ट्रिय पञ्चायतको चुनावलाई उपयोग गर्ने पार्टीको नीति अनुरुप लगत्तै चुनाव अभियानमा लाग्नु परेकोले पार्टी र राजनीतिको व्यापक प्रचारप्रसार भएपनि आन्तरिक काम भने हुन सकेन । २०४३ साल असारमा क. गोपाल काफ्ले र दीपा वस्नेत जिल्ला कमिटीबाट हटेको हुनाले पर्वत बागलुङ संयुक्त जिल्ला कमिटी विघटन गरी दुवै जिल्लालाई स्वतन्त्र पार्ने निर्णय भएको हुँदा यस जिल्लाको पार्टी कामलाई अगाडि बढाउन १ जना भूमिगत कार्यकर्ता क. इमान विक्रम के.सी.लाई यहाँ पठाए पछि ३ जना कमरेडहरु किरण गुरुङ, इमान विक्रम के.सी. र देवबहादुर के.सी.हरुको बीच पर्वत जिल्ला कमिटीको पनुर्गठन भएकोमा यो कमिटीले पनि पार्टी काम सम्हाल्न पाउँदा नपाउँदै पञ्चायती चुनावलाई क्रान्तिकारी हस्तक्षेप गर्ने पार्टीको नीति अनुरुप गाउँ पञ्चायत र जिल्ला पञ्चायतको चुनावी तयारीमा जुट्नु परेकोले पार्टीको प्रचार

प्रसारको काम भएपनि आन्तरिक सांगठानिक कामको विकास भने हुन सकेन । (नेकपा एमाले पर्वत;२०५०: २०) २०४४ सालको माघमा पार्टीले एक भूमिगत कार्यकर्ता कमरेड शिवकुमार पौडेललाई यस जिल्लामा खटायो । वहाँ समेतका किरण गुरुङ र यमबहादुर वि.क. गरी ३ जना र १ जना खुल्ला कार्यकर्ता क. देवबहादुर के.सी. लाई लिएर ४ जनाको पर्वत जिल्ला कमिटी पुनर्गठन भएपछि जिल्लालाई ४ वटा इलाकामा विभाजन गरेर योजनावद्ध रुपमा पार्टी कामको विकास र विस्तार गर्ने कामको थालनी भयो । (नेकपा एमाले पर्वत;२०५०: २०) जिल्लामा भूमिगत कार्यकर्ताको विकास भइरहेको थियो । आवश्यकता अनुसार बाहिरबाट आउने काम पनि हुन्थ्यो । पार्टी काम विस्तार भइरहेको थियो । २०४५ भाद्र आश्विन महिनाामा यसै जिल्लाबाट दुई जना कमरेडहरु छलि कुमारी कुँवर र मनबहादुर क्षेत्री भूमिगत पेशेवर कार्यकर्ताको रुपमा पार्टी काममा लाग्नुभयो । यसै सालको मार्गमा पार्टीले क. छलि कुमारी कुँवरलाई अन्यत्र सरुवा गरी वहाँको ठाउँमा भूमिगत कार्यकर्ता क. गोमा देवकोटालाई पठायो (नेकपा एमाले पर्वत;२०५०: २०-२१) । २०४६ साल श्रावणमा पार्टीले क. किरण गुरुङलाई अन्यत्रै सरुवा गरी खटाएको हुँदा वहाँको सट्टामा वहाँकै जिम्मेवारी सम्हाल्ने गरी क. चक्रबहादुर पराजुली यस जिल्लामा आउनु भई यस अवधिमा ३ जना भूमिगत जि.क. मा र १ जना भूमिगत कमरेड गोमा देवकोटा इलाका स्तरमा कार्यरत हुनु हुन्थ्यो (नेकपा एमाले पर्वत;२०५०: २१) । २०४६ सालको जनआन्दोलनमा पार्टीको यही नेतृत्वले काम गरेको थियो ।

२०४७ जेष्ठमा गण्डकी धौलागिरि क्षेत्रीय संगठन कमिटीले कार्यकर्ताहरुको हेरफेर गर्ने काम गरे अनुसार यसै जिल्ला कमिटीका सचिव क. चक्रबहादुर पराजुली र सदस्य क. शिवकुमार पौडेललाई अन्यत्र सरुवा गरेर सचिवको जिम्मेवारी सम्हाल्ने गरी क. प्रेमनारायण पौडेललाई यहाँ खटायो । २०४७ जेष्ठमा बसेको पर्वत जिल्ला कमिटीको २०औं वैठकले क. चक्रबहादुर पराजुली र क. शिवकुमार पौडेललाई हार्दिक अभिवादनका साथ विदाई गऱ्यो र क. प्रेमनारायण पौडेल र क. कृष्णप्रसाद भट्टराई समावेश भई क. देवबहादुर के.सी. एवं क. यमबहादुर वि.क. समेत गरी ४ जनाबाट जिल्ला कमिटीलाई संयोजन गर्ने काम भयो (नेकपा एमाले पर्वत;२०५०: २१) । ......बाहिर कार्यरत पूर्णकालीन कार्यकर्ता क. छलि कुमारी कुँवरलाई यतै जिल्ला कमिटीमा समावेश गर्ने गरी २०४७ कार्तिकमा फर्कायो । २०४७ कार्तिकमै बसेको पर्वत जिल्ला कमिटीको वैठकले क. छलिकुमारी कुँवरलाई जिल्ला कमिटीमा समावेश गऱ्यो भने यसै वैठकले क. कृष्णप्रसाद भट्टराई र क. मेघनाथ सुवेदीलाई पूर्णकालीन भई काम गर्ने निर्णय

गऱ्यो । (नेकपा एमाले पर्वत;२०५०: २१) २०४७ मार्गमा बसेको नेकपा (माले) पर्वतको २६औं वैठकले क. राजु पौडेल र क. उदय सुवेदीलाई पूर्णकालीन कार्यकर्ता बनाउने निर्णय गर्नुका साथै जिल्ला कमिटीको २८औं वैठकले क. मेघनाथ सुवेदी र क. यज्ञप्रसाद सुवेदी र क. भुवन गुरुङलाई जिल्ला कमिटीमा समावेश गर्ने निर्णय गऱ्यो । (नेकपा एमाले पर्वत;२०५०: २१) त्यसपछि नेकपा (माले) र नेकपा (मार्क्सवादी) को बीचमा एकीकरण भयो र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बन्यो । यसको सदस्य संख्या ६५६ पुगेको थियो । ८ सदस्यीय जिल्ला कमिटी र यसको मातहतमा विभिन्न तहका पार्टी संगठनहरु र पार्टीको प्रत्यक्ष, अप्रत्यक्ष नेतृत्वमा संचालित जनसंगठनहरु कार्यरत थिए । यसरी जिल्लाको सबै भागमा पार्टी प्रभाव विस्तार भएको थियो । (नेकपा एमाले पर्वत;२०५०: २२) जिल्लामा नेकपा मार्क्सवादीका सांगठानिक गतिविधिहरु पनि केही मात्रामा संचालित थिए । पार्टीका समर्थक र शुभेच्छुक व्यक्तिहरु भएपनि क्रियाशिलताको अभावले गर्दा पार्टी काम विस्तार नभएको स्थिति थियो । खासगरी वहुदलीय व्यवस्थाको स्थापना पछि २०४७।४।३ गते एक भेलाद्वारा क. गणेशबहादुर कुँवरको नेतृत्वमा ११ सदस्यीय जिल्ला कमिटी पुनर्गठित भयो । हुन त यस जिल्लामा २०१६ सालमा नै ने.क.पा. ले सांगठानिक कामको थालनी गरेको हामी पाउँछौं । तर निरन्तरताको स्पष्ट विवरण भने प्राप्त हुन सकेको छैन । २०१९ सालपछि ने.क.पा. को नेतृत्वमा देखिएको फुट, विभाजन, अनुशासनहिनता र अराजक प्रवृत्तिको प्रत्यक्ष प्रभाव यस जिल्लामा पनि पऱ्यो । २०१९ देखि २०२३ सम्म यस जिल्लामा ने.क.पा. को कुनै क्रियाशीलता भेटिंदैन । २०२३ बाट पुनः सुरु भएको सांगठानिक गतिविधि २०२९ सालको “चुवा काण्ड” पछि अस्तव्यस्त भयो । २०३४/०३५ सालतिर पनि सांगठानिक काम भएको थियो भन्ने भनाई त छ तर आधिकारिक पुष्टि भने पाइँदेन । पुनर्गठन पछि पार्टीको प्रचारप्रसार गर्ने, जनसंगठन निर्माण गर्ने, पार्टी सदस्यता विरण गर्ने जस्ता कामहर अगाडि बढ्दै थिए । यस अवधिमा यसको सदस्य संख्या १०४ पुगेको थियो । २०४७ माघमा बसेको जि.क. वैठकले ने.क.पा. मार्क्सवादी र माले बीच सम्पन्न पार्टी एकीकरणलाई हार्दिक स्वागत गऱ्यो र तदअनुरुप यस जिल्लामा पनि दुई पार्टी विचका कमिटीहरुको एकीकरण गर्न वार्ता गर्ने निर्णय गऱ्यो । (नेकपा एमाले पर्वत;२०५०: २२)

२०४७ पौष २ गते नेकपा (माले) र नेकपा (मा.) बीच नेपाली कम्युनिष्ट आन्दोलनको वेग्लै ऐतिहासिक महत्व राख्ने एकीकरण कार्य सम्पन्न भई नेकपा (एमाले) बनेको सन्दर्भमा यस जिल्लाक दुवै पार्टीका जिल्ला संगठन कमिटीले हार्दिक स्वागत गर्दै यहाँ पनि एकीकरण गर्नको

निम्ति दुवै पार्टीबीच वार्ता गर्ने निर्णय भए अनुसार पार्षदद्वय क. किरण गुरुङ र शरण विक्रम मल्लको उपस्थितिमा २०४७।१०।१९ र २० मा दुवै जिल्ला संगठन कमिटीको संयुक्त वैठक बसी उक्त दुई पार्टी बीच एकीकरण बारे व्यापक छलफल भएपछि तत्कालै यसै वैठकबाट ने.क.पा. (माले) का ८ जना जि.सं. का सदस्यहरु मध्येबाट ६ जना र ने.क.पा. (माले) का ११ जना मध्ये ३ जना गरी जम्मा ९ जनाको बीचमा ने.क.पा. (ए.मा.ले.) जि.सं.क. निर्माण गर्ने निर्णय भई सम्पन्न भयो । उक्त कमिटीको गठन पछि बसेको प्रथम वैठकले कमिटीको सचिवमा क. प्रेमनारायण पौडेल र कार्यालय सचिवमा क. गणेशबहादुर कुँवरलाई चुन्यो । । (नेकपा एमाले पर्वत;२०५०: २३) २०४८ साल जेष्ठ [श्रावण] मा बसेको जि.स.क. पर्वतको छैटौं वैठकले क. गणेश शर्मा पौडेल र मोतिप्रसाद पौडेललाई जि.स.क. को पूर्ण सदस्यमा र क. उदय सुवेदीलाई वैकल्पिक सदस्यमा राख्ने भनी जि.सं.क. मा थप्ने निर्णय गऱ्यो । (नेकपा एमाले पर्वत;२०५०: २३) यसपछि २०४८ मंसिरमा बसेको जि.स.क.को नवौं वैठकले क. तोयनाथ चालिसे, क. बोलनाथ उपाध्याय, क. महानबहादुर गुरुङ, क. भीमबहादुर वि.सी., क. प्रेम पौडेल, क. भुवन गुरुङलाई जि.सं.क. मा समावेश गऱ्यो । यसरी जिल्ला अधिवेशनको पूर्वसन्ध्यामा आइपुग्दा जि.स.क.को सदस्य संख्या १६ पुगेको थियो । यस्तै गरी जिल्लाभरमा ८ वटा इलाका कमिटी बनेका थिए र विभिन्न गाउँ पार्टी कमिटीहरु, विभिन्न गाउँ पार्टी सक्रिय दल, क्रा.वु.सं. र पार्टी कमिटीहरु पनि बन्दै जाँदा सदस्य संख्या ५७७ पुगेको थियो । पार्टीको प्रत्यक्ष-अप्रत्यक्ष नेतृत्वमा किसान, महिला, विद्यार्थी, शिक्षक, भू.पू. सैनिक, उत्पीडित जाति, जनजाति आदिका संगठनहरु बनेका थिए र सदस्यता वितरण गरिएका थिए । (नेकपा एमाले पर्वत;२०५०: २४) २०४८ सालमा नेकपा (एमाले) पर्वतको प्रथम जिल्ला अधिवेशन भएको थियो । नेकपा (एमाले) पर्वतको प्रथम जिल्ला अधिवेशनको उद्घाटन क. वाचस्पति देवकोटा र घोषणासभामा सम्बोधन क. मदन भण्डारीले गर्नुभएको थियो । त्यसपछि २०५० साल माघमा दोस्रो जिल्ला अधिवेशन, २०५३ बैशाखमा तेस्रो जिल्ला अधिवेशन भयो । दोस्रो जिल्ला अधिवेशनले देबबहादुर पौडेल क्षेत्री सचिव रहेको १६ सदस्यीय जिल्ला कमिटी गठन गऱ्यो । उक्त कमिटीमा उपसचिव क. भीमबहादुर वि.सी. र कार्यालय सचिव क. मोतिप्रसाद पौडेल थिए । तेस्रो जिल्ला अधिवेशनले मोतिप्रसाद पौडेल सचिव, क. मेघनाथ सुवेदी उपसचिव, क. यम गुरुङ कार्यालय सचिव रहेको जिल्ला कमिटी गठन गऱ्यो । २०५४ मा नेकपा (एमाले) विभाजित भयो । विभाजित अवस्थामा

नेकपा (एमाले) को सचिव क. मोतिप्रसाद पौडेल र नेकपा (माले) को सचिव गणेश शर्मा पौडेल भए । २०५७ मा नेकपा (एमाले) को चौथो जिल्ला अधिवेशन भयो र मोतिप्रसाद पौडेल सचिव, उदय सुवेदी उपसचिव रहेको जि.क. गठन भयो ।

त्यस्तै नेकपा (माले) को पनि चौथो जिल्ला अधिवेशन २०५७ मै भयो र गणेश शर्मा पौडेल सचिव र राजु पौडेल उपसचिव रहेको जिल्ला कमिटी गठन भयो । २०५८ मा पार्टी पुनः एकीकरण भयो । एकीकृत पार्टीको जिल्ला सचिवमा मोतिप्रसाद पौडेल नै रहे । २०६० मा पाँचौं जिल्ला अधिवेशन सम्पन्न भयो । सचिव मोतिप्रसाद पौडेल र उपसचिव विकास लम्साल तथा कार्यालय सचिव शान्त पौडेल रहेको जिल्ला कमिटी गठन भयो । नेकपा (एमाले) को तर्फबाट यही कमिटी र नेतृत्वले २०६२/०६३ को जनआन्दोलन संचालन गरेको थियो ।

नेपाल कम्युनिष्ट पार्टी (माले) विभिन्न जनसंगठनहरुलाई निर्माण र संचालन गर्दै व्यापक जनताहरुलाई गोलवन्द गर्ने क्रममा “अनेमसंघ प्रथम जिल्लास्तरीय कार्यकर्ता भेला २०४० चैत्र १० र ११ गते पार्टीकै आयोजनामा सम्पन्न भएको थियो । दोस्रो जिल्ला भेला २०४७ सालमा पार्टीकै आयोजनामा सम्पन्न भएको थियो । अनेमसंघ पर्वतको प्रथम जिल्ला सम्मेलन २०४९।१०।२८ -२९ मा भएको थियो ।” (नेकपा एमाले पर्वत; २०५०: २९) “पार्टी कै आयोजनामा २०४० पौष महिनामा प्रथम जिल्लास्तरीय किसान भेला सम्पन्न भयो । ... २०४६ सालमा पार्टीकै पहलमा अनेकिसंघ पर्वतको प्रथम जिल्ला सम्मेलन सम्पन्न भएको थियो ।” (नेकपा एमाले पर्वत; २०५०: २९) नेकपा (एमाले) जि.क. पर्वतको आयोजनामा प्ररायुसंघ पर्वतको प्रथम जिल्ला भेला २०४७ मा भएको थियो । २०४९ मा प्रथम जिल्ला सम्मेलन भएको थियो । ...... २०४० साल श्रावण २० गते नेकपा (माले) को आयोजनामा प्रथम जिल्लास्तरीय क्रान्तिकारी बुद्धिजीवि भेला सम्पन्न भएको थियो । २०४४ आश्विनमा पार्टीकै आयोजनामा दोस्रो जिल्लास्तरीय बुद्धिजीवि भेला सम्पन्न भएको थियो । (नेकपा एमाले पर्वत; २०५०: २९) त्यसदेखि यता विभिन्न जनसंगठनहरुका कामहरु भेला सम्मेलनहरु निरन्तर अगाडि बढेका थिए । विभिन्न जनसंगठनहरुमा अनेकिसंघ, अनेमसंघ, अनेरास्ववियु, प्ररायुसंघ, नेउजामुसंघ, नेराभूपूसैसं, नेस्वमयु, राजसां मञ्च, नेबुप, क्युपेक नेपाल आदि क्रियाशिल थिए । यी संगठनको वरीपरी हजारौं जनसमुदाय गोलवन्द भएको थियो ।

नेपाल कम्युनिष्ट पार्टीको सम्पर्क र संगठन निर्माण पछि पर्वत जिल्लामा विभिन्न संघर्ष र आन्दोलन भएका थिए । जसले गर्दा जनतामा राजनीतिक चेतना फैलाउने काममा महत्पूर्ण

योगदान पुगेको थियो । वाच्छामा सोमप्रसाद गौचनको नेतृत्वमा फटाहा विरोधी आन्दोलन भएको थियो । २०२७ साल पौष १ गतेको दिनलाई कालो दिवस भन्दै पर्वत जिल्लाका विभिन्न ठाउँमा पर्चा छर्ने काम भएको थियो । त्यसैलाई आधार बनाई रामप्रसाद घिमिरे, रुद्र दुःखीलाई प्रशासनले छेकथुन गर्ने काम गरेको थियो । रुद्र दुःखीलाई बागलुङ कारागारमा १ वर्ष राखियो । त्यसैगरी रामप्रसाद घिमिरेलाई पर्वत र स्याङ्जा कारागारमा राखियो । (नेकपा एमाले पर्वत; २०५०: ३०) नेपाल कम्युनिष्ट पार्टी तत्कालीन माले, मसाल, मनमोहन, पुष्पलाल समूह समेत मिली २०३६ सालको जनमत संग्रहमा जिल्लास्तरमा एउटा "देशभक्त जनवादी मोर्चा" गठन भएको थियो । पाँच पूर्व शर्तहरु लागू हुनुपर्छ र धाँधली रहित जनमत संग्रह गर्नुपर्छ भन्दै जिल्लाका विभिन्न ठाउँमा आमसभाहरु भएका थिए । २०३६ सालको पहिलो नेपाल राष्ट्रिय शिक्षक संगठनको आह्वानमा भएको संघर्ष पर्वत जिल्लामा पूर्णरुपले सफल भएको थियो । [सम्भवतः यसलाई नेपाल कम्युनिष्ट पार्टीका सबै समुहले समर्थन गरेका थिए ।] २०३६ साल मंसिर २१ गते अनेरास्ववियु एकताको पाँचौंले आह्वान गरेको देशव्यापी (आम हड्ताल) र महंगी विरोधी प्रदर्शन कुश्मा बजारमा सफलतापूर्वक सम्पन्न भएको थियो । २०३८ सालमा पञ्चायती चुनावालई बहिष्कार गर्ने क्रममा तिलाहारमा आमसभा भएको थियो भने भोगसिङ र पाखापानीमा राँके जुलुश गरिएको थियो । (नेकपा एमाले पर्वत; २०५०: ३०) त्यस्तै जिल्लाका विभिन्न भागमा हली हड्ताल, प्रतिजग्गा फटाहको कब्जाबाट मुक्त गराउने, ठेकलाई अधिया बनाउने, भ्रष्टाचारको विरोध गर्ने, पिस्कर हत्याकाण्ड विरोधी आन्दोलन, प्रहरी कर्मचारीको ज्यादतीको विरोध, आरन हड्ताल, पञ्चहरुका अन्याय र अत्याचारको विरोध, झुट्टा मुद्दाको विरोध आदि भएका थिए ।

२०४६ सालको संयुक्त जनआन्दोलनमा नेकपा (माले) पर्वतले महत्वपूर्ण भूमिका खेलेको थियो । "हाम्रो पार्टी नेकपा (माले) ले निर्दलीय तानाशाही पञ्चायती व्यवस्थाको अन्त्य र वहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापनाका निम्ति २०४६ फागुन ७ गते सञ्चालन गरिने जनआन्दोलनका लागि भित्रीरुपमा तलदेखि माथिसम्मका आफ्ना पार्टी संगठन र खुला संगठनहरुलाई करिव ३ महिना अघिदेखि नै सजग पारिसकिएको थियो ।" (नेकपा एमाले पर्वत; २०५०: ३०) तत्कालीन जिल्ला पार्टी सचिव क. चक्रबहादुर पराजुलीको प्रत्यक्ष उपस्थिति र निर्देशनमा क. कृष्णप्रसाद भट्टराई (जो गण्डकी धौलागिरि क्षेत्रीय संघर्ष समितिको उपाध्यक्ष

समेत थिए) को अध्यक्षतामा उपाध्यक्ष क. देवबहादुर के.सी., सदस्यहरुमा क. गणेश तिमिल्सिना, क. आत्मराम शर्मा, क. गणेश शर्मा पौडेल, क. भीमबहादुर वि.सी., क. तोयनाथ चालिसे र क. मेघनाथ सुवेदी रहनु भएको पर्वत जिल्ला संघर्ष समिति बन्यो । तीन जना कमरेडहरु (क. तोयनाथ चालिसे, क. भीमबहादुर वि.सी., क. मेघनाथ सुवेदी) जेल परेपनि बाँकी कमरेडहरुले केन्द्रीय संघर्ष समिति र Co-ordinating Machanism ले पठाएको निर्देहशन अनुसार पर्वत जिल्लामा शुरुदेखि अन्त्य सम्मका सम्पूर्ण कार्यक्रमहरु सफल पार्ने काम दिलो ज्यानले पूरा गर्नुभयो । हाम्रो र नेपाली कांग्रेस बीचको कार्यक्रमलाई तालमेल मिलाउने र जिल्लामा संयुक्त आन्दोलनलाई सफल पार्न क. कृष्णप्रसाद भट्टराईको संयोजकत्वमा हाम्रो पार्टीको तर्फबाट क. गणेश तिमिल्सिना, क. आत्मराम शर्मा तथा ने.का.को तर्फबाट श्री यमबहादुर गुरुङ र श्री राम शर्मा रहनु भएको पर्वत जिल्लास्तरीय Co-ordinating Machanism को समेत गठन गरिएको थियो । (नेकपा एमाले पर्वत; २०५०: ३०)

२०४६ साल फागुन ७ गते कार्किनेटामा आन्दोलनको सुरु गरिएको थियो । त्यसपछि पर्वत जिल्लाको विभिन्न भागमा विभिन्न ढंगले आन्दोलनका कार्यक्रमहरु सम्पन्न गरिएका थिए । आन्दोलन सफल भएपछि जिल्ला सदरमुकाम कुश्मामा संयुक्त रुपमा विशाल आमसभा गरिएको थियो । त्यस अघि पनि नेकपा (माले) ले विभिन्न समयमा राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको लागि संघर्ष गरिरहेको थियो । पंचायतको विरुद्धमा संघर्ष गर्ने क्रममा पंचायती चुनाव उपयोग गर्ने नीति लिएको थियो ।

२०४६ सालको जनआन्दोलनमा पर्वत जेल र थानामा विभिन्न व्यक्तिहरु बन्दी वनाइएका थिए । "०४६ को आन्दोलनमा पर्वत जेल र थानामा रहेकाा साथीहरु १. मेघनाथ (एमाले), २. तोयानाथ चालिसे (एमाले), भीमबहादुर वि.सी. (एमाले), काशिराम पुरी (एमाले), ढकप्रसाद तिवारी [ने.का. समर्थक शिक्षक], विष्णुप्रसाद रिजाल [ने.का. समर्थक शिक्षक]। ( जोशी; २०५२: ११३) आन्दोलनकाको क्रममा सबभन्दा चर्को दमन पिपलटारीमा भएको थियो । जहाँ जनताका घरघरमा खानतलासी गर्ने, सुतेको मानिसहरुलाई उठाएर पिट्ने जस्ता निन्दनीय कामहरु भए । जस्तो विष्णु लामिछाने र विष्णुनिधिलाई नाम्ला र दाम्लाले बाँधेर सदरमुकाम प्रहरी खोरमा थुनी अमानवीय यातना दिएको थियो । (नेकपा एमाले पर्वत; २०५०: ३४)

२०४६ सालको राजनीतिक परिवर्तनपछि यस जिल्लामा नेकपा (एमाले) एउटा बलियो राजनीतिक शक्तिको रुपमा स्थापित भएको थियो । संसदीय निर्वाचनमा पर्वत जिल्लाका दुवै निर्वाचन क्षेत्रमा उम्मदेवारी दिएको र क्षेत्र नं. १ मा कृष्णप्रसाद भट्टराई विजयी र क्षेत्र नं. २ मा तिलक पराजुली पराजित भएका थिए । २०४९ सालमा भएको स्थानीय निर्वाचनमा जिल्लास्तरमा ९ जना र गाउँस्तरमा ४४० जना उम्मेदवार दिएको र जिल्लास्तरको निर्वाचनमा ४ जना र गाउँस्तरमा २५५ सीटमा विजय प्राप्त भएको थियो । नेकपा मसाल राष्ट्रिय जनमोर्चाको नाउँबाट जि.वि.स. मा १ सीटमा विजयी भएको थियो । लक्ष्मण पुरी विजयी भएका थिए । (सभापति र उपसभापतिमा नेपाली कांग्रेसले विजय प्राप्त गरेको थियो)

अर्को राजनीतिक शक्ति नेपाली कांग्रेसले पनि पर्वतका दुवै निर्वाचनमा उम्मेदवारी दिएको थियो । क्षेत्र नं. १ नवराज गुरुङ पराजित भएका थिए भने क्षेत्र नं. २ मा उमा अधिकारी विजयी भएकी थिइन् । जि.वि.स. मा सभापति, उपसभापति सहित ६ सिटमा विजयी भएको थियो ।

२०५१ को आम निर्वाचनमा नेकपा (एमाले) को तर्फबाट पर्वत क्षेत्र नं. १ मा यमबहादुर गुरुङ र क्षेत्र नं. २ मा देवबहादुर पौडेल क्षेत्री उम्मेदवार भएकोमा क्षेत्र नं. १ मा पराजय र क्षेत्र नं. २ मा विजय प्राप्त भएको थियो । नेपाली कांग्रेसको तर्फबाट क्षेत्र नं. १ मा इन्दु शर्मा र क्षेत्र नं. २ मा उमा अधिकारी उम्मेदवार भएकोमा क्षेत्र नं. १ मा विजय र क्षेत्र नं. २ मा पराजय भएको थियो ।

२०५४ को स्थानीय निर्वाचनमा नेकपा (एमाले) ले ५४ मध्ये ३५ गा.वि.स.मा अध्यक्ष र ३५ गा.वि.स.मा उपाध्यक्ष तथा नेपाली कांग्रेसले १५ गा.वि.स.मा अध्यक्ष र १५ गा.वि.स.मा उपाध्यक्षमा विजय प्राप्त गरेको थियो । स्वतन्त्रमा १ जना अध्यक्ष ने.का. समर्थक र १ जना ( एमाले) समर्थक  थिए । उपाध्यक्षमा २ जना स्वतन्त्रमा जसमध्ये दुवै जना एमाले समर्थक थिए । गा.वि.स. अध्यक्षमा १ जना राष्ट्रिय जनमोर्चा (नेकपा मसाल समर्थक) का थिए । जि.वि.स.मा सभापति, उपसभापति सहित ११ जना एमाले, १ जना ने.का. र १ जना राष्ट्रिय जनमोर्चाका निर्वाचित भए ।

२०५६ को आम निर्वाचनमा नेकपा एमाले विभाजित थियो । नेकपा (एमाले) र मालेको नाउँबाट उम्मेदवारी दिने काम भयो । नेकपा (एमाले)बाट क्षेत्र नं. १ मा जुद्धबहादुर गुरुङ र क्षेत्र नं. २ मा मोतिप्रसाद पौडेल र नेकपा (माले) बाट क्षेत्र नं. १ मा गणेश पौडेल र क्षेत्र नं.

२ मा विकास गौचन तथा राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी उम्मेदवार भएका थिए । नेपाली कांग्रेसको पनि दुवै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको थियो । क्षेत्र नं. १ मा अजुन जोशी र क्षेत्र नं. २ मा डिल्लीराज शर्मा विजयी भए । त्यसपछि नेकपा (एमाले) एकीकरण भयो र नेपाली कांग्रेस विभाजित भयो । नेपाली कांग्रेस विभाजित भएर नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) भयो । राष्ट्रिय जनमोर्चा र जनमोर्चा नेपाल एकीकृत भएर जनमोर्चा नेपाल भयो । फेरि विभाजित भएर जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा र यी दुवै भन्दा पृथक अर्को संगठन नेकपा (एकीकृत) बन्यो ।

नेपाल कम्युनिष्ट पार्टीको फुट र विभाजन भएपछि नेपाल कम्युनिष्ट पार्टीका एक जना नेता मोहन विक्रम सिंहको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीका अर्का व्यक्तित्व निर्मल लामा समेतको सक्रियतामा २०३१ साल नेकपाको चौथो महाधिवेशन गरेर क्रियाशील रहेको नेपाल कम्युनिष्ट पार्टीएको एक घटकको क्रियाशीलता पनि पर्वत जिल्लामा रह्यो । यो पार्टी विभिन्न समयमा विभाजित हुँदै गयो । नेकपा मसाल, नेकपा चौथो महाधिवेशन नेकपा (मसाल), नेकपा (माओवादी), नेकपा (एकताकेन्द्र मसाल) यही पार्टीका विभाजित नाम हुन् । कुनै समयमा पर्वत जिल्लामा सर्वहारावादी श्रमिक संगठन नाम गरेको कम्युनिष्ट पार्टी पनि छिटफुट रुपमा क्रियाशील रह्यो ।

२०३६ साल असारमा भंगरा सिरवारी मेघप्रसाद शर्माको घरमा ५ जनाको भेला भएर ने.क.पा. चौ.म. को कमिटी बनाउने बारेमा छलफल भयो । भेलामा रामप्रसाद भुसाल, टीकाराम भुसाल, लक्ष्मण पुरी, शोभाखर सापकोटा, मेघप्रसाद शर्मा उपस्थिति थिए । २०३६ श्रावणमा फेरि होश्राङ्दीमा अर्को भेला भएर पार्टीको तर्फबाट रामसिं श्रीसको उपस्थितिमा रामप्रसाद भुसाल सचिव रहेको टीकाराम भुसाल, शोभाखर सापकोटा, वीरबहादुर राना, वेदनिधि भट्टराई (मिर्मि-हाल स्याङ्जा) समेत सदस्यहरु रहेको जिल्ला संगठन कमिटी बनेको थियो । पछि हुमन सापकोटा सो कमिटीमा समावेश भए । २०३६/०३७ को जनमत संग्रहताक पर्वत जिल्लामा वामपन्थी पार्टीहरुको तर्फबाट गठन गरेको जनवादी मोर्चामा संलग्न भएर क्रियाशील भएको थियो । उराम, बेउलीबास, त्रिवेणी, होश्राङ्दी, भोर्ले, सरौं, मुडिकुवा आदि ठाउँमा पार्टी संगठन निर्माण गरिएका थिए । अनेरास्ववियुका जिल्ला सम्मेलन गर्ने, किसान सभा गर्ने काम भएका थिए । २०३८ मा टिकाराम भुसाल नेकपा (चौ.मं.) को धौलागिरि अञ्चल कमिटीमा संलग्न भएका थिए साथै अखिल नेपाल युवक संघको केन्द्रीय सदस्यमा समेत मनोनित भएका

थिए । २०३९ सालमा टीकाराम भुसालले नेकपा (मसाल) बाट राजीनामा दिए । त्यसपछि रामप्रसाद काफ्लेले पार्टीको जिम्मेवारी लिएर काम गरेका थिए । २०४० सालमा नेकपा (चौ.म.) विभाजन भयो । मोहनविक्रम सिंहको नेतृत्वमा रहेको समूह नेकपा (मसाल) र निर्मल लामाको नेतृत्वमा रहेको समूह नेकपा (चौ.म.) रह्यो । पर्वतमा नेकपा मसालको प्रभाव रह्यो । २०४२ सालमा नेकपा (मसाल) पनि विभाजित भयो । नेकपा (मशाल) र नेकपा (मसाल) बन्यो । यी दुवै समूहको प्रभाव पर्वतमा रहेको थियो । (टिकाराम भुसारसँगको कुराकानीमा आधारित) वि.सं. २०४२ साल चैत्रमा चौथो राष्ट्रिय सम्मेलन गरेर केन्द्रीय संगठन समितिको निर्माण गरेपछि पार्टी केन्द्रले जिल्लाहरुमा संगठन समितिहरु बनाउने र जनवर्गीय संगठनहरुको निर्माण गर्ने शिलशिलामा पर्वतमा पनि नेकपा (मसाल) को पुनर्गठन हुन पुग्यो । तत् पश्चात जि.सं. समिति जिल्ला भेला र जिल्ला सम्मेलनहरु हुँदै आए । २०४८ असोज ११-१२ मा पार्टीको प्रथम जिल्ला भेला, २०५१ वैशाख ३१ मा प्रथम जिल्ला सम्मेलन, २०५२ भाद्र ३ मा दोस्रो जिल्ला भेला, २०५३ असोज २८ मा तेस्रो जिल्ला भेला, २०५५ साउन २१-२२ मा चौथो जिल्ला भेला, २०५५ कार्तिक १० मा पाँचौं जिल्ला भेला, २०५७ असार ८ मा छैटौं जिल्ला भेला २०५८ साउन १८ मा सातौं र २०६२ मंसिर २४ र २५ मा आठौं जिल्ला भेला सम्पन्न भएका थिए । (इन्द्रकान्त भुसालसँगको कुराकानीमा आधारित) नेकपा मसाल अर्ध भूमिगत पार्टी भएकोले पार्टी कमिटी र जिम्मेवार नेताहरुको नाम प्राप्त भएन । नेकपा (मसाल) ले राष्ट्रियता, जनतन्त्र तथा जनताका प्रगतिशिल र न्यायपूर्ण भागहरुका पक्षमा जनआन्दोलनलाई निरन्तरता दिने नीति अनुरुप क्रियाशीलता देखाउँदै काम गरिरहेको छ । वामपन्थी पार्टीहरुसँग विभिन्न सवालमा संयुक्त भएर संघर्षमा सहभागी हुँदै आएको यो पार्टी २०६२/०६३ को संयुक्त जनआन्दोलनमा जनमोर्चा नेपालको नाउँबाट क्रियाशील थियो ।

२०४८ सालमा पर्वत जिल्लामा नेकपा एकताकेन्द्रको जिल्ला तदर्थ समिति बनेको थियो । २०५१ मा सोही एकताकेन्द्रको नाम परिवर्तन गरी नेकपा (माओवादी) भएको थियो । कृष्ण तिवारी, गुणाखर बस्याल लगायतका युवा कार्यकर्ताहरुले सो पार्टीको नेतृत्व गर्दै आएका थिए । (झलकपाणी तिवारीसँगको अर्न्तवार्तामा आधारित) नेकपा (माओवादी) पार्टी त्यसपछि लगातार पर्वत जिल्लामा क्रियाशील छ । २०६२/०६३ को जनआन्दोलनभन्दा अगाडि सशस्त्र जनयुद्धमा रहेको र भूमिगत ढंगले काम गरेको थियो । यो पार्टीले पार्टी संगठन, सैनिक संगठन, जनसंगठन, मोर्चा संगठन र विभिन्न मञ्चहरु निर्माण गरेर आफ्नो गतिविधिलाई अगाडि

बढाएको थियो । यस्तै अवस्थमा २०६२/०६३ को संयुक्त जनआन्दोलनमा यो पार्टी सहभागी भएको थियो ।

राजा ज्ञानेन्द्रको प्रगिगमनको विरुद्धमा संघर्ष गर्ने क्रममा नेकपा (एमाले), जनमोर्चा नेपाल, नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) खुलारुपमा क्रियाशील रहेका थिए । त्यस्तै नेकपा (माओवादी) भूमिगत रुपमा क्रियाशील थियो । यी नै पार्टीहरुको क्रियाशीलता र संघर्षबाट पर्वत जिल्लामा प्रतिगमन विरुद्ध संघर्ष सफलतापूर्वक सम्पन्न भएको थियो ।

## ३.३ संयुक्त जनआन्दोलनको अवधारणा :

समाजमा शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार भएपछि त्यसको बिरुद्धमा शोषित, उत्पीडित तथा दमन एवं अन्याय, अत्याचारमा पर्नेहरुले संघर्ष र आन्दोलन गर्दछन् । समाजको सामाजिक, राजनीतिक सत्ता संचालन गर्नेहरुले आम जनताहरुमाथि सत्ताको हतियार प्रयोग गरेर शोषण र दमन गर्दछन् । त्यसैले जनताहरु सत्ताधारीहरुको बिरुद्धमा आन्दोलित हुने गर्दछन् । मार्क्सवादी अवधारणा अनुसार समाज वर्गीय हुन्छ । समाजमा दुई किसिमका वर्ग हुन्छन् । एउटा शोषक, उत्पीडक अर्थात् दमन र अन्याय, अत्याचार गर्ने वर्ग र अर्को शेषित, उत्पीडित अर्थात् दमन, अन्याय, अत्याचारमा पर्ने वर्ग । विभिन्न समयमा परिवर्तन हुने विभिन्न समाजमा शोषक, उत्पीडक वर्ग र शोषित, उत्पीडित वर्गको पनि परिवर्तन हुन्छ । एउटा वर्गको हातमा सत्ता हुन्छ र अर्को वर्गमाथि त्यही सत्ता प्रयोग गरेर दमन गरिन्छ । एउटा शासक हुन्छ र अर्को शासित हुन्छ । राजनीतिक सत्ता भनेको एउटा वर्गले अर्को वर्गमाथि शासन गर्न प्रयोग गर्ने हतियार हो । जे भए पनि के कुरा साँचो हो भने सत्ता संचालन गर्ने शासकहरुले सत्ता बाहिर रहेका जनसमुदायमाथि दमन र थिचोमिचो गरेका हुन्छन् । शोषित, पीडित जनसमुदायहरु त्यसको बिरोध गरिरहेका हुन्छन् । दमन र थिचोमिचो चरम सीमामा पुगेपछि त्यसको बिरुद्धमा संघर्ष र आन्दोलनहरु हुन्छन् । आमजनताहरु विभिन्न ढंगले संगठित भएर संयुक्तरुपमा सत्तासीन शासकहरुको बिरुद्धमा आन्दोलन गर्ने तहसम्म पुग्छन् र संयुक्त जनआन्दोलन हुन्छ । जब संयुक्त जनआन्दोलन सशक्त ढंगले अगाडि बढ्दछ तत्कालीन सत्ताधारीहरुको सत्ता ढल्छ र आन्दोलनकारीहरुबाट पूनः सत्ता संचालन हुन्छ । सत्ताधारीहरुको शोषण, दमन, अन्याय, अत्याचारको बिरुद्धमा विभिन्न पार्टीहरु र संघ, संगठनहरुमा आबद्ध

जनसमुदाय एकजुट भएर गरिने आन्दोलन नै संयुक्त जनआन्दोलन हो । नेपालमा जब राजनीतिक चेतनाको विकास हुँदै गयो तब संयुक्त जनआन्दोलनको अबधारणा पनि विकास हुँदै गएको पाइन्छ । २००७ सालको सेरोफेरोमा विकास भएको राजनीतिक चेतनाले त्यतिबेला राणाशासनको बिरुद्धमा आन्दोलन गरेको थियो । २००७ सालको राणा बिरोधी आन्दोलन पनि अघोषित संयुक्त जनआन्दोलन नै थियो । त्यतिबेला नेपाली काँग्रेसले आन्दोलनको नेतृत्व गरेको थियो । भर्खरै गठन भएको नेपाल कम्युनिष्ट पार्टीको त्यो आन्दोलनमा सक्रिय समर्थन थियो । वास्तवमा नेपाल कम्युनिष्ट पार्टीले आफ्नो विज्ञप्ती प्रसारित गरी राणा बिरोधी २००७ सालको क्रान्तिलाई समर्थन मात्र नगरी सफलताको मञ्जिलमा पुऱ्याउने नीति पनि स्पष्टरुपमा लिएको थियो । (क. पुष्पलाल; २०५३: ६२) यसको साथै प्रजापरिषद् पनि त्यो आन्दोलनमा संलग्न थियो । अन्य विभिन्न राजनीतिक व्यक्तिहरु र नागरिक समाजका व्यक्तिहरु (त्यतिबेला नागरिक समाज भनेर घोषणा नगरीए पनि) समेत संलग्न थिए । त्यसैले त्यो संयुक्त जनआन्दोलनको रुप थियो । त्यो आन्दोलन राणा बिरोधी जनक्रान्तिमा परिणत भएको थियो र राणाहरुको धरासायी भएको थियो ।

त्यस्तै २०१७ सालमा राजा महेन्द्रले बहुदलीय व्यवस्था खारेज गरी पंचायती व्यवस्था लागू गरेपछि पंचायती व्यवस्थाको बिरुद्धमा जनताहरुले संघर्ष गरे । पंचायती व्यवस्थाको बिरुद्धमा संयुक्त आन्दोलन गरेर मात्र यसलाई समाप्त पार्न सकिन्छ भन्ने नीति नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट पुष्पलालले अगाडि सारेका थिए । त्यो नीति तत्काल काँग्रेसले अस्वीकार गऱ्यो । पुष्पलाले काँग्रेस र कम्युनिष्ट मिलेर पंचायतको बिरुद्धमा आन्दोलन गर्नुपर्छ भन्दा कतिपय कम्युनिष्ट नेताहरुले पनि यो नीतिको बिरोध गरे र पुष्पलाललाई काँग्रेसको पुच्छर भन्ने जस्ता आरोपहरु पनि लगाए । अन्तिममा २०४६ सालको पंचायत बिरोधी आन्दोलन पुष्पलालको नीति अनुरुप काँग्रेस र कम्युनिष्ट एक भएर लडेर सफल भयो । नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीका ७ वटा घटकहरु मिलेर बनेको बाममोर्चाको नतृत्वमा संचालन भएको जनआन्दोलनले पंचायति व्यस्थालाई समाप्त पाऱ्यो । यो काँग्रेस र कम्युनिष्ट मिलेर गरेको संयुक्त जनआन्दोलन नै थियो । त्यसैले पुष्पलाललाई संयुक्त जनआन्दोलनका प्रणेता पनि भनिन्छ ।

त्यसपछि २०४६ सालको संयुक्त जनआन्दोलनबाट स्थापित बहुदलीय प्रजातन्त्रलाई समाप्त पारी निरंकुश शासन संचालन गर्ने अभ्यास राजा ज्ञानेन्द्रले शुरु गरे । २०५९ साल

असोज १८ गने जननिर्वाचित  सरकार खारेज गरेर आफ्नो स्वेच्छा अनुसार सरकार गठन, विघटन गर्दै २०६१ माघ १९ गते देशको सम्पूर्ण सत्ता आफ्नो हातमा लिए । राजा ज्ञानेन्द्रको यो कदमको बिरुद्धमा संयुक्तरुपमा संघर्ष गर्नुपर्ने आवश्यकता देखा पर्‍यो । देशका सात प्रमखु राजनीतिक पार्टीहरु नेपाली काँग्रेस, नेकपा (एमाले), नेपाली काँग्रस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र बाममोर्चा नेपाल २०६२ बैशाख २५ गते 'राष्ट्रिय संकट समाधानका लागि साझा सहमती र प्रतिबद्धताको घोषणा पत्र' पारित गरेर संयुक्त जनआन्दोलन गर्ने निष्कर्षमा पुगे । सात दलको सम्युक्त जनआन्दोलनको औचित्य **र** आवश्यकतामा जोड दिंदै उक्त घोषणामा भनिएको छ - "माघ १९, २०६१ को शाही घोषणा राजाद्वारा निरंकुश रुपमा प्रत्यक्ष शाशन चलाउन गरिएको घोर अप्रजातान्त्रिक, असंवैधानिक र प्रतिगामी कदम हो । यसका विरुद्व सात राजनैतिक दल शान्तिपूर्ण संयूक्त र सशक्त जनआन्दोलनको आवश्यकतामा सहमत भएका छौं ।" (राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा पत्र)

शान्तिपूर्ण संयूक्त जनआन्दोलनलाई अझै प्रभावकारी वनाउन सशस्त्र जनआन्दोलनमा रहेको ने.क.पा. माओवादीलाई पनि सशस्त्र गतिविधिबाट शान्तिपूर्ण बाटोमा ल्याउनु जरुरी थियो । त्यसको लागि ने.क.पा. एमाले र ने.क.पा. माओवादी वीच रोल्पामा २०६२ कार्तिक ६ गते देखि वार्ता भई ९ गते ६ वुंदे सहमति भयो र उपयूक्त वातावरण तयार हुंदै गयो । शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा जोड दिंदै एमाले माओवादी वीच हस्ताक्षरित संझौता पत्रको बुंदा नं. ४ मा भनिएको छ -"निरंकुश राजतन्त्रका विरुद्व आ-आफ्नो तर्फबाट प्रहार केन्द्रित गर्ने र शान्तिपूर्ण संयुक्त जनआन्दोलन अघि बढाउन आपसी तालमेल गर्न हामी दुवै पार्टी सहमत भयौं ।" (एमाले माओवादी बीच हस्ताक्षरित सम्झौता पत्र) सात दलको नेतृत्वमा जनआन्दोलनका कार्यक्रमहरु संचालन हुंदै गए । त्यस पछि यो संयुक्त जनआन्दोलनलाई अझै व्यापक बनाउनको लागि सशस्त्र जनयुद्धमा रहेको पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सँग शान्तिपूर्ण जनआन्दोलन संचानल गरिरहेका सात राजनैतिक पार्टीहरुले वार्ता र छलफल चलाई २०६२ मंसीर ७ गते १२ बुंदे समझदारी र २०६२ चैत्र ६ गते दोस्रो समझदारी गरे । त्यसपछि २०६२ चैत्र २४ गतेबाट संयुक्त जनआन्दोलन शुरु भयो र १९ दिन सम्म चलेर बैशाख ११ गते निरंकुश राजा ज्ञानेन्द्रको शाही सत्तालाई धराशायी बनायो । यसरी नेपालमा संयुक्त जनआन्दोलनको सफल प्रयोग हुंदै आएको छ । निरंकुशता, तानाशाही र सर्वसत्तावादको

विरुद्धमा लोकतन्त्र, शान्ति र अग्रगमनको लागि सफलतापूर्वक सम्पन्न भएको यो संयुक्त जनआन्दोलन विगतकाभन्दा उन्नतस्तरको र वृहत थियो । निरंकुशता तानाशाही र सर्वसत्तावादले टाउको उठाउन थाल्यो भने चाहे त्यो जुनसुकै राजनैतिक शक्ति र व्यक्तिबाट होस, फेरि पनि संयुक्त जनआनदोलन नेपालमा अपरिहार्य हुन सक्छ ।

## ३.४. आन्दोलनमा पर्वत जिल्लामा घटेका घटनाहरु

१९ दिने संयुक्त जनआन्दोलन २०६२/०६३ पर्वत जिल्लमा अभूतपूर्व रुपमा संचालन भएकोथियो । यो आन्दोलनमा पर्वत जिल्लाका जनताहरुले अभूतपूर्व रुपमा सहभागिता प्रदर्शन गरे । गाउँ-गाउँ, वडा-वडा, टोल-टोल र घर-घरबाट आन्दोलनमा प्रत्येक व्यक्ति सहभागी भए । २०६२ चैत्र २४ गतेबाट शुरु भएर २०६३ बैशाख ११ गतेसम्म संचालन भएको १९ दिने जनआन्दोलनमा मान्छेहरुले कुनै थकावटको महशुस गरेनन् । १९ दिनसम्म पनि मान्छेहरु आत्तिएनन् । निरंकुश शाही सत्ताले गरेको दमनको कुनै प्रवाह गरेनन् । स्वभाविक रुपले पर्वत जिल्लामा पनि यस्तै भयो । शुरु शुरुका दिनहरुभन्दा पछिका दिनहरुमा जनआन्दोलनले गति लियो र चरम उत्कर्षमा पुग्यो । आन्दोलन भनेको संघर्ष हो । संघर्षमा दमन र प्रतिरोधका घटनाहरु हुने गर्दछन् । यो आन्दोलनमा पर्वत जिल्लामा पनि विभिन्न घटनाहरु घटे । आन्दोलनमा पर्वत जिल्लामा घटेका घटनाहरुलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

१. २०६२ चैत्र २४ गतेबाट शुरु हुने आमहड्ताल र अवज्ञाका कार्यक्रमहरुलाई सफल पार्न चैत्र २३ गते साँझ मसाल जुलुश प्रदर्शन गर्ने कार्यक्रम पर्वत जिल्लामा क्रियाशील ४ आन्दोलनकारी पार्टीहरुले राखेका थिए । सो मसाल जुलुश प्रदर्शन गर्ने कार्यक्रममा प्रहरीले हस्तक्षेप गऱ्यो । प्रहरीले हस्तक्षेप गरी कुटपीट गर्दा नेपाली कांग्रेसका सभापति अर्जुनप्रसाद जोशी र दयाराम गौंडेल घाईते भए । गौंडेलको देब्रे खुट्टा फ्याक्चर भयो । सोही दिन अनेरास्ववियु जिल्ला कमिटी पर्वतका अध्यक्ष पदमपाणी शर्मालाई प्रहरीले पक्राउ गरी चण्डीका सशस्त्र प्रहरी गणमा हिरासतमा राख्यो । उहाँलाई १९ दिन सम्म राखेर २०६३ बैशाख १० गते मात्र रिहा गरियो । एमालेका युवा अमर गुरुङ्गलाई समेत कुटपीट गरियो ।
२. २०६२ चैत्र २४ गते आमहड्ताल र अवज्ञाको पहिलो दिन थियो । त्यो दिन पर्वतको जनजीवन पुर्णरुपमा प्रभावित बन्यो । सात राजनैतिक दल (पर्वतमा क्रियाशील ४

राजनैतिक दल)को  नेतृत्वमा र सर्वपक्षिय सहभागितामा जुलुश प्रदर्शन भयो र पर्वत जिल्ला सदरमुकाम कुश्मा बजार परिक्रमा गरी कोण सभामा परिणत भयो ।

३. २०६३ चैत्र २३ गते देखिनै पर्वत जिल्लाका गाउँ-गाउँमा साँझ मसाल जुलुश प्रदर्शन भए । यो क्रम आन्दोलन अवधि भरी कायम रह्यो ।

४. २०६२ चैत्र २६ गते पर्वत जिल्ला सदरमुकाम कुश्मामा विरोध प्रदर्शनमा सहभागी हुन आएका प्रदर्शनकारीहरुलाई सुरक्षाकर्मीहरुले रोकेका थिए । फलेवास मुडिकुवाबाट आएका कार्यकर्ताहरुलाई मोदीवेनीमा, पाङ, खुर्कोटबाट आएका कार्यकर्ताहरुलाई छमर्केमा, पकुवा, राम्जा, तिलाहार, देउपुर लगायतका गा.वि.स.बाट आएका कार्यकर्ताहरुलाई खरेहामा र ठूलीपोखरी, पिपलटारी, कटुवाचौपारी लगायतका गा.वि.स.हरुबाट आएका कार्यकर्ताहरुलाई झाप्रे बगरमा रोकिएको थियो ।

५. २०६२ चैत्र २७ गते ठूलो जनसहाभागितामा कुश्मा बजारमा प्रदर्शन भयो । सुरक्षाकर्मीले जलुश रोक्ने प्रयास गरेपछि ढुंगा हानाहान भयो । मालपोत कार्यालय तोडफोड भयो । उक्त दिन पुत्ला दहन समेत भयो । चैत्र २७ गते पनि सदरमुकाम आउने जनताहरुलाई रोकिएको थियो ।

६. २०६२ चैत्र २८ गते पर्वतमा दल तथा पेशागत संस्थाहरुको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेर पत्रकार ओमप्रसाद उपाध्याय, एमाले जिल्ला सचिव मोतिप्रसाद पौडेललाई कुटपिट गरी घाइते बनायो भने अर्जुनप्रसाद जोशी (नेका. सभापति), विकास लम्साल (एमाले उपसचिव), एमाले जिल्ला कार्यालय सचिव शान्त पौडेल, जिल्ला सदस्य मेघनाथ सुवेदी, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का जिल्ला सभापति नवराज गुरुङ्ग, जनमोर्चा जिल्ला उपाध्यक्ष तेजेन्द्र पौडेल, तरुण दलका जिल्ला उपाध्यक्ष हरि न्यौपाने, नेविसंघका जिल्ला अध्यक्ष लेखनाथ पौडेल, नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला सदस्य टुकलाल शर्मा, एमालेका कार्यकर्ता अम्बर गुरुङ्ग, प्याथोलोजी व्यवसायी मीनप्रसाद शर्मा गिरफ्तार गरिए । एमाले कार्यकर्ता दीपुबाबु गिरी, नेका जिल्ला सदस्य सोमलाल आचार्य लगायत पनि घाइते भए । झडपमा सशस्त्र प्रहरी नायव निरीक्षक महेश्वर काफर सहित ४ सशस्त्र प्रहरी घाइते भएका थिए ।

७. २०६३ बैशाख १ गते पर्वत जिल्लाका लोकतन्त्रबादी महिलाहरुले जिल्लाको इतिहासमा पहिलो पटक वृहत् प्रदर्शन गरेका थिए ।

८. २०६३ बैशाख ३ गते पहिलो पटक हजारौं आदीवासी जनजातीहरुले लोकतन्त्रको पक्षमा प्रदर्शन गरे ।

९. २०६३ बैशाख ३ गते युवाहरुले मुर्दा-जुलुश प्रदर्शन गरे र स्थानीय लोकतन्त्र चोकमा दाहसंस्कार गरे । सोही समयमा फोटो खिच्दै गरेका पत्रकार दुर्गाप्रसाद शर्मालाई सुरक्षाकर्मीले कुटपिट गरे ।

१०. २०६३ बैशाख ४ गते पर्वत जेसीजले मत सर्वेक्षण कार्यक्रम आयोजना गऱ्यो । मत सर्वेक्षणको लागि गरिएको मतदानमा ९०% मत लोकतान्त्रिक गणतन्त्रको पक्षमा देखिएको थियो ।

११. २०६३ बैशाख ५ गते पर्वत जिल्लामा दलितहरुसँग सम्बन्धित विभिन्न संघ, संस्थाहरुको आयोजनामा दलितहरुको वृहत् प्रदर्शन भयो ।

१२. २०६३ बैशाख ८ गते जिल्ला सदरमुकाम कुश्मामा वृहत् प्रदर्शन भयो । प्रदर्शनमा प्रहरीले चर्को दमन गऱ्यो । प्रहरीको लाठी र गोलीबाट धेरै प्रदर्शनकारीहरु घाइते भए । स्थिति तनावपूर्ण बनेपछि साँझ ६ बजेदेखि भोलिपल्ट बिहान ५ बजेसम्म कर्फ्यु लगाइएको थियो । प्रहरीले दर्जनौं सेल अश्रुग्याँस र दर्जनौं राउण्ड हवाई फायर गरेको थियो । प्रदर्शनकारीले प्रतिरोध गर्दा केही सुरक्षाकर्मी समेत घाइते भए । उक्त दिन करीव १०० जना जति प्रदर्शनकारीहरु घाईते भएका थिए । गोली लागेर घाईते हुनेहरुमा व्यापार व्यवसायी गोविन्दनाथ शर्माको छातिमा गोली लागेर पछाडिबाट निस्केको थियो । लुङ्खु देउरालीका उमानाथ अधिकारीलाई टाउकोमा, पर्वत उद्योग वाणिज्य संघका सदस्य नेत्र पराजुलीलाई पाखुरामा गोली लागेको थियो । अन्य गोली लागेका व्यक्तिहरुमा कृष्ण मगर-शिवालय, अमृतनाथ शर्मा-देउपुर देउराली, गणेश पौडेल-ठूलीपोखरी आदि थिए । अरु लाठी र ढुङ्गा प्रहारबाट घाईते भए ।

१३. २०६३ बैशाख ९ गते कुश्मा बजारस्थित तत्कालीन महेन्द्रचोकमा रहेको महेन्द्रको शालिक आन्दोलनकारीले ढलाएर फालिदिए ।

१४. २०६३ बैशाख १० गते पर्वत जिल्लाको इतिहासमा नै सवैभन्दा ठूलो जनपर्दशन भएको थियो ।

१५. २०६३ बैशाख ८ गते सुरक्षाकर्मीको गोली लागेर घाईते भएका गोविन्दनाथ शर्माको २०६३ बैशाख १२ गते विहान उपचारका क्रममा पश्चिमाञ्चल क्षेत्रिय अस्पताल पोखरामा मृत्यु भयो । उनी जनआन्दोलन २०६२/०६३ का शहिद भए ।

### ३.५. जन सहभागीता तथा आन्दोलनको व्यापकता र असर

संयुक्त जनआन्दोलन २०६२/०६३ जनसहभागीताको हिसावले अविस्मरणीय रहेको कुरा नेपालको इतिहासमा अंकित भईसकेको छ । पर्वत जिल्लामा पनि सम्युक्त जनआन्दोलन २०६२/०६३ मा भएको जनसहभागीता पर्वत जिल्लाको हालसम्मको इतिहासमा सवैभन्दा बृहत रहेकोथियो । २०६२ चैत्र २३ गते साँझ मसाल जुलुस प्रर्दशन गरेर शुरु भएको आन्दोलनमा ५०० देखि २५००० सम्मको सहभागीता रह्यो । चैत्र २३ गतेदेखि प्रत्येक दिन आन्दोलनका कार्यक्रमहरु भए । सवैभन्दा ठूलो प्रर्दशन २०६३ बैशाख १० गते भयो र करीव २५००० जनताहरु सहभागी भएका थिए । २०६२ चैत्र २८, ३०, २०६३ बैशाख ८ मा पनि ठूला-ठूला पर्दशनहरु भए । (नेकपा एमाले पर्वत; २०६३: २१-२२) २०६३ बैशाख १० गते आईतबार शाही घोषणाको विरोध र लोकतन्त्रको माग गर्दै पर्वतको सदरमुकाम कुश्मामा हजारौंको जुलुश निस्क्यो । क्षेत्रफलका हिसावले मुलुककै चौथो सानो जिल्ला पर्वतमा निस्केको यो नै हालसम्मको सवैभन्दा ठूलो जनप्रर्दशन भएको स्थानीयवासीहरुले बताए । सदरमुकामका सवैजसो कालो पत्रे सडक जनताले ढाकिएको थियो । जुलुसमा सहभागी हुन दर्जनौ गा.वि.स. हरुबाट महिला र वृद्धहरु समेत सातु र मकै बोकेर आएका थिए ।" (जि.सी; २०६३: ७८) यी भनाईहरुबाट पनि स्पष्ट हुन्छ- संयुक्त जनआन्दोलन २०६२/०६३ मा जनसहभागीता अत्यन्त व्यापक थियो ।

राजा ज्ञानेन्द्रको निरंकुश शाहीसत्ता शुरु भएपछि त्यसको विरुद्धमा जनआक्रोश फैलिएको थियो । त्यो सडकमा पोखिन पाएको थिएन । सात राजनैतिक पार्टीहरुले २०६२ बैशाख २५ गते "राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिवद्धताको घोषणा" तयार गरेर हस्ताक्षर गरेपछि आन्दोलनले गति लिंदै गयो । ने.क.पा. (माओवादी) लाई हतियार विसाएर सहभागी गराउनु जरुरी थियो । त्यसैले सात राजनैतिक दलहरुले नेकपा (माओवादी) सँग वार्ता चलाए । विभिन्न चरणमा विभिन्न राजनैतिक पार्टीहरुले वार्ताहरु चलाए । अन्त्यमा २०६२ मंसीर ७ गते आन्दोलनकारी ७ राजनैतिक दलहरु र नेकपा (माओवादी) वीच १२ बुँदे समझदारी भयो । त्यस्तै २०६२ चैत्र ६गते दोस्रो समझदारी भयो । आन्दोलन अझै व्यापक बन्दै गयो । त्यसपछि

सात राजनैतिक दल र नेकपा (माओवादी) वीच छलफल गरी २०६२ चैत्र २४ गते देखि २७ गते सम्म देशव्यापी आमहताल र अवज्ञाका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो । त्यस अनुसार आन्दोलनको नेतृत्व सात राजनैतिक दलहरुले गर्ने र नेकपा (माओवादी) ले सहयोग र समर्थन गर्ने कुरा भयो । वातावरण आन्दोलित बन्दै गएको थियो । निरंकुश शाही सत्ताले दमनको तयारी पनि गरिरहेको थियो । आन्दोलन शुरु हुनुभन्दा अगाडि देखिनै दमन शुरु भयो । २०६२ चैत्र २३ गते मसाल जुलुश प्रर्दशन भए । मसाल जुलुश प्रर्दशनमा सहभागीहरुलाई दमन गरियो । दमनले आन्दोलनमा 'आगोमा घ्यू थप्ने' काम गऱ्यो । पर्वत जिल्लामा पनि आन्दोलनलाई व्यापक बनाउन राजनैतिक दलहरुले बैठक बसी तयारी गर्ने काम भएको थियो । पर्वत जिल्लामा क्रियाशील ४ वटा राजनैतिक पार्टीहरु नेपाली काँग्रेस, ने.क.पा.(एमाले), नेपाली काँग्रेस (प्रजातान्त्रिक), र जनमोर्चा नेपालको वीचमा ने.क.पा.(एमाले) को पार्टी कार्यालयमा बैठक बसी आन्दोलनको लागि सम्पूर्ण जनसमुदायलाई आव्हान गरिएको थियो । २०६२ चैत्र २३ गते साँझको मसाल जुलुशमा भएको जनसहभागीताले नै आन्दोलनले व्यापकता लिने लक्षण देखिएको थियो । यस अगाडिका आन्दोलनमा भन्दा धेरै जनसहभागीता भएको थियो । त्यसपछि २०६२ चैत्र २४ गतेबाट दिन प्रतिदिन आन्दोलन व्यापक बन्दै गयो । संपूर्ण संस्थाहरु, बजारहरु, गाउँहरु, वडाहरु, टोलहरु, प्रत्येक घरहरु र व्यक्तिहरु आन्दोलित हुँदै गए । यो आन्दोलनले यति व्यापक क्षेत्रमा असर पारेको थियो कि जो कोही पनि आन्दोलनमा सहभागी हुन आतुर थिए । "गाउँ गाउँ, वडा वडा, टोल टोल र घर घरबाट प्रत्येक व्यक्ति सहभागी भएका थिए । १९ दिनको आन्दोलनमा मान्छेहरु थाकेनन्, आत्तिएनन् ।" (नेकपा एमाले पर्वत; २०६३ः २१-२२) यसबाट पनि बुझ्न सकिन्छ कि आन्दोलनले कति व्यापकता लिएको थियो । यसले सवै क्षेत्रलाई असर गरेको थियो- यातायात बन्दबजार, पसलहरु बन्द थिए, प्रत्येक मान्छेले आफ्ना पेशा व्यवसायहरुबाट विदा लिएर आन्दोलनमा लागेका थिए, प्रत्येकले आफ्ना उद्योग धन्दाहरु बन्द गरेका थिए, औजारहरु हतियारहरु थन्क्याएर वा लिएरै आन्दोलनमा भाग लिएका थिए । "यो आन्दोलनमा सवैभन्दा अग्रणी भूमिका पेशागत संघ, संस्थाहरुको रह्यो । पेशाकर्मीहरुको सञ्जालमा आवद्ध शिक्षक, पत्रकार, कानुन व्यवसायी, उद्योगी, व्यापारी, गैर सरकारी संस्थाहरुले छुट्टा छुट्टै रुपमा सशक्त प्रर्दशन गरे । गाउँ-गाउँबाट ठूलो संख्यामा मानिसहरु सदरमुकाम आए र आन्दोलनलाई उचाईमा पुऱ्याए । तीन दिनसम्म हिंडेर सुदुर दक्षिणबाट पनि आन्दोलनका लागि सदरमुकाम आइपुगे गाउँलेहरु । गाउँ-गाउँमा दिन दिनै राँके जुलुशहरु प्रर्दशन भए ।

गाउँमा पनि आन्दोलन नभएको दिन र सहभागीता नहुने घर परिवार भेटिएन आन्दोलन अवधिभर । सवै टोल आन्दोलित बने । व्यवसायीहरुले करौंती बोकेर आन्दोलनमा आए भने खरेहाका कृषकहरुले कृषि औजारहरु सहित प्रर्दशन गरे । शिक्षकहरु विद्यालय बन्द गरेर सवै समय आन्दोलनमा नै लगाए । यहाँसम्मकी टेलरीङ्ग व्यवसायीहरुले समेत छुट्टै प्रर्दशन गरे । पछिल्ला आन्दोलनहरुमा कर्मचारीहरु पनि छुट्टै पहिचानका साथ आन्दोलनमा आए ।" (जि.सी; २०६३: ५७-५८) आन्दोलन सम्पूर्ण क्षेत्रमा फैलियो । आन्दोलनको असर सवै क्षेत्रमा पऱ्यो । आन्दोलनबाट दैनिक जीवनमा पर्ने असरको बेवास्ता गर्दै जनताहरु आन्दोलनमा सहभागी भए । आन्दोलनका प्रत्येक कार्यक्रमलाई सफल पार्न आफ्नो-आफ्नो ठाँउमा प्रत्येक व्यक्ति आफै सृजनात्मक ढंगले लागेका थिए । आन्दोलनमा नयाँ-नयाँ रुप प्रस्तुत गर्न आन्दोलनकारीहरु उत्साहीत थिए । मसाल जुलुश, दोहोरो शङ्ख वजाउने, लाश जुलुश गर्ने, क्रियापुत्री समेत वनेर हिंड्ने, निरंकुशताको पुत्ला जलाउने, निरंकुशताको विरोध गर्दै भजन गाउने, जनजातिहरुको कौरा नृत्य सहितको जुलुश, उल्टो जुलुश प्रर्दशन, निरंकुशताको वैतरणी गर्ने, निरंकुशतालाई थारो भैंसीको रुपमा पुत्ला वनाएर भिरबाट खसाउने, गाउँ गाउँलाई गणतन्त्र क्षेत्र घोषणा गर्ने, लोकतान्त्रिक गणतन्त्र र राजतन्त्रको वीचमा मत सर्वेक्षणको लागि निर्वाचन कविता वाचन, दोहोरी गीत, व्यापारीहरुद्वारा ढक, तराजु, मीटर, लीटर र कैंची सहितको जुलुश र विद्यार्थीहरुद्वारा ढोल वजाएर जुलुश प्रर्दशन जस्ता नयाँ रुपहरु प्रर्दशन गरिएका थिए ।

आन्दोलनको पहिलो दिन सात राजनैतिक दलको नेतृत्वमा जुलुश प्रर्दशन र कोण सभा संपन्न भएको थियो । आम हड्ताल र अवज्ञाका कार्यक्रमहरुलाई सफल पार्न सवै क्षेत्रमा आव्हान गरिएको थियो । आम हड्ताल र अवज्ञाका कार्यक्रमले पर्वतको जनजीवन पूर्ण रुपमा प्रभावित बनेको थियो । आन्दोलनमा सर्वपक्षीय सहभागीता रहेको थियो । आन्दोलनको दोस्रो दिन अर्थात २०६२ चैत्र २५ गते यातायात पूर्णरुपमा ठप्प थियो । संस्थाहरु पूर्णरुपमा बन्द थिए । गाउँ गाउँमा मसाल जुलुशहरु प्रर्दशन भएका थिए । मसाल जुलुशको साथमा दोहोरो शंख वजाउने र निरंकुशताको पुत्ला दहन गर्ने कार्यक्रमहरु भएका थिए । आन्दोलनले क्रमशः व्यापकता लिंदै गएको थियो र सवै वर्ग, तह र तप्का, पेशा र व्यवसायका व्यक्तिहरुलाई असर पारिरहेको थियो । आन्दोलनको असर यस्तो थियो कि यस अगाडिका आन्दोलनमा सहभागी हुन हिच्किचाउने व्यक्तिहरु र विभिन्न संघ संस्थाहरु विज्ञप्ति निकालेर संस्थागत ढंगले वा व्यक्तिगत ढंगले पनि आन्दोलित बनिरहेका थिए । २०६२ चैत्र २५ गते "पेशागत संघ संगठन, नेपाल

शिक्षक युनियन, नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल शिक्षक संघ, प्राध्यापक संघ, जिल्ला वार एकाई, गैरसरकारी संस्था महासंघ, प्रेस चौतारी र प्रेस यूनियन लगायतका संघ संस्थाहरुले विज्ञप्ति प्रकाशित गरी दलहरुको आव्हानमा संचालित आन्दोलनमा सहभागिता जनाउने जानकारी दिएका थिए ।" (जि.सी; २०६३: ५८) आन्दोलनमा सहभागी हुन गाउँ-गाउँबाट जनताहरु बढ्दो संख्यामा सदरमुकाम कुश्माबजार आउने क्रम बढिरहेको थियो । २०६२ चैत्र २६ गते "पर्वत उद्योग वाणिज्य संघले आमहड्तालको समर्थन गर्दै आनदोलनमा सक्रिय सहभागी हुन सवै उद्योगी व्यापारीहरुलाई आग्रह गरेको थियो ।" (जि.सी; २०६३: ५९) अन्य विभिन्न संघ संस्थाहरु पनि सामुहिक रुपमा आन्दोलनमा सक्रिय सहभागी हुने जनाईरहेका थिए । "यसैगरी प्रेस चौतारी पर्वत, नेपाल प्रेस युनियन, नेपाल बुद्धिजिवी परिषद, निवृत्त शिक्षक समाज, मानव अधिकार तथा शान्ति समाज, मानवअधिकार संरक्षण मञ्च, नेपाल राष्ट्रिय दलित मुक्ति संगठन, लोकतान्त्रिक स्रष्टाहरुको संयुक्त मञ्च, प्रगतिशील लेखक संघ, सुनचाँदी व्यवसायी संघ, एनजीओ नेटवर्क, लोकतन्त्र र शान्तिका लागि नागरिक सञ्जाल, दलित जनसमाज नेपाल, आत्मनिर्भर विकास मञ्च, सामुदायिक वन उपभोक्ता महासंघ, धौलागिरि युथ क्लव, उर्जा तथा वातावरणीय विकास संस्था, निर्माण व्यवसायी संघ, कुश्मा शिवालय खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, पर्वत जेसिज, घरेलु तथा साना उद्योग महासंघ, प्रेस नेपाल, नेष्डो नेपाल, इम्प्रेड नेपाल, सेक्रेट नेपाल, नवचेतना सामुदायिक विकास केन्द्र, पर्वत लायन्स क्लव, लगायतका संघ, संस्थाहरुले संयुक्त विज्ञप्ती प्रकाशित गरी आन्दोलनमा सक्रिय सहभागीता जनाउने जानकारी गराएका थिए । (जि.सी; २०६३: ५९) आन्दोलनले प्रहरी प्रशासनलाई पनि प्रभावित पारेको थियो । आन्दोलनलाई रोक्न र दमन गर्न सक्रियता बढाइरहेको थियो । जिल्ला सदरमुकाममा आउने जनताहरुलाई रोक्ने कोशिश गरिरहेको थियो । आन्दोलनकारीहरुले सरकारी कार्यालयहरुमा समेत तालाबन्दी गरेर आन्दोलनलाई सफल पार्न कोशिश गरिरहेका थिए । कार्यालयहरुमा काम ठप्प भएको थियो । २०६२ चैत्र २९ गते आन्दोलनकारीहरुले आधा दर्जन सरकारी कार्यालयहरुमा तालाबन्दी गरेका थिए । आन्दोलनकारीले नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र नेपाल टेलिकम लगायतका कार्यालयहरुमा तालाबन्दी गरेका थिए । (जि.सी; २०६३: ६४) जिल्ला सदरमुकाम बाहिर पनि आन्दोलन व्यापक र प्रभावकारी बन्दै गएको थियो । जिल्लाको दोस्रो बजार पातीचौर क्षेत्रका सरकारी कार्यालयका बोर्डहरु मेटेर नेपाल सरकार लेखिएको र मसाल

जुलुस र पुत्लादहन गरिएको थियो । (जि.सी; २०६३ः ६४) आन्दोलनमा साना बालबालिकाहरु पनि प्रभावित बनिरहेका थिए ।

२०६२ चैत्र ३० गते बुधबार "पर्वतमा साना बालबालिकाहरु पनि स्वतः स्फुर्तरुपमा आन्दोलनमा देखिएका थिए । बालबालिकाहरुले दैनिकरुपमा नारावाजी गर्ने र आफैले पुत्ला बनाएर जलाउने गरेका थिए । यसैगरी पर्वत जेसीज र पर्वत जीप तथा पिकअप व्यवसायी समितिले समेत आन्दोलनमा ऐक्यवद्धता जनाएका थिए । (जि.सी; २०६३ः ६४) आन्दोलन व्यापक बन्दै गएपछि जिल्ला सदरमुकाम कुश्मामा ठूलाठूला प्रदर्शनहरु हुँदै गइरहेका थिए । आन्दोलन व्यापक बन्दै गएपछि पर्वत जिल्लाका महिलाहरु पनि आन्दोलित बने । २०६३ बैशाख १ गते शुक्रबार "लोकतन्त्रको माग गर्दै धौलागिरि अञ्चलको एक जिल्ला पर्वतका महिलाहरुले पहिलो पटक वृहत प्रदर्शन गरेका थिए । (जि.सी; २०६३ः ६५) आन्दोलनमा दलित जातीहरु, जनजातीहरु आफ्नो छुट्टै पहिचानका साथ सहभागी भएका थिए । स्रष्टाहरुले आफ्नो छुट्टै कार्यक्रम कविता वाचन, गीत गायन गरेर आन्दोलनमा समर्थन र सहयोग गरिरहेका थिए । आन्दोलनले बैंकहरुमा असर पारेको थियो । कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकमा कर्मचारीले काम ठप्प पारेर आन्दोलनमा लागेका थिए । प्रशासनको दवावका बाबजुद बैंकहरुमा कुनै काम भएका थिएनन् । आन्दोलनमा गाउँगाउँबाट सदरमुकाम आउने क्रम तिब्ररुपमा बढिरहेको थियो । २०६३ बैशाख ६ गते "लोकतान्त्रिक आन्दोलनमा सहभागिता जनाउन दक्षिण पर्वतका आधादर्जन गाविसबाट हजारौं आन्दोलनकारीहरु सदरमुकाममा आइपुगेका थिए । उनीहरु १८ कोष टाढाबाट दुई दिनसम्म पैदल हिँडेर सदरमुकाम आइपुगेका हुन् । जनताहरु आफै स्वतःस्फुर्त सडकमा आएको यो नै पहिलो पटक हो ।" (जि.सी; २०६३ः ७२) आन्दोलनले व्यापकता लिंदै गएपछि गाउँगाउँमा पनि ठूला ठूला प्रदर्शन भएका थिए । पाङ गाविसमा पाँचहजार जनताहरुले प्रदर्शन गरेका थिए । २०६३ बैशाख ८ गते पर्वत जिल्ला सदरमुकाम कुश्मामा अर्को विशाल प्रदर्शन भयो । यही दिन आन्दोलनकारी र सुरक्षाकर्मीबीच ठूलो झडप पनि भएको थियो । लाठी, गोली, अश्रुग्यास प्रहार भयो, सयौं घाइते भए, यही दिन चलेको गोली लागेर घाइते भएका गोविन्दनाथ शर्माको मृत्यु भयो र शहीद बने । २०६३ बैशाख ९ गते महेन्द्रको सालिक आन्दोलनकारीले ढाले । यो निरंकुशताको प्रतिकको रुपमा रहेको ठानिएको थियो । बैशाख ९ गते सामुदायिक वन उपभोक्ता महासंघको आयोजनामा विशाल जुलुश प्रदर्शन भएको थियो । आन्दोलनले व्यापकता लिदै

गएपछि यसको असर निरंकुश शाही सत्ताका विभिन्न तावेदारहरुमा पनि पऱ्यो । जिविसका मनोनित पदाधिकारी जिल्ला छाड्ने र राजीनामा गर्ने गर्न थालेका थिए । २०६३ बैशाख ९ गते जिविसका सभापति इच्छाबहादुर गुरुङ्ग र उपसभापति ठाकुर भुसालले जिल्ला छाडे भने जिविस सदस्य मीना पुरीले राजिनामा दिएकी थिइन् । २०६३ बैशाख १० गते पर्वत जिल्लाको इतिहासमा विशाल जलुश प्रदर्शन भयो । जिल्ला सदरमुकाममा विरोध प्रदर्शनको लागि जनताहरुको धुइरो लाग्यो । कुश्माका सडकहरु प्रदर्शनकारीहरुद्वारा ढाकिए । निरंकुश शाही सत्ताको बिरोध र लोकतन्त्र र गणतन्त्रको पक्षमा नाराहरु घन्काइएका थिए । शिक्षक र निजामति कर्मचारीहरुले छुट्टाछुट्टै प्रदर्शन गरेका थिए । आन्दोलन व्यापक बन्दै गएपछि यसको असर पर्वतको प्रशासनमा पनि पऱ्यो । जसले गर्दा २०६२ चैत्र २३ गते गिरफ्तार गरिएका अनेरास्ववियू पर्वतका अध्यक्ष पदमपाणी शर्मालाई रिहा गर्न बाध्य भएको थियो र अदालतको रोहवरमा रिहा गरेको थियो । २०६३ बैशाख ११ गते टेलरिङ्ग व्यवसायी र मजदुरहरुले छुट्टाछुट्टै विशाल प्रदर्शन गरेका थिए । आन्दोलन देशव्यापीरुपमा व्यापक बन्दै गएपछि शाही सत्ता धरासायी भएको थियो र २०६३ बैशाख ११ गते राती शाही घोषणा भएको थियो । जुन शाही घोषणाले आन्दोलनकारीलाई सत्ता हस्तान्तरण गरेको थियो ।

### ३.६ आन्दोलनको उत्कर्षता :

पर्वत जिल्लामा संयुक्त जनआन्दोलन २०६२/०६३ अत्यन्त उत्कर्षमा पुगेको थियो । आन्दोलनको लागि अगाडिदेखि नै वातावरण तात्दै गइरहेको थियो । आन्दोलनको लागि विभिन्न व्यक्ति, संघ, संस्थाहरु तयार भइरहेका थिए । वातवारण आन्दोलनमय बन्दै गएपछि विगतसम्म आन्दोलनको विषयमा बोल्न नचाहने व्यक्तिहरु पनि आन्दोलनको पक्षमा बोल्न थालेका थिए । निरंकुशताको पक्षमा लागेका सीमित व्यक्तिहरु बाहेक अरु कोही पनि आन्दोलनको विपक्षमा थिएनन् । निरंकुश शाही सत्ताले जिविसमा मनोनित गरेका व्यक्तिहरु र तीनका आसेपासेहरु मात्र आन्दोलनको विपक्षमा थिए । केही सरकारी हाकीमहरु र सेना, प्रहरीका हाकिमहरु आन्दोलनकारीलाई दमन गर्ने योजना बनाइरहेका थिए । आन्दोलनकारीहरु दमनबाट पछि हट्ने मनिस्थतिमा थिएनन् । सात राजनीतिक दलको आव्हान योजना र तयारीमा नेकपा माओवादीको समर्थन र सहयोगमा आन्दोलनकारीहरु बलिदानीपूर्ण संघर्षमा ज्यानको बाजी

राखेर उत्रेका थिए । दमन भएमा तत्काल त्यसको प्रतिरोध हुन्थ्यो । प्रतिरोध पनि स्वतःस्फुर्त रुपमा हुन्थ्यो । प्रत्येक मान्छे आफ्नो अन्तरमनबाट आन्दोलित बनिरहेको थियो । पर्वत जिल्लामा पनि स्वभाविक रुपमा यस्तै भइरहेको थियो । आन्दोलन शुरु हुँदा खेरी नै उत्साहजनक सहभागिता देखिएको थियो । २०६३ चैत्र २३ गतेको मसाल जुलुशमा देखिएको जनसहभागिता, त्यसमा भएको प्रहरी दमन, दमनको प्रतिरोध र अनेरास्ववियुका जिल्ला अध्यक्ष पदमपाणी शर्माको गिरफ्तारी आदि घटनाले आन्दोलन चर्किएर जाने लक्षणहरु देखिएका थिए । आन्दोलनको शुरुका दिन र त्यही समयमा चैते दशैं जस्तो महत्वपूर्ण चाड परेकोले गर्दा जनसहभागिता कम जस्तो देखिए पनि आन्दोलनकारीको र आन्दोलनको नेतृत्व गर्ने राजनीतिक पार्टीहरु र कार्यकर्ताहरुमा उच्च मनोवल थियो । त्यसैले दिन प्रतिदिन आन्दोलन उत्कर्षता तिर गएको थियो । आन्दोलनलाई अझै उत्कर्षमा पुऱ्याउनको लागि आन्दोलनकारी सात राजनीतिक पार्टीहरु मध्ये पर्वत जिल्लामा कार्यरत नेपाली काँग्रेस, नेकपा (एमाले), नेपाली काँग्रेस ( प्रजातान्त्रिक) र जनमोर्चा नेपाल गरी ४ वटा राजनीतिक पार्टीहरु र नेकपा (माओवादी) बीच समझदारी समेत भएको थियो । यसले गर्दा आन्दोलन अझै उत्कर्षमा पुगेको थियो ।

आन्दोलनको पहिलो दिन सात रानीतिक दलको नेतृत्वमा जुलुशले कुश्मा बजार परिक्रमा गरी कोण सभा गरेका थिए । जुलुशमा जनसहभागिता केही कम थियो । तर त्यस दिनदेखि पछिका जलुशहरुमा क्रमश जनसहभागीता बढ्ने क्रम चलिनै रह्यो । २०६२ चैत्र २६ गते "प्रशासनिक अवरोधको बीच कुश्मामा हजारौंको जुलुसले नारावाजी गर्दै सदरमुकाम परिक्रमा गरेको थियो "। (जि.सी; २०६३: ५९) आन्दोलन उत्त्कर्षता तर्फ अगाडी बडिरहेको कुरालाई संकेत गर्दै चैत्र २७ गते पनि प्रर्दशन व्यापक मात्रामा भयो । "सात राजनैतिक दलले आव्हान गरेको आम हड्तालको चौथो दिन चैत्र २७ गते पर्वतमा ठूलो जन सहभागतिा प्रर्दशन भयो । प्रर्दशनका क्रममा आन्दोलनकारीहरुले केही कार्यालयमा तोडफोड गर्नुका साथै पुत्ला दहन समेत गरेका थिए । स्थानीय व्यपारी शिक्षक, वकिल, पत्रकार, कृषक, मजदुर यातयात व्सायी, कर्मचारी लगायतका संघ संस्थाहरुका प्रतिनिधीहरुको सहभागीता रहेको जुलुसले विहानै सदरमुकाम परिक्रमा गरेको थियो । (जि.सी; २०६३: ६०) २०६२ चैत्र २८ गतेको प्रदर्शनमा अझै व्यापक मात्रामा सहभागीता रह्यो । त्यस दिन प्रदर्शनकारीहरुलाई सशस्त्र प्रहरीवलद्धारा निर्मम लाठीचार्ज गरेर घाईते बनाउने र गिर्फतार गर्ने काम भयो । सुरक्षाकर्मीको यो व्यवहारबाट आन्दोलनकारीहरु आक्रोसित बने र प्रतिरोध समेत गरे । केही

सुरक्षाकर्मीहरु समेत घाईते भए । यो घटनाले पर्वत जिल्लामा मन्द गतिमा चलिरहेको आन्दोलनमा आगोमा घिउ थप्ने जस्तो काम गरेको थियो । दिउँसोको त्यो घटना पछि साँझ जिल्ला सदरमुकाम वरिपरिका गा.वि.स.हरुमा ठूलो संख्यामा उपस्थित भएर प्रदर्शनकारीहरुले मशाल जुलुश प्रदर्शन गरेका थिए । गाउँ गाउँमा आन्दोलन परिचालन समितिहरु गठन गरीएका थिए । गाउँका  आन्दोलनहरु अझै उत्साहजनक भइरहेकाथिए । शिक्षकहरु विद्यालय बन्द गरेर आन्दोलनमा आइरहेका थिए । "जिल्लामा क्रियाशील तीन दर्जन पेशागत संस्थाको सोही [दिन] सम्पन्न भएको भेलाले आन्दोलनमा सक्रिय सहभागीता जनाउने निर्णय गरेको थियो ।" (जि.सी; २०६३ः ६२) २०६२ चैत्र २९ गते मंगलबार "विकट पहाडी जिल्ला पर्वतमा सवै पेशाकर्मिहरु आन्दोलनमा उत्रिए । पेशाकर्मिहरुले हजारौंको संख्यामा चैत्र २९ गते विहान प्रदर्शन गरेका थिए ।" (जि.सी; २०६३ः ६३) आन्दोलनकारी दलहरुको नेतृत्वमा दिउँसो प्रदर्शन भयो । चैत्र २८ को दमनले जनसहभागीतामा कुनै कमी भएन । आन्दोलनकारीले राजतन्त्रका विरुद्धमा चर्का नाराबाजी गरेका थिए । ३० चैत्रमा पनि आन्दोलनकारी दलहरुले विरोध प्रर्दशन जारी राखे । अघिल्ला दिनहरमाभन्दा त्यो दिनको प्रदर्शन अझै ठूलो थियो । २०६२ चैत्र ३१ गते देवीस्थान, खानीगाउँ, मुडिकुवा, ठूलीपोखरी, पिपलटारी, कटुवाचौपारी, तिलाहार, देउपुर, बाजुङ लगायतका ठाउँबाट हजारौंको संख्यामा जनसमुदाय लगायत पेशागत संघ, संगठनको सहभागीता रह्यो । करिब ५००० जनता विरोध कार्यक्रममा सहभागी बने । (नेकपा एमाले पर्वत; २०६३ः १७) कार्यक्रममा गाउँ गाउँबाट आएका जनताहरु घर फर्कदा समेत शसस्त्र प्रहरी गणका सुरक्षाकर्मीहरुले कुटपिट गरेका थिए । यस्तो घटनाले झन् आन्दोलनलाई चर्काउने कुरामा महत्वपुर्ण भूमिका खेलेको थियो । २०६२ चेत्र ३१ गते हजारौं पेशाकर्मिहरुले विशाल प्रदर्शन गरेका थिए । आन्दोलनरत दलहरुले शिवालयचोकमा कोणसभा गरेर कार्यक्रम समापन गरेका थिए । आन्दोलनलाई अझै प्रभावकारी बनाउन आन्दोलनकारी दलहरु र नेकपा माओवादी बीच छलफल चलिरहेको थियो । २०६२ चैत्र ३१ गते राती तिलाहार गा.वि.स. वार्ड नं. ८ दराकमा आन्दोलनरत राजनैतिक पार्टीहरु नेपाली काङग्रेसका सभापति अर्जुनप्रसाद जोशी र सोमलाल आचार्य, नेकपा एमालेका मोतिप्रसाद पौडेल र विकास लम्साल, नेपाली कांग्रेस प्रजातान्त्रिकका नवराज गुरुङ्ग, जनमोर्चा नेपालका तेजेन्द्र पौडेल र कृष्ण वि.क., तथा नेकपा माओवादीका बसन्त कुमार श्रेष्ठ (प्रज्ज्वलन) र बखानसिंह गुरुङ्गसमेतको सहभागीतामा

आन्दोलनलाई कसरी अझै प्रभावकारी बनाउने भन्ने बारेमा छलफल भयो । सदरमुकामको आन्दोलनको नेतृत्व सात राजनैतिक पार्टीहरुको तर्फबाट गर्ने र गाउँगाउँबाट जनसमुदायलाई सदरमुकामको विरोध प्रदर्शनमा जान प्ररित गर्ने काम नेकपा माओवादीले गर्ने सहमति भयो । साथै २०६३ बैशाख १० गते विशाल विरोध प्रदर्शन गर्ने समेत समझदारी भयो । "२०६२ चैत्र ३१ गते राती आन्दोलनलाई शसक्त ढंगले अगाडी बढाउने सन्दर्भमा नेकपा माओवादीको जिल्ला नेतृत्वसँग कुराकानी भयो । नेकपा एमाले, नेपाली काङग्रेस, नेपाली काङग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपालका प्रमुख लगायत पार्टीका अन्य जिम्मेवार कमरेडहरको बीचमा महत्वपुर्ण कुराकानीहर भए । वैशाख १० गते जिल्लामा विशाल जुलुश र विरोध प्रर्दशन गर्ने समझदारी बन्यो ।" (नेकपा एमाले पर्वत; २०६३: १७) २०६२/०६३ को संयुक्त जनआन्दोलनमा महिलाहरुको सहभागीता उल्लेख्य रुपमा रहेको थियो । यो स्थिती देशव्यापी रुपमा देखिएको थियो । पर्वत जिल्लामा पनि २०६३ वैशाख १ गते विभिन्न राजनीतिक पार्टीहरु संग सम्बन्धित महिला संघहरुको आयोजना र नेतृत्वमा विशाल प्रदर्शन भयो । घरघरका महिलाहरु आन्दोलनमा सहभागी भएका थिए । राजा ज्ञानेन्द्रबाट नव वर्षको उपलक्ष्यमा सन्देश दिने काम भएको थियो । जुन सन्देशमा आन्दोलन र लोकतन्त्रको विषयमा कुनै सम्बोधन थिएन । त्यो सन्देशले चलिरहेको आन्दोलन चर्काउने काममा महत्वपूर्ण भूमिका खेल्यो । सर्वत्र त्यसको विरोध भयो । आन्दोलनकारी राजनीतिक पार्टीहरुले त्यसको तत्कालै विरोध गरे । पर्वतका कानून व्यवसायीले सडक बैठक मार्फत राजाको सन्देशको विरोध गरे । जिल्ला सदरमुकाम कुश्मामा आन्दोलनका कार्यक्रमहरु चलिरहेकै बेला गाउँ गाउँमा भने नेकपा माओवादी समेत संलग्न भएर संयुक्त प्रदर्शन गर्ने अभियान पनि चलेको थियो । आठ दलको सहभागीतामा बर्राचौर गा.वि.स.मा हजारौंको प्रदर्शन भएको थियो । २०६३ वैशाख ३ गते आन्दोलनरत दलले पर्वत जिल्ला विकास समितिका मनोनित पदाधिकारीहरुलाई आफ्नो पदबाट राजीनामा गर्न अल्टीमेटम दिएका थिए ।

"आन्दोलनमा सहभागी हुन गाउँ-गाउँबाट जुलुश सहित सर्वसाधरणहरु आउने क्रम तिव्र बन्यो । वैशाख ३ गतेको प्रदर्शनमा गाउँबाट ठूलो समूह सदरमुकाम आइ पुगेको थियो । महिलाहरु बच्चा पिठ्युमा बोकेर सदरमुकाम आइ पुगेका थिए । गाउँमा रातभर राँके जुलुश, दिनभर प्रदर्शन गर्दा पनि सदरमुकाममा आन्दोलन उठाउन राम्जा देउराली, पाङ र खुर्कोट गा.वि.स.बाट सयौं सर्वसाधरणहरु राजतन्त्र विरुद्ध चर्का नारबाजी गर्दै सदरमुकाम आएका

थिए । यस अघि गाउँबाट आउनेलाई सुरक्षाकर्मीले रोके पनि ३ गते भने विना अवरोध सदरमुकाम आईपुगेका थिए । जिल्लाका सवै गा.वि.स.मा दिनदिनै प्रर्दशन भईरहेका थिए ।" (जि.सी.; २०६३: ६७) सोही दिन पर्वत जिल्लामा पहिलो पटक आदिबासी जनजातीहरुले पनि आफ्ना आफ्ना भेषभुषा सहित विरोध प्रदर्शन गरेका थिए । युवाहरुको सहभागीतामा उल्टो हिँड्ने जुलुश आकर्षक ढंगले प्रदर्शन भएको थियो । विविध ढगले विरोध प्रदर्शन गर्ने क्रममा युवाहरुले मुर्दा जुलुश प्रदर्शन गरेका थिए । सोही दिन पत्रकार दुर्गा शर्मा माथि निरंकुशताको प्रतिक मुर्दा जलाइरहेको अवस्थामा तस्वीर खिच्न खोज्दा सुरक्षाकर्मिले बुटले हानेका थिए । त्यसपछि भएको झडपमा प्रहरीले अश्रुग्याँस प्रहार गरेको थियो । आन्दोलन जुझारु ढंगले अगाडी बढेको थियो । आन्दोलन जति दिन लम्बीए पनि जनताहरुमा उत्साह बढि रहेकै थियो । पर्वत जिल्लाका गाउँ गाउँमा जनताहरुले आन्दोलन सशक्त पारिरहेका थिए । उनिहरुले कतै गा.वि.स.लाई नै लोकतान्त्रिक गणतन्त्र गा.वि.स. घोषणा गरे भने कतै निरंकुशता अन्तिम अवस्थामा पुगेको भन्दै वैतरणी गरेका थिए । केही गा.वि.स.मा राजतन्त्रलाई थारो भैसीको रुपमा पुत्ला बनाएर भिरबाट लडाएका समाचारहरु पनि प्राप्त हुन थालेका थिए ।" (जि.सी.; २०६३: ६१) आन्दोलनकारी जनताहरुले मुडिकुवा गा.वि.स.लाई लोकतान्त्रिक गणतन्त्र गा.वि.स. घोषणा गरेका थिए । पिपलटारीमा निरङकुश तन्त्रको वैतरणी गरिएको थियो भने देवीस्थानमा निरङकुशताको प्रतिक थारो भैसीलाई भीरबाट लडाएर निरङकुशताको अन्त्यको कामना गरिएको थियो । २०६३ वैशाख ४ गते पनि आन्दोलनकारी दलहरुको नेतृत्वमा जिल्ला सदरमुकाम कुश्मामा विशाल प्रदर्शन भयो । गाउँ गाउँबाट पनि हजारौंको संख्यामा प्रदर्शनकारीहरु सदरमुकाम आएका थिए । शंकरपोखरी, मुडिकुवा, देवीस्थान, खानीगाउँ गा.वि.स.हरुबाट हजारौं प्रदर्शनकारीहरु सदरमुकामको प्रदर्शनमा सहभागी भएका थिए । कानून व्यवसायीहरुले लालटीन जुलुश प्रदर्शन गरेका थिए । सोही दिन पर्वत जेसिजले मत सर्वेक्षणको लागि निर्वाचन गरेको थियो । उक्त मत सर्वेक्षणमा ९० प्रतिशत  मत लोकतान्त्रिक गणतन्त्रको पक्षमा देखिएको थियो । "कुश्माको लोकतन्त्र चोकमा भएको मतदानमा खसेको कुल १ हजार १ सय २७ मत मध्ये १ हजार ९ मत लोकतान्त्रिक गणतन्त्रको पक्षमा, संवैधानिक राजतन्त्रको पक्षमा १ सय १ मत र ७ मत निरङकुश राजतन्त्रको पक्षमा खसेको थियो  भने १० मत बदर भएको थियो ।" (जि.सी.; २०६३: ७१)  २०६३ वैशाख ५ गते पनि जिल्ला सदरमुकाम कुश्मामा वृहत प्रदर्शन भएको थियो । विभिन्न पार्टीहरुसँग संवद्ध उत्पीडित दलित समुदायका संघ, संस्थाहरको

नेतृत्वमा उत्पीडित दलित समुदायका जनताहरुले ठूलो संख्यामा उपस्थित भएर प्रदर्शन गरेका थिए । "गाउँ गाउँबाट महिला वालवालिका सहित आएका हजारौं प्रदर्शनकारीहरुले समावेशी लोकतन्त्र र संविधान सभाको माग गरेका थिए । चर्को नारबाजी गर्दै सदरमुकाम परिक्रमा गरेको जुलुशमा सहभागी हुन सदरमुकाम वरपरका गाउँबाट आइ पुगेका दलित समुदायले प्रदर्शन गरेको जिल्लाकै ठूलो र शशक्त प्रदर्शन हो । तिलाहार, देउपुर, पिपलटारी लगायतका गा.वि.स.बाट आन्दोलनरत दलका कार्यक्रर्ता र ठूलो संख्यामा सर्वसाधारण समेत कुश्मा आइपुगेका थिए ।" (जि.सी.; २०६३: ७१) आन्दोलनमा पर्वत जिल्लाका स्रष्टाहरु पनि आन्दोलित बनिरहेका थिए । २०६३ बैशाख ५ गते विहान स्रष्टाहरुले कविता वाचन र गित गाएर निरङकुशताको विरोध गरिरहेका थिए । "सभामा दर्जनौ स्रष्टाहरुले आफ्ना रचना मार्फत निरङकुश राजतन्त्रका विरुद्ध कडा प्रहार गर्दै लोकतन्त्रका पक्षमा अभिवयक्ति पस्केका थिए । सोही दिन साँझ लोकतन्त्रका लागि पेशागत संजाल पर्वतको आयोजनामा लोकतान्त्रिक आन्दोलनमा शहादत प्राप्त गरेका सहिद प्रति श्रदाञ्जली अर्पण गर्न दिप प्रज्ज्वलन गरिएको थियो ।" (जि.सी.; २०६३: ७२) पर्वत उद्योग बाणिज्य संघको आयोजनामा सम्पूर्ण उद्योगी व्यवसायीहरु पनि आन्दोलनमा उत्रिएका थिए । जुलुशमा सहभागी हुन सदरमुकामका अतिरिक्त पातीचौर डिमुवा लगायतका बासिन्दा आइपुगेका थिए । २०६३ वैशाख ७ गते पनि विरोध प्रदर्शन जारी नै रह्यो । भंगरा गा.वि.स.बाट जिल्ला सदरमुकाममा आएर सयौ जनताहरुले प्रदर्शन गरेका थिए । जिल्लाका विभिन्न गाउँहरुबाट सदरमुकाम आउने क्रम बढिरहकै थियो । " गैर सरकारी संस्थाहरले टोलटोलमा पुगेर लोकजागरण कार्यक्रम सम्पन्न गरेका थिए ।" (जि.सी.; २०६३: ७४) कटुवाचौपारी गा.वि.स.लाई लोकतान्त्रिक गा.वि.स. घोषणा गरिएको थियो । नेपाल रेडक्रस सोसाइटी पर्वत ले आन्दोलनका क्रममा घाईते भएकाहरुलाई पर्वत जिल्ला अस्पताल र पोखरा निशुल्क पुऱ्याउने निर्णय समेत गरेको थियो ।

२०६३ वैशाख ८ गते जिल्लामा आन्दोलनरत दलहरुको संयुक्त जन आन्दोलन जिल्ला संयोजन समितिको निर्णय अनुसार विशाल प्रदर्शन गर्ने दिन थियो । आन्दोलन उत्कर्षमा पुगिरहेको थियो । वैशाख ८ गतेको विशाल प्रदर्शनको लागि आन्दोलनकारी दलहरुले गाउँ गाउँमा आफ्ना कमिटीहरु र कार्यकर्ताहरुलाई सूचित गरिसकेका थिए । गाउँ गाउँबाट ठूलो संख्यामा जनसमुदाय आएका थिए । " २०६३ वैशाख ८ गते जिल्ला सदरमुकाममा दशौं हजार जनसमुदायको सहभागीता विशाल विरोध प्रदर्शन भयो । प्रदर्शनपछि आयोजित विरोध सभा

चलिरेहेको अवस्थामा प्रहरी हस्तक्षेप भयो । आन्दोलनकारीका तर्फबाट व्यापक प्रतिरोध भयो । विरोध सभा स्थल रणभूमी जस्तो भयो । लोकतान्त्रिक शहिद गोविन्द चोक नामाकरण गरिएको चोक नै त्यो कार्यक्रम स्थल थियो । प्रहरीबाट लाठीचार्ज, अश्रुग्याँस प्रहार, ढुङ्गा मुढा प्रहारको साथै गोली समेत चलाउने काम भयो । दर्जनौ आन्दोलनकारीहरु घाइते बनाउने काम भयो । साँझ ६.०० बजे देखी कर्फ्यु लगाइयो । हामीसंग उपलब्ध विवरण अनुसार ६९ जना घाईते भए । त्यस मध्ये गोली लागि शख्त घाईते गोविन्दनाथ शर्मालाई उपचार गराउने शीलशीलामा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा लगियो । २०६३ वैशाख १२ गते उहाँको निधन भयो । उहाँ शहिद बन्नु भयो । टाउकोमा गोली लागेका उमानाथ अधिकारी पोखरा गई उपचार गरेर फर्किनु भयो । अन्य कतिय घाईतेहरुको उपचार पर्वत जिल्ला अस्पताल र प्राइभेट औषधी पसल तथा क्लिनिकमा भयो । यसरी पर्वत जिल्लाको इतिहासमा २०६३ साल वैशाख ८ गतेको दिन आन्दोलन दमन र प्रतिरोधको हिसाबले तथा शहादतको हिसाबले अविस्मरणीय रह्यो । उक्त दिन प्रहरीको ज्यादतिले सीमा नाघेको थियो । बाटोमा हिड्ने व्यक्तिहरु पिटिए । घरभित्र पसेर समेत प्रहरीले पिट्ने काम गरे । उक्त दिनमा केही प्रहरीहरु समेत घाईते भए ।" ( नेकपा एमाले पवर्त; २०६३: १७-१८) त्यो दिन पर्वत जिल्लाको इतिहासमा आन्दोलन चरम उत्कर्षमा पुगेको दिन थियो । उक्त दिन साँझ ६ बजे देखी भोलीपल्ट विहान ५ बजे सम्म कर्फ्युको घोषणा गरिएको थियो । आन्दोलन चरम उत्कर्षमा पुगे पछि सोही दिन राजा ज्ञानेन्द्रबाट अर्को शाही घोषणा भएको थियो । सो शाही घोषणालाई पनि धोका पुर्ण भन्दै आन्दोलनकारी दलहरुले अस्वीकार गरेका थिए । शाही घोषणले आन्दोलनकारी हरुलाई आक्रोशीत बनाएको थियो भने दमनमा उत्रेको प्रहरी प्रशासन केही शिथिल भए जस्तो थियो । त्यस्तै अवस्थामा २०६३ वैशाख ९ गते बिहानैदेखि पर्वत जिल्ला सदरमुकाम कुश्मामा बिरोध प्रदर्शन शुरु भयो । स्थानीय जनताहरु विभिन्न ठाउँमा भेला भएर अघिल्लो दिन २०६३ बैशाख ८ गतेको प्रहरी प्रशासनको दमनको बिरोध गरिरहेका थिए । दमन गर्ने सुरक्षाकर्मी र उनका परिवारलाई डेराबाट निस्काशित गर्ने समेत चेतावनी दिइरहेका थिए । यसले गर्दा वातावरण तनावग्रस्त बनेको थियो । "बैशाख ९ गते बिहान निस्केको उद्योगी व्यवसायीको जुलुशले बजार परिक्रममा गरेपछि महेन्द्रको शालिक रहेको लोकतन्त्रचोकमा पुगेपछि ८.३० बजेको समयमा डोरीले तानेर शालिक ढालेका थिए ।"(जि.सी.; २०६३: ७६) शालिक ढालेपछि आन्दोलनकारीहरुले खुशी हुँदै शालिक रहेको स्तम्भमा तत्कालै लोकतन्त्रको बोर्ड राखेका थिए ।

त्यो समयमा सुरक्षाकर्मीद्वारा कुनै दमन गर्ने काम भएको थिएन् । सोही दिन सामुदायिक वन उपभोक्ता महासंघ पर्वतले पनि विशाल बिरोध प्रदर्शन गरेको थियो । सोही दिन राती जिविसका मनोनित सभापति, उपसभापतिले जिल्ला छाडेर भागेका थिए । आन्दोलनको उत्कर्षताले गर्दा शाही सत्ता डगमगाएको थियो ।

२०६३ साल बैशाख १० गते आन्दोलनकारी दलहरु नेपाली काँग्रेस, नेपाल (एमाले), नेपाली काँग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल र नेकपा (माओवादी), बीच समझदारी भए अनुसार विशाल बिरोध प्रदर्शन गर्ने कार्यक्रम थियो । आन्दोलनकारी दलहरुले पनि गाउँ गाउँमा सूचना पुऱ्याएका थिए । उनीहरुका कार्यकर्ताहरु गाउँगाउँबाट जनसमुदायलाई नेतृत्व गर्दै आएका थिए । नेकपा (माओवादी) ले पनि गाउँबाट जनसमुदायलाई जिल्ला सदरमुकाम जान प्रेरित गरिरहेको थियो । सोही बमोजिम बिरोध प्रदर्शनको लागि ब्यानर सहित नाराहरु लगाउँदै गाउँगाउँबाट जनताहरु सदरमुकाम कुश्मा आउने क्रम शुरु भयो । सदरमुकामका सडकहरु मान्छेहरुले खचाखच भरिए । जुलुशमा सहभागि हुन दर्जनौं गाउँहरुबाट जनताहरु आएका थिए । जुलुशमा जिल्लाका प्रायजसो गाविसहरुको प्रतिनिधित्व भएको थियो । महिलाहरु, बृद्ध, बृद्धाहरु समेत आएका थिए । बिरोध प्रदर्शन एउटा उत्सव जस्तो बनेको थियो । कतिपय आन्दोलनकारीहरुले उल्टाबाजा र शंक बजाएका थिए । सुरक्षाकर्मीका परिवार समेत पहिलोपटक ब्यानर लिएर सहभागी भएका थिए । कास्की जिल्लाका लुम्ले र सल्यान गाविसबाट समेत प्रदर्शनकारीहरु सहभागी भएका थिए । पर्वत जिल्लाको इतिहासमा यो नै सबैभन्दा ठूलो प्रदर्शन थियो । शिक्षकहरुले र निजामती कर्मचारीहरुले पनि छुट्टाछुट्टै प्रदर्शन गरे । निजामती र कर्मचारीहरुको जलुशमा अधिकृतस्तरका कर्मचारीहरु पनि पहिलो पटक सहभागी भएका थिए । २०६३ साल बैशाख १० गते पर्वतको आन्दोलनको उत्कर्षताको दिन थियो । बिशाल जुलुश प्रदर्शन र ठूलो संख्यामा जनसमुदायको उपस्थिति भए पनि कुनै झडप भएन । प्रदर्शन शान्तिपूर्ण रह्यो । निरंकुश राजतन्त्रको बिरोध र लोकतान्त्रिक गणतन्त्रको पक्षमा पर्वतमा भएको यो सबैभन्दा ठूलो प्रदर्शान थियो र आन्दोलन र आन्दोलनकारी दलहरु प्रति जनसमर्थनको संकेत पनि थियो । त्यस पछि २०६३ बैशाख ११ गते पनि बिरोध प्रदर्शन जारी रह्यो । विभिन्न संघ, संस्थाहरुले आ-आफ्नो पहिचान साथ बिरोध प्रदर्शान गरिरहेका थिए । ११ गते टेलरिङ्ग व्यवसायीहरुले र मजदुरहरुले पनि आ-आफ्नो पहिचान साथ बिरोध प्रदर्शनमा उत्रेका थिए । टेलरिङ्ग व्यवसायीहरुले गीत गाएर र कैंची सियो लिएर प्रदर्शन गरेका थिए । आन्दोलनकारी

दलहरुले पनि बिरोध प्रदर्शनलाई जारी नै राखेका थिए । बैशाख १२ गते अर्को विशाल बिरोध प्रदर्शनको तयारी हुँदै थियो । तर बैशाख ११ गते राती ११.१५ बजे नै राजा ज्ञानेन्द्रबाट शाही घोषणा भयो । आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा देश चलाउने जिम्मेवारी घोषणा भयो र आन्दोलन समाप्त भयो । निरंकुश राजतन्त्र धरासायी भयो । बैशाख १२ गते शहिद गोविन्दनाथको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार गराउँदा गराउँदै निधन भएकोले सो दिन बिजय जुलुश हुन सकेन । शहिद गोविन्दनाथ शर्माको शवयात्रा गरेर दाह संस्कार भयो । २०६२।०६३ को संयुक्त जनआन्दोलनमा पर्वत जिल्लामा भएको यो शहादतले जिल्लामा भएको आन्दोलनको उत्कर्षताको संकेत गरेको थियो भने पर्वत जिल्लालाई चर्चामा ल्याउने काम समेत भएको थियो ।

# परिच्छेद-चार

# संयुक्त जनआन्दोलन २०६२/०६३ मा पर्वत जिल्लाका राजनीतिक पार्टीहरुको भूमिका

## ४.१ पर्वत जिल्लामा कार्यरत राजनीतिक पार्टीहरुको सामान्य परिचय :

वर्तमान अवस्थामा पर्वत जिल्लामा विभिन्न राजनीतिक पार्टीहरु क्रियाशील छन् । नेकपा (एमाले), नेकपा (माओवादी), नेकपा (मसाल), नेकपा (एकता केन्द्र-मसाल), नेकपा (एकीकृत), नेकपा (माले), जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा नेपाल, आदि कम्युनिष्ट पार्टीका विभिन्न घटकहरु हुन् । यी मध्ये जनमोर्चा नेपाल, नेकपा (एकता केन्द्र मसाल) को खुला मोर्चा हो र राष्ट्रिय जनमोर्चा नेकपा (मसाल) को खुला मोर्चा हो । त्यस्तै नेपाली काँग्रेस यस जिल्लामा क्रियाशील अर्को महत्वपूर्ण पार्टी हो । यो पार्टी संयुक्त जनआन्दोलन २०६२/०६३ मा दुई समूहमा विभाजित थियो । एउटा समूहको नाम नेपाली काँग्रेस र अर्को समूहको नाम नेपाली काँग्रेस (प्रजातान्त्रिक) थियो । यी दुवै समूहहरु मिलेर नेपाली काँग्रेस नै बनेको छ । २०६२/०६३ को संयुक्त जनआन्दोलनमा नेतृत्वदायी भूमिका खेल्ने पार्टीहरु यीनै हुन् । २०६२/०६३ को संयुक्त जनआन्दोलनमा सहभागी नभएको तर बहुदलीय व्यवस्थाको स्थापनापछि क्रियाशील रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी पनि पर्वत जिल्लामा कार्यरत पार्टी हो । यो पार्टी विभाजित भएर तीन समूहमा बाँडिएकोछ । राष्ट्रिय प्रजातन्त्र पाटी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र जनशक्ति पार्टी तीन समूहहरु हुन् । यो पार्टी पुराना पञ्चहरुको बाहुल्यता भएको पार्टी हो । यी पार्टीहरु देशमा बहुदलीय व्यवस्था कायम रहेको अवस्थामा लोकतान्त्रिक अधिकारको उपयोग गरी फाइदा लिन्छन् । तर बहुदलीय व्यवस्था र लोकतन्त्रमाथि संकट परेको बेलामा निरंकुशता र लोकतन्त्र बिरोधी पक्षसँग मिलेर सत्तामा हालीमुहाली गर्ने यिनीहरुको चरित्र देखिन्छ । त्यसर्थ लोकतान्त्रिक आन्दोलनमा यिनीहरुको कुने भूमिका हुँदैन र भएको छैन । त्यसकारण यहाँ यी पार्टीहरुको थप चर्चा गरिरहनु पर्ने आवश्यकता छैन । २०६२/०६३ को संयुक्त जनआन्दोलन हाँक्ने सात राजनीतिक पार्टीहरु मध्ये नेमकिपा, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) पर्वत जिल्लामा कार्यरत छैनन् । संयुक्त बाममोर्चाको एक घटक नेकपा (माले) ले संविधान सभा निर्वाचनमा उम्मेदवारी दिए पनि त्यती सक्रियता देखिएको छैन । संयुक्त

बाममोर्चाका अन्य घटकहरु पनि यहाँ छैनन् । यहाँ स्पष्ट पार्न खोजिएको कुरा २०६२/०६३ को संयुक्त जनआन्दोलनमा भूमिका खेलेको आधारमा ती राजनीतिक पार्टीहरुको परिचय नै हो । यसरी त्यो आन्दोलनमा भूमिका खेलेको आधारमा हेर्दा नेपाली काँग्रस, नेकपा (एमाले), जनमोर्चा नेपाल खुला रुपमा कार्यरत आन्दोलनको आव्हान गर्ने र नेतृत्वदायी भूमिका खेल्ने पार्टीहरु हुन् । नेपाली काँग्रेस (प्रजातान्त्रिक) नेपाली काँग्रेसमा नै सम्मिलित भइसकेकोले छुट्टै चर्चा गरिरहनु परेन । जनमोर्चा नेपाल विभाजित भएर जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा र नेकपा एकीकृत गरी तीन समूहमा बाँडिए पनि जनमोर्चा नेपाल शीर्षकमा नै चर्चा गरिएको छ । खुला रुपमा क्रियाशील नरहेको तर २०६२/०६३ को संयुक्त जनआन्दोलनमा जनसहभागिता जुटाउन महत्वपूर्ण भूमिका खेलेको नेकपा (माओवादी) पनि यहाँ चर्चा गर्नुपर्ने एउटा महत्वपूर्ण पार्टी हो । त्यसकारण संयुक्त जनान्दोलन २०६२/०६३ मा पर्वत जिल्लामा महत्वपूर्ण भूमिका खेल्ने राजनीतिक पार्टी नेपाली काँग्रेस, नेकपा (एमाले), जनमोर्चा नेपाल र नेकपा (माओवादी) को सामान्य परिचय बारे यहाँ चर्चा गरिएको छ ।

### ४.१.१ नेपाली काँग्रेस :

नेपालमा राणा बिरोधी जनचेतनाको विकास र भारतमा अँग्रेज बिरोधी आन्दोलनको प्रभावले गर्दा नेपालमा जहाँनिया निरंकुश राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्ने उद्देश्यले नेपाली काँग्रेसको स्थापना भएको थियो । २००६ सालमा नेपाली काँग्रेस गठन भएको हो । यो पूँजीबादी पार्टी हो । यो पार्टीले राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई आफ्नो घोषित आदर्श मान्दछ । खास गरेर विशेश्वर प्रसाद कोइरालाको विचार र चिन्तनद्वारा यो पार्टी निर्देशित भएर चलेको मानिन्छ । विशेश्वर प्रसाद कोइरालाको विचार र चिन्तनलाई ठीक ढंगले अनुशरण गर्न नसकेको आलोचनाबाट यो पार्टी मुक्त छैन । त्यही पार्टीका कार्यकर्ताहरु पनि यस्ता आलोचना गर्दछन् । यो पार्टीले २००७ सालमा राणा शासनको बिरुद्धमा भएको आन्दोलनको नेतृत्व गरेको थियो । २०१५ साल फाल्गुण ७ गते भएको नेपालको पहिलो आमनिर्वाचनमा जम्मा १०९ मध्ये ७४ सीट ल्याएर दुईतिहाई बहुमतको सरकार चलाएको थियो । उक्त पार्टीका नेता विशेश्वर प्रसाद कोइराला प्रधानमन्त्री भएका थिए । २०१७ साल पौष १ गते राजा महेन्द्रले सैनिक 'कू' गरेर बहुदलीय व्यवस्थालाई समाप्त पारेपछि विशेश्वर

प्रसाद कोइरालालाई गिरफ्तार गरेर जेलमा राखियो । नेपाली काँग्रेस प्रतिबन्धित भयो । त्यसपछि नेपाली काँग्रेसले विभिन्न ढंगले पञ्चायतको बिरुद्धमा संघर्ष गऱ्यो । पञ्चायत बिरुद्धको अन्तिम निर्णायक आन्दोलन २०४६ साल फाल्गुण ७ गतेबाट शुरु भएको थियो । त्यो आन्दोलनमा संयुक्त बाममोर्चासँग मिलेर नेपाली काँग्रेसले आन्दोलन संचालन र नेतृत्व गरेको थियो । त्यसपछि २०४७ मा नेपाल अधिराज्यको संविधान २०४७ निर्माण गर्ने काममा नेपाली काँग्रेसले भूमिका खेल्यो । २०४८ सालको आमनिर्वाचनमा २०५ निर्वाचन क्षेत्र मध्ये ११० सीटमा बिजय प्राप्त गऱ्यो र पूर्ण बहुमतको सरकार चलायो । त्यो पार्टीका नेता गिरिजाप्रसाद कोइरला प्रधानमन्त्री बने । तर पार्टी भित्रको आन्तरिक द्वन्द्व र मनमुटावका कारण २०५१ सालमा संसद विघटन गरेर मध्यावधि निर्वाचन गराइयो । नेपाली काँग्रेस संसदमा दोस्रो ठूलो पार्टीको रुपमा निर्वाचित भयो र प्रतिपक्षमा बस्यो । त्यसपछि २०५६ मा भएको तेस्रो आमनिर्वाचनमा ११३ सिटमा बिजयी भएर पुनः पुर्ण बहुमतको सरकार बनायो । पहिला कृष्णप्रसाद भट्टराई, त्यसपछि गिरिजाप्रसादा कोइराला र त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री बने । पार्टी भित्रको आन्तरिक विवाद र द्वन्द्व चर्किंदै जाँदा २०५८ सालमा नेपाली काँग्रेस विभाजित भयो । नेपाली काँग्रेसबाट फुटेर अर्को पार्टी नेपाली काँग्रेस (प्रजातान्त्रिक) बन्यो । नेपाली काँग्रेसको नेतृत्व गिरिजाप्रसाद कोइरालाले र नेपाली काँग्रेस (प्रजातान्त्रिक) को नेतृत्व शेरबहादुर देउवाले गरे । नेपाली काँग्रेस विभाजित भएकै समयमा देशमा बहुदलीय व्यवस्थामाथि संकट आइ पऱ्यो । राजा ज्ञानेन्द्रले जन निर्वाचित प्रधानमन्त्रीलाई अपदस्त गरेर शासन आफ्नो हातमा लिए । देशमा प्रतिगमन भयो र राजा ज्ञानेन्द्रको निरंकुश शासन शुरु भयो । नेपाली काँग्रेस र नेपाली काँग्रेस (प्रजातान्त्रिक) दुवै अन्य पार्टीहरुसँग मिलेर राजा ज्ञानेन्द्रको निरंकुश शासनको बिरुद्धमा संयुक्त आन्दोलन गर्नुपर्ने निष्कर्षमा पुगे र संयुक्त जनआन्दोलनको आव्हान गर्ने संचालन गर्ने र नेतृत्व गर्ने काममा महत्वपूर्ण भूमिका खेले । संयुक्त जनआन्दोलनको सफलता पछि यही दुवै पार्टी एकीकृत भएर एउटै पार्टी नेपाली काँग्रेस बनेको छ । यो पार्टी देशको एउटा पुरानो पार्टी र बहुदलीय प्रजातन्त्रको लागि संघर्षरत पार्टी हो । विशेश्वर प्रसाद कोइराला, सुवर्ण शम्शेर जंगबहादुर राणा, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला यो पार्टीलाई हाँक्ने मुख्य मुख्य नेता हुन् । नेपाली काँग्रेसको पहिलो सभापति विशेश्वर प्रसाद कोइराला त्यसपछि कृष्णप्रसाद भट्टराई र त्यसपछि गिरिजाप्रसाद कोइराला भए । नेपाली काँग्रेस विभाजित भएका बेला नेपाली काँग्रेस

(प्रजातान्त्रिक) को सभापति शेरबहादुर देउवा भएका थिए । २००६ सालमा विधिवत स्थापना भएको यो पार्टीले हालसम्म ११ वटा महाअधिवेशन गरिसकेको छ ।

स्थापना कालदेखि नै संवैधानिक राजतन्त्रलाई स्वीकार्ने नीति लिएको यो पार्टीले २०६४ सालमा आएर संवैधानिक राजतन्त्र भन्ने शब्दहरु आफ्नो विधानबाट हटायो र राजतन्त्र निरपेक्ष पार्टी बन्यो । त्यसपछि पार्टीको भित्री दवाव र बाह्य वातावरणको प्रभावले यो पार्टी पनि गणतन्त्रात्मक पार्टीको रुपमा देशको राजनीतिक रंगमञ्चमा देखिएको छ ।

पर्वत जिल्लामा पनि नेपाली काँग्रेस २००७ सालको क्रान्ति कालदेखिनै अस्तित्वमा छ । २००७ सालको क्रान्तिमा पर्वत जिल्लामा अन्य पार्टीहरु क्रियाशील थिएनन् । नेपाली काँग्रेसले नै पर्वत जिल्लामा क्रान्तिको नेतृत्व गरेको थियो । कालिभक्त पन्त, कृष्णबहादुर जोशी, अतिप्रसाद गौचन, मोहनबहादुर मल्ल त्यतिबेला पर्वतमा नेपाली काँग्रेसको नेतृत्व गर्ने व्यक्तिहरु थिए । नारायणप्रसाद जोशी, कहिले पर्वत कहिले तनहुँतिर क्रियाशील थिए । त्यतिबेला पर्वत जिल्ला नामाकरण थिएन । पश्चिम ४ नं. स्याङ्जा नुवाकोट अन्तरगत पर्वतको धेरै भू-भाग पर्दथ्यो । २०१५ सालको निर्वाचनमा डिकबहादुर गुरुङ्ग (होस्राङ्दी) निर्वाचित भएर सांसद बनेका थिए । मोहनबहादुर मल्ल (मल्लाज) नेपाली काँग्रेसको तर्फबाट उम्मेदवार भएर पराजित भएका थिए । २००७ सालदेखि २०१६ सालसम्म पर्वत जिल्लामा नेपाली काँग्रेस कुश्मा शाखाको कार्यभार कृष्णबहादुर जोशीले सम्हालेका थिए । २०३२ सालमा इन्दु शर्माको अध्यक्षतामा नेपाली काँग्रेस जिल्ला समिति बनेको बुझिन्छ । २०४६ सालको जनआन्दोलनको सफलतापछि नारायणप्रसाद जोशीको अध्यक्षतामा नेपाली काँग्रेस पर्वत जिल्ला कार्यसमिति बनेको थियो । त्यसपछि नेपाली काँग्रेस जिल्ला कायसमितिको सभापति लगातार अर्जुनप्रसाद जोशी भएका छन् । २०६२/०६३ को संयुक्त जनआन्दोलनसम्म अर्जुनप्रसाद जोशीको नेतृत्वमा नेपाली काँग्रेस क्रियाशील रहेको थियो । नेपाली काँग्रेस विभाजन भएपछि नेपाली काँग्रेस (प्रजातान्त्रिक) को जिल्ला कार्यसमिति पर्वतको सभापति नवराज गुरुङ्ग भएका थिए । जिल्ला सभापति भएकै अवस्थामा अर्जुनप्रसाद जोशी केन्द्रीय सदस्यमा मनोनित भएपछि उपसभापति लालकाजी गुरुले कार्यवाहक सभापति भएर काम गरेका थिए । नेपाली काँग्रेस एकीकृत भएपछि अर्जुनप्रसाद जोशी केन्द्रीय सदस्य र नवराज गुरुङ्ग जिल्ला कार्यसमितिको सभापतिमा क्रियाशील छन् ।

२०६२/०६३ को संयुक्त जनआन्दोलनसम्म नेपाली काँग्रेस पर्वत जिल्लामा एउटा सशक्त पार्टीको रुपमा क्रियाशील रहेको थियो र छ । पर्वत जिल्लाको ठूलै जनमत नेपाली

काँग्रेसको समर्थक छ । जिल्लामा ५५ गाविस मा नेपाली काँग्रेसको सम्पर्क र संगठन छ । विभिन्न भातृ संगठनहरु नेपाल विद्यार्थी संघ, नेपाल किसान संघ, नेपाल महिला संघ, तरुण दल, नेपाल भूतपूर्व सैनिक संघ, लगायत नेपाली काँग्रेसको नीति निर्देशन अनुसार संचालित छन् । उदारवादी बुर्जुवा लोकतन्त्रको पक्षमा यो दृढतापुर्वक उभिन्छ । त्यसपछि यो पार्टी यथास्थितीमा नै रमाउँछ । अन्तराष्ट्रिय बुर्जुवा पुँजीवादी राजनीतिक शक्तिहरुको यो पार्टीलाई सर्मथन र सहयोग हुने हुनाले राष्ट्रिय राजनीतिमा पनि यसको पकड बलियो छ ।

### ४.१.२ नेपाल कम्युनिष्ट पार्टी (एमाले) :

नेपाल कम्युनिष्ट पार्टी एमाले २०४७ साल पौष २२ गते नेपाल कम्युनिष्ट पार्टी (माले) र नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) को एकता पछि बनेको पार्टी हो । त्यस भन्दा अगाडी नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) र नेपाल कम्युनिष्ट पार्टी (माले) अलग्गै आ-आफ्नै ढंगदे क्रियाशील थिए । नेपालका कम्युनिष्ट घटकहरु मध्ये एउटा प्रभावशाली घटक हो । २००६ साल वैशाख १० गते (सन् २२ अप्रिल १९४९) मा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीमा फुट र विभाजन भएपछि नेपालमा कम्युनिष्ट पार्टीका धेरै समूहहरु बने । यिनै विभिन्न समूहहरु गठन, विघटन, पुनर्गठन र एकीकृत बन्ने प्रकृयामा नेकपा (एमाले) बनेको हो । यो पार्टीले आफुलाई नेपाली सर्वहारा श्रमजीवि वर्गको राजनीतिक प्रतिनिधी संस्था मान्दछ । यो पार्टीको मार्गदर्शक सिद्दान्त मार्क्सवाद लेनिनवाद हो , यसको तत्कालीन न्यूनत्तम लक्ष्य जनताको बहुदलिय जनवाद हो र अधिकतम् लक्ष्य समाजवाद र साम्यवाद हो । यो पार्टीले आफुलाई २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको उत्तराधिकारी ठान्दछ । २००६ सालमा पुष्पलाल श्रेष्ठ, निरन्जन गोविन्द वैद्य, नारायण विलास जोशी, नरबहादुर कर्माचार्य र दुर्गा देवी यी ५ जनाको विचमा नेपाल कम्युनिष्ट पार्टी गठन भएको हो । पुष्पलाल श्रेष्ठ संस्थापक महामन्त्री हुन् । नेपाल कम्युनिष्ट पार्टीले २००७ सालको क्रान्तिमा महत्वपुर्ण भूमिका खेलेको थियो । तर नेपाली कांग्रेसको जस्तो देशव्यापी संगठन विस्तार नभएकोले २००७ सालको क्रान्तिमा प्रमुख नेतृत्वदायी भूमिका खेल्न सकेको थिएन । २००७ साल को क्रान्तिमा नेपाली काङग्रेसको सम्झौता परस्त नितिको विरुद्धमा नेपाल कम्युनिष्ट पार्टी उभिएको थियो । २०१५ सालको आम निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीले ४ सीटमा विजय प्राप्त गरेको थियो ।

नेपाल कम्युनिष्ट पार्टीको पहिलो महाधिवेशन ३० जनवरी १९५४ तद् अनुरुप २०१० माघ १७ मा भूमिगत रुपमा पाटनमा उद्घाटन भई काठमाण्डौं र पाटनमा गरी २ दिन सम्म चलेर सम्पन्न भएको थियो । पहिलो महाधिवेशनले मनमोहन अधिकारीलाई महासचिव चुनेको थियो । २००८ साल देखी २०१२ साल सम्म कम्युनिष्ट पार्टी माथि प्रतिवन्ध लगाइएको थियो । नेपाल कम्युनिष्ट पार्टीको दोस्रो महाधिवेशन २०१४ साल जेष्ठ १५-२५ सम्म काठमाण्डौंको फोहरा दरबारमा भएको थियो । दोस्रो महाधिवेशनले केशर जंग रायमाझीलाई महासचिव चुन्यो । यही नेतृत्वले २०१५ सालको आम निर्वाचनको सामना गर्‍यो । २०१७ साल पुस १ गते संसद विघटन गरी पुष २२ गते दल माथि प्रतिबन्द लगाएर राजा महेन्द्रले निरङकुश शासनको सुरुवात गरे । नेकपा का तत्कालीन महासचिव केशर जंग रायमाझीले त्यसको स्वागत गरे । तर पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको पोलिटब्युरो ले २०१७ साल पुस १ गतेको कदमको विरोध गर्‍यो । त्यसपछि २०१७ साल फाल्गुणमा भारतको दरभंगामा नेपाल कम्युनिष्ट पार्टीको प्लेनम (विस्तारीत बैठक) बस्यो । प्लेनमले ९ महिना भित्र महाधिवेशन बोलाउने निर्णय गर्‍यो । केन्द्रीय नेतृत्वबाट महाधिवेशन बनोलाइए पछि २०१८ साल भदौमा अन्तर जोन सामञ्जस्य समिति गठन भयो र २०१९ साल वैशाख ४-१५ मा नेकपा को तेस्रो महाधिवेशन सम्पन्न भयो । तेस्रो महाधिवेशन पछि नेकपामा फुट र विभाजन शुरु भयो । यो फुट र विभाजन पछि नेपालमा २२ वटा सम्म कम्युनिष्ट समूहहरु बने । यिनै विभिन्न कम्युनिष्ट समूहहरु मध्ये पुर्व कोशी प्रान्तीय कमिटीसँग सम्वद्ध झापा जिल्ला कमिटीले विद्रोह गरी सशस्त्र सघर्ष गर्ने निर्णय गरे पछि त्यसले नेपालको कम्युनिष्ट आन्दोलनमा नयाँ मोड ल्यायो । झापा संघर्ष पछि २०३२ सालमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) गठन भयो । यसमा मुक्तिमोर्चा, क्रान्तिकारी कम्युनिष्ट संगठन समिति (माले) गण्डकी, दाङको सन्देश समूह सम्मिलित भएर २०३५ साल पुस ११ मा नेकपा (माले) गठन भयो । सी.पी. मैनाली यो पार्टीको महासचिव बने । नेकपा माले गठन भएपछि अन्य विभिन्न कम्युनिष्ट समूहहरु सम्मिलित हुँदै गए । समय क्रमममा यो पार्टी नेपाली कम्युनिष्ट आन्दोलनको एउटा प्रभावशाली पार्टीको रुपमा विकसित भयो । पछि २०३९ सालमा झलनाथ खनाललाई महासचिव बनाइयो । त्यसपछि नेपाल कम्युनिष्ट पार्टी (माले) द्वारा २०४६ साल भदौ ९-१४ मा नेपाल कम्युनिष्ट पार्टीको चौथो महाधिवेशन भयो । चौथो महाधिवेशनले मदन कुमार भण्डारीलाई महासचिवमा चयन गर्‍यो । मदन कुमार भण्डारीको नेतृत्वमा पञ्चायत विरोधी

संघर्षमा संयुक्त वाममोर्चा गठन गर्ने र नेपाली कांग्रेस संग मिलेर निरङकुश तानाशाही पंचायती व्यवस्था समाप्त पार्ने कुरामा सहमती गरी जन आन्दोलन संचालन भयो । २०४६ साल फाल्गुण ७ गतेबाट शुरु भएको आन्दोलन २०४६ साल चैत्र १६ गते सम्म चल्यो र पंचायतलाई समाप्त पार्न सफल भयो ।

उता कम्युनिष्ट आन्दोलनकै फुट र विभाजनकै शिलशिलामा बनेको कम्युनिष्ट पार्टी नेपाल कम्युनिष्ट पाटी (मार्क्सवादी) आफ्नै ढंगले क्रियाशील थियो । नेपाल कम्युनिष्ट पार्टीमा आएको फुट र विभाजन पार्टी केन्द्रको निष्क्रियताका कारणले अस्तव्यस्त भएको कम्युनिष्ट आन्दोलनलाई नेतृत्व प्रदान गर्न पुष्पलाल श्रेष्ठको सक्रियतामा २०२५ साल जेष्ठमा नेपाल कम्युनिष्ट पार्टीको सम्मेलन गरि (यो सम्मेनलाई तेस्रो सम्मेलन भनिएको छ) नेपाल कम्युनिष्ट पार्टीको केन्द्र बनेको थियो । यहि पार्टीमा मनमोहन अधिकारकिो नेतृत्वमा रहको समूह मिलेपछि नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) बनेको थियो । मनमोहन अधिकारी र सहाना प्रधान यो पार्टीका प्रमुख नेता थिए । यो पार्टी पनि पंचायत विरोधी संघर्षको क्रममा सात वाम समूह सम्मीलति संयुक्त बाममोर्चामा आवद्ध थियो र यही पार्टीको नेता सहाना प्रधान अध्यक्ष चुनिएकी थिइन् । संयुक्त वाममोर्चामा रहँदा भएको सहकार्यले नेकपा (माले) र नेकपा ( मार्क्सवादी) को एकताको आधार तयार पाऱ्यो र २०४७ साल पुस २२ गते यी दुई पार्टीको एकता भइ नेपाल कम्युनिष्ट पार्टी (एमाले) बन्यो । पार्टी अध्यक्षमा मनमोहन अधिकारीलाई र महासचिवमा मदन भण्डारीलाई चयन गरियो । त्यसपछि नेकपा (एमाले) एउटा सशक्त पार्टीको रुपमा अगाडी बढ्यो । यहि पार्टीले २०४९ सालमा नेपाल कम्युनिष्ट पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशन सम्पन्न गऱ्यो । २०४९ साल माघ १४-२० मा काठमाण्डौमा पाँचौ राष्ट्रिय महाधिवेशन भएको थियो । पाँचौ राष्ट्रिय महाधिवेशनले अध्यक्ष मनमोहन अधिकारीलाई र महासचिवमा मदन भण्डारीलाई नै चयन गऱ्यो । मदन भण्डारीद्धारा प्रस्तुत जनताको बहुदलिय जनवादलाई आफ्नो कार्यक्रमको रुपमा पारित गऱ्यो । २०५० साल जेष्ठ ३ गते चितवनको दासढुङ्गामा भएको रहस्मय जिप दुर्घटना परि मदन भण्डारी र जीवराज आश्रितको देहावसान भयो । मदन भण्डारीको देहावसान पछि माधव कुमार नेपाल नेकपा एमालेको महासचिव बने । २०५४ सालमा पार्टीको छैटौं राष्ट्रिय महाधिवेशन माघ १२-१८ मा नेपालगञ्जमा भयो । महाधिवेशनले अध्यक्षमा मनमोहन अधिकारी र महासचिवमा माधव कुमार नेपाललाई नै चयन गऱ्यो । त्यसपछि २०५४ साल फाल्गुण २१ मा पार्टी विभाजन भएर नेकपा (माले) को गठन

भयो । नेकपा (माले) को महासचिवमा बामदेव गौतम चयन भए । पुन २०५७ फाल्गुण ३ मा नेकपा (माले), नेकपा (एमाले) मा नै समाहित भयो । त्यसपछि २०५९ साल माघ १८ -२३ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सातौं राष्ट्रिय महाधिवेशन जनकपुरमा सम्पन्न भयो । यो महाधिवेशनले पार्टी महासचिवमा माधव कुमार नेपाललाई नै चयन गऱ्यो । २०५६ साल वैशाख १० गते पार्टी अध्यक्ष मनमोहन अधिकारीको देहावसान भएपछि सो पद रिक्त थियो र सातौं राष्ट्रिय महाधिवेशनले अध्यक्ष पद राखेन । सातौ राष्ट्रिय महाधिवेशनबाट निर्वाचित भएका महासचिव माधव कुमार नेपालको नेतृत्वमा नेकपा (एमाले) २०६२/०६३ को संयुक्त जन आन्दोलनमा सहभागी भएर आनदोलनको संचालन र नेतृत्व गऱ्यो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) गठन भएपछि २०४८ सालमा भएको आम निर्वाचनमा २०५ मध्ये ६९ सीटमा विजयी भयो र प्रमुख प्रतिपक्षी पार्टीको हैसियतले आफ्नो भूमिका निर्वाह गऱ्यो । २०५१ को आम निर्वाचनमा २०५ मध्ये ८८ सीटमा विजयी भएर संसदको सर्वैभन्दा ठूलो दल बन्यो र अल्पमतको एकल सरकार बनाउन सफल भयो । मनमोहन अधिकारी पहिलो कम्म्युनिष्ट प्रधानमन्त्री बने । २०५६ को आम निर्वाचनमा यो पार्टीले २०५ मध्ये ७२ सीटमा विजय प्राप्त गऱ्यो र पुन प्रमुख प्रतिपक्षी पार्टी बन्यो । नेपालको राजनीतिक रंग मंचमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) एउटा प्रभावशाली राजनीतिक पार्टीको रुपमा स्थापित पार्टी हो ।

पर्वत जिल्लामा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) आफ्नो स्थापनाकाल देखि नै क्रियाशिल छ । पर्वत जिल्लाको वर्तमान भूगोल भित्र नेपाल कम्युनिष्ट पार्टीको गतिविधी २०१६ साल देखी औपचारीक रुपमा शुरु भएको थियो । त्यतिबेला स्याङजा, नुवाकोट जिल्ला अन्तरगत पर्वत जिल्लाको अहिलेको भुभाग पर्दथ्यो । २०१६ सालमा बनेको नेपाल कम्युनिष्ट पार्टीको जिल्ला समितिमा बाच्छाका सोमप्रसाद गौचन सचिव र बाच्छाकै पदम बहादुर कोइराला सदस्य थिए । भोगसिङका चित्र बहादुर गुरुङ्ग कम्युनिष्ट राजनीतिमा क्रियाशील थिए । २०२३ सालमा चित्र बहादुर गुरुङ्गको सक्रियतामा यम घायल सचिव रहेको ७ सदस्यीय नेपाल कम्युनिष्ट पार्टी पर्वत जिल्ला कमिटि बनेको थियो । २०२५ सालमा तिलक आचार्य सचिव रहेको ६ जनाको जिल्ला कमिटि बनेको थियो । २०२६ सालमा अर्को समानान्तर जिल्ला कमिटि चिरञ्जीवि पाण्डेको नेतृत्वमा गठन भएको थियो । २०२९ सालमा चुवा काण्ड घटाउने काममा कम्युनिष्ट पार्टीका केही कार्यकर्ताहरु लागेका थिए । यो चुवा काण्ड पछि भएको दमनले कम्युनिष्ट राजनीतिलाई अस्तव्यस्त पार्ने काम गऱ्यो । त्यसपछि २०३९ साल देखि विस्तारै नेकपा (माले)

को राजनीतिक गतिविधी शुरु भयो । कृष्ण प्रसाद भट्टराई, देवबहादुर के.सी., गणेश पौडेल, तोयनाथ चालिसे, विष्णुप्रसाद भट्टराई, बाबुराम पौडेल लगायतका व्यक्तिहरले नेकपा (माले) को राजनीतिलाई अगाडी बढाए । जिल्ला बाहीरबाट बामदेव गौतम , बासु शाक्य, किरण गुरुङ्ग, प्रेम नारायण पौडेल, चक्रबहादुर पराजुली, गोपाल काफ्ले, उमा हमाल, दिपा बस्नेत, गोमा देवकोटा, इमान सिं के.सी आदी व्यक्तिहरुले पर्वत जिल्लामा नेकपा (माले) को राजनीतिलाई अगाडी बढाउन सहयोग गरे । २०४६ सालको पंचायत विरोधी आन्दोलनमा तत्कालीन नेकपा (माले) ले महत्वपुर्ण भूमिका खेलेको थियो । आन्दोलन संचालन गर्न बनेको Co-ordination Machanism का ५ जना मध्ये कृष्ण प्रसाद भट्टराई संयोजक र गणेश तिमिल्सिना तथा आत्मराम शर्मा सदस्य गरि ३ जना नेकपा (माले) बाट रहेका थिए । जनआन्दोलन सफल भएर पंचायत ढले पछि नेकपा मार्क्सवादीको जिल्ला कमिटि २०४७।४।३ गते गणेश कुवँरको नेतृत्वमा बन्यो । २०४७।१०।१९ र २० मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकीकरण भयो र नेकपा (एमाले) जिल्ला संगठन समिति पर्वत बन्यो । यसको सचिवमा प्रेम नारायण पौडेल चयन भए । २०४८ माघमा नेकपा (एमाले) पर्वतको प्रथम जिल्ला अधिवेशन भयो । अधिवेशनले प्रेम नारायण पौडेल लाई सचिवमा चयन गऱ्यो । २०५० साल माघमा दोस्रो जिल्ला अधिवेशन भयो र जिल्ला सचिवमा देव बहादुर पौडेल क्षेत्रीलाई चयन गऱ्यो । देवबहादुर पौडेल क्षेत्री अंचल सचिव भएपछि २०५१ फाल्गुण २७ गते मोति प्रसाद पौडेलाई सचिवमा चयन गऱ्यो । २०५३ सालमा तेस्रो जिल्ला अधिवेशन २०५७ सालमा चौथो जिल्ला अधिवेशन र २०६० सालमा पाचौं जिल्ला अधिवेशन सम्पन्न भए र यी सबै अधिवेशनले मोतिप्रसाद पौडेललाई सचिवमा चयन गरे । २०५४ मा ने.क.पा. एमाले विभाजन भएपछि बनेको ने.क.पा.मा.ले.को जिल्ला कमिटीको सचिवमा पार्टी एकता नहुँदासम्म गणेश पौडेल रहेका थिए । २०६० सालमा सम्पन्न पाँचौं जिल्ला अधिवेशनले मोती प्रसाद पौडेलको नेतृत्वमा बनाएको जिल्ला कमिटीले नै २०६२/०६३ को संयुक्त जनआन्दोलनको आव्हान, संचालन र नेतृत्व गर्ने काम गरेको थियो ।

पर्वत जिल्लामा नेपाल कम्यूनिष्ट पार्टी (एमाले) एउटा शसक्त पार्टीको रुपमा स्थापित छ । पर्वत जिल्लाको ठूलो जनमत नेकपा (एमाले) को पक्षमा रहेको छ । यो पार्टी एउटा कम्युनिष्ट पार्टी हो र यसले कम्युनिष्ट राजनीतिलाई लोकतान्त्रिक ढंगले संचालन गर्दै अगाडि बड्ने नीति लिएर क्रियाशील रहेको छ । जनताको बहुदलीय जनवाद यो पार्टीको कार्यक्रम हो ।

पुष्पलाल, मदन भण्डारी, मनमोहन अधिकारी यो पार्टीका वैचारिक नेताहरु हुन । पर्वत जिल्लामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ५५ गा.वि.स. मा सम्पर्क र संगठन छ । यो पार्टीले बहुदलीय व्यवस्था र लोकतन्त्र प्रति आफ्नो प्रतिवद्धता जनाएको छ र शान्तिपूर्ण राजनीति गर्दै समाजको आमूल परिवर्तन गर्ने लक्ष्य लिएको छ ।

### ४.१.३ जनमोर्चा नेपाल :

यो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र मसाल) को खुला मोर्चा हो । ने.क.पा. एकताकेन्द्र र ने.क.पा. मसालको एकीकरण पछि नेपाल कम्यनिष्ट पार्टी (एकता केन्द्र मसाल) बनेको हो । नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र मसाल) अर्धभूमिगत पार्टी भएकोले खुला राजनीतिमा सक्रिय छैन । यो पार्टीले भूमिगत रुपमा आफ्ना सांगठानिक कार्यक्रमहरु गर्ने गर्दछ । त्यसैले संसदीय राजनीतिमा यो पार्टी आंफै सक्रिय नभएर मोर्चालाई अगाडि सारेर आफ्ना राजनैतिक गतिविधिहरु संचालन गर्ने गर्दछ । पार्टीका कार्यकर्ताहरु मोर्चामा संगठित भएर पनि काम गर्दछन् । जनमोर्चालाई वामपन्थी पार्टीको रुपमा लिइन्छ र पार्टीको हैसियतले नै व्यवहार गर्ने गरिन्छ । यो पार्टीका अध्यक्ष अमिक सेरचन र महासचिव लिलामणि पोखरेल रहेका छन् । मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ्ग विचारधारालाई ने. क. पा. (एकताकेन्द्र मसाल) ले आफ्नो मार्गदर्शक सिद्धान्त मान्दछ । नौलो जनवादलाई आफ्नो न्युनतम कार्यक्रम मान्दछ । जनमोर्चा नेपाल पनि यही विचारद्वारा निर्देशित छ ।

जनमोर्चा नेपालको बारेमा बुझ्न र यसको चिनारी थाहा पाउन यसको माउ पार्टी ने.क.पा. (एकता केन्द्र मसाल) को बारेमा जान्नै पर्ने हुन्छ । ने.क.पा. (एकता केन्द्र मसाल) पनि नेपालको कम्युनिष्ट आन्दोलनको फुट विभाजन, गठन पुनर्गठन र एकीकरणको प्रक्रियाबाट नै बनेको पार्टी हो । नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनले पारित गरेको नीति तथा कार्यक्रम प्रति पार्टी पङ्तिमा अविश्वास र नेतृत्व पंक्तिमा मनमुटाव र निष्क्रियता रहेको कारणले पार्टी गम्भीर संकट र विगठनको संघारमा पुगेपछि २०२५ सालमा पुष्पलालले पार्टी पुनर्गठनको प्रयास गरे । पुष्पलालको यो काम प्रति असहमति जनाँउदै मोहन विक्रम सिंह लगायत नेपाल कम्युनिष्ट पार्टीका केही नेताहरु पार्टी एकताको नाममा केन्द्रिंय न्युक्लियस गठन गर्न पुग्दछन् । त्यही केन्द्रिय न्युक्लियसको एउटा समूहको सहभागीतामा २०३१ सालमा

भारतमा नेपाल कम्युनिष्ट पार्टीको चौथो महाधिवेशन गरेर नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) को गठन भएको थियो । यो समूहमा २०४० सालमा विभाजन भयो र नेपाल कम्युनिष्ट पार्टी (चौ.मं) र नेपाल कम्युनिष्ट पार्टी (मसाल) बने । चौमको नेता निर्मल लामा र मसालको नेता मोहन विक्रम सिंह थिए । २०४२ सालमा नेपाल कम्युनिष्ट पार्टी मसाल फेरी विभाजित भयो र नेपाल कम्युनिष्ट पार्टी (मसाल) र नेपाल कम्युनिष्ट पार्टी (मशाल) बन्यो । नेपाल कमयुनिष्ट पार्टी (मसाल) को नेतृत्व मोहन विक्रम सिंह र नेपाल कम्युनिष्ट पार्टी ( मशाल) को नेतृत्व मोहन वैद्य ले गरेका थिए । २०४६ सालमा मोहन वैद्यको घटुवा भए पछि पुष्प कमल दाहाल प्रचण्ड महामन्त्री बने । २०४८ सालमा निर्मल लामाको नेतृत्वमा रहेको ने.क.पा.(चौम), प्रचण्डको नेतृत्वमा रहेको ने.क.पा. (मशाल) र सर्वहारावादी श्रमीक संगठन रुपलाल समुह परस्परमा विलय भई ने.क.पा. (एकता केन्द्र) गठन भयो । २०४८ सालमा ने.क.पा. मसालको खुला मोर्चा संयुक्त जनमोर्चाको डा. वावुराम भट्टराई समूह र ने.क.पा.( जनमुखी) न.क.पा. (एकताकेन्द्र)मा सम्मिलित भए । यो पार्टीले २०४८ सालमा नै एकता महाधिवेशन गरेको थियो । त्यस पछि २०५१ सालमा यो समूहमा पुनः विभाजन भयो । एउटा समुहको नेतृत्व निर्मल लामाले र अर्को समूहको नेतृत्व पुष्पकमल दाहाल प्रचण्डले गरेका थिए । निर्मल लामाको समूहमा रहेको समूह ने.क.पा. (एकता केन्द्र ) र प्रचण्डको नेतृत्वमा रहेको समूह ने.क.पा. (माओवादी) बन्यो । निर्मल लामाले नेतृत्व गरेको ने.क.पा. (एकताकेन्द्र) को महासचिवमा निर्मल लामा पछि नारायण काजी श्रेष्ठ (प्रकाश) चुनिए । यही ने.क.पा. ( एकता केन्द्र) र ने.क.पा.(मसाल) को बीचमा एकता भएर नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र मसाल) बनेको हो । ने.क.पा. (एकता केन्द्र मसाल) को महामन्त्रीमा मोहन विक्रम सिंह र सह महामन्त्रीमा नारायण काजी श्रेष्ठ ( प्रकाश) रहेका थिए । २०६२/०६३ को संम्युक्त जनआन्दोलनताका पार्टीमा यही नेतृत्व कायम थियो । यही पार्टीको खुला मोर्चा जनमोर्चा नेपाल २०६२/०६३ को संयुक्त जनआन्दोलनको आव्हानकर्ता, संचालक र नेतृत्व कर्ता सात राजनैतिक पार्टीहरु मध्ये एउटा पार्टी हो ।

जनमोर्चा नेपाल पर्वत जिल्लामा क्रियाशील रहेको राजनैतिक संगठन हो । जिल्लाका केही गा.वि.स. हरुमा यसको प्रभाव छ । पर्वत जिल्लमा जनस्तरमा यसको सामान्य प्रभाव छ । संयुक्त जनआन्दोलन २०६२/०६३ को सफलता पछि नेकपा (एकताकेन्द्र मसाल) को विभाजनसँगै यो पनि विभाजित भएर तीन समूहमा बाँडिएको छ । एउटा समूह राष्ट्रिय

जनमोर्चाको चित्र बहादुर के.सी ले नेतृत्व गरेका छन् र अर्को समूहको नेतृत्व रामसिंह श्रीस ले गरेका छन् ।अर्को समुह जनमोर्चा नेपालको अमिक सेरचन ले नेतृत्व गरेका छन् । पर्वत जिल्लामा २०६२/०६३ को जनआन्दोलनको समयमा जनमोर्चा नेपालको अध्यक्षमा टेक बहादुर आले, उपाध्यक्षमा तेजेन्द्र पौडेल र सचिवमा कृष्ण बहादुर वि.क. रहेर नेतृत्व गरेका थिए । जनमोर्चा नेपाल पनि पर्वत जिल्लामा एउटा राजनैतिक संगठनको रुपमा क्रियाशील छ ।

### ४.१.४ नेपाल कम्युनिष्ट पार्टी (माओवादी) :

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पनि नेपालको एउटा राजनैतिक पार्टी हो । यो नेपालमा क्रियाशील विभिन्न कम्युनिष्ट घटकहरु मध्ये एक हो । नेपालका विभिन्न कम्युनिष्ट पार्टीहरुले भन्दा यो पार्टीले फरक प्रवृत्तिको प्रतिनिधित्व गर्दछ । यो पार्टी पनि नेपालको कम्युनिष्ट आन्दोलनमा आएको फुट, विभाजन, विघटन, पुनर्गठन र एकीकरणको प्रकृयाकै शीलशीलामा बनेको हो । यो पार्टीले २०५२ साल फाल्गुण १ गते देखि शुरु गरेको सशस्त्र जनयुद्धका कारणले यसलाई वेग्लै ढंगले चिनिन्छ । तर अहिले यसले सशस्त्र जनयुद्ध छाडेर चुनावी राजनीतिमा आएको छ । यो पार्टी निर्माणको पृष्ठभूमी पनि ने.क.पा. (एकता केन्द्र मसाल) को जस्तै हो। २०३१ सालमा मोहन विक्रम सिंहको नेतृत्वमा नेपाल कम्यनिष्ट पार्टीको चौथो महाधिवेशन गरेर बनेको चौम समूहको धारबाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को विकास भएको हो । चौम समूह २०४० सालमा विभाजित भएर मोहन विक्रमको नेतृत्वमा ने.क.पा. (मसाल) र निर्मल लामाको नेतृत्वमा ने.क.पा. (चौम) दुई समूह बने । २०४२ सालमा ने.क.पा. (मसाल) पनि विभाजित भयो र ने.क.पा.(मसाल) र ने.क.पा.( मशाल) बन्यो । मसालको नेतृत्व मोहन विक्रम सिंहले र मशालको नेतृत्व मोहन वैद्यले गरे । २०४६ सालमा मोहन वैद्यलाई घटुवा गरी मशालको नेतृत्व पुष्प कमल दाहाल प्रचण्डले गरे । २०४८ सालमा ने.क.पा.(मसाल), नेकपा चौम, र सर्वहारावादी श्रमिक संगठनको एकीकरण भई नेकपा (एकताकेन्द्र)गठन भयो । पछि डा. वावुराम भट्टराईको नेतृत्वमा रहेको विद्राही मसाल र नेकपा (जनमुखी) पनि यसै पार्टीमा सम्मिलित भए । २०४८ सालमा यो पार्टीले एकता महाधिवेशन गऱ्यो । त्यस पछि यो पार्टीमा पुन विवाद शुरु भयो । त्यस बेला निर्मल लामाले एउटा समूहको नेतृत्व गरेका थिए भने पुष्पकमल दाहाल प्रचण्डले अर्को समूहको नेतृत्व गरेका थिए । नेकपा (

एकताकेन्द्र) मा प्रचण्डको बहुमत थियो । प्रचण्डहरुले निर्मल लामा लगायतका कतिपय नेताहरुलाई कार्वाही गरेपछि यो पार्टी विभाजन भयो । पछि निर्मल लामाहरुले अलग्गै पार्टी गठन गरेर तयसको नाम पनि नेकपा (एकता केन्द्र ) नै राखे । प्रचण्डको नेतृत्वमा रहेको एकताकेन्द्र ले २०५१ सालमा केन्द्रीय सम्मेलन गरी पार्टीको नाम परिवर्तन गरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी) राख्यो । पार्टीको मार्गदर्शक सिद्दान्त पनि मार्क्सवाद लेनिनवाद र माओवादलाई मान्ने निर्णय गऱ्यो । यसरी विकास भएको नेपालको कम्युनिष्ट पार्टीको एउटा धारा नै नेपाल कम्युनिष्ट पार्टी (माओवादी) हो । यो पार्टीले २०५२ साल फाल्गुण १ गते देखी सशस्त्र जनयुद्धको कार्यनीति लियो र सशस्त्र जनयुद्ध शुरु गऱ्यो । २०४८ सालमा भएको एकता महाधिवेशनले उति वेलै जनसंघर्षको कार्यनितीलाई अस्वीकार गरि प्रचण्डको सशस्त्र जनयुद्धको नितिलाई बहुमतद्धारा पारित गरेको थियो । शुरुमा यो पार्टीले रोल्पा, रुकुम, गोर्खा, सिन्धुली र रामेछाप जस्ता पुराना प्रभाव क्षेत्रहरुमा शसस्त्र जनयुद्धका कार्वाहीहरु गरेको थियो । विस्तारै यसका गतिविधीहरु देशव्यापी बन्दै गए । यसले आफ्नो प्रभावलाई विस्तार गर्न पार्टी संगठन सैनिक संगठन, जनसंगठन र जन मिलिसिया गठन गर्ने गरेको थियो । प्रचण्डको नेतृत्वमा यो पार्टीले सशस्त्र जनयुद्धको विकास गर्दै देशव्यापी रुपमा प्रभाव पार्न सफल रह्यो । संयुक्त जनआन्दोलन २०६२/०६३ सम्म आउँदा यसले १० वर्ष सम्म जनयुद्ध संचालन गरिसकेको थियो । सशस्त्र जनयुद्धद्धारा मात्र आफ्नो लक्ष्य पुरा नहुने देखे पछि यसले अरु राजनीतिक पार्टीहरुसँग मिलेर शान्तिपुर्ण आन्दोलनमा सहभागी हुने सोच बनाएर २०६२/०६३ को आन्दोलनमा आएको देखिन्छ । खुला रुपले सात राजनीतिक पार्टीहरुले आव्हान गरेको र संचालन र नेतृत्व गरेको २०६२/०६३ को शान्तिपुर्ण संयुक्त जनआन्दोलनमा यो पार्टीले विविध ढंगले सहयोग गरेर जनसहभागीता जुटाउने काममा महत्वपुर्ण भूमिका खेलेका थियो । जन आन्दोलन अगाडी देखी नै सशस्त्र जनयुद्धमा क्रमशः शिथिलता ल्याउँदै जनआन्दोलन पछि यो पार्टीले सशस्त्र जनयुद्ध पुर्णरुपमा परित्याग गऱ्यो र पार्टी पनि खुला भयो । यो पार्टीले माओवादी धार अपनाए पछि जनयुद्ध कालमा विभिन्न भेला सम्मेलन विस्तारित बैठक गरेर आफ्नो पार्टीलाई संगठीत सशक्त र जुझारु बनाउने कोशिश गरेको थियो ।

पर्वत जिल्लामा पनि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) क्रियाशील छ । २०६२/०६३ को जनआन्दोलनको अवधिमा यो पार्टी खुला रुपमा क्रियाशील थिएन । आन्दोलनलाई सशक्त बनाउन जिल्ला सदरमुकाम भन्दा बाहिर आन्दोलनरत पार्टी र नेकपा (माओवादी) बीच वार्ता र

छलफल हुने गरेका थिए । यो पार्टीले आफ्नो गतिविधिहरुलाई जिल्लाका ५५ गाविसमा फैलाएको थियो । अहिले पनि यो पार्टी जिल्लामा क्रियाशीदल छ । ५५ गाविसमा संगठन विस्तार भएको छ । जिल्लाको ठूलै जनमत यो पार्टीको पक्षमा रहेको छ । पर्वत जिल्लामा कार्यरत राजनीतिक पार्टीहरु मध्ये एउटा सशक्त पार्टीको रुपमा यो पार्टी अगाडि आएको छ । यो पार्टी एउटा प्रभावशाली कम्युनिष्ट पार्टी बनेको छ । यसका विभिन्न जनवर्गीय संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी), अखिल नेपाल किसान संघ (क्रान्तिकारी), अखिल नेपाल महिला संघ (क्रान्तिकारी) विभिन्न जातीय मोर्चाहरु क्रियाशील छन् । संयुक्त जनआन्दोलन २०६२/०६३ मा नेकपा (माओवादी) का इन्चार्ज बसन्त कुमार श्रेष्ठ (प्रज्ज्वलन) थिए । जिल्ला सचिव गुणाखर बस्याल (सरोज) थिए । अहिले पनि सचिवमा गुणाखर बस्याल नै कायम छन् र इन्चार्जमा झलकपाणी तिवारी कार्यरत छन् ।

## ४.२ जनआन्दोलनमा जाने निर्णय र तयारी :

सात राजनीतिक पार्टीहरु र नेकपा (माओवादी) बीच केन्द्रीय तहमा २०६२ चैत्र २४, २५, २६ र २७ गते देशव्यापी आमहड्ताल र अवज्ञाको कार्यक्रहरु गर्ने सहमति भएपछि जिल्ला जिल्लामा निर्देशनहरु प्राप्त भए । आ-आफ्ना पार्टीबाट प्राप्त भएका निर्देशनहरुका आधारमा सबै पार्टीहरुले आ-आफ्ना तयारीहरु गरे । पर्वत जिल्लामा सात राजनीतक पार्टीहरु मध्ये नेपाली काँग्रेस, नेपाली काँग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले) र जनमोर्चा नेपाल, चारवटा पार्टीहरु मात्र क्रियाशील भएकाले उनीहरु आ-आफ्ना तयारीमा लागे । त्यसपछि २०६२ चैत्र २२ गते संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतको बैठक बस्यो । बैठक नेकपा (एमाले) जिल्ला पार्टी कार्यालयमा बसेको थियो । नेकपा (एमाले) जिल्ला कमिटी पर्वतका सचिव मोतिप्रसाद पौडेलको अध्यक्षतामा बसेको बैठकमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा जिल्ला सभापति अर्जुनप्रसाद जोशी, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का जिल्ला सभापति नवराज गुरुङ्ग, जनमोर्चा नेपालका जिल्ला उपाध्यक्ष तेजेन्द्र पौडेल उपस्थित थिए । ती पार्टीका अन्य कार्यकर्ताहरु नेकपा (एमाले) का उपसचिव विकास लम्साल, कार्यालय सचिव, शान्त पौडेल, सल्लाहकार समितिका सभापति तोयनाथ चालिसे, जनमोर्चा नेपालका सचिव कृष्ण वि.क. र नेविसंघ (प्रजातात्रिक) का कार्यवाहक जिल्ला अध्यक्ष मोहन आचार्य पनि उपस्थित थिए । उक्त

बैठकको कार्यसूचि एउटा मात्रै थियो । चैत्र २४, २५, २६ र २७ को आमहड्ताल  बारे । यस कार्यसूचिमा गम्भिर छलफल गरी बैठकले महत्वपूर्ण निर्णयहरु गऱ्यो । निर्णयहरु यसप्रकार रहेका थिए । क) आमहड्ताललाई पूर्ण सफल पार्न एउटा हाते पर्चा छपाएर पसल कलकारखाना, संघ, संस्थाका कार्यालयहरुमा वितरण गर्ने, ख) चैत्र २३ गते साँझ मसाल जुलुश गर्ने । मसाल जुलुश जनमोर्चाको नेतृत्वमा बडगाउँबाट नेकपा (एमाले) को नेतृत्वमा प्रगतिचोकबाट नेपाली काँग्रेसको नेतृत्वमा महेन्द्रचोकबाट प्रगतिचोक हुँदै र नेपाली काँग्रेस (प्रजातान्त्रिक) को नेतृत्वमा महेन्द्रचोक कृषि बैंक हुँदै सबै शिवालय चोकमा निस्कने र कोण सभा गरी समापन गर्ने । ग) चैत्र २४ गते महेन्द्रचोकमा जम्मा भएर बिहान ७.०० बजे र दिउसो ३.०० बजे बजार बन्द गराउन हिँड्ने । चैत्र २५ गते बडागाउँमा जम्मा भएर बजार बन्द गराउन हिँड्ने  घ) चैत्र २६ गते दिउसो १२.०० बजे महेन्द्रचोकमा जम्मा भएर बिरोध जुलुश प्रदर्शन गर्ने । २७ गते बिहान ८.०० बजे शिवालयचोकमा जम्मा भएर बजार परिकर्मा गर्ने दिउसो ४.०० बजे महेन्द्रचोकमा कोण सभा गरी कार्यक्रम समापन गर्ने । यसरी आन्दोलनको बारेमा निर्णय र तयारी गरेर पर्वत जिल्लाका ४ राजनीतिक पार्टीहरु लागेका थिए । त्यसपछि २०६२ चैत्र २२ गते नै एउटा हाते पर्चा छपाएर वितरण गरियो । “चैत्र २४-२७ को आमहड्ताल सफल पारौं, संयुक्त जनआन्दोलनमा सहभागी बनौं” भन्ने नाराका साथ पर्वतबासी जनसमुदायमा हाम्रो अपिल भनेर छपाइएको हाते पर्चा पसल, उद्योग, कलकारखाना, कार्यालय, विद्यालय लगायत सबैतिर व्यापकरुपमा वितरण गरिएको थियो । त्यसमा चारवटा नारा अन्तिममा उल्लेख थिए । लोकतन्त्र - जिन्दावाद, निरंकुश राजतन्त्र-मूर्दावाद, चैत्र २४, २५, २६ र २७ को आमहड्ताल र अवज्ञा- सफल पारौं, लोकतन्त्रवादी सम्पूणृ जनसमुदाय - एक हौं । यसरी आन्दोलनको तयारी गरेर २४ चैत्रदेखि शुरु हुने ४ दिने आमहड्ताल र अवज्ञाका कार्यक्रममा पर्वत जिल्लाका राजनीतिक पार्टीहरु लागेका थिए । सोही बामेजिम आमहड्ताल र अवज्ञाका कार्यक्रमलाई स्रुल पार्न २०६२ चैत्र २३ गते साँझ मसाल जुलुश प्रदर्शन गर्ने तयारीमा पार्टीहरु लागे । साँझ सबै पार्टीले संयुक्त जनआन्दोलन जिल्ला संयोजन समितिले निर्णय गरे अनुसार मसाल जुलुश प्रदर्शन भए । सबै पार्टीले आ-आफ्नो नेतृत्वमा प्रदर्शन गरेका मसाल जुलुशहरु शिवालय चोकमा आएर बिसर्जन भए । जुलुश विर्सजन भएपछि कोणसभा भयो । कोणसभामा नेपाली काँग्रेसका अर्जुनप्रसाद जोशी, नेकपा (एमाले) का मोतिप्रसाद पौडेल, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का नवराज गुरुङ्ग र जनमोर्चा नेपालका तेजेन्द्र

पौडेलले चैत्र २४-२७ को आमहड्ताल र अवज्ञाको कार्यक्रम सफल पार्न आव्हान गरे । कार्यक्रम सक्दा नसक्दै प्रहरी हस्तक्षेप भयो । नेपाली काँग्रेसका सभापति अर्जुनप्रसाद जोशी, नेकपा एमालेका युवा कार्यकर्ता अमर गुरुङ्ग लाठी चार्जद्वारा घाइते भए । नेपाली काँग्रेसका कार्यकर्ता दायाराम गौडेलको खुट्टा फ्याक्चर भयो । करिब ५०० जनाको सहभागितामा भएको मसाल जुलुश र कोणसभामा तनाव उत्पन्न भयो र सहभागीहरु बिरोध प्रदर्शनमा उत्रे । बिरोध जुलुश र नारा लगाउँदै सहभागीहरुले बजार परिक्रमा गरे । जुलुशको अगुवाई गरीरहेका नेकपा एमाले निकट अनेरास्ववियुका अध्यक्ष पदमपाणी शर्मालाई गिरफ्तार गरियो । साँझ परिसकेकोले त्यो दिन कार्यक्रम स्थगित भयो । २०६२ चैत्र २४ गतेदेखि निर्णय भए अनुसारका कार्यक्रमहरु संचालन भएका थिए ।

## ४.३ आन्दोलन सञ्चालन :

पर्वत जिल्लामा २०६२ साल चैत्र २२ गते पर्वत जिल्लामा कार्यरत ४ राजनीतिक पार्टीहरुको संयुक्त जनआन्दोलन जिल्ला संयोजन समितको वैठक बसी चैत्र २४, २५, २६ र २७ गतेको आम हड्ताल र अवज्ञाको कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि निर्णयहरु गरेपछि नै खास गरेर पर्वत जिल्लामा संयुक्त जनआन्दोलन २०६२।०६३ को प्रक्रिया प्रारम्भ एको थियो । त्यसको लगत्तै कार्यक्रम सफल पार्न हाते पर्चा छपाएर वितरण गरिएको थियो । २०६२ चैत्र २३ गते मसाल जुलुस प्रदर्शन, कोण सभा तथा कोण सभमा प्रहरी हस्तक्षेप, आन्दोलनकारीहरु घाइते र गिरफ्तारीका घटना भएपछि आन्दोलन औपचारिकरुपले सुरु भएको थियो । आन्दोलनका कार्यक्रमहरु प्रहरी दमन र प्रहरी दमनबाट पनि विचलित नभई प्रतिरोध गरेर आन्दोलनमा सहभागी हुने जनसमुदायको उत्साहले आन्दोलन सशक्त हुने स्थिति सुरुमा नै देखिएको थियो । पर्वत जिल्लामा ४ राजनीतिक पार्टीहरुद्वारा गठन गरिएको संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतले निर्णय गरी ४ राजनीतिक पार्टीहरुको नेतृत्वले आन्दोलन संचालन गरेको थियो । आन्दोलनको पहिलो दिन चैत्र २४ गतेबाट आम हडताल र अवज्ञाका कार्यक्रहरु संचालन भए । चैत्र २४ गते विहान ८ बजेबाट पार्टीका नेता तथा कार्यकर्ताहरु पर्वत जिल्लाको सदरमुकाम कुश्माको महेन्द्रचोकबाट जम्मा भएर बजार बन्द गराउन झण्डा र जुलुस सहित हिंड्ने काम भयो । बजार पूर्णरुपमा बन्द भयो । यातायात ठप्प

थियो । उद्योग, कलकारखानाहरु बन्द थिए । विहानको जुलुश प्रदर्शन र बजार परिक्रमा सम्पन्न भएपछि पुनः दिउँसो ३/४ बजेको समयमा पनि विरोध प्रदर्शन भयो ।

आन्दोलन संचालन र प्रभावरी बनाउने क्रममा ०६२ चैत्र २४ गतेका दिन संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतको वैठक जनमोर्चा नेपाल पर्वतका उपाध्यक्ष तेजेन्द्र पौडेलको अध्यक्षतामा बसेको थियो । वैठकमा नेपाली कांग्रेसका सभापति अर्जुनप्रसाद जोशी, नेकपा (एमाले) का सचिव मोतिप्रसाद पौडेल, नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति नवराज गुरुङको उपस्थिति थियो । साथै नेकपा (एमाले) का धवलागिरि अञ्चल सचिव ननवराज शर्मा, जिल्ला उपसचिव क. विकास लम्साल, जनमोर्चा नेपालका जिल्ला सचिव कृष्ण वि.क., नेपाली कांग्रेसका जिल्ला सदस्य सोमलाल आचार्य, नेकपा (एमाले)का जि.क. सदस्य मेघनाथ सुवेदी, कार्यालय सचिव शान्त पौडेल, युवा कार्यकर्ता अमर गुरुङ, अनेकिसंघ सदस्य टुकनाथ पौडेल, ने.का. कार्यकर्ता थमनबहादुर गुरुङ समेत उपस्थिति भएका थिए । यसमा आन्दोलन संचालन र प्रभावकारी बनाउन ३ वटा प्रस्ताव राखिएको थियो ।
१. मसाल जुलुशमा भएको प्रहरी हस्तक्षेप बारे, २. चैत्र २६ गतेको जुलुस कार्यक्रमको तयारी बारे, ३. आर्थिक बारे । सो वैठकमा निम्नानुसारका निर्णयहरु भएका थिए । १. मसाश जुलुसमा भएको प्रहरी हस्तक्षेपको घोर भर्त्सना गर्दै हस्तक्षेपबाट भएका घाइतेहरुको स्वास्थ्य लाभको कामना तथा गिरफ्तारीमा परेका कार्यकर्ताहरुको रिहाइको माग गरिएको थियो । साथै यिनै कुराहरु उल्लेख गर्दै प्रेस विज्ञप्ती निकाल्ने निर्णय समेत भएको थियो । २. चैत्र २६ गते हुने जुलुश प्रदर्शनलाई भव्यताका साथ सम्पन्न गर्न आफ्ना कार्यकर्ताहरुलाई पत्राचार गरी बोलाउने र जुलुश प्रदर्शन सहित कोणसभा गरी सम्पन्न गर्ने निर्णय गरिएको थियो । साथै कोण सभामा उद्घोषण प्रजातान्त्रिक कांग्रेसले गर्ने र अन्य पार्टीका एक एक जनाले बोल्ने निर्णय भएको थियो । ३. जनआन्दोलनको लागि आर्थिक अभाव हुने भएकोले आर्थिक समिति निर्माण गरिएको थियो । यसरी आन्दोलनलाई प्रभावकारी ढंगले संचालन गर्ने योजना बनाइएको थियो । चैत्र २४ गतेकै मितिमा संयुक्त जनआन्दोलन संयोजन समिति पर्वतको तर्फबाट प्रेस विज्ञप्ती निकाली मसाल जुलुशमा भएको प्रहरी हस्तक्षेपको विरोध गर्दै घाइतेहरुको स्वास्थ्यलाभको कामना र गिरफ्तार विद्यार्थी नेता पदमपाणि शर्माको रिहाइको माग गरिएको थियो ।

२०६२ चैत्र २५ गते पनि पर्वत जिल्लाको सदरमुकाम कुश्माको बडागाउँमा जम्मा भएर विरोध प्रदर्शन र बजार परिक्रमा भयो । यातायात, बजार ठप्प भयो । सबै शिक्षण संस्थाहरु

बन्द भए । आन्दोलनका कार्यक्रमहरु गाउँगाउँमा पनि भएका थिए । गाउँ गाउँमा पनि साँझ मसाल जुलुश प्रदर्शन गर्ने र दिनमा सयौं, हजारौंको संख्यामा विरोध सभा र विरोध प्रदर्शन गर्ने कार्यक्रमहरु भएका थिए । दोहोरो शंख बजाउने र निरंकुशताको प्रतिकको रुपमा राजा ज्ञानेन्द्रको पुत्ला बनाउने र दहन गर्ने काम भएका थिए । २०६२ चैत्र २६ गते पनि दिउँसो १२ बजे महेन्द्रचोकमा जम्मा भएर विरोध जुलुश प्रदर्शन गर्ने काम भएको थियो । जुलुशमा गाउँगाउँबाट सबै पार्टीका सयौं कार्यकर्ताहरु जिल्ला सदरमुकाम कुश्मा आएका थिए । कुश्मा आउने क्रममा सुरक्षाकर्मीले ठाउँठाउँमा रोक्ने काम गरेका थिए । फलेवास क्षेत्रबाट आएका २ सय जति कार्यकर्ताहरुलाई मोदीवेणीमा सुरक्षाकर्मीले रोकेकाथिए । फर्काइएका कार्यकर्ताहरुले मुडिकुवा गा.वि.स.मा गएर विरोध प्रदर्शन गरेका थिए । पाङ खुर्कोटबाट आएका कार्यकर्ताहरुलाई छमर्केमा, पकुवा, राम्जा, तिलाहा, देउपुरबाट आएका कार्यकर्ताहरुलाई खरेहामा र ठूलीपोखरी, पिपलटारी, कटुवाचौपारी लगायतका गा.वि.स.बाट आएका कार्यकर्ताहरुलाई झाप्रे वगरमा प्रशासनले रोकेको थियो । ती सबै ठाउँमा पार्टी कार्यकर्ताहरुले आन्दोलनका कार्यक्रम संचालनको लागि पहल गरेका थिए । चैत्र २६ गतेको जुलुश प्रदर्शन पछि महेन्द्रचोकमा भएको कोण सभामा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशी, नेकपा (एमालेका धौलागिरि अञ्चल सचिव नवराज शर्मा, नेपाली कांग्रेस (प्रजातान्त्रिक) का जिल्ला सभापति नवराज गुरुङ, जनमोर्चा नेपालका जिल्ला सचिव कृष्ण वि.क. र ने.वि.संघ प्रजातान्त्रिकका कार्यवाहक अध्यक्ष मोहन आचार्य लगायतका नेता तथा कार्यकर्ताहरुले सम्बोधन गरेका थिए । आन्दोलनले सबै क्षेत्रबाट समर्थन पाउँदै गएको थियो । २०६२ चैत्र २७ गते चार दिने आम हड्ताल र अवज्ञाको कार्यक्रमको अन्तिम दिन थियो । त्यो दिन पनि विहान ८ बजे शिवालयचोकमा पार्टीहरुका नेता तथा कार्यकर्ताहरु भेला भएर विशाल विरोध प्रदर्शन गरेका थिए । जुलुश आक्रामक र प्रतिरोधी खालको थियो । कार्यक्रमलाई संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतले संचालन गरेको थियो । चारदिनसम्मको आम हड्ताल र अवज्ञाको कार्यक्रमको अन्तिम दिन भएकोले चैत्र २७ गते ४ बजे दिउँसो महेन्द्रचोकमा जम्मा भएर कोण सभा गरी कार्यक्रम सम्पन्न भयो । त्यसपछिको कार्यक्रमबारे केन्द्रबाट निर्णय भएर जानकारी आएको थियो । २७ गते साँझ मात्रै आन्दोलन निरन्तररुपमा अगाडि बढाउने निर्णय केन्द्रमा भएको कुरा जानकारी भएको थियो । आन्दोलन निरन्तर रुपमा अगाडि जाने कुरा भईसकेपछि २०६२ चैत्र २८ गते दिउँसो जुलुश प्रदर्शन गर्ने सल्लाह गरेर राजनीतिक पार्टीहरुले महेन्द्रचोकबाट जुलुश प्र्दशन सुरु गरे । जुलुश

वडागाउँ पुग्दा जिल्ला अस्पताल अगाडि सशस्त्र प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गरेर दर्जनौं व्यक्तिहरुलाई घाइते बनाउने र दर्जनौं व्यक्तिहरुलाई गिरफ्तार गरेको थियो। सो प्रहरी हस्तक्षेपछि स्थिति झन् तनावपूर्ण बनेको थियो र पुनःविरोध जुलुशले बजार परिक्रमा गरेको थियो। आन्दोलनकारी दलका कार्यकर्ताहरुले शंकरपोखरी, कटुवाचौपारी, पिपलटारी, ठूलीपोखरी र खौलालाँकुरी आदि ठाउँमा मसाल जुलुश गरेका थिए। फलेवास, मुडिकुवाका विभिन्न पार्टीका कार्यकर्ताहरुसाथै कटुवाका कार्यकर्ता मिलेर कटुवामा विरोध प्रदर्शन र कोणसभा भएको थियो ।

चैत्र २९ गते पनि दिउँसो विरोध प्रर्दशन भएको थियो । आन्दोलनरत दलहरुको आयोजनामा भएको विरोध प्रदर्शनमा राजतन्त्रको विरोधमा नारा लगाइएको थियो । आन्दोलनरत पार्टीहरुको घोषित नारा गणतन्त्र नभएपनि आन्दोलनकारीहरुले गणतन्त्रको नारा लगाएका थिए । विरोध प्रदर्शनपछिको महेन्द्रचोकमा आयोजित कोणसभामा नेपाली कांग्रेस केन्द्रीय सदस्य अर्जुन जोशी, नेकपा एमाले उपसचिव विकास लम्साल, जनेमोर्चा जिल्ला उपाध्यक्ष तेजेन्द्र पौडेल, नेपाली कांग्रेस प्रजातान्त्रिकका क्षेत्रीय सभापति लेखबहादुर गुरुङ, नेकपा (एमाले)का कार्यालय सचिव शान्त पौडेलले बोल्नुभएको थियो । यो दिन आन्दोलनकारीहरुको तर्फबाट सरकारी कार्यालयहरुमा तालाबन्दी पनि गरिएको थियो । आन्दोलनकारी दलहरुले लोकतान्त्रिक आन्दोलनमा सम्पूर्ण पेशागत कर्मचारीहरुलाई पनि सक्रिय सहभागिताका लागि आग्रह गरेका थिए । पार्टीहरुको आह्वान बमोजिम नेपाल बैंक, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक र नेपाल टेलिकममा कर्मचारीहरु आन्दोलनमा उत्रेपछि कामकाज ठप्प भएको थियो । जिल्लाको दोस्रो बजार पातिचौर क्षेत्रका सरकारी कार्यालयका बोर्डहरु मेटेर श्री ५ को सरकारको ठाउँमा नेपाल सरकार लेख्ने काम समेत आन्दोलनकारीहरुले गरेका थिए। आन्दोलनरत दलहरुले ३० गते पनि विरोध प्रदर्शन गरे । महेन्द्रचोकबाट सुरु भएको विरोध जुलुश नाराबाजी गर्दै बजार परिक्रमा गरेर प्रगतिचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । सो कार्यक्रममा विभिन्न दल निकटका जनसंगठनका कार्यकर्ताहरुले बोलेका थिए । ने.वि.संघका केन्द्रीय सदस्य डिल्ली लामिछाने, जिल्ला अध्यक्ष लेखनाथ पौडेल, प्रजातान्त्रिक राष्ट्रिय युवा संघका जिल्ला अध्यक्ष खुमप्रसाद सुवेदी, ने.वि.संघ प्रजातान्त्रिकका कार्यवहाक अध्यक्ष मोहन आचार्य, नेपाली कांग्रेस निकट तरुण दलका जिल्ला उपाध्यक्ष हरि न्यौपाने, जनमोर्चा नेपाल निकट अखिल नेपाल जनवादी युवा लिगका झमक भण्डारी, नेकपा एमाले निकट अनेरास्ववियुका पूर्व अध्यक्ष शिव पौडेल, जनमोर्चा नेपाल निकट अनेरास्ववियु (

एकीकृत) का जिल्ला अध्यक्ष बुद्धिराज गौंडेल लगायतले बोलेका थिए । बालबालिकाहरुले पनि आ-आफ्नै ढंगले नारा लगाउने, पुत्ला जलाउने गरेर आन्दोलन संचालन गरेका थिए । आम हड्तालको समयमा रेडक्रसको झण्डा राखेर यात्रु ओसार्ने मोटरसाइकललाइ तोडफोड गरिएको थियो । चैत्र ३१ गते हजारौं पेशाकर्मीहरुले विशाल प्रदर्शन गरे । यो प्रर्दशनको संचालन लोकतन्त्र र शान्तिका पक्षमा नागरिक समाजको संजाल पर्वतले गरेको थियो । जुलुश प्रर्दशन पछिको कोणसभामा नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय सदस्य प्रेमकुमार लामिछाने, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य दुर्गाप्रसाद शर्मा, शिक्षक युनियनका जिल्ला अध्यक्ष वसन्तबहादुर सि.के., पर्वत बार इकाईका भोलानाथ शर्मा, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य दुर्गाप्रसाद शर्मा, एन.जी.ओ. नेटवर्कका अध्यक्ष विश्वप्रकाश प्रसाई, दलित समाजका अध्यक्ष दुर्गाबहादुर दर्जी र शिक्षक संगठनका सचिव गोविन्द तिलिल्सिनाले सम्बोधन गरेका थिए । आन्दोलनकारी दलहरुले पनि विरोध प्रदर्शन गरी कोणसभा गरी कार्यक्रम सम्पन्न गरेका थिए । २०६२ चैत्र ३१ गते राती आन्दोलनकारी दलहरु नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस प्रजातान्त्रिक र जनमोर्चा नेपाल तथा नेकपा (माओवादी) बीच तिलाहार गा.वि.स. वडा नं. ८ दराकमा वार्ता भएको थियो । आन्दोलनलाई अझै प्रभावकारी बनाउने बारेमा केन्द्रित भएको वार्तामा नेपाली कांग्रेसबाट अर्जुन जोशी र सोमलाल आचार्य, नेकपा एमालेबाट मोतिप्रसाद पौडेल र विकास लम्साल, नेपाली कांग्रेस प्रजातान्त्रिकबाट नवराज गुरुङ, जनमोर्चा नेपालबाट तेजेन्द्र पौडेल र कृष्ण वि.क. एवं नेकपा (माओवादी) बाट वसन्तकुमार श्रेष्ठ (प्रज्ज्वलन) र वखानसिंह गुरुङ सहभागी भएका थिए । आन्दोलनलाई प्रभावकारी ढंगले संचालन गर्ने बारेमा सहमति भएको थियो । त्यस्तै २०६३ वैशाख १ गते आन्दोलनकारी दलहरुको सल्लाह र सहयोगमा नेपाली कांग्रेस निकट महिला संघ, नेकपा (एमाले) निकट अखिल नेपाल महिला संघ, नेपाली कांग्रेस (प्रजातान्त्रिक) निकट नेपाल महिला संघ ( प्रजातान्त्रिक), जनमोर्चा नेपाल निकट अखिल नेपाल महिला संघ आदि संघसंस्थाहरुको अगुवाईमा पर्वत जिल्लामा पहिलो पटक महिलाहरुको विरोध जुलुश सम्पन्न भएको थियो । जुलुश प्रर्दशन पछि महेन्द्रचोकमा अखिल नेपाल महिला संघका मञ्जु अधिकारी र गंगा रिमाल, नेपाल महिला संघका मिना कर्माचार्य र सरस्वती शर्मा, अखिल नेपाल महिला संघका कमला वि.क. बोलेका थिए । सोही दिन युवाहरुले मुर्दा जुलुश प्रर्दन गरेका थिए । कानून व्यवसायीले सडक बैठक गरेका थिए । गाउँ गाउँमा आन्दोलनकारी ७ दलका कार्यकर्ताहरु र नेकपा (

माओवादी) का कार्यकर्ताहरुले संयुक्त प्रर्दशन गरेका थिए । २०६३ वैशाख २ गते आन्दोलनकारीहरुले लोकतान्त्रिक भजन सहितको विरोध जुलुश र युवाहरुले निरंकुशताको सवयात्रा गरेका थिए । २०६३ वैशाख २ गते संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतको वैठक नेकपा (एमाले)का जिल्ला सचिव मोतिप्रसाद पौडेलको अध्यक्षतामा बसी आन्दोलनलाई अझै प्रभावकारी बनाउने निर्णयहरु भएका थिए । नेपाली कांग्रेसका अर्जुन जोशी, नेपाली कांग्रेस (प्रजातान्त्रिक) का नवराज गुरुङ, जनमोर्चा नेपालका तेजेन्द्र पौडेल लगायत नेकपा (एमाले)का विकास लम्साल तथा जनमोर्चा नेपालका कृष्ण वि.क. समेत उपस्थित भएको उक्त वैठकमा वैशाख ८ गते वृहत जनप्रदर्शन गर्ने, वैशाख १० गते पनि वृहत जनप्रदर्शन गर्ने, सुरक्षा निकायद्वारा आन्दोलनकारीहरुलाई गरिएको थुनछेक र सर्वसाधारण माथिको कारवाहीको विरोध गरी प्रेस विज्ञप्ती प्रकाशन गरी खेद व्यक्त गर्ने निर्णय भएका थिए साथै जि.वि.स.मा मनोनित गरिएका सभापति, उपसभापति लगायत सदस्यहरुलाई राजीनामा गर्न आह्वान गरिएको थियो । २०६३ वैशाख २ गते आन्दोलनकारीहरु माथि गरिएको ज्यादती र थुनछेकको विरोध गर्दै संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतले प्रेस विज्ञप्ती जारी गरेर विरोध गरेको थियो । त्यस्तै वैशाख २ गते नै संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतले गरेका निर्णयहरुलाई सार्वजनिक गरिएको थियो । त्यसपछिका कार्यक्रमहरु अझै भव्यरुपले सम्पन्न भएका थिए । वैशाख ३ गतेको विरोध जुलुश नेपाल आदिवासी जनजाति महासंघ जिल्ला तदर्थ समितिको आयोजनामा आन्दोलनकारी पार्टीहरुको सल्लाह र सहयोगमा भएको थियो । जुलुशले बजार परिक्रमा गरी महेन्द्रचोकमा कोणसभामा परिणत भएको थियो । कोणसभामा नवराज गुरुङ, भिम पुन, सोम पुन, नारायणप्रसाद गुरुङ, अमर गुरुङ, तारा थापा, दुर्गा थापा, जयबहादुर गुरुङले बोलेका थिए । आन्दोलन संचालनको क्रममा आन्दोलनकारी युवाहरुले उल्टो हिंड्ने जुलुश प्रर्दन गरेका थिए । साथै मुर्दा जुलुश र मुर्दाको दाहसंस्कार गरिएको थियो । यही क्रममा प्रहरी हस्तक्षेप र आन्दोलनकारीबाट प्रतिकार भएको थियो । यो घटनाको तस्वीर लिंदा पत्रकार दुर्गाप्रसाद शर्मा माथि प्रहरीद्वारा कुटपिट भएकोले संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतले प्रेस विज्ञप्ती जारी गरेर विरोध गरेको थियो । त्यस्तै प्रेस चौतारी नेपालका अध्यक्ष भोलानाथ शर्मा, प्रेस युनियनका सचिव ओमप्रसाद घायल, लोकतन्त्र र शान्तिका लागि पेशागत संजाल संयुक्त विद्यार्थी आन्दोलन संयोजन समिति पर्वतले प्रेस विज्ञप्ती प्रकाशन गरी पत्रकार माथि भएको ज्यादतीको विरोध गरेका थिए । त्यस्तै २०६३

वैशाख ४ गते गाउँगाउँबाट आएका हजारौं जनताहरुको सहभागितामा जिल्ला सदरमुकाममा विरोध प्रदर्शन भएको थियो । विरोध प्रदर्शन पछि भएको कोणसभामा नेपाली कांग्रेसका तर्फबाट अर्जुन जोशी, नेकपा एमालेका तर्फबाट विकास लम्साल, जनेमार्चा नेपालका तर्फबाट तेजेन्द्र पौडेल, नेपाली कांग्रेस प्रजातान्त्रिकका राम शर्मा पौडेल, नेपाली कांग्रेसका राम शर्मा, कृष्ण गौंडेल, गिरिजा तिवारी, नेकपा एमालेका पिताम्बर घिमिरे, उपप्राध्यापक भोजराज भुसाल र राजु विकले बोलेका थिए । साँझ विद्यार्थीहरुले मसाल जुलुश प्रर्दशन गरेका थिए । कानून व्यवसायीले लालटिन जुलुश प्रर्दशन गरेका थिए । पर्वत जेसीजले सदरमुकाममा जनमत सर्वेक्षण गरेको थियो । जसमा गणतन्त्रको पक्षमा ९० प्रतिशत मत खसेको थियो । वैशाख ५ गते उत्पीडित दलित समुदायले विरोध जुलुश प्रर्दशन गरेका थिए । विरोध प्रर्दशनमा भाग लिन गाउँगाउँबाट उत्पीडित समुदायका मानिसहरु आएका थिए । विरोध प्रदर्शन पछि स्थानीय महेन्द्रचोकमा कोण सभा सम्पन्न भएको थियो । आन्दोलनकारी दलहरुको निर्णय, सल्लाह र सहयोगमा भएको विरोध प्रदर्शन पछिको कोणसभामा नेपाल दलित मुक्ति संगठनका कृष्ण वि.क., उत्पीडित जातीय मुक्ति समाजका मनोहर वि. पौडेल, नेपाल दलित संघका जितबहादुर नेपाली, दलित जनसमाजका दुर्गाबहादुर दर्जीले बोलेका थिए । सोही दिन स्रष्टाहरुले आन्दोलनको समर्थनमा कविता वाचन र गीत गाउने काम गरेका थिए । लोकतन्त्रका लागि पेशागत संजाल पर्वतले साँझ दीप प्रज्ज्वलन गरेको थियो । त्यस्तै वैशाख ६ गते पनि गाउँगाउँबाट सदरमुकाम आउने क्रम बढिरहेको थियो । जिल्लाको दक्षिणी भेगका हजारौं जनसमुदाय सदरमुकाम आएर विरोध प्रर्दशनमा सहभागी भएका थिए । आन्दोलनकारी दलहरुले संचालन गरेको विरोध प्रर्दशनमा पैयुँखोला संयुक्त आन्दोलन परिचालन समितिले नेतृत्व गरेको जनमुदाय र आर्थर डाँडाखर्कबाट आएको विशाल जनसमुदाय सहभागी भएको थियो ।

विरोध प्रर्दशनपछि महेन्द्रचोकमा सम्पन्न कोणसभामा नेपाली कांग्रेसका अर्जुन जोशी, नेकपा (एमाले) का मोतिप्रसाद पौडेल, नेपाली कांग्रेस (प्रजातान्त्रिक) का गिरीराज गौतम, जनमोर्चा नेपालका टेकबहादुर आले र तेजेन्द्र पौडेलले बोल्नुभएको थियो । सोही दिन उद्योग व्यवसायीहले पनि विरोध प्रर्दशन गरे । वैशाख ७ गते जिल्ला सदरमुकाममा विरोध प्रर्दशन जारी नै राखिएको थियो । प्रर्दशनपछिको कोणसभामा नेपाली कांग्रेसका डिल्ली लामिछाने, नेकपा (एमाले) का शान्त पौडेल,नेपाली कांग्रेस (प्रजातान्त्रिक) का राम शर्मा पौडेल, जनमोर्चा नेपालका निर्मल नेपाली, ने.वि.संघ (प्रजातान्त्रिक) का मोहन आचार्यले बोलेका थिए । उक्त दिन

भंगरा गा.वि.स.बाट पनि प्रर्दशनमा जनसमुदाय आएका थिए । २०६३ वैशाख ८ गते जिल्ला सदरमुकाममा विशाल प्रर्दशन भएको  थियो । गाउँ गाउँबाट हजारौंको संख्यामा जनसमुदाय जिल्ला सदरमुकाम आएका थिए । विशाल विरोध जुलुशले राजतन्त्रका विरुद्धमा नाराहरु लगाउँदै बजार परिक्रमा गरेपछि महेन्द्रचोकमा कोणसभा भएको थियो । कोणसभामा एमालेका मोति पौडेल, जनमोर्चाका टेकबहादुर आले, नेपाली कांग्रेस प्रजातान्त्रिकका नवराज गुरुङले बोलेपछि नेपाली कांग्रेसका अर्जुन जोशीले बोल्ने क्रममा झडप भएको थियो । उक्त दिनको कार्यक्रम नेकपा एमालेका मेघनाथ सुवेदीले संचालन गरेका थिए । झडप सुरु भएपछि प्रहरीले ढुंगा, लाठी, अश्रुग्याँस, गोली समेत प्रहार गऱ्यो । आन्दोलनकारीका तर्फबाट पनि प्रतिकार भयो । करिव २ घण्टाको झडमा दर्जनौं आन्दोलनकारही घाइते भए । सोही दिन गोली लागी घाइते भएका गोविन्दनाथ शर्मा शहीद भए । आन्दोलनकारी दल विभिन्न संघसंस्थाले प्रेस विज्ञप्ती निकालेर उक्त दिनको घटनाको विरोध गरे । २०६३ वैशाख ९ गते विहानै उद्योगी, व्यापारीहरुले विरोध प्रर्दशन गरी बजार परिक्रमा गरे । सोही दिन आन्दोलनकारीले महेन्द्रचोकमा रहेको महेन्द्रको शालिक ढाले र उक्त चोकलाई लोकतन्त्रचोक घोषणा गरे । सोही दिन सामुदायिक वन उपभोक्ता महासंघको आयोजनामा हजारौंको संख्यामा विरोध प्रर्दशन भएको थियो । विरोध प्रदर्शनपछि आयोजित कोणसभामा जनमोर्चाका तेजेन्द्र पौडेल, एमालेका उदय सुवेदी, ने.का. प्रजातान्त्रिकका राम शर्मा पौडेल र तोयनाथ भुसाल, सामुदायिक वन उपभोक्ता महासंघका खेमनाथ शर्मा र खुमप्रसाद सुवेदीले बोलेका थिए । २०६३ वैशाख १० गते जिल्लाको इतिहासमा सबैभन्दा ठूलो प्रर्दशन भएको थियो । कम्तीमा पनि २५ हजार जनसमुदाय विरोध प्रर्दशनमा सहभागी भएका थिए । गाउँगाउँबाट ठूलो संख्यामा जनसमुदाय सहभागी भएका थिए । विरोध प्रर्दशनपछि स्थानीय लोकतन्त्रचोक (महेन्द्रको शालिक ढालेपछि महेन्द्रचोकबाट लोकतन्त्रचोकमा परिणत) मा सभा सम्पन्न भएको थियो । सो सभामा नेपाली कांग्रेसका अर्जुन जोशी, डिल्ली लामिछाने, नेकपा एमालेका विकास लम्साल, नेपाली कांग्रेस प्रजातान्त्रिकका नवराज गुरुङ, राम शर्मा पौडेल जनमोर्चा नेपालका टेकबहादुर आले र कृष्ण वि.क. तथा एमाले निकट अनेरास्ववियुका पदमपाणि शर्मा सोही दिन हिसारतबाट रिहाई भएपछि सभामा उपस्थित भई बोलेका थिए । सोही दिन शिक्षक तथा कर्मचारीहरुले छुट्टाछुट्टै प्रदर्शन गरेका थिए । वैशाख ११ गते टेलरिङ व्यवसायी र मजदुरहरुले विरोध प्रर्दशन गरेका थिए । मजदुर प्रदर्शन पछि राजदेव गुरुङ, शिव सुवेदी, रामबहादुर नेपाली, गणेश क्षेत्री, हेमराज शर्मा, शिव पौडेल आदिले बोलेका

थिए । आन्दोलनकारी दलहरुले पनि जिल्ला सदरमुकाममा विरोध प्रर्दशन जारी राखेका थिए । वैशाख ११ गते पुनः आन्दोलनकारी दलहरुको संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति पर्वतको संयुक्त वैठक बसेको थियो । वैठकमा आन्दोलनका आगामी कार्यक्रमबारे छलफल भको थियो । वैशाख १२ गते व्यापक जनप्रर्शन गर्ने कार्यक्र केन्द्रबाट तय भए अनुसार पर्वत जिल्लामा पनि विशाल प्रदर्शन गर्ने निर्णय भएको थियो । सोही दिन राती आन्दोलनले सफलता प्राप्त गरेको थियो । राजा ज्ञानेन्द्रबाट शाही घोषणा गरी विघटित संसदको पुनर्स्थापना र आन्दोलनकारी सात राजतीतिक पार्टीहरुलाई देश चलाउने जिम्मेवारी सुम्पिएको घोषणा भएको थियो । त्यसपछि आन्दोलन रोकिएको थियो ।

नेकपा (माओवादी) जिल्ला कमिटी पर्वलते २०६२ साल मंसिर ७ गते सात दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे सहमति पछि संयुक्त जनआन्दोलनमा जाने निर्णय गरेको थियो । नेकपा (माओवादी) को पर्वत जिल्ला संगठन समितिको पूर्ण वैठकद्वारा निर्णय गरी जिल्ला इन्चार्जको नेतृत्वमा पार्टीका जनवर्गीय संगठन, मोर्चा र मञ्चहरुमा रहेका कार्यकर्ताहरुको बीचमा संयुक्त जनआन्दोलन परिचालन कमिटी गठन भएको थियो । सदरमुकाममा नागरिक समाजहरु र मञ्च एवं मोर्चाहरु निर्माण गरेर आन्दोलनको संचालन गर्ने योजना बनाएको थियो । पार्टीको मुख्य नेतृत्वलाई सदरमुकाम नजिकै रहने र संचार सेट मार्फत सम्पर्क गर्ने तथा नजिकका केही ठाउँमा सम्पर्क केन्द्रहरु बनाएर आन्दोलन संचालन गर्ने प्रक्रिया मिलाएको थियो । आन्दोलन संचालनको लागि नेतृत्व निकट रहने, पार्टीका तल्ला निकायहरु जनवर्गीय संगठनहरु, जातीय मोर्चाहरु, गणतान्त्रिक मोर्चा र मञ्चहरुको माध्यमबाट पार्टीका सदस्य, समर्थक, शुभचिन्तकहरुलाई ठूलो संख्यामा सदरमुकाम पठाउने काम भएको थियो । (झलकपाणी तिवारीसँगको प्रश्नोत्तरमा आधारित) यसरी संयुक्त जनआन्दोलन २०६२/०६३ संचालन भएको थियो । पर्वत जिल्लामा कार्यरत सात राजनीतिक दल मध्ये चार राजनीतिक दल र नेकपा (माओवादी)ले संयुक्त जनआन्दोलन संचालनमा महत्वपूर्ण भूमिका खेलेका थिए ।

## ४.४ नेतृत्व र सहभागिता :

संयुक्त जनआन्दोलन ०६२/०६३ को नेतृत्व खुल्ला रुपमा  सात राजनीतिक दलहरुले नै गरेका थिए भन्ने कुरामा कुनै शंका छैन । त्यस्तै माओवादीले पनि त्यो आन्दोलनलाई उचाईमा पुऱ्याउन योजना बनाउने, संयुक्त जनआन्दोलन परिचालन कमिटी बनाउने, सबै स्तरका पार्टी संगठन, जनसंगठन, मोर्चा संगठन र मञ्चहरुलाई परिचालन गर्ने काम गरेको थियो । २०६२ मंसिर ७ गतेको १२ बुँदे सहमति पछि स्वभाविकरुपले यो १२ बुँदे सहमतिमा सहभागिता जनाउने दलहरु नै आन्दोलनका नेतृत्वकर्ता रहेका थिए  । पर्वत जिल्लामा पनि स्थिति त्यस्तै रहेको थियो । सात राजनीतिक दलहरु मध्ये पर्वत जिल्लामा कार्यरत चार राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कांग्रेस प्रजातान्त्रिक, जनमोर्चा नेपालले सात राजनीतिक दलको २०६२ वैशाख २५ गतेको "राष्ट्रिय संकट" समाधानका लागि साझा सहमति र प्रतिवद्धताको घोषणा पत्र तयार गरेपछि नै पर्वत जिल्लामा पनि केन्द्रको निर्देशन बमोजिम संयुक्त जनआन्दोलन जिल्ला संयोजन समिति निर्माण भएको थियो । पछिल्लो संयुक्त जनआन्दोलन २०६२/०६३ संचालनको लागि पनि त्यही समितिलाई नै परिचालन गरिएको थियो । संयुक्त जनआन्दोलन सामुहिक नेतृत्वमा संचालन हुने भएकोले सबै आन्दोलनकारी पार्टीका प्रमुखहरुको सामुहिक नेतृत्वमा यो आन्दोलन चलेको थियो । आन्दोलनका प्रत्येक कार्यक्रमहरुबारे निर्णय गर्दा, विरोध जुलुश प्रदर्शन गर्दा, जुलुश हिंड्ने बाटो तय गर्दा, नाराहरु तय गर्दा जुलुशमा अवाञ्छित क्रियाकलापहरु हुन नदिने कुरामा र जुलुस समापन, कोण सभा र सभाहरु संचालन र समापन एवं तत्काल परेका समस्याहरु समाधान गर्ने कुरामा आन्दोलनकारी दलहरुको संयुक्त जनआनदोलन जिल्ला संयोजन समितिले नै नेतृत्व गरेको थियो । आन्दोलनका प्रत्येक दिनका कार्यक्रमहरुमा संयुक्त जनआन्दोलन जिल्ला संयोजन समितिका सदस्यहरु सहभागी भएर नेतृत्व गरिरहेका थिए । नेकपा (माओवादी) खुल्ला रुपमा सदरमुकाममा उपस्थित थिएन । उसले जनतालाई गाउँगाउँमा आन्दोलित बनाउने, गाउँका जनतालाई सदरमुकाम पठाउने, सदरमुकाममा जनवर्गीय संगठन, मोर्चाहरु र मञ्चहरुको माध्यमबाट नेतृत्व गर्न लगाउने, मुख्य नेतृत्व सदरमुकामको नजिक रही संचार सेटबाट सम्पर्क गर्न लगाउने, सदरमुकामका निकटका केही ठाउँहरुमा सम्पर्क केन्द्रहरु बनाएर निर्देशन दिने तथा आन्दोलनकारी दलको नेतृत्वसँग सम्पर्क र समन्वय गरी नेतृत्व गर्ने पहल गरेको थियो । यिनै

चारवटा खुला राजनीतिक पार्टीहरु र भूमिगत नेकपा (माओवादी) ले नेतृत्व गरेर पर्वत जिल्लाको आन्दोलनलाई सफलताको विन्दुसम्म पुऱ्याउने काम गरेका थिए । २०६२।०६३ को संयुक्त जनआन्दोलनमा व्यापक मात्रामा जनसहभागिता रहेको थियो । निरंकुशताको पक्षधर केही व्यक्तिहरु, निरंकुश सत्ताले मनोनित गरेका केही व्यक्तिहरु जिल्लाका मुख्य प्रशासकहरु बाहेक अन्य सबै जनता कुनै न कुनै ढंगले आन्दोलनमा सहभागी बनेका थिए । आन्दोलनकारी पार्टीका सबै कार्यकर्ताहरु समर्थक, शुभेच्छुकहरु आन्दोलनमा सहभागी बने । कतिपय स्वतन्त्र व्यक्ति र संस्थाहरु पनि आन्दोलनमा सहभागी बने । आनदोलनमा जाने कुरा उत्साहको कुरा बन्यो । मान्छेहरु स्वतस्फूर्तरुपमा आफै विविध खालका विरोधका रुप र विधिहरु प्रयोग गरेर आन्दोलनमा सहभागी बने । आन्दोलन उत्सव जस्तो वन्यो । चार दिन भनेर सुरु गरिएको आन्दोलन १९ दिन पुग्दा पनि कोही आत्तिएन, कोही थाकेन । यो आन्दोलन विगतमा कहिल्यै नभएको तर संसारलाई चकित पार्नेगरी उठ्यो र नेपाली समाजको आमुल परिवर्तनको ढोका खुलायो । यो आन्दोलनमा देशभित्रको साथै अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि व्यापक सहयोग र समर्थन प्राप्त भएको थियो । त्यसैले यसले सफलता पाउन सकेको थियो । यो आन्दोलनमा पर्वत जिल्लामा पनि व्यापक जनसहभागिता जुटेको थियो । कहिल्यै ननिस्केका ठूला ठूला जुलुशहरु निस्किएका थिए । आन्दोलनमा आन्दोलनकारी सात राजनीतिक दलहरु मध्ये पर्वत जिल्लामा कार्यरत चार राजनीतिक दलका नेता, कार्यकर्ताहरु, दलका सदस्यहरु, विभिन्न जनवर्गीय संगठनका कार्यकर्ताहरु, समर्थक र शुभेच्छुकहरु सहभागी भए । पेशागत संघसंगठन, नेपाल शिक्षक युनियन, नेपाल राष्ट्रिय शिक्षक संगठन, नेपाल शिक्षक संघ, प्राध्यापक संघ, जिल्ला वार इकाई, गैसस महासंघ, प्रेस चौतापरी, प्रेस युनियन लगायतका संघसंस्थाले २०६२ चैत्र २५ गते विज्ञप्ती प्रकाशित गरी सात दलले आह्वान गरेको आन्दोलनमा सहभागिता जनाउने निर्णय गरेका थिए । त्यस्तै पर्वत उद्योग वाणिज्य संघले चैत्र २६ गते नै विज्ञप्ती प्रकाशित गरी आन्दोलनमा सक्रिय सहिभागी हुन सम्पूर्ण उद्योगी, व्यवसायी एवं व्यापारीहरुलाई आग्रह गरेको थियो । त्यसैगरी नेपाल बुद्धिजीवि परिषद्, निवृत्त शिक्षक समाज, मानवअधिकार तथा शान्ति समाज, मानवअधिकार संरक्षण मञ्च, नेपाल राष्ट्रिय दलित मुक्ति संगठन, लोकतान्त्रिक स्रष्टाहरुको संयुक्त मञ्च, प्रगतिशील लेखक संघ, सुनचाँदी व्यवसायी संघ, एनजिओ नेटवर्क, लोकतन्त्र शान्तिका लागि नागरिक संजाल, दलित जनसमाज, नेपाल आत्मनिर्भर विकास मञ्च, सामुदायिक वन उपभोक्ता महासंघ, धौलागिरि युथ क्लव, उर्जा तथा वातावरणीय विकास

संस्था, निर्माण व्यवसायी संघ, कुश्मा शिवालय खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, पर्वत जेसीज, घरेलु तथा साना उद्योग महासंघ, प्रेस नेपाल, नेष्डो नेपाल, इन्प्रेड नेपाल, सेक्रेड नेपाल, नव चेतना सामुदायिक विकास केन्द्र, पर्वत लायन्स क्लव अफ शिवालय, प्रेस चौतारी पर्वत, नेपाल प्रेस युनियन पर्वत लगायतका संघसंस्थाहरुले चैत्र २६ गते संयुक्त विज्ञप्ती प्रकाशित गरी आन्दोलनमा सहभागिता जनाउने जानकारी गराएका थिए । पर्वत वार इकाईले बेन्च बहिष्कार गरेर चैत्र २७ गते आन्दोलनको समर्थन गऱ्यो । गाउँगाउँमा पनि आन्दोलन तिब्र बनेको थियो । शंकरपोखरी, कटुवाचौपारी, पिपलटारी, ठूलीपोखरी, खौलालाँकुरी, दक्षिण पर्वतका हुवास, वर्राचौर, रानीपानी लगायतका गाउँहरुमा निरन्तर मसाल जुलुश, कोण सभा सम्पन्न भइरहेका थिए । नेपाल शिक्षक युनियन पर्वतले जिल्लाका सबै विद्यालय बन्द गरेर चालु लोकतान्त्रिक आन्दोलनमा लाग्न सबै शिक्षकहरुलाई निर्देशन गरेको थियो । गैसस महासंघ पर्वत, सामुदायिक वन उपभोक्ता महासंघ र एन.जि.ओ. नेटवर्क पर्वतले पनि चैत्र २८ गते नै विज्ञप्ती प्रकाशित गरी आफ्ना सदस्यहरुलाई दैनिक रुपमा आन्दोलनमा सहभागी हुन आग्रह गरेका थिए । जिल्लामा कार्यरत तीन दर्जनजति संस्थाहरुको भेलाले आन्दोलनमा सक्रिय सहभागिता जनाउने निर्णय गरेको थियो । चैत्र २९ गते विहान हजारौं पेशाकर्मीहरुले प्रर्दशन गरेका थिए । पर्वत जिल्लामा पहिलो पटक सबै शिक्षक, प्राध्यापक, कर्मचारीहरु आन्दोलनमा सहभागी भएका थिए । (जि.सी; २०६३: ६३) पर्वत उद्योग वाणिज्य संघ पनि आन्दोलनमा सहभागी बनी केन्द्रलाई समेत लोकतान्त्रिक आन्दोलनमा उत्रन आग्रह गरेको थियो ।

आन्दोलनमा सहभागी जनसमुदाय प्रहरी दमनको प्रतिरोध गर्न पनि तयार रहेको अवस्था देखिएको थियो । २०६२ चैत्र ३० गते पर्वत जेसीज, पर्वत जीप तथा पिकअप व्यवसायी समितिले विज्ञप्ती प्रकाशित गरी आन्दोलनमा ऐक्यवद्धता जनाएका थिए । लोकतन्त्र र शान्तिका पक्षमा नागरिक समाजको संजाल पर्वतले गरेको प्रदर्शनमा गाउँगाउँबाट सयौं सर्वसाधारण र शिक्षकहरु नारा जुलुश गर्दै सदरमुकाम आएका थिए भने जिल्लाका सबै कर्मचारी, शिक्षक, उद्योगी, व्यापारी, पत्रकार, संघसंस्थाका प्रतिनिधि र कानून व्यवसायीहरुको जुलुश लोकतन्त्र चोकबाट सुरु भई वडागाउँ हुँदै शिवालय चोक पुरानो बजारबाट पुनः लोकतन्त्रचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । त्यस्तै २०६३ साल वैशाख १ गते महिलाहरुको सहभागितामा विशाल विरोध जुलुश प्रदर्शन भएको थियो । सोही दिन गाउँगाउँमा सात दलका कार्यकर्ता र नेकपा (माओवादी) का कार्यकर्ताहरुले संयुक्तरुपमा प्रर्दशन

गरेका थिए । वैशाख ३ गते राम्जा देउराली, पाङ र खुर्कोटबाट सयौं सर्वसाधारणहरु सदरमुकाम आएकाथिए । निर्माण व्यवसायी संघ पर्वतले जनआन्दोलनलाई सहयोग पुऱ्याउन २७ हजार रुपैंया सहयोग गरेको थियो । २०६३ वैशाख ३ गते आदिवासी जनजाति महासंघ जिल्ला तदर्थ समितिले आयोजना गरेको जुलुशमा ठूलो संख्यामा आदिवासी जनजातिहरु सहभागी भएका थिए । २०६३ वैशाख ४ गते शंकरपोखरी, मुडिकुवा, खानीगाउँ गा.वि.स.बाट हजारौं प्रदर्शनकारीहरु सदरमुकाममा सहभागी भएका थिए । साँझ विद्यार्थीहरुले मसाल जुलुश प्रर्दशन गरेका थिए । कानून व्यवसायीहरुद्वारा लालटिन जुलुश प्रर्दशन गरिएको थियो । वैशाख ५ गते दलित समुदायको सहभागितामा जुलुश प्रर्दशन गरी सदरमुकाम परिक्रमा र कोणसभा भएको थियो । सोही दिन स्रष्टाहरु पनि आन्दोलनमा सहभागी भएका थिए । उनीहरुले कविता वाचन र गीत गाउने काम गरेका थिए । आन्दोलनका घाइतेहरुको उपचारका लागि पर्वत जिल्लामा कार्यरत निजामति कर्मचारीहरुले एकदिनको तलव दिएका थिए । कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरुले हातमा कालोपट्टि बाँधी काम ठप्प पारेर निरन्तर आन्दोलनमा सहभागी भएका थिए । ०६३ वैशाख ६ गते दक्षिण पर्वतको टकलाक, सरौंखोला, त्रिवेणी, बेउलीबास, हुवास, भोर्ले, रानीपानी लगायतका गा.वि.स.बाट वृद्ध महिला तथा पुरुषहरु लट्ठी टेकेर झोलामा सातु र चामल बोकेर आएका थिए र जिल्ला सदरमुकाममा जुलुश प्रदर्शनमा सहभागी भएका थिए । आर्थर डाँडाखर्कबाट पनि सोही दिन जनताहरु सदरमुकामको जुलुशमा सहभागी हुन आएका थिए । पर्वत उद्योग वाणिज्य संघले सबै उद्योगी व्यवासी, व्यापारीहरुलाई ढक, तराजु, मिटर, लिटर, कैंची सहित आन्दोलनमा सहभागी गराएको थियो । ०६३ वैशाख ७ गते पाङ गा.वि.स.मा ५ हजार जनताहरु सहभागी भएर प्रदर्शन गरेका थिए । भंगरा गा.वि.स.बाट आएका प्रर्दशनकारीहरुको सहभागितामा जिल्ला सदरमुकाममा प्रदर्शन भएको थियो । ०६३ वैशाख ८ गते गाउँगाउँबाट आएका वीसौं हजार प्रदर्शनकारीहरुको सहभागितामा विरोध प्रदर्शन भएको थियो । उक्त दिन सुरक्षाकर्मीबाट चर्को दमन भएको थियो र आन्दोलनकारीबाट प्रतिरोध भएको थियो । २०६३ वैशाख ९ गते सामुदायिक वन उपभोक्ता महासंघको आयोजनामा हजारौं जनता सहभागी भएर विरोध जुलुश प्रदर्शन गरेका थिए । २०६३ वैशाख १० गते गाउँगाउँबाट आएका हजारौं जनताहरुको सहभागितामा सबैभन्दा ठूलो विरोध जुलुश र सभा सम्पन्न भएको थियो । जिल्लाका प्रायः सबै गा.वि.स.बाट र छिमेकी जिल्ला कास्की र सल्यान गा.वि.स.बाट समेत सहभागिता भएको थियो । सोही दिन निजामति

कर्मचारीहरुले अधिकृत समेत समावेश भएर विरोध प्रदर्शन गरे । ०६३ वैशाख ११ गते टेलरिङ व्यवसायी र मजदुरहरु पनि समावेश भएर छुट्टाछुट्टै जुलुश प्रर्दशन गरे । यसरी पर्वत जिल्लामा विभिन्न क्षेत्र, समुदाय, संघसंस्था, पेशा, व्यवसाय, वर्ग, तह, तप्का सबै सहभागी भएर पर्वत जिल्लामा ०६२/०६३ को संयुक्त जनआन्दोलन सफल भएको थियो ।

## ४.५. सवल र दुर्वल पक्ष :

संयुक्त जनआन्दोलन २०६२/०६३ सफलतापूर्वक सम्पन्न भएको थियो । व्यापक जनसहभागिताका साथ सम्पन्न भएको र आन्दोलनका लक्ष्यहरु प्राप्त भएको हुनाले स्वभाविकरुपमा यसको सवल पक्ष नै प्रमुख रहेको थियो । सवल पक्ष प्रवल हुँदाहुँदै पनि कमी कमजोरी भएका थिएनन् भन्ने कुरा हुँदैन । त्यसैले यसका सवल र दुर्वल पक्षहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.५.१ सवल पक्षहरु :

- प्रमुख राजनीतिक पार्टीहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपाल तथा सशस्त्र जनयुद्धमा रहेको नेकपा (माओवादी) समेतको बीचमा शान्तिपूर्ण संयुक्त जनआन्दोलनको लागि सहमति हुनु यो आन्दोलनको सबै भन्दा प्रमुख सवल पक्ष रहेको थियो ।
- प्रमुख राजनीतिक पार्टीहरुको सहभागिताका कारणले जनतामा आएको उत्साहबाट संयुक्त जनआन्दोलनमा आएको व्यापक लहर अर्थात् आन्दोलनमा भएको व्यापक जनसहभागिता अर्को सवल पक्ष रहेको थियो ।
- आन्दोलनमा देखिएको प्रतिरोधी क्षमता पनि यो आन्दोलनको सवल पक्ष रहेको थियो । आन्दोलनले प्राप्त गरेको राष्ट्रभित्रका सबै पक्षको समर्थन यो आन्दोलनको अर्को सवल पक्ष रहेको थियो ।
- आन्दोलन प्रतिको अन्तर्राष्ट्रिय समर्थन अर्को महत्वपूर्ण सवल पक्ष रहेको थियो ।
- आन्दोलनका सबै घोषित लक्ष्यहरु पूरा हुन सक्नु आन्दोलनको सवल पक्ष नै रहेको थियो ।

- आन्दोलनका सबै मागहरु पूरा नभएसम्म सम्झौताहीन ढंगले अगाडि बढ्नु अर्को सवल पक्ष रहेको थियो ।
- निरंकुश राजतन्त्रलाई सधैंको भन्दा कमजोर बनाउन सक्नु र समाप्तीको लागि वातावरण निर्माण गर्न सक्नु अर्को सवल पक्ष रहेको थियो ।
- हतियार बन्द राजनीतिको अन्त्य गरी शान्तिपूर्ण परिवर्तनको मार्ग प्रशस्त गर्नु आन्दोलनको अर्को सवल पक्ष रहेको थियो ।
- राजासँग सम्झौता गरेर आन्दोलन टुङ्ग्याउने अन्तर्राष्ट्रिय दवावलाई अस्वीकार गर्दै आन्दोलनलाई निर्णायक तहसम्म पुऱ्याउन सक्नु अर्को सवल पक्ष रहेको थियो ।

### ४.५.२ पर्वत जिल्लामा आन्दोलनका सवल पक्षहरु निम्नानुसार रहेका थिए :-

- चार राजनीतिक पार्टीहरुमा सहकार्य भएको थियो र आन्दोलनको समयभरि कायम भएको थियो ।
- नेकपा (माओवादी) सँग पनि सम्पर्क, सरसल्लाह र सहकार्यको प्रयत्न भएको थियो ।
- गाउँगाउँबाट व्यापक जनताहरुको सहभागिता रहेको थियो ।
- कुनै गा.वि.स. पनि आन्दोलनबाट विमुख भएको थिएन ।
- सबै वर्ग, तह, तप्का, पेशा, व्यावसायका जनताहरु आन्दोलनमा सहभागी भएकाथिए । महिलाहरु पनि ठूलो संख्यामा सहभागी भएका थिए ।
- जनतामा आन्दोलनप्रति उत्साह देखिएको थियो ।
- जनतामा निर्भयतापूर्वक आन्दोलनमा सहभागी हुने आवश्यक परे प्रतिरोध गर्ने क्षमताको समेत विकास भएको थियो ।
- ताराशाही राजा महेन्द्रको शालिक ढाल्ने काम सफल भएको थियो ।
- वहुदलीय लोकतन्त्रप्रतिको जनताको प्रतिवद्धता प्रकट भएको थियो ।
- निरंकुशतावादी तत्व र राजतन्त्रका पक्षधरहरुलाई अत्यन्त कमजोर बनाउन सफल भएको थियो ।
- जनताहरुको जुझारु भूमिका पनि यो आन्दोलनको सवल पक्ष रहेको थियो ।

### ४.५.३ दुर्वल पक्षहरु :

- विभिन्न विचार, सिद्धान्त र चरित्र भएका पार्टीहरु बीचको सहकार्यले आन्दोलनमा स्पष्ट दिशा निर्देशमा समस्या रहेको थियो ।
- आन्दोलनकारी पार्टीहरु मध्ये केहीमा रहेको राजतन्त्रप्रतिको मोहले राजतन्त्रसित सम्झौतामा आन्दोलन टुंग्याउने खतरा विद्यमान रहको थियो ।
- अर्न्तराष्ट्रिय समुदाय आन्दोलनलाई राजासँगको सम्झौतामा टुङ्ग्याउने कोसिसमा रहेकाले आन्दोलनको लक्ष्य प्राप्त नहुने खतरा विद्यमान रहेको थियो ।
- सामुहिक नेतृत्वमा चलेको आन्दोलनमा यसको श्रेय लिन होडबाजी चल्नु पनि दुर्वल पक्ष रहेको थियो ।
- पूर्व घोषित ०६२ चैत्र २४ देखि २७ सम्मको आम हड्ताल र अवज्ञाको कार्यक्रम सम्पन्न भएपछि २७ गते समयमै आन्दोलनका थप कार्यक्रम घोषित नहुनाले अन्यौल रहेको थियो । यो पनि एउटा दुर्वल पक्ष रहेको थियो ।
- आन्दोलनकै क्रममा राजतन्त्र समाप्त हुने अवस्था सिर्जना भएको थियो । तर अन्तिममा राजा ज्ञानेन्द्रले शाही घोषणाद्वारा आन्दोलनका मागहरु पूरा गरेकाले केही समय राजतन्त्र कायम रह्यो । जसले गर्दा नेपाली क्रान्ति अधुरो रहेको थियो ।
- आन्दोलनका नेतृत्वकारी शक्तिहरुले राजाद्वारा शाही घोषणा गराउने कुरा स्वीकार्नु दुर्वल पक्ष रहेको थियो ।
- आन्दोलनको समयमा भएको अन्तर्राष्ट्रिय समर्थन आन्दोलनको सफलतापछि आन्तरिक मामलामा हस्तक्षेपको रुपमा यदाकदा देखिनु यो दुर्वल पक्षजस्तो देखिएको छ ।

### ४.५.४ पर्वत जिल्लामा आन्दोलनका दुर्वल पक्षहरु निम्नानुसार रहेका थिए :-

- आन्दोलनलाई अझै व्यवस्थित गर्न नसक्नु ।
- गाउँबाट आउने जनतालाई ठीक ढंगले परिचालन गर्न नसक्नु । जसले गर्दा जनताहरुबाट जिल्ला नेतृत्व आलोचित हुनु ।

- गाउँगाउँमा स्वतस्फूर्तरुपमा संघर्ष समितिहरु बन्नु तर संयुक्त जनआन्दोलन जिल्ला संयोजन समितिले निर्देशन गरेर योजनावद्ध ढंगले संघर्ष समितिहरु निर्माण गर्ने काममा भूमिका खेल्न नसक्नु ।
- गाउँगाउँमा आन्दोलनका कार्यक्रम पुऱ्याउने र जनतालाई आन्दोलित बनाउने कुरामा योवनावद्ध ढंगले लाग्ने काम नहुनु ।
- आन्दोलनको हरेक गतिविधिको गाउँमा र जिल्ला सदरमुकाममा सूचना आदानप्रदान व्यवस्थित रुपमा नहुनु ।
- जनआन्दोलनको क्रममा सदरमुकाम भित्र निर्देशन र नियन्त्रणमा कमी रहनु ।

# परिच्छेद-पाँच

# उपसंहार

## ५.१ निष्कर्ष

संयुक्त जनआन्दोलन २०६२/२०६३ एउटा अभूतपूर्व घटनाको रुपमा नेपालको इतिहासमा अंकित भएको छ । यो आन्दोलनले नेपालको सामन्ति तथा निरंकुश राजतन्त्रलाई इतिहासको पानामा सिमित पारिदिएको छ । राजतन्त्रसन्ंग सहकार्य गरेर जान पनि सकिन्छ भन्ने मान्यताका साथ राजनीतिक पार्टीहरुले संवैधानिक राजतन्त्रलाई स्वीकारेर नेपालको राजनीतिमा क्रियाशिल भईरहेको अवस्थामा जनताले पटक पटक संघर्ष गरेर प्राप्त गरेका लोकतान्त्रिक अधिकारहरुलाई कुल्चदै जनतालाई नेपालको राजतन्त्रले पटक पटक धोका दिएको थियो । पछिल्लो पटक राजा ज्ञानेन्द्रबाट २०४६ सालमा जनताले संघर्ष गरेर प्राप्त गरेको बहुदलिय प्रजातन्त्र, मानव अधिकार, संवैधानिक राजतन्त्र र जनताको हातमा सर्वभौम सत्ता जस्ता मान्यतालाई कुल्चँदै संपूर्ण सत्ता आफ्नो हातमा लिने र आफै राजा, राष्ट्राध्यक्ष, आफै सरकार प्रमुख बन्ने निरंकुश प्रवृत्ति देखाइयो । सामन्तवादी शोषण उत्पीडनबाट पिल्सिएका नेपाली जनताहरु सामन्तवाद र यसको संरक्षक निरंकुश राजतन्त्रको विरुद्धमा आन्दोलित बन्ने पृष्ठभूमि तयार भयो । संवैधानिक राजतन्त्र नभइ निरंकुश बन्न पुगेको राजतन्त्रप्रति सात राजनीतिक पार्टीहरु नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपाल समेत मोह भङ्ग हुने अवस्थामा आइपुगे । त्यसैले सात राजनीतिक पार्टीहरु २०६२ बैशाख २५ गते नै राष्ट्रिय संकट सामाधान लागि साझा सहमति र प्रतिबद्धताको घोषण गरेर संयुक्त जनआन्दोलन गर्न सहमत भएका थिए । उता नेकपा (माओवादी) ले गणतन्त्रको लक्ष्य लिएर विगत १० वर्षदेखि सशस्त्र जनयुद्ध चलाइरहेको थियो । राजतन्त्रसँग संवाद सहमति र सहकार्यको कोसिस गर्दागर्दै राजतन्त्रको हठका कारण सफलता प्राप्त नभए पछि निरंकुश राजतन्त्रलाई परास्त गर्न यसको विरुद्धमा मिल्न सकिने जति सबै राजनीतिक पार्टीहरु र शक्तिहरुसँग सहकार्य गरेर निरंकुश राजतन्त्रको अन्त्य गर्ने निष्कर्षमा पुगेका सात राजनीतिक पार्टीहरु नेकपा माओवादीसँग मिलेर आन्दोलन गर्ने निष्कर्षमा पुगे । त्यस्तै सशस्त्र जनयुद्धबाट

मात्र निरंकुश राजतन्त्रको अन्त्य गर्न नसकिने निष्कर्षमा पुगेको माओवादी पनि सात राजनीतिक पार्टीहरुसँग मिलेर शान्पिूर्ण संयूक्त जनआन्दोलन गर्ने मनस्थितीमा पुगेको थियो । यस्तो अवस्थामा सात राजनीतिक पार्टीहरु र नेकपा (माओवादी)बीच भएको १२ बुँदे समझदारी र त्यसलाई पुनर्पुष्टी गर्ने गरी भएको दोस्रो समझदारीले सशक्त आन्दोलनको वातावरण तयार गरेको थियो । यही पृष्ठभूमिमा २०६२ चैत्र २४, २५, २६ र २७ गतेको आम हडताल र अवज्ञाको कार्यक्रम सात राजनीतिक पार्टीहरु र नेकपा (माओवादी) को सल्लाह र सहमतिबाट घोषणा भए पछि सामन्तवाद र त्यसको संरक्षक निरंकुश राजतन्त्रको विरुद्धमा नेपाली जनताहरु जर्मुराएर उठेका थिए । नेपालका प्रमुख आठ राजनीतिक पार्टीहरु (सात राजनीतिक पार्टीहरु र नेकपा माओवादी) ले आन्दोलनको तयारी गरे, आन्दोलनको संचालन गरे । जनआन्दोलन सुरु भयो, यसले व्यापकता लियो र व्यापक मात्रामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समर्थन प्राप्त गऱ्यो । आन्दोलनले घोषित लक्ष्य प्राप्त गऱ्यो र थप उपलब्धीको लागि अगाडि बढ्ने वातावरण निर्माण भयो । यसरी यो संयुक्त जन आन्दोलन २०६२/०६३ ले सफलता प्राप्त गऱ्यो ।

२००७ सालको आसपासबाट मात्र राजनीतिक चेतनाको विकास भएको पर्वत जिल्लामा सात राजनीतिक पार्टीहरुमध्ये ४ (चार) राजनीतिक पार्टीहरु नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक) र जनमोर्चा नेपाल तथा नेकपा (माओवादी) क्रियाशिल रहेका थिए । केन्द्रमा संयुक्त जनआन्दोलको अवधारण विकास भएपछि पर्वत जिल्लामा पनि संयुक्त जनआन्दोलनको वातावरण बन्यो र संयुक्त जनआन्दोलन संचालन भयो । पर्वत जिल्लामा घटेका विभिन्न घटनाहरु आन्दोलनको ईतिहासमा सबैभन्दा ठूला-ठूला विरोध जुलुस प्रदर्शन र सभाहरु प्रहरी प्रशासनको दमन, जनप्रतिरोध, लाठी, अश्रुग्याँस, गोली प्रहार घाइते र सहादत, तानाशाही राजा महेन्द्रको शालिक ढाल्ने कामजस्ता घटनाहरुले पर्वत जिल्लालाई चर्चाको शिखरमा पुऱ्याएका थिए । आन्दोलनमा व्यापक जनसहभागिता, आन्दोलनको सबै क्षेत्रमा व्यापकता र असरले आन्दोलनलाई उत्कर्षतातिर पुऱ्यायो । आन्दोलन यसरी सफल हुनुमा आम जनताहरुको अह्म भुमिका रहेको थियो । तर यो आन्दोलन हाँक्ने संचालन गर्ने नेतृत्व गर्ने कार्यक्रम दिने र जनपरिचालन गर्ने कुरामा राजनीतिक पार्टीहरुको भूमिका प्रमुख रहेको थियो । पर्वत जिल्लामा पनि त्यहाँ कार्यरत राजनीतिक पार्टीहरुले संयुक्त जनआन्दोलनमा जाने निर्णय गरेका थिए । त्यही निर्णयको आधारमा तयारी गरेका थिए, आन्दोलन संचालन गरेका थिए र आन्दोलनको नेतृत्व गरेका थिए । तिनै राजनीतिक पार्टीहरुको नेतृत्व स्वीकार गरेर तिनीहरुप्रति

विश्वास गरेर व्यापक जनताहरुले सहभागिता जनाएका थिए । विभिन्न कमीकमजोरी हुदाँहुँदै पनि संयुक्त जनआन्दोलन २०६२/०६३ लाई सफलताको चरण सम्म पुऱ्याउन राजनीतिक पार्टीहरुले खेलेको भूमिकालाई उच्च मुल्याङ्कन गर्नु उपयुक्त हुन्छ ।

संयुक्त जनआन्दोलन २०६२/०६३ सफलतापूर्वक संपन्न भएको थियो । आन्दोलन सफल हुदाँहुँदै पनि नेपाली क्रान्ति अधुरो रहेको थियो । संविधान सभामार्फत २०६५ जेष्ठ १५ गते नेपालबाट राजतन्त्रको अन्त्य गरी गणतन्त्र नेपालको स्थापना गरेर जनक्रान्ति पूरा भएको छ । अब गणतन्त्र नेपाललाई पूर्ण लोकतान्त्रिक, शान्त समृद्ध र सवल बनाएर नेपाली जनताको नयाँ नेपालको चाहनालाई पूरा गर्ने दायित्व आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्ने राजनीतिक पार्टीहरुको काँधमा आएको छ । विचार, सिद्धान्त, नीति र चरित्रमा भिन्नता भए पनि छलफल, वादविवाद, वहस गरेर देश र जनताको हितमा अन्तिम निचोड निकालेर निरन्तर अगाडी बढ्ने काममा आन्दोलनकारी राजनीतिक पार्टीहरुलाई सफलता मिलोस् भन्ने कामना गर्न सकिन्छ । यस सम्बन्धमा केही सुझावहरु निम्नानुसार उल्लेख गरिएको छ ।

## ५.२ सुझावहरु

१. संयुक्त जनआन्दोलनका उपलब्धीहरुलाई संस्थागत गर्न आन्दोलनकारी राजनीतिक पार्टीहरुले आपसी सहकार्यलाई निरन्तरता दिनु पर्छ ।

२. राष्ट्र निर्माणको लागि साझा सहमति र मान्यताहरु विकसित गर्दै व्यापक र उपयोगी दूरगामी चिन्तन लिन सक्नुपर्छ ।

३. राष्ट्रिय राजनीतिमा राजनीतिक पार्टीहरुको भूमिकालाई न्यूनिकरण गर्नु हुँदैन ।

४. आम जनतालाई राजनीतिक रुपले सचेत बनाउन सवै राजनीतिक पार्टीहरुले भूमिका खेल्नु पर्छ । आम जनताहरु राजनीतिक रुपले सचेत भए भने नै राष्ट्र सवल बन्छ ।

५. नेपाली जनताको उन्नति, प्रगति र समृद्धिको वाधक तत्व सामन्तवाद र यसको संरक्षक राजतन्त्र थियो यसको अन्त्य भएको छ तर अझै यसका हरेक क्षेत्रमा रहेका अवशेषहरुलाई समाप्त पार्न आन्दोलनकारी राजनीतिक पार्टीहरुले ध्यान दिनुपर्छ ।

६. राष्ट्रियताको संरक्षणका लागि र राष्ट्रिय स्वाभिमानको रक्षाको लागि आन्दोलनकारी राजनीतिक पार्टीहरु एकताबद्ध हुन सक्नुपर्छ ।

७. संविधानसभाको निर्वाचन सम्पन्न भएर गणतन्त्र स्थापना भइसकेपछि पनि देशमा देखिएको अराजकताको स्थिति अन्त्य भएको छैन बरु बढेको देखिएको छ । यस्तो अवस्थाको अन्त्यको लागि आन्दोलनकारी राजनीतिक पार्टीहरु एकजुट भएर लाग्नु पर्छ ।

८. आन्दोलनकारी राजनीतिक पार्टीहरुले न्यूनतम् साझा सहमति निर्माण गरेर अगाडि बढ्नुपर्छ ।

९. आन्दोलनको उपलब्धी तल्लो तहका न्यून आर्थिक स्थिति भएका जनताहरुले प्राप्त गरुन् भन्नेबारेमा ध्यान दिनुपर्छ ।

१०. कुनै पनि राजनीतिक पार्टीले कुनै विचार सिद्धान्तको नाउँमा सर्वसत्तावादी चरित्र देखाउनु हुँदैन ।

## सन्दर्भ ग्रन्थ सूचि


१. क. पुष्पलाल (२०५३) नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास, काठमाण्डौं, पुष्पलाल स्मृति प्रतिष्ठान केन्द्रीय कार्यालय ।

२. के.सी. घनेन्द्र (२०६४) *जनआन्दोलन २ र जनघोषणाहरु* - काठमाण्डौं पैरवी प्रकाशन 'M' हाउस ।

३. के.सी. सुरेन्द्र, (२०६४) *ऐतिहासिक दस्तावेज संग्रह (माले खण्ड) भाग दुई* काठमाण्डौं- पैरवी प्रकाशन 'M' हाउस ।

४. गौचन, सोम प्रसाद (२०६३), स्याङ्गजा र पर्वतमा कम्युनिष्ट आन्दोलनका प्रारम्भिक चरण, पुराना दिनको सम्झनामा बेउलीवास र लिमसिङ, पर्वत पैयुँ आवाज (वर्ष ४ अंक ९) पर्वत पैयुँ विद्यार्थी समाज काठमाण्डौं ।

५. जि.सी. राम बहादुर (२०६३) *जनआन्दोलन २ मा धवलागिरि* बाग्लुङ्ग - रामबहादुर जि.सी ।

६. जोशी, नारायण प्रसाद (२०५२), प्रजातान्त्रिक योद्धाको आत्म कथा, श्रीमती सुनदेवी जोशी

७. देवकोटा गृष्म बहादुर (२०३६) *नेपालको राजनीतिक दर्पण,* काठमाण्डौं- ध्रुव बहादुर देवकोटा ।

८. नवयुग (२०६३) नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको राजनीतिक पत्रिका (वर्ष १६ अंक ७ जेष्ठ) काठमाण्डौं, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग नेकपा (एमाले) मदन नगर ।

९. निष्ठुरी, विष्णु (२०६३) *उन्नाइस दिन (जनआन्दोलन डायरी)* काठमाण्डौं - मोर्डन बुक्स ।

१०. नेकपा एमाले जि.क. पर्वत (२०६३) *सांगठनिक प्रतिवेदन* पर्वत- अप्रकाशित ।

११. नेकपा (एमाले) जि.क. पर्वत (२०६३) - *संयुक्त जनआन्दोलन २०६२/२०६३ को समीक्षा प्रतिवेदन* पर्वत - अप्रकाशित ।

१२. ने.क.पा. (एमाले) जिल्ला कमिटी पर्वत - (२०५०), दोस्रो जिल्ला अधिवेशन द्वारा पारित

राजनैतिक प्रतिवेदन तथा प्रस्तावहरु ।

१३ नेपाल, माधव कुमार (२०६२), *केन्द्रीय कमिटीको नवौं बैठकद्वारा पारित प्रतिवेदन* काठमाण्डौं केन्द्रीय कार्यालय, नेकपा (एमाले) ।

१४. पंगेनी, भवेश्वर (२०५३) *पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन २००७* काठमाण्डौं, शोभादेवी भोलानाथ ट्रष्ट तौलिहवा कपिलवस्तु ।

१५. पाण्डेय, मधुसुडन (२०६४) *ती अभूतपूर्ण १९ दिन* काठमाण्डौं - पैरवी प्रकाशन : 'M' हाउस ।

१६. पोखरेल, कृष्ण (२०५८) *आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध* काठमाण्डौं- एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

१७. महर्जन, राजेन्द्र (सम्पादक) (२०६४) *नयाँ नेपालको मार्गचित्र* काठमाण्डौं मूल्याङ्कन प्रकाशन गृह प्रा.लि. ।

१८. राजकुमारी, मिति उल्लेख नभएको - पश्चिम ४ नं. नेपालको इतिहास उत्तरार्ध भाग डा. महेश्वर शर्मा स्याङ्गजा ठूमी ।

१९. रावल, भीम (२०४७) *नेपालमा साम्यवादी आन्दोन उद्‌भव र विकास* - काठमाण्डौं पैरवी प्रकाशन 'M' हाउस ।

२०. रिमाल, अरविन्द (२०६३), २०६२/०६३ *जनआन्दोलन द्वितीय नेपाल थकाईदिने १९ दिने* काठमाण्डौं- टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान ।

२१. शर्मा, मोहनराज, लुइटेल खगेन्द्र प्रसाद (२०६२) *शोध विधि* काठमाण्डौं साझा प्रकाशन तेस्रो संस्करण ।

२२. संयुक्त जन आन्दोलन केन्द्रीय संयोजन समिति (२०६३) प्रेश विज्ञप्ती, बैशाख १०

२३. हप्टन, मार्टिन, ऱ्यापर विलियम एण्ड हेव्लप्टन जोन, (१९९९)-पिपुल पोलिटिक्स एण्ड आइडियोलोजि (डेमोक्रेसी एण्ड सोसियल चेन्ज इन नेपाल), काठमाडौंः मण्डला बुक प्वाइन्ट ।

२४ ज्ञवाली, हेमराज द्वारा कान्तिपुर पब्लिकेशन प्रा.लि. का लागि प्रकाशित तथा मुद्रित- कान्तिपुर राष्ट्रिय दैनिक - २०६२/६३ अंक ४७-६५ काठमाण्डौं कान्तिपुर पब्लिकेशन

**अन्य दस्तावेजहरु**

१. एमाले माओवादी विच हस्ताक्षरित सम्झौता पत्र (२०६२/७/९)

२. राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा पत्र (२०६२/१/२५)

३. सात दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी (२०६२/०८/०७)।

# अनुसूचि १

**२००७ साल माघ १५ गते गठन गरिएको बाग्लुङ्ग जनसरकारको नामावली**

गभर्नर : दीर्घबहादुर मल्ल (पर्वत)

प्रधानमन्त्री : ओमप्रसाद गौचन (बागलुङ)

उपप्रधान तथा संचारमन्त्री : कालीभक्त पन्त (पर्वत)

वन तथा ग्राम प्रचारक मन्त्री : मोहनबहादुर मल्ल (पर्वत)

अर्थ मन्त्री : चन्द्रमान शेरचन (टुकुचे मस्ताङ)

गृह मन्त्री : हेमलाल राजभण्डारी (बागलुङ)

स्वास्थ्य मन्त्री : गोपाल श्रेष्ठ (बागलुङ)

खाद्य मन्त्री : डि. टेकनारायण श्रेष्ठ (बागलुङ)

शिक्षा मन्त्री : नन्दबहादुर मल्ल (राखु म्याग्दी)

रक्षा मन्त्री : नरसिं बहादुर मल्ल (पर्वत)

जनसम्पर्क मन्त्री : हिराबहादुर खड्का क्षेत्री (बागलुङ)

यातायात सप्लाई विभाग मन्त्री : जि.मु. कृष्णबहादुर जोशी (पर्वत)

(स्रोतः पंगेनी भवेश्वर; २०५३ः ५०४)

## अनुसूचि २

२००७ सालको ने.का. कुश्मा उपशाखाको कार्यकारिणी सदस्यहरुको नामावली यसप्रकार रहेको थियो :

१. सभापति : जि.मु. कृष्णबहादुर जोशी, कुश्मा बजार पर्वत

२. उपसभापति : अतिप्रसाद गौचन, कुश्मा बजार पर्वत

३. मन्त्री कालीभक्त पन्त : लिमिठाना, कुश्मा बजार पर्वत

४. संगठन मन्त्री : नारायणप्रसाद जोशी, कुश्मा चुवा, पर्वत

५. सचिव : श्यामप्रसाद जोशी, कुश्मा बजार पर्वत

६. श्री भीमबहादुर कर्माचार्य, कुश्मा बजार पर्वत

७. श्री ज्ञानप्रसाद श्रेष्ठ, कुश्मा बजार पर्वत

८. श्री हिराबहादुर जोशी, कुश्माबजार पर्वत

९. श्री नरबहादुर श्रेष्ठ, कुश्मा, बजार पर्वत

१०. श्री मोतिकुमार जोशी, कुश्मा बजार पर्वत

११. श्री प्रेमबहादुर जोशी कुश्मा बजार पर्वत

१२. श्री काजीमान श्रेष्ठ, कुश्मा बजार पर्वत

१३. श्री चामुनारायण श्रेष्ठ, कुश्मा बजार पर्वत

१४. श्री धिर्जमान श्रेष्ठ, कुश्मा बजार पर्वत

१५. श्री नुरबहादुर जोशी, कुश्मा बजार पर्वत

१६. श्री डम्बरकुमार जोशी, कुश्मा बजार पर्वत

१७. श्री गणेशबहादुर जोशी, कुश्मा बजार पर्वत

१८. श्री मोतिप्रसाद कर्माचार्य, कुश्मा बजार पर्वत

१९. श्री नारायणदत्त उपाध्याय कुश्मा बजार पर्वत

२०. श्री रत्नबहादुर कार्की, कुश्मा बजार पर्वत

२१. श्री रत्नबहादुर जोशी, कुश्मा बजार पर्वत

२२. श्री श्यामप्रसाद जोशी, कुश्मा बजार पर्वत

२३. श्री विष्णुप्रसाद श्रेष्ठ, कुश्मा बजार पर्वत

२४. श्री प्रेमबहादुर जोशी, कुश्मा बजार पर्वत

२५. श्री तीर्थनारायण श्रेष्ठ, कुश्मा खरेहा, पर्वत

२६. श्री खडानन्द पुरी, कुश्मा बजार पर्वत

२७. श्री मानबहादुर भण्डारी, कुश्मा बजार पर्वत

२८. श्री हर्कबहादुर श्रेष्ठ, चुवा पर्वत

२९. श्री काशिराम चापागाई, कुश्मा बजार पर्वत

३०. श्री छविलाल दमाई, कुश्मा बजार पर्वत

३१. श्री रामलाल सुनार, कुश्मा बजार पर्वत

३२. श्री धनविरे सार्की, कुश्मा बजार पर्वत

३३. श्री गगन गिरी, कुश्मा बजार पर्वत

३४. श्री भिमलाल गिरी, कुश्मा बजार पर्वत

३५. श्री भगवान गिरी, कुश्मा पर्वत

३६. श्री बुद्धिमान श्रेष्ठ, तल्लो हटिया कुश्मा, पर्वत

३७. श्री झपडबहादुर श्रेष्ठ, हटिया कुश्मा पर्वत

३८. श्री मोतिलाल कुमाल, हटिया कुश्मा पर्वत

३९. श्री पुननारायण श्रेष्ठ, हटिया कुश्मा, पर्वत

४०. श्री बकस गिरी, कुश्मा बजार पर्वत

४१. श्री हरिकृष्ण गिरी, कुश्मा पर्वत

४२. श्री रामप्रसाद जोशी, चुवा पर्वत

(स्रोतः जोशी; २०५२: १०४-१०६)

## अनुसूचि ३

| क्र.सं. | नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | होविर आले | वाँहाकोट | जि.स.स. |
| २ | जुद्धबहादुर आले | वाहाँकोट | जि.स.स. |
| ३ | शेखर प्रधान | पुतलीखेत | जि.स.स. |
| ४ | उमाकान्त | फोक्सिङ | जि.स.स. |
| ५ | खड्गबहादुर | फोक्सिङ | जि.स.स. |
| ६ | गणेशदत्त त्रिपाठी | दहथुम | जि.स.स. |
| ७ | नगेन्द्र भट्टराई | चापाकोट | जि.स.स. |
| ८ | ढालबहादुर मल्ल | शेखाम | जि.स.स. |
| ९ | खगेन्द्र कोइराला | आँधिखोला | जि.स.स. |
| १० | ताराप्रसाद श्रेष्ठ | वालिङ | जि.स.स. |
| ११ | पद्मबहादुर कोइराला | बाच्छा | जि.स.स. |
| १२ | समरबहादुर थापा | आँधीपारी | जि.स.स. |
| १३ | सोमप्रसाद गौचन | बाच्छा | जि.सी. सचिव |

(स्रोतः गौचन; २०६३: ६)

## अनुसूचि ४

२०४७ /१०/२० मा नेकपा (माले) र नेकपा मार्क्सवादी पर्वत एकीकरण पछि गठन भएको जिल्ला संगठन कमिटीको नामावली

१. प्रेमनारायण पौडेल (सचिव)

२. गणेश बहादुर कुँवर (कार्यालय सचिव)

३ कृष्णप्रसाद भट्टराई  (सदस्य)

४. खड्कबहादुर गुरुङ (सदस्य)

५. देवबहादुर के.सी. (सदस्य)

६. मेघनाथ सुवेदी (सदस्य)

७. लालबहादुर गुरुङ (सदस्य)

८. यज्ञप्रसाद सुवेदी (सदस्य)

९. छलीकुमारी कुँवर (सदस्य)

(स्रोतः नेकपा एमाले पर्वत; २०५० : २३)

# अनुसूचि ५

२०४८ मा भएको नेकपा (एमाले) पर्वतको प्रथम जिल्ला अधिवेशनद्वारा निर्वाचित जिल्ला कमिटीको नामावली

१. क. श्री प्रेमनारायण पौडेल सचिव

२. क. श्री देवबहादुर के.सी. सदस्य

३. क. श्री कृष्णप्रसाद भट्टराई, सदस्य

४. क. श्री श्री पि.जी. पौडेल, सदस्य

५. क. श्री टीकाराम भुसाल, सदस्य

६. क. श्री उदय सुवेदी, सदस्य

७. क. श्री वोलानाथ पाध्या, सदस्य

८. क. श्री भिमबहादुर वि.सी., सदस्य

९. क. श्री भुवन गुरुङ, सदस्य

१०. क. श्री यम गुरुङ, सदस्य

११. क. श्री मोतिप्रसाद पौडेल, सदस्य

१२. क. श्री यज्ञप्रसाद सुवेदी, सदस्य

१३. क. श्री राजु पौडेल, सदस्य

१४. क. श्री हरिकुमारी थापा, सदस्य

१५. क. श्री मेघनाथ सुवेदी, सदस्य

१६. क. गणेशबहादुर कुँवर सदस्य ।

(स्रोत : नेकपा एमाले पर्वत; २०५०: २४-२५)